****

# SHREE MAD BHAGWAT KRISHNA CHARITRA (Nepali)

****

# श्रीमद्भागवत - कृष्ण चरित्र



बाबू माधव प्रसाद शर्मा - वाराणसी.

# विषय-सूची

## माहात्म्य—


| विषय | पृष्ठ |
|---|---|
| १ सूत शौनक समागम | १ |
| २ भक्ति-ज्ञान-वैराग्य कथा | ४ |
| ३ धुन्धुकारी उपाख्यान | ७ |
| ४ गोकर्ण माहात्म्य | १६ |
| ५ सप्ताहविधि वर्णन | २१ |
| ६ श्रीकृष्णचरित्रको उत्पत्ति | २३ |
| ७ नरमणि हरण | २८ |
| ८ श्रीपरीक्षित जन्म | ३२ |
| ९ धर्म-पृथ्वी-कलि-परीक्षितसंवाद | ३६ |
| १० भृंगी श्राप | ४२ |
| ११ श्रीभागवत माहात्म्य | ४४ |
| १२ कंस जन्म | ४६ |


## लीला


| विषय | पृष्ठ |
|---|---|
| १ परीक्षित शुक संवाद लीला | ४९ |
| २ पृथ्वीभार लीला | ५० |
| ३ गोलोक वर्णन लीला | ५३ |
| ४ राधाजन्म लीला | ५९ |
| ५ रुक्मिण्यादि आठ पटरानी जन्म लीला | ६२ |
| ६ गोपिन्यादि जन्म लीला | ६४ |
| ७ कंस दिग्विजय लीला | ६८ |
| ८ वसुदेव देवकी विवाह लीला | ७४ |
| ९ कंस उपद्रव वर्णन लीला | ७९ |
| १० बलराम जन्म लीला | ८० |
| ११ श्रीकृष्ण गर्भवास लीला | ८३ |
| १२ कंस संभ्रम लीला | ८५ |
| १३ देवकी विरह लीला | ८७ |
| १४ श्रीकृष्ण जन्म लीला | ८९ |
| १५ श्रीकृष्ण गोकुल प्रवेश लीला | ९४ |
| १६ योगमाया प्रभावदर्शन लीला | ९७ |
| १७ कंस पश्चात्ताप लीला | ९८ |
| १८ कंस सभा वर्णन लीला | ९९ |
| १९ नन्दगृह श्रीकृष्ण जन्मोत्सव लीला | १०१ |
| २० वसुदेव नन्द संमेलन लीला | १०४ |
| २१ श्रीकृष्ण दर्शन, शिव व्रजागमन लीला | १०५ |
| २२ नामकरण लीला | १०९ |
| २३ पूतना बध लीला | ११२ |
| २४ शकटासुर वध लीला | ११६ |
| २५ तृणावर्त वध लीला | ११८ |
| २६ हरि दिव्यरूप दर्शन लीला | १२० |
| २७ चन्द्रदर्शन लीला | १२१ |
| २८ रामकृष्ण अन्नप्राशन लीला | १२२ |
| २९ बालक्रीडा लीला | १२५ |
| ३० यशोदा विश्वदर्शन लीला | १२८ |
| ३१ अतिथि ब्राह्मण ब्रजागमन लीला | १३० |
| ३२ दुर्वासा मोह लीला | १३२ |
| ३३ यशोदा दधि मन्थन लीला | १३५ |
| ३४ यमलार्जुन उद्धार लीला | १३९ |
| ३५ राधा-कृष्ण मिलाप लीला | १४२ |
| ३६ दधिहरण लीला | १५३ |
| ३७ वत्सासुर वध लीला | १५९ |
| ३८ बकासुर वध लीला | १६२ |
| ३९ अघासुर वध लीला | १६४ |
| ४० वत्सहरण लीला | १६६ |
| ४१ ब्रह्मास्तुति लीला | १६९ |
| ४२ धेनुकासुर वध लील। | १७१ |
| ४३ कालिनाग दमन लीला | १७३ |
| ४४ कालिन्दी महिमा लीला | १७९ |
| ४५ दावाग्निमोचन लीला | १८१ |
| ४६ ग्रीष्मवर्णन लीला | १८२ |
| ४७ प्रलम्ब वध लीला | १८३ |
| ४८ कुञ्जवन अग्निनिवारण लीला | १८५ |
| ४९ वर्षाऋतु वर्णन लीला | १८७ |
| ५० गोपिनी श्रीकृष्ण पति वरण लीला | १९१ |
| ५१ मुरली महिमा वर्णन लीला | १९२ |
| ५२ चीरहरण लीला | १९५ |
| ५३ विप्रपत्नी संतोष लीला | १९९ |
| ५४ गोवर्धनगिरि पूजन लीला | २०४ |
| ५५ श्रीकृष्ण व्रज रक्षण लीला | २०८ |
| ५६ श्रीकृष्णचरित्र वर्णन लीला | २११ |
| ५७ इन्द्रकृत श्रीकृष्ण स्तुति वर्णन लीला | २१३ |
| ५८ नन्द वरुण लोक गमन, वैकुण्ठ दर्शन लीला | २१५ |
| ५९ रास क्रीडारम्भ लीला | २१७ |
| ६० गोपिनी विरह वर्णन लीला | २२२ |
| ६१ राधा अभिमानभङ्ग लीला | २२४ |
| ६२ गोपिका कृष्णस्तुति लीला | २२६ |
| ६३ गोपी कृष्ण संवाद लीला | २२८ |
| ६४ रासक्रीडा वर्णन लीला | २३१ |
| ६५ केशी वध लीला | २३५ |
| ६६ विद्याधर मोक्ष लीला | २३७ |
| ६७ व्योमासुर वध लीला | २३९ |
| ६८ शंखचूड वध लीला | २४० |
| ६९ वृषभासुर वध लीला | २४१ |
| ७० राधा-कृष्ण कुण्ड लीला | २४२ |
| ७१ कंस-नारद संवाद लीला | २४३ |
| ७२ अक्रूर व्रजागमन लीला | २४५ |
| ७३ श्रीकृष्ण मथुरागमन लीला | २४८ |
| ७४ दिव्यरूप दर्शन लीला | २५१ |
| ७५ श्रीकृष्ण बलराम मथुरा गमन लीला | २५३ |
| ७६ रजक मोक्ष लीला | २५५ |
| ७७ नायक दर्जी वरप्रदन लीला | २५६ |
| ७८ सुदामा माली वरप्रदान लीला | २५७ |
| ७९ कुब्जा उद्धार लीला | २५८ |
| ८० कंस धनुष भंग लीला | २६० |
| ८१ कंस दुस्वप्न लीला | २६० |
| ८२ कुवलयापीडगज वध लीला | २६२ |
| ८३ चाणूर मुष्टिक वध लीला | २६४ |
| ८४ कंस वध, वसुदेव देवकी बन्धन मुक्ति लीला | २६७ |

| विषय | पृष्ठ |
|---|---|
| ८५ नन्दादि गोप विदा लीला | २७३ |
| ८६ यशोदा विलाप लीला | २७५ |
| ८७ श्रीकृष्ण व्रतबन्ध विद्याभ्यास लीला | २७८ |
| ८८ गुरुपुत्र आनयन, शंखासुर वध लीला | २८० |
| ८९ उद्धव वृन्दावन गमन लीला | २८१ |
| ९० भ्रमर गीत वर्णन लीला | २८६ |
| ९१ उद्धव गोपिनी सम्बोधन लीला | २८७ |
| ९२ कुब्जा केली विहार लीला | २९० |
| ९३ अक्रूर हस्तिनापुर प्रवेश लीला | २९२ |
| ९४ जरासन्ध पराजय लीला | २९८ |
| ९५ कालयवन मथुरा प्रवेश लीला | ३०४ |
| ९६ द्वारिकापुरी निर्माण लीला | ३०५ |
| ९७ कालयवन वध लीला | ३०६ |
| ९८ मुचुकुन्द उद्धार लीला | ३०८ |
| ९९ श्रीकृष्ण बलराम पलायन गौतम पर्वतारोहण लीला | ३१० |
| १०० बलराम रेवती विवाह लीला | ३१२ |
| १०१ रुक्मिणी श्रीकृष्ण पतिवरण लीला | ३१३ |
| १०२ रुक्मिणी हरण लीला | ३१७ |
| १०३ शिशुपाल रुक्म आदि पराजय लीला | ३२२ |
| १०४ रुक्मिणी विवाह लीला | ३२६ |
| १०५ प्रद्युम्न जन्म लीला | ३२८ |
| १०६ शम्बरासुर वध लीला | ३३२ |
| १०७ स्यमन्तक मणि उपाख्यान लीला | ३३५ |
| १०८ जाम्बवान् युद्ध जाम्बवती विवाह लीला | ३३७ |
| १०९ सत्यभामा विवाह लीला | ३४१ |
| ११० शतधन्वा वध लीला | ३४२ |
| १११ कालिन्दी विवाह लीला | ३४६ |
| ११२ मित्रविन्दा विवाह लीला | ३४९ |
| ११३ सत्या विवाह लीला | ३५० |
| ११४ भद्रा विवाह लीला | ३५१ |
| ११५ लक्ष्मणा विवाह लीला | ३५२ |
| ११६ भौमासुर वध लीला | ३५२ |
| ११७ कल्पवृक्ष हरण, सोलह हजार एक सय रानी विवाह लीला | ३५८ |
| ११८ रुक्मिणी मान हरण लीला | ३६० |
| ११९ श्रीकृष्ण सन्तति वर्णन लीला | ३६४ |
| १२० अनिरुद्ध विवाह, रुक्म-वध लीला | ३६५ |
| १२१ उषा अनिरुद्ध सम्मिलन लीला | ३६७ |
| १२२ श्रीकृष्ण बाणासुर संग्राम लीला | ३७५ |
| १२३ माहेश्वरज्वरकृत श्रीकृष्ण-स्तुति लीला | ३८० |
| १२४ नृगराजा मोक्ष लीला | ३८३ |
| १२५ बलराम व्रज गमन लीला | ३८६ |
| १२६ पौंड्रक वध लीला | ३८९ |
| १२७ द्विविद वध लीला | ३९१ |
| १२८ साम्ब विवाह कौरव-गर्व हरण लीला | ३९३ |
| १२९ नारद श्रीकृष्ण माया दर्शन लीला | ३९८ |
| १३० श्रीकृष्ण इन्द्रप्रस्थ गमन लीला | ४०१ |
| १३१ जरासन्ध वध लीला | ४०६ |
| १३२ राजसूय यज्ञ, शिशुपाल वध लीला | ४११ |
| १३३ अवभृत स्नान, यज्ञकर्म वर्णन लीला | ४१७ |
| १३४ दुर्योधन मानभंग लीला | ४१९ |
| १३५ शाल्व प्रद्युम्न संग्राम लीला | ४२१ |
| १३६ शाल्व वध लीला | ४२६ |
| १३७ दन्तवक्र विदूरथ वध लीला | ४२९ |
| १३८ सूत पौराणिक वध लीला | ४३१ |
| १३९ विल्बल दानव वध लीला | ४३४ |
| १४० बलराम तीर्थयात्रा गमन लीला | ४३६ |
| १४१ सुदामा दुख निवारण लीला | ४३९ |
| १४२ कुरुक्षेत्र स्नान वर्णन लीला | ४४७ |
| १४३ रुक्मिण्यादि १६१०८ रानी विवाह वर्णन लीला | ४५२ |
| १४४ द्रौपदी विवाह वर्णन लीला | ४५८ |
| १४५ ऋषिगण समागम लीला | ४६० |
| १४६ वसुदेव यज्ञकरण लीला | ४६२ |
| १४७ वसुदेव कृत श्रीकृष्ण बलराम स्तुति लीला | ४६३ |
| १४८ देवकी मृतपुत्रानयन लीला | ४६६ |
| १४९ सुभद्रा हरण लीला | ४६८ |
| १५० श्रुतदेव जनक संदर्शन लीला | ४७० |
| १५१ वेदकृत विष्णु स्तुति लीला | ४७३ |
| १५२ भस्मासुर भस्म लीला | ४७६ |
| १५३ भृगुलाञ्छन लीला | ४८१ |
| १५४ विप्र मृतक पुत्र आनयन लीला | ४८४ |
| १५५ द्वारावती सुख-विहार लीला | ४९० |
| १५६ श्रीकृष्ण स्वर्गारोहणलीला | ४९५ |

❀ श्रीः ❀

# ❀ श्रीकृष्णचरित्र-माहात्म्य ❀

( बाबू माधवप्रसाद शर्मा कृत )

## सूत-शौनक-समागम



एक् दिन् नैमिष नाम् तपोवन महाँ चिन्तन् हरीको गरी ।
बस्थे अस्सि र आठ् हजार् ऋषिहरू शौनक् समेत् धीर् धरी ॥
कस्तो आश्रम सो भनूँ सुजन हो ! वृत्तादि थीए जती ।
फल् फुल्ले लटरम्म भैकन तहाँ थीए नुहेका अती ॥ १ ॥

व्यास्का शिष्य पुराणमा चतुर खुब् श्रीसूत नामा मुनी ।
डुल्दै नैमिषमा पुगेर सबले अत्यन्त नम्रित् बनी ॥
ऊठी आदर धेर् गरेर सुतको, सिंहासनैमा धरी ।
हात् जोरी कन शौनकादि ऋषिले सोद्धाभए त्यै घरी ॥ २ ॥

सूतजी ! पाल्नुभयो सु-औसर महाँ हामी खुशी छौं अती ।
भन्नूहोस् किन यो अघोर् कलि महाँ देख्छौं ठुलो दुर्गती ! ॥
मानिस् यो कलिकालका बिच महाँ नास्तिक् पशूकै सरी ।
आफ्नू जो कुलधर्म हो उ सबि त्याग् गर्छन् भ्रमैमा परी ॥ ३ ॥

भक्तीले प्रभुको भजन् अनि पुजा गर्दैन कोही यहाँ।
अर्काको उपकारमा मन न दी राखेर दिल् पाप् महाँ॥
धन्का लालचले जुआ जितनको इच्छा लिई छल् गरी।
हान्थाप्मा मन खूब् दिएर निशि-दिन् बस्छन् इ पागल् सरी॥ ४॥

संसार् सागर तर्नलाइ मनमा चाहिन्छ भक्ती अती।
भक्ती गर्न सकेन ता यदि भने हुँदैन त्यस्को गती॥
तस्मात् भक्ति कसोरि जाग्छ मनमा हे सूतजी ! यस् घरी।
आज्ञा गर्नुहवस् कसोरि दुनियाँ जानन् सहज् पार् तरी॥ ५॥

लोक्को होस् उपकार् भनेर सबले यो प्रश्न सोधे जसै।
भन्छन् सूत सुनी प्रसन्न मनले हाँसेर केही तसै॥
संसारी जनका उपर् गरि दया मेरा अगाड़ी महाँ।
सोध्यौ आज उपाय हे सुजन हो ! खूशी भएँ मन्महाँ॥ ६॥

क्या बात् धन्य तपस्वि हो ! हृदयमा लोक्को भलाई धरी।
भक्ती लाइ जगाउने सहज रित् सोध्यौ अगाड़ी सरी॥
पैह्ले श्रीगुरु व्यासका सँगमहाँ जुन् बात् सुनेको थिएँ।
सोही आज सुनाउँछू सुन सबै यै निम्ति सूचन् दिएँ॥ ७॥

संसार् रूपि विषालु सर्प दिनहूँ संसारि लाई यहाँ।
टोकी डस्त छ चोट यै परि सबै मर्छन् अनाहक् महाँ॥
उद्धार् त्यस् विष बाट गर्न सकने काल्लाइ जित्नै भनी।
येही कृष्ण-चरित्र एक् छ हतियार् भन्थे गुरूजी पनी॥ ८॥

सुन्नू कृष्ण-चरित्र पर्छ सबले मन्मा ठुलो प्रेम् धरी।
सुन्नाले हरिको कथा प्रभु खुशी हुन्छन् रमानाथ् हरी॥
जन्मी येहि जगत् महाँ जनम यो तेसै न जावस् भनी।
गर्नू पर्छ उपाय आखिर महाँ पाइन्छ मुक्ती पनी॥ ९॥

द्वापर्मा पहिले परीक्षित थिए सम्राट् ठुला जुन् यहाँ।
तिन्लाई शुकदेवले खुशि भई गङ्गाजिका तीर् महाँ॥

लागे कृष्ण-चरित्र भागवत यै सुनाउनै जुन् घरी ।
गाग्रो अम्मृतको लिई सुरहरू आए मगन्मा परी ॥१०॥

अम्मृत् यस् कलिकालमा जगतमा पाइन्छ खोजी कहाँ ? ।
आयो अम्मृत ली सबै सुरहरू तिम्रा अगाड़ी महाँ ॥
लेऊ अम्मृत देउ भागवत यो जान्छौं सबै यस्घरी ।
राजालाइ बचाउ ख्वाउ सबले अम्मृत् मगन्मा परी ॥११॥

येती बिन्ति गरेर चुप् भइ रहे देवादि सारा जसै ।
भन्नू भो शुकदेवले अलिकती हाँसेर ताहाँ तसै ॥
आयौ अम्मृतको घड़ा लिइ यहाँ हे देवता ! यस्घरी ।
तिम्रो अम्मृत कत्ति छैन बुझिल्यौ श्री भागवत्का सरी ॥१२॥

काहाँ श्रीहरिको कथामृत ठुलो, काहाँ सुधाको घड़ा ।
के शक्ला मणिझैं असूल्य हुन एक् काँच्ले बजार्मा खड़ा ? ॥
तिम्रो अम्मृत काँच हो, हरि-कथा हो एक् मणीका सरी ।
अम्मृत् झैं यहि भागवत् कन अहो ! ठान्छौ बराबर् गरी ॥१३॥


यस्तो श्रीहरिको चरित्र कन लौ सामान्य अम्मृत् गनी ।
आयौ साट्न भनेर देवगण हो ! केही न जान्ने बनी ॥
हाँसो उठ्छ मलाइ के भनुँ म ता थोता भनी चुप् भएँ ।
औरै कोहि भए त क्यै तरहको शिक्षा दिने पो थिएँ ॥१४॥

ब्रह्माले पहिले कुनै दिन महाँ ल्याई तराजू यहाँ ।
येही कृष्ण-चरित्र एकतिर धरी अर्का त पल्ला महाँ ॥
चारै वेद, पुराण् अठार धरि झट् तौली लिएथे जसै ।
पल्ला कृष्ण-चरित्रको गन्हुँ भई आश्चर्य माने तसै ॥१५॥

ब्रह्माले तब भन्नुभो सकलका साम्ने अगाड़ी महाँ ।
हे थोताहरु हो ! कहुँ कमन बात् जान्ने भई लौ यहाँ ? ॥
ईश्वर्का यहि रूप् रहेछ बुझियो यस् निम्ति तौल्दा पनी ।
सब् भन्दा सहजै भई कन रह्यो ऐले गन्हूँगो बनी ॥१६॥

जो हुन् श्रीपरब्रह्म निश्चय यही हो भागवत् लो यहाँ ।
कस्ले वर्णन गर्न सक्छ महिमा चौधै-भुवन् बीच महाँ ॥
मेरो ता गति छैन शेषजि पनी शक्नन् कउन् रित् गरी ।
नारद् तुम्बुरु शारदा सब जना सक्छन् न जान्ने सरी ॥१७॥

## ❀ भक्ति-ज्ञान-वैराग्य-कथा ❀



एक् दिन् नारदजी गरी हरि-भजन् डुल्दै मथूरा गए ।
देखी एक अपूर्व बात् उहि घरी आश्चर्य मान्दा भए ॥
देखे के तिनिले भने कि यमुनाजीका किनारा महाँ ।
बूढ़ा दूइ जना शये वरषका थीए सुतेका जहाँ ॥ १ ॥

यौटी सुन्दरि षोड़शी युवतिले पङ्खा करैमा धरी ।
हाँक्थिन् भारि विलाप् गरी कन रुँदै आँशू नजरमा भरी ॥
सुस्केरा पनि हाल्दथिन् विकल भै हेरेर आकाश् महाँ ।
हेर्थिन् वृद्धहरू दुवै कन अनी थीए सुतेका जहाँ ॥ २ ॥

सान्हे छक्क परेर नारद मुनी यो भेद बुझ्नै भनी ।
बालाका नगिचै गए उहि बखत् अत्यन्त विह्वल् बनी ॥
आफ्ना सन्मुखमा ति नारदकनै देखेर बाला त्यहाँ ।
भन् लागिन् रुन कल्पि-कल्पि बहुतै तिन्का अगाडी महाँ ॥ ३ ॥

नारद्जि सोध्छन् त्यहिं सामु जाई ।
कारण् कउन् भो र यसोरि आई ॥
घाट्मा बसी रोइ विलाप गर्छ्यौ ।
आँशू नयन्मा धरि चित्त हर्छ्यौ ॥ ४ ॥

को हौ तिमी सुन्दरि ! यो जनाऊ ।
नाऊँ तिमीले म. कनै बताऊ ॥
को हुन् यि बूढ़ा दुइटा सुतेका ।
ठान्छू म इन्लाइ करम् फुटेका ॥ ५ ॥

सोधी लिएँ भेद भए बताऊ ।
न रोउ, चिन्ता मनको हटाऊ ॥
कहू मलाई सब हाल ऐल्हे ।
सहायता केहि दिनेछु मैले ॥ ६ ॥

बिस्मात्ले गरि लामु सास् कन त्यजी भन्छिन् तिनै सुन्दरी ।
हे नारद् ! सुनि बात् प्रसन्न म भएँ, सोध्यौ दया खुब् धरी ॥
भक्ती हूँ [illegible] त जानिलेउ तिमिले [illegible] वृद्ध हेरू पनी ।
ज्ञान्-वैराग्य भनेर जान दुइटै हुन् पुत्र मेरा भनी ॥ ७ ॥

ह्मामी तीन जना डुलेर सब देश् तीर्थादि सारा गरी ।
आऊँथ्यौं तर एक् अचम्म हुनगो कारण् त के हो परी ॥
योठा तीर्थ महाँ पुगी सुतहरू एक्दम् बुढ़ा भै गए ।
अर्को तीर्थ महाँ गई कन तिनै भन्न् शक्ति-हिन् पो भए ॥ ८ ॥

यस्तै चाल्सँग तीर्थमा डुलि-डुली सान्है बुढ़ा यी भए ।
आई यो मथुरा महाँ बल टुटी मुर्दै समान् भै गए ॥
छोरा वृद्ध भई लड़े पृथिविमा जस्ताकि तस्तो म छू ।
कारण् कुन् परिगो विचारि अबला जान्दीन ऐले कछू ॥ ९ ॥

हे नारद्जि ! उपाय केहि अहिले गर्नू पर्‍यो यो घरी ।
इन्को नष्ट हवस् बुढ्याइँ यि उठुन् ठिक् पूर्व रूप्कै सरी ॥

उद्धार् गर्नु हवस् सहायक भनी क्वै छैन हाम्रो यहाँ ।
सज्जन् श्रीहरिभक्त छौ गर दया हामी जना तीन् महाँ ॥१०॥

भक्तीका यि वचन् सुनेर ऋषिले आँखा दुईटै थुनी ।
आफ्नू शिर् निहुराइ छिन्भरि तलक् सोचेर मन्मा गुनी ॥
हाँसी नेत्र उघारि गै नगिचमा पैह्ले ठुलो स्वर् गरी ।
लागे माधव ! कृष्ण ! हे हरि ! भनी जोर्लें पुकारा गरी ॥११॥

ईश्वर्को शुभ नाम् ति वृद्धहरुका कान्मा परेथ्यो जसै ।
खोले नेत्र पुलुक्क चेत् हुनगए सोही घरीमा तसै ॥
यो हाल् देखि खुशी भई कन तहाँ नारद्जिले फेर् भनी ।
सप्ताहा यहि दिव्य भागवतको थाले ति बाँच्नै पनी ॥१२॥

सात् दिन् कृष्ण-चरित्र पाठ् जब गरे भक्ती लिई मन्महाँ ।
दूवै वृद्ध जवान् भई कन उठे आनन्द मानी त्यहाँ ॥
भक्तीले खुशि भै भनिन् मुनि ! ठुलो सत्काम गर्नू भयो ।
ज्ञान-वैराग्य जियाइ यस्घरि यहाँ यश् भारि लीनू भयो ॥१३॥

बस्छु यै मथुरा पुरी बिच गई ब्रज्मा म भक्ती बरू ।
ज्ञान्-वैराग्य यि डुल्दछन् जगतमा धेरै कुरा के गरूँ ॥
तिम्रा चित्तमहाँ सदा म रहुँला येती भनी त्यै घरी ।
ज्ञान्-वैराग्य र भक्ति लोप् हुनगए ताहीं नमस्कार् गरी ॥१४॥


येती शौनक आदि सब् ऋषि कनै वार्ता सुनाई त्यहाँ ।
भन्छन् सूतजि खूशि भै सकलका साम्ने अगाड़ी महाँ ॥
हे योगीहरु हो ! लिएर हरिनाम् धेरै तरी गै गए ।
बालक् वृद्ध जनानि नीच कुलका सब् मोक्ष हूँदा भए ॥१५॥

मानिसको जुनि जानि लीनु सबले चैतन्य चोला भनी ।
चेत् येही जुनिमा रहन्छ अरुमा हूँदैन ज्ञान् क्यै पनी ।
खानू सुत्नु विहार गर्नु यहि काम् गर्छन् पशूले पनी ।
मानिस् भैकन जप्नु पर्छ हरिनाम् साफल्य होला जुनी ॥१६॥

दूलो शक्ति छ नाममा प्रभुजिको जो जप्छ उस्ले यहाँ।
ज्ञान् पाउँछ र देख्छ यै जगतमा जो देख्नु पर्ने जहाँ॥
कस्तै पापि हवस् तथापि मनले लींदा हरीनाम् यहाँ।
मुक्ती पाउँछ जन्म हुन्न पछि फेर् उस्को जगत्भर् महाँ॥१७॥

येही कृष्ण-चरित्र भागवतको माहात्म्य यस्तो भनी।
वर्णन् गर्न यथार्थ सक्छ कसले जान्ने जगत्मा बनी?॥
भन्छू एक् इतिहास यै विषयमा हे शौनकादी मुनी!
सूनी कृष्ण-चरित्र मोक्ष हुनगो पापी दुरात्मा खुनी॥१८॥

## ❀ धुन्धुकारी-उपाख्यान ❀



कोही एक द्विज 'आत्मदेव' कहिने थीए पढ़ेका मुनी।
गर्थे धर्म गृहस्थिको तर पनी साफल्य थीयो जुनी॥
तिन्की धुन्धुलि नामकी युवति एक् नारी थिइन् साथमा।
गर्थिन् ती झगड़ा पतीसँग सँधै रात्-दिन् हरेक् बातमा॥१॥

नारी यस्ति बझौटि भै गरुँ कसो मान्दीन बात् एक् पनी।
मन्पर्दो गरि यो कुजात हिंड्छे चण्डी सरीकी बनी॥
जिद्दीवाल् छ बहुत् न टेरि हिंड्ने कस्ता हिसाब्ले गरी।
यस्का साथ् मिलि बस्नु येहि मनमा सोच्थे ति बाहुन्चरी॥२॥

यो काम् गर्नु हुँदैन हे प्रियतमे ! भन्थे पतीले जसै ।
त्यैं काम चित्त लगाइ झट्ट गरथिन् ती धुन्धुलीले तसै ॥
आजित् भै पतिले सिकाउन पनी छोडीदिए धिक् भनी ।
वस्थिन् धुन्धुलि राज् गरेर घरको रानी समान्की बनी ॥ ३ ॥

एक दिन् ब्राह्मण सोच्दछन् मन महाँ आयो बुढेस्काल् पनी ।
छोरो एक भएन हामिहरु लौ वस्छौं अपूता बनी ॥
कोख् खुल्ने कुन युक्ति हो ? कउन रित् सन्तान होला यहाँ ?
बाँझी भै गृहिणी डुब्यो कुल दुवै होला गती कुन् कहाँ ? ॥ ४ ॥

छोरो एक नपाइ पितृ-ऋण यो तिर्छु कसोरी यहाँ ।
उमेर् वृद्ध भयो कउन् तरहले जन्मन्छ सुत् घर् महाँ ॥
पितृ-ऋण् न तिरेर मुक्ति कहिल्यैं पाइन्न कस्तै गरी ?
यस्तै फिक्रि गरेर ब्राह्मण तिनी वस्थे सकस्मा परी ॥ ५ ॥

गर्नू सम्म गरौं भनी ति द्विजले विद्वान् हुनाले अती ।
थाले गर्न पुरश्चरण् हरु पनी लीई धरम्मा मती ॥
सन्तान् हूँन कठिन् भयो तर पनी बाँझी भइन् धुन्धुली ।
आजित् भै घर देखि निस्कि कन ती हिंड्दा भए वन् डुली ॥ ६ ॥

होला पुत्र भनेर दान् तप गरें धेरै अनुष्टान् पनी ।
सूनेनन् हरिले पुकार किन हो ! बस्छन् ति बैहो बनी ॥
जस्को नाम् छ दयानिधान् जगतमा साह्रै दयालू भई ।
उस्ताले पनि झट् दया न गरनू घट्मा सबैका रही ॥ ७ ॥

दोष् कस्लाइ दिनू छ दोष् करमको आफ्नै त दुर्भाग्य हो ।
दुर्भाग्यै भइ आजतक् शिशु विना मेरो महल् शून्य भो ॥
देखूँला मुख पुत्रको भनि म ता आजतक् जिएको थिएँ ।
एल्हे मर्न तयार् छु मर्नु छ असल् मैले यही सुर् लिएँ ॥ ८ ॥

मर्नै श्रेय बुझेर ताहिं तिनिले रुखमाथि चढ्छू भनी ।
आँटे रुख् चढि गिर्नेलाइ जब ता एक् जोगि आए अनी ॥

चिन्याई कन भन्दछन् ति किन हे ब्राह्मण ! तँ मर्छस् यहाँ ।
आत्मघात गरे परिन्छ अगती हुन्थ्यो गती लौ कहाँ ॥ ९ ॥

फिक्री कुन् मनमा पऱ्यो र यसरी आएर जङ्गल् महाँ ।
रूख् देखी खसि मर्न उद्यत भयौ चाँडो बताऊ यहाँ ॥
गर्नू पर्छ उपाय यस् जगतमा काम् बन्छ राम्रो गरी ।
मर्नाले कहिं हुन्छ के ? विहकमा ज्यान् जान्छ तेसै मरी ॥१०॥

ब्राह्मण् भै कन आत्मघात् गरनमा लाग्यौ कसोरी यहाँ ।
ठूलो पाप् छ यसोरि प्राण दिनमा हूँनेछ शान्ती कहाँ ॥
चिन्ता कुन् छ बताउ ओर्लई रुखमा बस्यौ वृथा के गरी ।
दीनेछू म सहायता बुभ्क तिमी आऊ अगाड़ी सरी ॥११॥

यस्ता बात् सुनि जोगिका खुशि भई ओर्लेर ब्राह्मण् पनी ।
आए भट्ट अगाड़िमा कर दुबै जोरेर नम्रित् बनी ॥
भन्छन् हे हरि-रूप योगि ! मइले चिन्ता बढ़ी मन् महाँ ।
मर्नै श्रेय बुझेर निश्चय गरी आएँ यही वन् महाँ ॥१२॥

सान्हे वृद्ध भएँ भएन सुत एक् क्याहूँ अपूतो भई ।
को देला पछि पिण्ड-पानि म कनै फेरी गयामा गई ॥
कस्ले श्राद्ध गरेर तार्छ भनि यो चिन्ता र फिक्री बढ़ी ।
हूँदै भस्म समान बाँकि न रही मेरो गयो मन् डढ़ी ॥१३॥

गर्ना सम्म उपाय सब् गरि सकें मन्को मनैमा रह्यो ।
यौवन् काल वितेर आज सहसा बूढ्याइँ आई गयो ॥
संसार् देखि विरक्ति भो र मइले राख्दीन ज्यान् यो भनी ।
आएँ मर्न भनेर आज वनमा रोक्यौ तिमीले अनी ॥१४॥

दण्डीले यि वचन् सुनी कन भने तिम्रो म भाग्यै पनी ।
हेर्छू लौ भनि भट्ट निधार्तिर नजर् दींदा भए फेर् अनी ॥
भन्छन् सन्तति छैन सात् जनम तक् तिम्रा नसिब्मा यहाँ ।
येही निम्ति भएन पुत्र बुझिल्यौ आफ्ना मनै बीच् महाँ ॥१५॥

इच्छा हो प्रभुको मिल्यौ म सँग लौ यस्ता अवस्था महाँ ।
तिम्रो मन्सुब पूर्ण हुन्छ खुशि भै जाऊ तिमी घर् महाँ ॥
यो फल् लेउ सगेर स्वाउ गृहिणी लाई तिमी यै घरी ।
होलिन् गर्भिणि पुत्र हुन्छ बढ़िया दसमास् बितेका घरी ॥१६॥

येती अति दिएर त्यै बखतमा हात् हालि झोली महाँ ।
यौटा अम्मृत फल् झिकी कन दिए ती विप्रलाई त्यहाँ ॥
फल् हातमा लिइ खुब् प्रसन्न मनले गद्गद् वचन्ले गरी ।
आत्मैदेव् पनि भन्दछन् कर दुवै जोरी अगाड़ी सरी ॥१७॥

हे नाथ् ! धन्य कृतार्थ लौ हुन् गएँ पाएर यो फल् यहाँ ।
जान्छू स्वाउँछु नारि लाइ मइले ऐल्हे गई घर् महाँ ॥
साक्षात् ईश्वर हौ लिएर अहिले रुप् योगिको यस् घरी ।
आयौ दुःख हटाउना कन तिमी यस् दासको, प्रेम धरी ॥१८॥

येती बिन्ति गरी झुकाइ कन शिर् तिन्ले नमस्कार् गरे ।
हेर्छन् ता तिनि लोप् भयी कन गए आश्चर्यमा झन् परे ॥
फर्के घर् तिनि आत्मदेव, घरमा नारी थिइन् धुन्धुली ।
शोधिन् के लिइ पाल्नुभो कहनुहोस् आजै सबै वन् डुली ॥१६॥

हातमा फल् लिइ नारि लाइ तिनिले हाँसेर भन्छन् त्यहाँ ।
प्यारी ! मन्सुब पूर्ण हुन्छ बुझिल्यौ शक्ती छ यो फल् महाँ ॥
यो खाएपछि गर्भिणी तिमि पनि होली र सन्तान् पनी ।
यौटा हुन्छ सु-पुत्र पुत्र कुलदीप् बस्नेछ सज्जन् बनी ॥२०॥

वन्मा गै कन योगि एक् मिलि गए तिन्कै कृपाले गरी ।
पाएँ फल् र तुरुन्त फर्कि घरमा आएँ म लौ यस्घरी ॥
खाऊ फल् तिमि प्रेमले सुख गरी घर्मा रहू भामिनी !
देखौंला मुख पुत्रको दुइ जना इच्छा पुग्यो लौ भनी ॥२१॥
येती बात् गरि आत्मदेव खुशि भै बाहीर निस्के जसै ।
लागिन् मन्मन तर्क गर्न ति पनी तेही बखतमा तसै ॥

फल् ल्याई पतिले दिए कसरि यो खाऊँ म लौ यस्घरी ।
खाए गर्भ रहन्छ पेट् दिन दिनै बढ्नेछ मादल् सरी ॥२२॥

ठूलो पेट् लिइ काम् कसोरि गरुँली घर् को सबै लौ यहाँ ।
भारी बोकि कता-कता म हिंडुली यात्रा र मन्दिर् महाँ ॥
पेट्मा बालक चलिदयो यदि भने दुख्नेछ यो पेट अती ।
पेट् बोक्दा अति दुःख हुन्छ दिन-दिन् बिग्रन्छ आफ्नो गती ॥२३॥

नौ मैह्ना तक भारि बोकि अनि फेर् पैदा हुने काल् महाँ ।
पेट्मा दर्द बढेर धर्धरि रुनू पर्नेछ मैले यहाँ ॥
सालनाल्को पनि धेर् ठुलो छ नलिको टंटा कउन् रित् गरी ।
पाऊँला सुत यस्ति छू म सुकुमार् चम्पाकलीकै सरी ॥२४॥

तिघ्रा, कम्मर, छाति, पेट्हरु सबै दुख्नेछ उठ्ना नगी ।
कोमल् अङ्गकि छू कसोरि सहुँली नौ कष्ट मैले अनी ॥
भो भो गर्भवती म हुन्न दुख्त यो सक्ने न सक्ने म छू ।
ओहो ! पेट् बढ्दा फुटे मइ मई जान्दीन मैले कछू ॥२५॥

दुष्टा धुन्धुलिले इनै सब कुरा सोचेर चिन्ता गरी ।
गाई लाइ लगेर फल् तब दिई डर्मा बहूतै परी ॥
आए बाहिर बाट स्वामि घरमा खाएँ उही फल् भनी ।
झूठो बात् गरि स्वामिका समिपमा खुब् शीलवन्ती बनी ॥२६॥

बैह्नी धुन्धुलिकी थिइन् अलि परै तीन् गाउँका दुर् महाँ ।
दीदी भेट्न भनेर आइन तिनी धुन्धूलिका घर् महाँ ॥
भेटी क्षेम-कुशल् कहे ति दुइले आनन्द सागर् परी ।
लागिन् धुन्धुलिले बताउन कुरा खोलेर एक्-एक् गरी ॥२७॥
फल् ल्याए वनमा गएर पतिले खाए यही फल् यहाँ ।
छोरो हुन्छ रहेर गर्भ सहजै भन्थे लिजै घर् महाँ ॥
हूँदा गर्भवती ठुलो दुख बुझी मैले नखाई तहीं ।
गाई लाइ दिएँ सुन्यौ बहिनि ! झट् दौडेर गोठ्मा गई ॥२८॥

क्यै जानी पतिले सुने यदि कुरा गर्नन् ठुलो क्रोध भनी ।
डर् मान्छू गरुँ कुन् उपाय मइँले यस्ता बखतमा पनी ॥
यस्ता बात् सुनि बैह्निले यहि भनिन् दीदी ! म भन्छू यहाँ ।
फिक्री क्यै न लिनोस् उपाय बढिया मेरा छ साथैं महाँ ॥२९॥

मेरो गर्भ छ पुत्र हुन्छ जब ता सालनाल् समेत् त्यै घरी ।
ल्याई पुत्र दिनन् तपाइँ कन लौ काम् बन्छ राम्रो गरी ॥
येसै खातिर द्रव्य क्यै दिनुभए मेरा पती खुश् हुनन् ।
सब् काम ठीक् गरि पुत्र बोकि दिदिज्यू ! ल्याएर तिन्ले दिनन् ॥३०॥

भीनाज्यू कन भन्नु गर्भ रहिगो सान्है चलाकी गरी ।
सारी बेर्नु र बस्नु कम्मर महाँ पेट् केहि ठूलो गरी ॥
यो अर्ती सुनि धुन्धुली खुशि भई धन् रत्न दीइन् त्यहाँ ।
बैह्नी घर् तिर गै गइन् भइ बिदा खूशी भई मन्महाँ ॥३१॥

एक् दिन् धुन्धुलिले कहिन् पति सँगै पेट् केहि भारी भयो ।
फलको दिव्य प्रभावले म कन ता गर्भै रही गैगयो ॥
रूची छैन अमन् भयो म कन खुब् लागीगयो थुक्थुकी ।
वाक्-वाक् लाग्दछ प्यास् बहुत् छ गरुँ के ज्यू जान लाग्यो सुकी ॥३२॥

यस्ता बात् सुनि आत्मदेव मनमा अत्यन्त खूशी भयी ।
घ्यू-दूध् बेसरि खानु नित्य हलुवा खानू भनी ज्ञान् दियी ॥
लागे ईश्वर लाइ गर्न ति पुजा भक्ती मनैमा धरी ।
दुष्टा धुन्धुलिले पती सँग पनी स्त्रीया-चरित्रै गरी ॥३३॥

अर्ती ली कन बैन्हिको उदरमा बेहेर थाल्ना हरू ।
पेट् ठूलो गरि बस्तथी नकचरी त्यस्को बयान् के गरूँ ॥
नौ मैन्हा पछि बैन्हि लाइ हुनगो छोरो जसै घर् महाँ ।
सम्झी आफ्नु कबोल् शिशू कन तसै तिन्ले पठाइन् तहाँ ॥३४॥

ज्वाईंले लगि छोपि-छापि सुत त्यो वाहाँ पुर्याए जसै ।
पाएँ पुत्र भनेर धुन्धुलि पनी खूशी भइन् पो तसै ॥

छोरो भो भनि यै खबर् जब दिइन् स्वामी बहुत् खुश् भए ।
धाई राख्नु भनेर ताहिं तिनिले बुद्धी सिकाई दिए ॥३५॥

डाकिन् धुन्धुलिले उसै बखतमा डोली पठाई दिई ।
आइन् बैन्हि पनी चढेर उसमा आनन्द-सागर् परी ॥
बैन्हीले शिशुको सहार् गरिलिइन् दुध् ख्वाइ साथ्मा रही ।
यस्ता चालसँग धुन्धुली नकलि पो सुत्केरि हूँदी भई ॥३६॥

खान्थी खुब् मसला अनेक् तरहका बेस् पुष्टकारी हरू ।
बाँझीको जिउ लाग्गो जधिक झन् त्यस्को बयान् के गरूँ ॥
छैटी भो अनि फेर् पछी हुन गयो न्वारान् विधीले गरी ।
धुन्धूकारि भनेर नाम् रहि गयो लग्नादि हेरी बुझी ॥३७॥

फस्टाई कन पुत्र त्यो दिन-दिनै ठूलो भई बढन गो ।
इच्छा पूर्ण भयो भनेर द्विजका मन्मा ठुलो हर्ष भो ॥
गाईको पनि पुत्र भो उहि बखत् मानिस् सरीको त्यहाँ ।
गाईकै सरि कान् थिए फगत यै आश्चर्य भो घर् महाँ ॥३८॥

फल्का दिव्य प्रभावले शिशु भयो पालन् सबैले गरे ।
नाम् 'गोकर्ण' भनेर त्यै बखतमा न्वारान् गराई धरे ॥
सात-सात् वर्ष उमेरका दुइ जना बालक् भएथे जसै ।
तिन्को भो व्रतबन्ध वेद विधिले खूशी भए सब तसै ॥३९॥

विद्याभ्यास गराइ पुत्र कन झट् ती आत्मदेव्ले त्यहाँ ।
दीए शास्त्र पुराण् पढाइ सब थोक् खुशी भई मन् महाँ ॥
पढ्थे चित्त लगाइ खुब् श्रम गरी गोकर्ण घर्मा बसी ।
लड्थ्यो सब् सित धुन्धुकारि बदमाश् खेलेर घूँड़ा धसी ॥४०॥

गाऊँका लड़का सबै कन सदा ठोक्थ्यो बिजाई गरी ।
उत्पात् दिन्-दिन् गर्दथ्यो दुख दिई दुष्टै समान् रूप् धरी ॥
क्यै काल् बित्न गई तरुण् जब भयो जूआ तिरै मन् दिई ।
लाग्यो धन् घरको उड़ाउन सबै अत्यन्त खूशी भई ॥४१॥

रण्डी राखि लियो बजार पिचमा थौटी रखौटी अनी ।
घर् छोड़ी कन रातभर् उहिं गई खुल्थ्यो कुजात् भैं बनी ॥
घर्को दौलत सब् लिएर बलले रण्डी महाँ मन् दिई ।
बाबाको वचनै अनादर गर्‍यो सान्हे कुकर्मी भई ॥४२॥

त्यो धुन्धुकारी लिइ दुष्ट चाला ।
माता पिता लाइ गराइ हाला ॥
घर्मा लोहोटा पनि एक् न छोड़ी ।
दिन्थ्यो उ वेश्या कन प्रेम जोड़ी ॥ ४३ ॥

यौवन्वती रण्डि मजाकि पाएँ ।
मन् चित्त आफ्नो उसमा चढ़ाएँ ॥
यस्तै विचार् ली कन धुन्धुकारी ।
बस्तो भयो आश लिएर भारी ॥ ४४ ॥

मौका मिली चोरि गरेर घर्मा ।
लियो सबै सम्पति खुब् रहर्मा ॥
रोके पिताले र रिसाइ ठोक्यो ।
त्यस् दुष्टले पाप असह्य बोक्यो ॥ ४५ ॥

ती आत्मदेव्ले उहि बीच माहाँ ।
विचार् गरे वस्तु खराब् छ याहाँ ॥
मैलाइ टेर्दैन कु-पुत्र केही ।
जान्छु म अन्यत्र बसोस तेही ॥ ४६ ॥

यस्तो कुजात्ले कुन सौख्य देला ।
दुर्भाग्यको भारि परेछु फेला ॥
भएन छोरो भनि फिक्रि थीयो ।
कु-पुत्र पैदा भइ कष्ट दीयो ॥ ४७ ॥

सीयो समेत् छैन सखाप घर् भो ।
मार्ला भनी नित्य मलाइ डर् भो ॥

धिक्कार् ! गृहस्थाश्रम त्यागि दिन्छू ।
संन्यासिको मन्त्र गएर लिन्छू ॥ ४८ ॥

येही गरी निश्चय रात माहाँ ।
हींडे विकल् भै कन वन् छ जाहाँ ॥
पिता गए निस्कि र चाल पायो ।
त्यो धुन्धुकारी मनमा रमायो ॥ ४९ ॥

आनन्द भो वृद्ध गएर ऐल्हे ।
डर् मान्छु माता सित के म कैल्हे ॥
बढ़ेर बोली त निकालि दिन्छू ।
यो घर् समेत् झट्ट म बेचि लिन्छू ॥ ५० ॥

येही विचार् सब् मनमा जमाई ।
आमा नगिच्मा गइ बात् बनाई ॥
भन्दो भयो धन् छ कहाँ बताऊ ।
फुकाल आभूषण यी न लाऊ ॥ ५१ ॥

यस्ता वचन् सूनी रिसाइ ताहाँ ।
भन्छिन् तँ दिन्छस् दुख धेर याहाँ ॥
काहाँ छ धन् ? जौन थियो उड़ाई ।
खेलिस् जुवा दाउ ठुलो लगाई ॥ ५२ ॥

मेरो शरीर्को गहना अहीले ।
माग्छस् ठुलो कष्ट दिइस् तईंले ॥
जा दिन्न पाजी ! गहना उतारी ।
लान्छस् भने ले तँ मलाइ मारी ॥ ५३ ॥

तेरै कुचाल् देखि उठी जुरुक्क ।
गए पिता राति हुँदो सुरुक्क ॥
म छू मलाई पनि यस् तवर्ले ।
भन्छस् भने मर्नु पर्‍यो जहर्ले ॥ ५४ ॥

मातका इ वचन् सुनी कन तहाँ त्यो धुन्धुकारी अती ।
क्रोधले काँपि अवश्य लिन्छु गहना भन्दै बिगारी मती ॥
लट्ठी हात महाँ लिएर उसले दीयो सटासट् जसै ।
चोट् लागी कन धुन्धुली लडि गइन् ताहीं जमीन्मा तसै ॥५५॥

मूर्च्छामा जननी परिन् अनि पछी आभूषणादी हरू ।
लाएका जति सब् फुकालि उसले लींदो भयो झट् बरू ॥
पोको पारि लगेर रण्डि कन दी ठूलै त प्रेमी बन्यो ।
'गर्थी शेखि बुढी सहज् पिटी दिएँ' यो बात मन्मा भन्यो ॥५६॥

## ❀ गोकर्ण-माहात्म्य ❀

घर्को यो कलहादि देखि रहनू धिक्कार ठानी त्यहाँ ।
जान्छू तीर्थ भनी गरी कन विचार् गोकर्णले मन् महाँ ॥
बाटो खर्च समेत् न ली चलि गए हींडेर पैदल् जसै ।
धुन्धूकारि खुशी भयो घर पनी बेच्ने विचार्ले तसै ॥ १ ॥

चेत् पाई कन धुन्धुली जब उठिन् देखिन् अवस्था अनी ।
सान्है दिक्क भएर सुर् गरि लिइन् मर्छू म ऐल्है भनी ॥
यौटा ताहिं इनार् थियो उहिं गई फाल्हालि तेसै महाँ ।
प्राण् दीइन् खपि बस्न मुश्किल भई ती धुन्धुलीले त्यहाँ ॥ २ ॥

आमा-बाबु र भाइ कोहि नहुँदा खूशी बहूतै भई ।
आफ्नो त्यो घर बेचि रण्डिहरुका घर्मा पुग्यो झट् गई ॥
साथ्का सब् रुपिया दिई सुख गरी रात-दिन् उहीं बास् गरी ।
माछा मासु र रक्सि फुल् र कुखुरा खायो मगन्मा परी ॥ ३ ॥

यस्ता रीत् सित भ्रष्ट भै यवन झैं त्यो धुन्धुकारी त्यहाँ ।
ब्राह्मण् बाट पतित् भई कन बस्यो सुख् मानि रण्डी कहाँ ॥
क्यै दिन्मा रुपिया खतम् हुन् गई कम्मर् खुकूलो भयो ।
वेश्याले अरु खर्च मागि जब ता निस्केर रातमा गयो ॥ ४ ॥

चोर्का साथ मिलेर त्यै निशिमहाँ चोरी बहुतै गरी।
आभूषण् सुन चाँदिका बहुत ली आयो मगन्मा परी॥
रण्डी लाइ दियो जसै ति गहना तीन् बैन्हि रण्डीहरू।
ठूलो दौलत पाइ खुश् अति भए त्यस्को बयान् के गरूँ॥ ५॥

एक् दिन् खूब नशा पिई कन सुत्यो वेश्या लिई साथमा।
त्यै बेला सबले मतो गरि लिए उठेर त्यै रातमा॥
हे बैन्हीहरु हो! खराब् लत लियो चोरी गरी गाउँमा।
ल्याई दिन्छ खुशी गराउन भनी हाम्लाइ यस् ठाउँमा॥ ६॥

क्ये जानी यहि बात् खुल्यो यदि भने आई पुलिस्ले यहाँ।
कैद् गर्छन् यसलाइ हामि परुँला सङ्साथका फल् महाँ॥
छोड्ला कीन पुलिस् समाति सहजै हाम्लाइ साथै लिई।
ठानामा लगि कूटपिट् पनि बहुत् गर्नेछ कष्टै दिई॥ ७॥

यस् निम्ती यहि दुष्टलाइ अहिले हामी तिनौटी भई।
मारौं, मर्छ र चैन् गरेर रहुँला काँडो सँधैको गई॥
यैं सल्लाह गरी तिनै जन मिली डोरी बलीयो लिए।
पक्री त्यस्कन टन्टनी बल गरी चाँडै त बाँधी दिए॥ ८॥

लामो डोरि गरेर टाँगी सहजै झुण्ड्याइ दीए जसै।
लाग्यो छटपट गर्न कष्ट हुन गै पापी दुरात्मा तसै॥
यो चाल् देखि मरेन लौ भनि तहीं बल्दो अगुल्टो लिई।
यौटीले सहजै गएर त्यसका मुखमा पटापट् दिई॥ ९॥
फाँसी पाइ मुखै समेत् जलि तहाँ प्राण्-वायु जाँदो भयो।
शास्ती पाइ मरेर प्रेत हुन गै हावा स्वरूप् भै गयो॥
घर्मा खाडल एक् खनेर सबले त्यस्लाइ हाली त्यहाँ।
माटाले पुरि ठीक् गरे उहि बखत् खूशी भई मन् महाँ॥१०॥

धुन्धूकारि गयो कहाँ भनि कुनै सोध्थे छिमेकी जसै।
रोजगार् गर्न विदेश् गए भनि तिनै भन्थे जवाब्मा तसै॥

यस्ता रितसँग प्रेम् गरेर पहिले सर्वस्व खैंची लिई।
आखिर्मा जिउ हर्दछन् नकचरी रण्डी ठुलो दुख् दिई ॥११॥

बाटामा सब हाल् कुनै जन गई गोकर्ण लाई दियो।
'धुन्धूकारि मऱ्यो' भनी कन सुनी अत्यन्त फिक्री भयो॥
जुन्-जुन् तीर्थ महाँ पुगे तिनि उहीं श्राद्धै समेत् गर्दिदै।
जान्थे तीर्थ महाँ ति पण्डित ठुला गोकर्ण साहस् लिंदै ॥१२॥

गोकर्णै जब एक रात् पथ महाँ बासै बसेका थिए।
प्रेत्ले हात्ति बयेल् र उँट् हुन गई आएर दर्शन् दिए॥
प्रेतै हो भनि येति जानि तिनिले सोधे 'तँ को होस्' भनी।
त्यस्ले बोल्न सकेन दुःखित भई रोयो विकल् खुब् बनी ॥१३॥

"बोल्ने शक्ति" भएन यस्कन भनी हात्मा कमण्डल् लिए।
गायत्री पढ़ि प्रेतलाइ तिनिले जल्को त छींटा दिए॥
जलको बिन्दु पऱ्यो जसै शरिरमा प्रेत्लाइ शक्ती भयो।
तिम्रो दाजु म धुन्धुकारि उहि हूँ ज्यान् बेहकैमा गयो ॥१४॥

ब्राह्मण्का कुलमा जनम् हुन गई रक्सी पिई भ्रष्ट भै।
जूआ चोरि छिनारि सब् गरि लिएँ आखिर् मरें नष्ट भै॥
वेश्याकै घरमा थिएँ म निंदमा पक्री मलाई लिए।
बाँधी फाँसि लगाइ प्राण्कन सहज् तिन्ले निकाली दिए ॥१५॥
वेश्याका सँगमा रहेर मइँले मानू यवन् भैं भई।
आफ्नो धर्म त्यजेर पाप् अति ठुलो धेरै गरें मन् दिई॥
आखीर्मा यसरी परेर अगती पाएर प्रेत् भै गएँ।
येती भो अब मुक्ति हुन्छ कसरी यै निम्ति सोद्धो भएँ ॥१६॥

हे भाई! तिमि ज्ञानि पण्डित छँदै मैले शरण् फेर् कहाँ।
अर्को खोजुँ बचाउ क्यै रित गरी यस् प्रेत-योनी महाँ॥
तिर्खा, भोक, थकाइले जिउ गली मुर्दा सरी यस् घरी।
निर्धो भैकन घुम्छु वायु-रुपमा पाप् कर्मको भोग् गरी ॥१७॥

फाँसी पाइ मरेर हो ? मकन ता दाना र पानी पनी ।
प्राप्तै हुन्न बतास् पिएर कति दिन् बाँचूँ म प्रेतै बनी ॥
उद्धार् जल्दि गराउ भाइ ! तिमिले येती भनेथ्यो जसै ।
गोकर्णैं पनि क्यै दया लिइ तहाँ फेर् प्रश्न गर्छन् तसै ॥१८॥

तिम्रा निम्ति 'गया' गएर मइँले श्राद्धै गरेको थिएँ ।
ब्राह्मणलाइ खुवाइ वस्त्रहरु दी वेद् पाठ् लगाई दिएँ ॥
येतीले पनि प्रेत-योनि किन हो छूटेन तिम्रो यहाँ ?
भेद् यस्को कहु केहि मालुम भए मेरा अगाड़ी महाँ ॥१९॥

प्रेत्ले येति सुनेर त्यै बखतमा भन्दो भयो के गरूँ ।
हज्जार् श्राद्ध गया गएर गरिल्यौ धेर् द्रव्य लाई बरू ॥
मेरो मुक्ति हुँदैन केहि गरदा मुक्ती हुने काम् यहाँ ।
अर्कै केहि छ सो अवश्य गर लौ जो गर्नु पर्ने यहाँ ॥२०॥

यस्ता बात् सुनि भाइले तब भने फिक्री न ली एक् रती ।
केही दिन् तिमि चुप् रहू अनि पछी हुनेछ तिम्रो गती ॥
ऐल्हे जाउ भनी बिदा जब दिए जाँदो भयो त्यो पनी ।
भोली पल्ट उठेर काम् सब सकी गोकर्णजीले अनी ॥२१॥

डाकी पण्डित शास्त्रि सज्जनहरू ठूलो सभा एक् गरी ।
सोधे नम्र भई सबै सित तहाँ रोई चरणमा परी ॥
हे विद्वान्हरू हो ! थिए अधि सुन्यौ दाज्यू त मेरा जउन् ।
वेश्या बाट मरेर प्रेत् भइ तिनी डुल्छन् बतासमा तउन् ॥२२॥
त्यै प्रेत्-योनि छुटोस् भनेर मइँले आफैं गयामा गई ।
तीर्थैं श्राद्ध गरें परन्तु अझतक् बस्छन् ति प्रेतै भई ॥
जस्ता रित्सँग प्रेत-योनि तिनको छुट्ला जउन् काम् गरी ।
सो आज्ञा गरि बक्सियोस् अब यहाँ मेरा उपर् प्रेम् धरी ॥२३॥
यस्तो प्रश्न सुनेर ताहिं सबले शास्त्रै बमोजिम् गरी ।
एक् छिन् केहि विचार् गरी कन जबाब् दींदा भये त्यै घरी ॥

तप्ले सूर्य रिझाइ सोध तिमिले भन्नन् रवीले जती ।
सोही गर्नु र प्रेत-योनि छुटला हूनेछ तिन्को गती ॥२४॥

तेसै गर्छु भनी बिदा गरि दिए सब्लाइ तिन्ले अनी ।
सूर्यैको पढ़ि मन्त्र हात दुइटै जोरेर नम्रित् बनी ॥
सोधे हे रवि ! भन्नू होस् कसरि त्यो प्रेत्-योनि छुट्ला यहाँ ।
आकाश्वाणि भयो उसै बखतमा गोकर्ण थीए जहाँ ॥२५॥

"सप्ताहाकन लाइ भागवतको पारायणादी गरी ।
धुन्धूकारि कनै सुनाइ तिमिले भक्ती हरीको धरी ॥
होला मुक्ति अवश्य" येती हुनगो आकाशवाणी जसै ।
सूनी खूशि भए ति पण्डित ठुला गोकर्ण ज्ञानी तसै ॥२६॥

निम्ता दीकन सज्जनादि हरुमा गोकर्णले ठीक् गरी ।
वाचक् फेर् उपवाचकादि दुइटा राखेर भक्ती धरी ॥
लागे सुन्न समस्त भागवतको सप्ताह त्यस् बिचमहाँ ।
गाऊँले सब आइ प्रेम्सित अती सुन्थे खुशीले वहाँ ॥२७॥

सात् आँख्ला' सितको त बाँस् त्यहिं थियो त्यस्का रही फेद्महाँ ।
धुन्धूकारि बसी पुराण सुनथ्यो सप्ताह मण्डप् महाँ ॥
पैह्ला दिन् जब साँझ पऱ्यो सुनि कथा आँख्ला त बाँस्को अनी ।
ठूलो शब्द गरेर फुटून गइगो यौटा गजब् भो पनी ॥२८॥

मानिस्हेरु सबै अचम्म परथे थाहा न भै भेद् वहाँ ।
दोस्रा दिन् पनि बाँसको फुटि गयो दोस्रो त आँख्लो तहाँ ॥
यस्तै रीतसँग सात दिन् बितिगयो आँख्ला फुटे सात् जसै ।
सुन्दर् चौभुजि मूर्ति विष्णु सरि भै त्यो धुन्धुकारी तसै ॥२९॥

गोकर्णैकन भन्दछन् प्रकट भै सब्का अगाड़ी महाँ ।
"सप्ताहा सुनि प्रेत-योनि छुटिगो जान्छू परम्धाम् महाँ ॥
हे भाई ! अति श्रम् र यत्न बहुतै तिम्ले गरी यस् घरी ।
उद्धार् झट्ट गऱ्यौ न ता मकन यो मुक्ती थियो के गरी ॥३०॥

संसारी जन पाप-पङ्क बिचमा जो छन् फँसेका यहाँ ।
येही कृष्ण-चरित्रको सुनि कथा एकाग्र भै मन् महाँ ॥
तर्छन् यो भवसिन्धु लाइ सहजै यो भागवत्‌का सरी ।
अर्को दिव्य उपाय छैन कहुँ के आनन्द राखुन् हरी" ॥३१॥

यस्तै बात् गरथे ति, उत्तम विमान् आकाश देखी झरी ।
ताहीं आइ खड़ा भयो र ति चढ़े आनन्द-सागर् परी ॥
भाई लाइ प्रणाम् गरीकन हिंड़े ती धुन्धुकारी जसै ।
आनन्दाश्रु गिराइ भक्ति रसले खूशी भए सब् तसै ॥३२॥

## * सप्ताह-विधि-वर्णन *

भन्छन् सूतजि 'शौनकादि ऋषि हो ! नारद्‌जिले प्रेम् धरी ।
एक् दिन् आइ सनत्कुमार् सँग गरे यो प्रश्न सामू सरी ॥
'सुन्नू पर्दछ कौन रित्सँग कहाँ सप्ताह पारायणै ।
त्यस्को वर्णन गर्नुहोस् खुशि भई मेरा अगाड़ी सबै ॥ १ ॥

यस्तो प्रश्न सुनेर नारदजिको सान्है मगन्‌मा परी ।
भन्छन्, "नारद ! भन्दछु सब विधी सप्ताहको ये घरी ॥
कार्तिक् आश्विन भाद्र मङ्सिर कुनै मैह्ना महाँ धीर् धरी ।
सप्ताहा कन सुन्नु पर्छ सबले भक्ती हरीको गरी ॥ २ ॥

निम्ता दीकन इष्ट-मित्र हरुमा लौ सुन्न आऊ भनी ।
डाक्नू पर्दछ साधु सन्त जति छन् नम्रित् बहुतै बनी ॥
उद्यान्‌मा, घरमा कि तीर्थ बिचमा स्थान् हेरि राम्रो अती ।
हाल्नू बेस् चँदुवा र तोरण कलश् थम्भा र पत्ता जती ॥ ३ ॥

पञ्चै-पल्लव पुष्प हेरु सबले सप्ताह मण्डप् त्यहाँ ।
शोभा पूर्ण गराइ व्यासकन पनी एक् उच्च आसन् महाँ ॥
राख्नू पर्दछ बेस् सिंगारि, अरुका वास्ते कुशासन् हरू ।
राख्नू आसन मिर्गचर्म बहुतै उस्को बयान् के गरूँ ॥ ४ ॥

स्नान्ले शुद्ध भएर आइ बसनू सप्ताह सुन्नै अनी।
प्रातःकाल हुँदा त व्यासजि पनी आउन् म भन्छु भनी ॥
पैल्हे पूजन गर्नु श्री गणपतीजीको कलश्को पनी।
दीयोको पनि गर्नु पूजन तहाँ होस् विघ्न नष्टै भनी ॥ ५ ॥

यौटा ब्राह्मण मण्डपै निर बसी सात् दिन मधुर् स्वर् गरी।
बाँचुन् विष्णु-सहस्रनाम् खुशि भई बोली मसीनू गरी ॥
श्रोताले गरनू पुजा खुशि भई पैह्ला दिनै व्यासको।
पुस्तक्को पनि गर्नु पर्दछ पुजा बासा दिई तासको ॥ ६ ॥

व्यास्जी लाइ त दक्षिणा पनि दिनू भेटी धरी ग्रन्थमा।
ढोग् दीनू र टिका लगाइ गजरा लाई दिनू घाँटिमा ॥
भन्नू व्यासजि ! प्रेम् दया अलिकती राखेर सप्ताह यो।
सात् दिन् बाँचि सुनाउनोस् मनसुबा मेरो अनी पूर्ण भो ॥ ७ ॥

लाग्छन् व्यासजि भन्न, सुन्नु मन खुब् एकाग्र पारी त्यहाँ।
बाँकी चार घड़ी हुँदा सुनि कथा उठ्नू असल् हो यहाँ ॥
व्यास्जीले पनि खूब् बुझुन् सब भनी बिस्तार चाल्ले गरी।
बाँच्नू पर्छ कथा, चढाकि गरदा ठीक् हुन्न चाँड़ो गरी ॥ ८ ॥

ठीक् मध्याह्न महाँ कथा दुइ घड़ी थामेर विश्राम् गरी।
श्रोताले जलपान गर्नु मिसरी दुध् केहि फल्-फुल् पनी ॥
खानू पर्छ हविष्य सात दिन तक् सप्ताह सुन्दा महाँ।
बस्नू अन्न नखाइ केहि अथवा खानू फलाहार् त्यहाँ ॥ ६ ॥

स्त्री-भोग् गर्नु हुँदैन सात दिनतक् सुत्नू जमीन्मा गई।
खानू पर्दछ पातमा रिस पनी गर्दै नगर्नू कहीं ॥
बाँझीले गरि भक्ति यो सुनि भने ईश्वर्-कृपाले गरी।
सन्तान्को मुख देख्तछे बुझि लिनू गर्छन् दया श्रीहरी ॥१०॥

जन्मन्छन् तर मर्दछन् सुत भने त्यस् नारिले प्रेम् धरी।
ईश्वर्को गरि भक्ति मण्डप विषे आनन्द-सागर् गरी ॥

सप्ताहा सुनि रोज-रोज् तुलसिदल् हाली प्रसाद् खुश् भई ।
श्रोतागण् कन दीनु पर्छ खुशि भै सबूका समीपमा गई ॥११॥

सप्ताहा सकि अष्टमै दिन महाँ गायत्रिले होम् गरी ।
ध्यूको आहुति अग्निमा गरि लिनू पायस् तयारी गरी ॥
बाहुन्लाइ खुवाउनू र दछिना वस्त्रादि दीनू त्यहाँ ।
व्यासूलाई पनि दीनु पर्छ दछिना, गोदान् समाप्ती महाँ ॥१२॥

भूमी दान् पनि गर्नु शक्ति छ भने आभूषणादी पनी ।
व्यास्लाई दिनु पाउ पर्नु बहुतै नम्र स्वभावको बनी ॥
सप्ताहा सुनि धर्म अर्थ मुकती ऐश्वर्य चारै कुरा ।
प्राप्ती हुन्छ जगत् महाँ बुझि लिनू आनन्द होला पुरा ॥१३॥

## ❀ पूर्व-कथा-श्रीकृष्ण-चरित्रको-उत्पत्ति ❀



हे राजन् ! कुरुक्षेत्रमा जुन बखत् अट्ठार अक्षौहिणी ।
कौरव्-पाण्डव पट्टिका सकल फौज् जम्मा भई रण् गरी ॥
माहाभारतको लड़ाइ हुनगो अट्ठार दिन् तक् जहाँ ।
ठुल्ठूला विर हरुले जिउ दिए तेही रणस्थल् महाँ ॥ १ ॥

भीमसेन्ले करमा लिईकन गदा रणमा अगाड़ी सरी ।
मारे श्री धृतराष्ट्रका सुतहरू छानेर एक् एक् गरी ॥

पैह्ले जुन् घरि श्री सुयोधनजिले जीतेर जूआ महाँ।
दौलत् राज्य सबै युधिष्टिरजिको छल्ले लिएथे त्यहाँ ॥ २ ॥

थापे द्रौपदि फेर् युधिष्ठिरजिले त्यै द्यूतका खेल् महाँ।
जीते दाउ उही पनी छल गरी दुर्योधनैले त्यहाँ ॥
चार् दिन्की नछुने थिइन् महलमा ती द्रौपदी जुन् घरी।
दुश्शासन् कन ता पठाइ चुलठो पक्री अनादर् गरी ॥ ३ ॥

ल्याई सोहि सभा महाँ उहि घरी दुर्योधनैले त्यहाँ।
"आ-बस् दासि! भनेर हात् पनि पिट्यो आफ्नो त जङ्घा महाँ"॥
यो देखी भिमले प्रणै गरी लिए तेरो त जङ्घा यही।
हानी एक गदा म भाँचि दिउँला गिलास् तँ लङ्डो भई ॥ ४ ॥

आफ्नू प्रण् कन सम्झि ताहिं भिमले दुर्योधनैका दुई।
तिघ्रा भाँचि दिए रणस्थल महाँ अत्यन्त क्रोधित् भई ॥
दुर्योधन् रणमा भएर लँगड़ो सूती रहेका थिए।
द्रोणीले उ बखत् गएर नगिचै तिन्लाइ दर्शन् दिए ॥ ५ ॥

दर्शन् दीकन यो भने उहि बखत् राजन्! हजुर् मो दुई।
खेल्थ्यौं साथ मिलेर बाल्य वयमा अत्यन्त खूशी भई ॥
देखाई दुर दिन् हजुर्कन यही वैरी हरूले यहाँ।
यस्ता चाल्सँग दुर्दशा गरि दिए बिर्सन्छु मैले कहाँ ॥ ६ ॥

हूकुम् बक्सनु होस् मलाइ प्रभुले के गर्नु मैले पर्‍यो।
सोही पूर्ण गराउँछु गरुँ कसो यो हाल् नसिब्ले गर्‍यो ॥
दुर्योधन् पनि भन्दछन् यहि सुनी मेरो सबै नाश् भयो।
आफ्ना भन्नु सबै मरे रणमहाँ राज्पाट् सबै गै गयो ॥ ७ ॥

तिघ्रा भाँचिन गै गिरें म अहिले मुर्दा हरू छन् जहाँ।
बाँचे पाण्डव हामि सब् मरिगयौं चिन्ता छ यै मन्महाँ ॥
तीमी मित्र छँदा-छँदै जगतको राज् वैरिले गर्नु यो।
तिम्रा लागि पनी छ शर्म यसमा यस् कामले मर्नुभो ॥ ८ ॥

अश्वत्थामा भन्दछन् एति सूनी।
आफ्ना मन्मा एक्-घरी बात गूनी ॥
राजन्! मैले आज यै रात माहाँ।
पाँचै भाई पाण्डवै लाइ ताहाँ ॥ ९ ॥

निंद्मा मार्छू पाप मान्दीन यस्मा।
पापै मात्रै हेर्छ कस्ले विपत्मा?
पाँच् भाईको काटि शिर् ल्याइ दिन्छू।
तिम्रो मन्को फिक्रि सब् खैंचि लिन्छू ॥१०॥

यस्ता बात् सुनि द्रौणिको खुशि भई दुर्योधनैले त्यहाँ।
भन्छन् एति गऱ्यौ भने खुशि भएँ मर्छू म खुश् भै यहाँ ॥
लौ जान्छू भनि झट् बिदा भइ हिंड़े एती सुनी ती जसै।
यो बात् कृष्णजिलाइ मालुम भयो सोही बखत्मा तसै ॥११॥

भन्नूभो हरिले ति पाण्डव कनै त्यागेर डेरा यहीं।
सुत्नू आज सरस्वती तिर महाँ पाँच् भाइ जम्मा भई ॥
बाँकी छन् अरु जो रहुन् शिविरमा कारण् छ केही भनी।
सूनी बात् हरिको प्रबन्ध उहि भो गुप्ती हिसाबूले अनी ॥१२॥

त्यै दिन् राति ति द्रोण-पुत्र सँगमा कृत्या लिई खुश् भई।
सेना पाण्डवका जउन् थल महाँ थीए उहीं झट् गई ॥
आगो लाइ दिए वरी-परि सबै फेरी शिविर्मा पसे।
पाँचोटा ति कुमार द्रौपदिजिका देखेर छूरी धसे ॥१३॥

रात्मा मस्त थिए सबै निंद महाँ पाँच् पुत्र छोरा पनी।
बाबूकै गइ खाटमा ति सुतथे आओ सुतौं सब् भनी ॥
यस्तै औसरमा परेर भ्रममा ती द्रोणिले रिस् गरी।
पाण्डव् हुन् भनि चोर झैं छिनि दिए पूगेर शिर् त्यै घरी ॥१४॥

पाँचोटै शिर पाँच पुत्र हरुको पारेर पोको त्यहाँ।
आए द्रौणि थिए सुयोधन जहाँ एक्लै रणस्थल् महाँ ॥

बेला भर्खर प्रातको त्यहिं थियो मिर्मिर् उज्यालो भई ।
दीए शिर् क्रमले सुयोधन कनै ती द्रौणिले झट् गई ॥१५॥

भन्छन् पाँच् शिर लेउ हे नरपते ! ल्यामेर चाँड़ो गरी ।
माधवको डर मान्छु भाग्नु परला मैले तुरुन्तै गरी ॥
यस्ता बात् सुनि ती सुयोधनजिले शिर् हात माहाँ लिए ।
थिच्दामा मिचियो र द्रौणि कन झट् धिक्कार तिन्ले दिए ॥१६॥

बालक् द्रौपदिका कुमार् कन गई भ्रममा परी यस् घरी ।
पाँच् पाण्डव् बुझि रेटि आइ अहिले भन्छौ अगाड़ी सरी ॥
पाण्डवकै अनुहारका सब थिए पाँच् भाइ बालक् हरू ।
हा ! धिक् वध् तिमिले अनाहक गर्यौ कस्ता प्रकार् धिर् धरूँ ॥१७॥

चल्थ्यो वंश सखाप् वृथा गरि दियौ मारेर बालक् यहाँ ।
धिक्कार् हो, गुरु-पुत्र ! भुल् हुन गयो सार्है अनाहक् महाँ ॥
पैहे हर्ष भएर फेर् पछि जसै पर्नेछ विस्मात् अनी ।
मर्नेछन् धृतराष्ट्र-पुत्र नृपती चाँड़ै सुयोधन् भनी ॥१८॥

वर्दान् येहि थियो र हर्ष पहिले भै फेरि विस्मात् परी ।
दुर्योधन् उहि ठाउँमा विकल भै गैगो तुरुन्तै मरी ॥
दुर्योधन् जब मर्नगो उहि वखत् ती द्रौणिलाई पनी ।
"अर्जुन्ले, भगवान् जनार्दनजिले" मार्छन् अवश्यै भनी ॥१९॥

ठूलो डर् हुनगो र भागि कन ज्यान् जोगाउने सुर् गरी ।
भागे वेग् सित द्रोण-पुत्र उ वखत् बाटो वनैको धरी ॥
सूनिन् द्रौपदिले जसै यहि खबर् छोरा मरे पाँच् भनी ।
रोइन् छाति पिटेर फेर् यहि भनिन् बाघीनि जस्ती बनी ॥२०॥

मर्दैनन् गुरु-पुत्र जुन् घरि तलक् तब् तक् म केही पनी ।
मुखमा हाल्दिन अन्न जल् सब कुरा त्यागेर बस्छू भनी ॥
रोई छाति पिटी युधीष्ठिर नजिक् ती द्रौपदीले त्यहाँ ।
अर्जुन्लाइ भनिन् निभाउनु पर्यो छन् द्रौणि ऐल्हे जहाँ ॥२१॥

केवल् एक भरोस् लिई हजुरको मैले प्रतिज्ञा गरें ।
सोही पूर्ण गराउनोस् नहिं भने आखिर् म याहीं मरें ॥
येती बिन्ति गरेर चुप् भइ रहिन् ती द्रौपदी झट् जसै ।
बोले अर्जुनले प्रिये ! किन तिमी शोच् गर्दछ्यौ यो यसै ॥२२॥

ऐल्यै गैकन द्रौणिको शिर सहज् काटेर चाँडै गरी ।
ल्याई दिन्छु चढेर त्यै शिर महाँ स्नान् गर्नु तिम्ले सरी ॥
छातीको अनि अग्नि शान्त हुनगै आराम् गरौली तिमी ।
येती बात् भनि फेरि अर्जुन पनी कालाग्नि जस्ता बनी ॥२३॥

हातमा गाण्डीव ली चढेर रथमा श्री कृष्णलाई त्यहाँ ।
भन्छन् माधव रथ् चलाउनु पर्‍यो उम्केर जाला कहाँ ॥
मार्छू त्यो गुरु-पुत्र लाइ अहिले पक्षी पशू झैं गरी ।
बाँच्ला भागि कहाँ त्रिलोक बिचमा लिन्छू म ऐल्यै धरी ॥२४॥

यस्ता बात् सुनि कृष्णले रथ जसै हावा समान्कै गरी ।
हाँक्नू भो जब द्रौणि लाइ नजिकै देखे ति भाग्थे बढी ॥
द्रौणीले पनि देखि अर्जुनजिको रथ्लाइ त्यै बिच् महाँ ।
ब्रह्मास्त्रै कन छाड्दिए रिस गरी त्यो अस्त्र दौड्यो त्यहाँ ॥२५॥

बल्दो अग्नि सरी भयङ्कर अती त्यो अस्त्र आयो जसै ।
सोधे अर्जुनले प्रभो ! किन यहीं आयो भनी झट् तसै ॥
भन्नू भो हरिले यही अति ठुलो ब्रह्मास्त्र हो द्रौणिले ।
हाने हान तिमी पनी अब यही ब्रह्मास्त्र लौ मन्त्रले ॥२६॥


दूवै अस्त्र जुझेर आपस महाँ उत्पात गर्नन् अती ।
तिन्लाई खिचिलेउ मन्त्र-बलले कम् हुन्छ तिन्को गती ॥
यस्ता बात् हरिको सुनीकन त्यहाँ अर्जुन् पनी त्यै घरी ।
ब्रह्मास्त्रै कन मन्त्रि कृष्णकन यो भन्दा भए धीर् धरी ॥२७॥

हे माधव् ! यहि अस्त्र छोड्छु अहिले आज्ञा बमोजिम् गरी ।
येती बिन्ति गरेर अस्त्र कन झट् छाडी दिए रिस् धरी ॥

ठूलो वेग् सँग अस्त्र गै भिड़ि गयो ब्रह्मास्त्रका सङ् महाँ।
लागे वेग् सँग गर्न वर्षण दुवै ब्रह्मास्त्र अग्नी त्यहाँ ॥२८॥

भन्छन् कृष्ण किरीटि ! डाक दुइटै यी अस्त्रलाई तिमी।
बेर् गर्छौ त तुरुन्त सब् जलि-खली जानेछ सारा जिमी ॥
अर्जुन्ले तब मन्त्र एक् पढ़ि तहाँ एक् बाण हान्दा भए।
दूवै अस्त्र तुरुन्त फर्कि कन पो ठोका महाँ झट् गए ॥२९॥

## ❀ नरमणि-हरण ❀



दौड़ाई रथ द्रौणिलाइ सहजै पक्रेर अर्जुन त्यहाँ।
भन्छन् मारुँ कसोरि ब्राह्मण भयो यो बालघाती यहाँ ॥
यस्लाई अब पक्रि द्रौपदि कहाँ लैजाउँ चाँड़ो गरी।
अर्जुन्ले यति बात् गरी ति कन झट् राखे रथैमा धरी ॥ १ ॥

फर्काई रथ सैन्यका बिच पुगे अर्जुन् र माधव् जसै।
भन्छिन् द्रौपदि हात जोरि उ बखत् श्रीकृष्णलाई तसै ॥
हे नाथ् ! ब्राह्मण हुन् न मार्नु बढिया देख्छु म ता यस् घरी।
जाउन् बन्धन मुक्त गर्दिनु वहस् के हुन्छ रिस् धेर् गरी ॥ २ ॥

अर्जुन्का गुरु-पुत्र हुन् किन उसै मारौं इ बाँचुन् यहाँ।
रूनू आज परोस् इ दुर्जन भए लज्जा गरुन् मन् महाँ ॥

विर् भै बालक घात् गरे यिनि सरी चाण्डाल कोही पनी ।
अर्को छैन जगत् भरी यि शठ हुन् जाउन् यि येती भनी ॥ ३ ॥

चुप् लागिन् जब द्रौपदी उही बखत् भीम्ले नकुल्ले पनी ।
क्या बात् धन्य दयावती भनि गरे तारीफ् ठुली हो भनी ॥
अर्जुन्ले हरिको मती लिइ तहीं ती द्रौणिका शिर् महाँ ।
तर्वार्ले चिरि एक् मणी झिकि लिए खूशी भई कर् महाँ ॥ ४ ॥

थीयो त्यो नरको मणी अति असल् झीकी लिएथे जसै ।
निस्तेज् भैकन शक्ति हीन् भइ गए ती बालघाती तसै ॥
यस्ता रित्सँग ज्यान् बचाइ मणि ली डाँड़ा कटाई दिए ।
रूँदै द्रौणि कुकर्म सम्झि मनले रस्ता बनैको लिए ॥ ५ ॥

रणमा वीरहरू मरे जति जती तिन्लाइ पैचान् गरी ।
आफ्ना मानिसले लगीकन क्रिया गर्दा भए त्यै घरी ।
देखी धेर् विधवा युधीष्ठिरजिले सन्ताप गर्दा भए ।
धिक्कार् पापि भएँ भनेर तिनिले खुब् दिक्क मानी रहे ॥ ६ ॥

यो हाल् देखि हुकुम् भयो हरिजिको राजन्! म भन्छू यहाँ ।
शरशैया बिच भीष्म छन् अझतलक् जाऊँ उही स्थल् महाँ ॥
गर्नू पर्दछ अश्वमेध तिमिले पाप् नष्ट होला भनी ।
सल्लाहा लिउँ भीष्मको सुनि लिऊँ के भन्दछन् ती पनी ॥ ७ ॥

यो आज्ञा सुनि श्री युधीष्ठिर पनी ऊठे तुरुन्तै गरी ।
चार् भाई सँगमा ति द्रौपदि समेत् जाँदा भए श्रीहरी ॥
घायल् भीष्म थिए रणस्थल महाँ ताहीं पुगे सब् जसै ।
भन्नू भो हरिले गई कन नगीच् ती भीष्मजीका तसै ॥ ८ ॥

सून्यौ भीष्मजि ! यी युधीष्ठिरजिमा चिन्ता पर्‍यो यस् घरी ।
भन्छन् मान्य समेत् बहुत् जन मरे रणमा अगाड़ी सरी ॥
सो पाप् लागि गयो कसो गरुँ भनी चिन्ता लिई मन्महाँ ।
गर्दैनन् यिनि राज्य, ज्ञान तिमिले देऊ दया ली यहाँ ॥ ९ ॥

यस्ता बात् हरिको सुनी कन तहाँ तिन्ले नमस्कार् गरे ।
आपद्-धर्म र दान-धर्म अनि फेर् राज्-धर्म ताहीं कहे ॥
मोचै-धर्म पनी कहे सब कुरा विस्तार पूर्वक् गरी ।
शान्ती-पर्व र शल्य-पर्व बिचमा देखिन्छ एक्-एक् गरी ॥१०॥

चारै धर्म बताइ फेर् अनि पछी गांगेयले फेर् पनी ।
भन्छन् हे महाराज्! गरी कन यहाँ एक् अश्वमेध् थिर् बनी ॥
आफ्नो पाप हटाउ राज् गर अनी पालन् गरी रैतिको ।
इच्छा ईश्वरकै बुझीकन रहू के हुन्छ है आत्ति पो ? ॥११॥

इच्छा ईश्वरको नभै जगतमा एक् पात पनी रुख् महाँ ।
हल्लन्थ्यो किन येहि जान मनले चिन्ता नल्यौ क्यै यहाँ ॥
यस्तै रित्सँग ज्ञान् दिएर हरिको दर्शन् गरी त्यै घरी ।
तिन्ले प्राण वियोग् गरीकन गए संसार-सागर् तरी ॥१२॥

बीते भीष्म भनी युधीष्ठिर सहित् पाण्डव् हरू सब् त्यहाँ ।
फेरी द्रौपदिका सहित् हरि पनी चिन्ता लिई मन् महाँ ॥
रोए बेसरि हुन् ठुला चलि गए श्रीभीष्म ऐल्हे भनी ।
आखिर्मा हरिले बुझाउनु भयो बूझे सबैले पनी ॥१३॥

आज्ञा भो प्रभुको युधीष्ठिरजिले तेही बखत्मा त्यहाँ ।
क्रीया कर्म र श्राद्ध सब् गरि दिए ती भीष्मको रण् महाँ ॥
आए फेर् सब हस्तिनापुर महाँ श्रीकृष्णले त्यै घरी ।
राज्गद्दी दिनुभो युधीष्ठिर कनै आनन्द-सागर् परी ॥१४॥

पाण्डव्का सँगमा रहेर हरिले एक् अश्वमेधै पनी ।
ठूलो महत दी गराउनु भयो प्यारा युधिष्ठिर् भनी ॥
राम्रा रीत्सँग राज् गरे खुशि भई ताहीं युधिष्ठिर्जिले ।
यै बिच्मा अरु एक् उपद्रव गरे भागेर ती द्रौणिले ॥१५॥

वन्मा गैकन द्रौणिले मनमनै भन्छन् हरे ! के भयो ?
बालक् मार्नु पऱ्यो परेर भ्रममा लज्जा ठुलो भै गयो ॥

मुख् देखाउँ कसोरि अर्जुनजिले खोसेर लीए मणी।
ताजा घाउ छँदैछ हुन्न कहिले नीको अघी भैं बनी ॥१६॥

माखा लाग्दछ घाउमा गरुँ कसो दुख्दैछ घाऊ पनी।
यो दुख श्रीकृष्णजिले दिए म कन ता हो बालघाती भनी ॥
जो थीयो हुनिहार् भयो उहि यहाँ के गर्नु चिन्ता गरी।
वैरी पाण्डव पाँच भाइ सुखि छन् घुम्छू म भिक्षुक् सरी ॥१७॥

माछू पाण्डवलाइ ब्रह्मशरले येही विचारी त्यहाँ।
रिस्ले पूर्ण भएर त्यै घरि महाँ ब्रह्मास्त्र ली हात् महाँ ॥
मन्त्री छाड़िदिए उ अग्निसरि भै पाँच् मुख् गरी त्यस् घरी।
आयो त्यो उड़ि हस्तिनापुरि महाँ झिल्का चहूँ ओर् छरी ॥१८॥

थीइन् गर्भवती महल् बिच महाँ श्री उत्तरा त्यस् घरी।
एक् झिल्का तिनका पर्‍यो उदरमा ब्रह्मास्त्रको वेग् गरी ॥
लाग्यो जल्न उदर् र दौड़ि कन ती कुन्ती भएमा गइन्।
सासूका सँगमा यही सब हवाल् तिन्ले बताई दिइन् ॥१९॥

कुन्तीले बहुलाइ साथ् लिइ गइन् जाहाँ थिए श्रीहरी।
विस्तार् बिन्ति गरिन् र कृष्ण प्रभुले हेर्नूभयो ध्यान् गरी ॥
थाहा भो सब हाल् सुदर्शन कनै आज्ञा दिनू भो त्यहाँ।
रक्षा गर् गइ गर्भको उदरमा श्री उत्तराको वहाँ ॥२०॥

आज्ञा पाइ तुरुन्त चक्र हिंड़िगो ब्रह्मास्त्र नाश्छू भनी।
त्यो देखी कन अस्त्र फर्कन गयो निस्तेज जस्तै बनी ॥
पेट्मा फेरि गएर चक्र हरिको घूमेर गर्भै महाँ।
आगोलाइ निभाइ निस्कि कन फेर् आयो हरी छन् जहाँ ॥२१॥

बालक् पेट महाँ परीक्षित थिए रक्षा गर्‍यो चक्रले।
भन्नू भो हरिले म जान्छु अब ता बीदा मिलोस् प्रेमले ॥
धेर् दिन् भो अब द्वारिका नगरिमा जान्छू बिदा द्यौ भनी।
भन्दा पाण्डव भन्दछन् उहि बखत् अत्यन्त नम्रित् बनी ॥२२॥

हे नाथ् ! जान भनौं कसो गरि हजुर् लाई सबैले यहाँ ।
माया प्रेम् बसिगो ठुलो कसरि हे बिर्सिन्छ यस् मन् महाँ ?
यो सूनीकन भन्नु भो प्रभुजिले बिर्सन्न मैले पनी !
जानै श्रेय छ जान्छु द्यौ अब बिदा भन्छन् उचित् हो भनी ॥२३॥

× × × ×

युधिष्ठिर्ले ताहाँ यति सुनि भने भाइ ! अहिले ।
पुऱ्याऊ द्वारीका हरीकन सँगै जाइ तिमिले ॥
ठुलो लश्कर् साथ्मा हय गज रथादी हरु लिई ।
किरीटी ! लौ जाऊ प्रभुसँग तिमीले खुशि भई ॥२४॥

× × × ×

हुकुम् पाइ तयार् गरी सब त्यहाँ अर्जुन्जिले त्यै घरी ।
रथ् ल्याए प्रभुजी सवार् हुनुभयो त्रैलोक्यका नाथ् हरी ॥
बीदा-वारि भएर सब् सित त्यहाँ श्रीकृष्ण हिंड्नू भयो ।
आँशू बर्बरि नेत्रबाट सबका निस्केर बग्दो भयो ॥२५॥

पुग्नू भो हरि द्वारिका नगरिमा देखेर सब्ले त्यहाँ ।
मङ्गल् खूब गरे प्रसन्न मनले गद्-गद् भई मन् महाँ ॥
रुक्मीणी हरु रानिले खुशि भई दर्शन् गरे नाथको ।
द्वारीका नगरी सनाथिनि भइन् दर्शन् गरी कृष्णको ॥२६॥

## ❀ श्रीपरीक्षित-जन्म ❀

हस्तीना पुरिमा बितेर नउ मास् श्री उत्तराको पनी ।
जन्म्यो बालक एक् खुशी सब भए मङ्गल् गरौं लौ भनी ॥
उत्सव् भारि गरे ति पाण्डवहरू जन्मेछ नाती भनी ।
खूबै खूशि भएर दान्हरु गरे धन्-रत्न धेरै पनी ॥ १ ॥

न्वारन्का दिन ज्योतिषी द्विजहरू डाकेर दर्बार् महाँ ।
हेराए जब लग्न मालुम भयो विद्वानलाई त्यहाँ ॥

भन्छन् ज्योतिषि, हे प्रतापि नरनाथ् ! होला प्रतापी अती ।
भाग्यैमानि बहुत् छ बालक सदा कीर्ती जगत्मा बढ़ी ॥ २ ॥

राख्नू पर्दछ नाम् परीक्षित भनी यस्को सबैले यहाँ ।
सम्राट् भैकन एकछत्र पृथिवी राज् गर्छ संसार् महाँ ॥
देला दण्ड कलीयुगै कन पनी आखिर् महाँ श्राप् ठुलो ।
पर्दा एक् ऋषि बाट तक्षक गई डस्नेछ, भावी अहो ! ॥ ३ ॥

गङ्गाका तटमा सुनी हरि-कथा पाएर मुक्ती अनी ।
जाला यो हरि-धाममा बुझि लिनोस् साँचो भनेको भनी ।
राजा यो हरि-भक्त हुन्छ कुलमा थीएन यस्तो कुनै ।
येती बात् सुनि दक्षिणा बहुत दी खूशी भए सब् तसै ॥ ४ ॥

यस्तै औसरमा विदुर्जि डुलदै आए नगर्मा अनी ।
अन्धा श्री धृतराष्ट्र, पाण्डव सँगै भेटे ठुला हुन् भनी ॥
भन्नन् अर्जुनले भनेर तिनिले श्री द्वारिकाको त्यहाँ ।
कौनै बात् नकही अरू विषयको वार्ता गरे धेर् त्यहाँ ॥ ५ ॥

क्यै दिन्मा ति विदूरले खुशि भई धृतराष्ट्र लाई त्यहाँ ।
ज्ञान् दीए वनमा गएर हरिनाम् लेऊ सदा मन् महाँ ॥
यो सूनी कन रातका समयमा ऊठेर रानी लिई ।
आए जङ्गलमा ति अन्ध-नृपती ईश्वर् विषे दिल् दिई ॥ ६ ॥

छैनन् श्री धृतराष्ट्रजी भनि खबर् सूनेर पाण्डव् हरू ।
लागे रून विलाप् गरेर पहिले धेरै बयान् के गरूँ ॥
काका हुन् ति बुढ़ा थिए उठि गए काहाँ सपत्नी भई ।
येही बात् मनमा युधीष्ठिरजिको पर्दो भयो शोक् रही ॥ ७ ॥

निद्रा भोक् सब त्यागि दुःखित भए राजा युधिष्ठिर् जसै ।
गर्दै श्रीहरिको भजन् उहि बखत् नारद्जि आए तसै ॥
ऊठी आदर खूब् गरे नृपतिले नारद् ठुला हुन् भनी ।
भन्छन् नारद मुख् मलीन्छ नृपते! बस्छौ कि दिक्दार् बनी ? ॥ ८ ॥

यस्ता बात सुनेर नारदजिका भन्छन् युधिष्ठिर् त्यहाँ ।
हे नाथ् ! वृद्ध थिए ति अन्ध कुरुराज् हाम्रा त काका यहाँ ॥
छैनन् भागि गए 'कता किन ?' यही चिन्ता परी यस् घरी ।
रुन्छु सम्झि म वृद्ध लाइ बुझ्नोस् कुन् कष्ट तिन्मा परी ॥ ९ ॥

कम्ती केहि थिएन तिन्कन यहाँ सेवा सबैले गरी ।
राख्थ्यौं खूशि गराइ रात-दिन ठुलो भक्ती मनैमा धरी ॥
तीन् दिन् भो उठि गैगए कुन तरफ् क्यै छैन थाहा यहाँ ।
बाघ्का मूख परे कि छन् अझ कहीं चिन्ता छ यै मन्महाँ ॥१०॥

राजाका इ वचन् सुनी कन तहाँ शोचेर नारद् पनी ।
भन्छन् हे नृपते ! गए वनमहाँ तप् गर्न लाई भनी ॥
आएथे ति विदूर भेटि तिनले तिन्लाइ ज्ञानै दिए ।
ज्ञान् पाईकन अन्धराज् दुलहि ली वन् तर्फ जाँदा भए ॥११॥

पर्वत् जुन् छ हिमालयै ति उसको दक्षिण् तरफ् वन् महाँ ।
आश्रम् सप्तऋषीजिको छ बुझिल्यौ राजन् ! तिमीले वहाँ ॥
ताहीं छन् धृतराष्ट्र पत्नि सहितै ईश्वर् पुकारा गरी ।
माया मोह त्यजेर यस् बखतमा बस्छन् मुनीश्वर् सरी ॥१२॥

सात् दिन्का पछि मर्दछन् तिनि हरू जान्छन् परम्धाम् महाँ ।
तिन्को शोच् न गरी रहू नृप तिमी आनन्द मानी यहाँ ॥
येती हाल बताइ नारद गए जान्छू म एल्हे भनी ।
आए अर्जुनजी उसै बखतमा दुःखित् समान्का बनी ॥१३॥

बिन्ती अर्जुनले गरे हरि पनि पाल्नू भयो धाम्महाँ ।
द्वारीका नगरी डुबीकन गयो त्यैं सिन्धुका बिच्महाँ ॥
यादव् नष्ट भए सबै लड़ि भिड़ी आपस्महाँ रिस् गरी ।
छैनन् कृष्णजि हा ! अचम्म हुनगो हा नाथ् ! जगन्नाथ् ! हरी ! ॥१४॥

येती सूनि वियोग् भएर हरिको सबूले ठुलो शोक् गरे ।
आयो लौ कलियुग् बसौं किन यहाँ भन्ने विचार् झट् गरे ॥

छैनन् श्रीहरि हामिले अब यहाँ हूँदैन बस्नू भनी ।
पाँचै भाइ मिली मतो गरि लिए पाण्डव् हरूले पनी ॥१५॥

नाती बालक श्री परीच्चित कनै सिंहासनैमा धरी ।
ताहीं राज-तिलक् दिए नृपतिले अत्यन्त प्यारो गरी ॥
जाऊँ बद्रि भनेर पाण्डवहरू रानी लिई सङ् महाँ ।
बीदा-बारि भई हिंड़े उहि बखत् दुःखित् भए सब् त्यहाँ ॥१६॥

राज् पाई कन श्री परीच्चित पनी इन्साफि ठूला बनी ।
लागे गर्न स्वराज्य सब् मुलुकको गर्नू उचित् हो भनी ॥
जस्का राज्य महाँ त बाघ बकरी एक् घाट पानी पिई ।
बस्थे वैर त्यजेर आपस महाँ प्रीती विषे मन् दिई ॥१७॥


आयो की कलियुग् भनेर नृपले जाँच् गर्न लाई तहाँ ।
निस्के दिग्विजयै गरूँ भनि तसै देखे सबै ठाम् महाँ ॥
मानीस् धर्म गरी पुजा पनि गरी भक्ती हरीकै गरी ।
बस्थे शोखसित पापि क्वै पनि तहाँ थीएन राचस् सरी ॥१८॥

हेर्दै देश शहर् अनेक् नृप पनी आए कुरुच्चेत्रमा ।
तट्मा एक् नदिका थियो रुख कुनै त्यस्का छहारी महाँ ॥
तिन् खुट्टा टुटि हिंड्न मुश्किल परी योटा बयेल् बस्तथ्यो ।
दुब्ली गाइ थिइन् त्यहीं नगिचमा ताहीं रवी अस्त भो ॥१९॥

रुख्का आडमहाँ लुकेर नृपले के भन्दछन् यी भनी ।
लागे सुन्न कुरा उसै बखतमा देखे तमाशा पनी ॥
मान्यो यस् कलिले मन्यौं सब भनी गर्थे तिनैले कुरा ।
येती मै त्यहिं एक् अचम्भ हुनगो हातमा लिई एक् छुरा ॥२०॥

कालो श्यामल मूर्ति नग्न रुपको एक् शूद्रले त्यै घरी ।
दौड्यो त्यस्तिर गाइ मार्छु भनि सुर् लीएर चाँड़ो गरी ॥
मार्ला गाइ बयेल् भनेर नृपले चिन्ता लिई मन्महाँ ।
आए सन्मुख हातमा धनु लिई त्यस्का अगाड़ी त्यहाँ ॥२१॥

# ❀ धर्म-पृथ्वी-कलि-परीक्षित-संवाद ❀



रुन्थिन् गाइ, गएर ताहिं नृपले सोधे भयो के भनी ?
भन्छिन् गाइ पनी उसै बखतमा सान्है दुखीया बनी ॥
हे राजन् ! म त पृथ्वि हूँ बयल यी हुन् धर्म हामी दुई ।
दुःखी छौं कलिदेखि यस् बखतमा शक्ती समेत् दुर् भई ॥१॥

धर्मैका तिन पाउ ता टुटि गए भारी मलाई भयो ।
आई यस् कलिले प्रजा हरु सबै साटे सरी भै गयो ॥
गर्दैनन् जन धर्म क्वै नगरमा पाप् मात्र गर्छन् सबै ।
मान्छन् स्त्रीकन, दुःख दीकन पिता लाई सबैले अबै ॥२॥

बेच्छन् पुत्रि पनी लिएर रुपियाँ आनन्द मानी अती ।
चारै वेद् कन छोड़ि ब्राह्मणहरू उर्दू र फार्सी कती ॥
भाषा यामिनि पढ्दछन् अब पुराण् सुन्दैन कोही पनी ।
कस्ता रित्सँग धर्मले रहनु लौ सल्लाह क्या हो ? भनी ॥३॥

सोधिन् ती गउले र त्यै बखतमा रिस्ले परीच्छित् पनी ।
भन्छन् त्यस् कलि-रूपि शूद्रकन झट् कालाग्नि जस्ता बनी ॥
पाण्डव् हेरु गए भनेर तइँले ठानिस् अभिन्तर् महाँ ।
उन्कै वंश महूँ भनेर बुझिले हे पाजि ! जालास् कहाँ ॥४॥

मेरो राज्य छँदा-छँदै तँ कलिले गर्छू भनी मन्परी ।
आँटछस्, मार्छु तँलाइ हेर् तँ अहिले ब्रह्मास्त्र येही धरी ॥
चत्री हूँ निज धर्म थामि बसछू तैंले उपद्रव् यहाँ ।
गर्छस् गाइ र विप्रलाइ दुख दी खूशी भई मन्महाँ ॥ ५ ॥

यस्ता बात् सुनि शूद्र भन्छ निहुरी राजन् ! कली हूँ मता ।
मेरो काम् छ कुकर्म गर्नु जगमा जाऊँ म फेरी कता ?
ब्रह्माले मकनै रचे जगतमा राज् गर्नु तैंले भनी ।
राजन् ! व्यर्थ रिसानि भो हजुरले कालाग्नि जस्ता बनी ॥ ६ ॥

हूनू हुन्छ प्रतापि डर्छु मनमा यस् निम्ति भन्छू यहाँ ।
काहाँ गै म बसूँ बताउनु हवस् मेरा अगाड़ी महाँ ॥
भारतवर्ष छ राज्य यो हजुरको बस्दीन जान्छू कहीं ।
आज्ञा होस् अब जाउँ कुन् नगरमा मर्जी हवस् लौ यहीं ॥ ७ ॥

यो पाजी कलियुग् भनेर मकनै हेलाँ हजुर्ले गरी ।
मानैं आज तयार् पनी हुनु भयो भन्छू म बिस्तार् गरी ॥
मेरो जो अवगुण् छ सोहि प्रभुले हेर्नूभयो यस् घरी ।
गुन् ठूलो छ उही विचार्नु अब होस् मन्मा रती धीर् धरी ॥ ८ ॥

सत्यैमा अघि दश् हजार् वरष तक् जप्थे हरी-नाम् सबै ।
त्रेतामा गरि यज्ञ धेर् अनि पछी तर्थे यि मानीस् तबै ॥
द्वापर्मा शय वर्ष पूजन गरे दर्शन् हरीको भई ।
पाऊँथे सब मुक्ति, भन्छु महराज् ! येही कलीमा गई ॥ ९ ॥

शून्य स्थान महाँ बसेर मनको एकाग्र पारी यहाँ ।
एक् छिन् श्रीहरिको त ध्यान् गरि लिए खूशी भई मन्महाँ ॥
साचात् सन्मुख आइ श्रीप्रभुजिले श्रीकृष्ण राम्-रुप् धरी ।
दर्शन् बक्सनु हुन्छ हे नरपते ! यस् निम्ति प्यारो गरी ॥१०॥

यस्तो गुन् जसमा छ लाख अवगुन् माफ् बक्सनू रीति हो !
यस्तो बिन्ति सुनी परीचित पनी भन्छन् अहो ! धन्य हो !

मार्नू यस्कन योग्य छैन बुझि यो भन्छन् प्रकट् त्यस् घरी ।
आज्ञा दिन्छु तँलाइ हे कलि ! सुनीस् मेरा हुकुमले गरी ॥११॥
तैंले गैकन बस्तु त्यै घरमहाँ जूवा त खेल्छन् जहाँ ।
जाहाँ रक्सि तयार हुन्छ उहि ठाम् बस्नू खुशी भै त्यहाँ ॥
वेश्याका घरमा गएर रहनू येती भनेथे जसै ।
बोल्यो त्यस् कलिले शरण् परि तहाँ नूहेर केही तसै ॥१२॥

ठाऊँ त्रिघ्न खराब् मलाइ दिनुभो ऐल्हे खटाई यहाँ ।
राम्रो ठाम् पनि क्यै मिलोस् अब उहीं बस्छू म जाई त्यहाँ ॥
येती बिन्ति गरेर त्यो कलि पऱ्यो आई चरण्मा जसै ।
भन्छन् भूपति श्री परीक्षित पनी खूशी भई फेर् तसै ॥१३॥

सुन्मा गैकन बस् तँ खूशि मनले राम्रो दिएँ ठाम् यहीं ।
यी बाहेक् अरु ठाम् महाँ न बसनू मीचेर तैंले कहीं ॥
जूआ-रण्डि-शराब् र सुन् यि बुझिले चार् ठाम् दिएँ यस् घरी ।
सुन्को धन् पनि बास् खटाउँछु गई बस्नू मगन्मा परी ॥१४॥

बास् गर्नू यहि पाँच ठाउँ तइँले लौ जा भनेथे जसै ।
मन्मा खूब विचार् गऱ्यो उ कलिले केही न लागी तसै ॥
ऐल्हे जानु उचित् छ के भनुँ यहाँ इन्का अगाड़ी महाँ ।
औसर् पारि ठुलो लिनेछु बदला मैले कुनै दिन् महाँ ॥१५॥

धर्मात्मा र प्रतापि छन् नरपती मेरो त जोर् एक् रती ।
चल्ने छैन, हुकुम् म मान्छु नहिंता हूनेछ मेरो खती ॥
येही बात विचार् गरेर कलिले जान्छू महाराज् ! भनी ।
पाऊमा परि दण्डवत् गरि गयो नम्रित् बहूतै बनी ॥१६॥

आज्ञा माफिक झट् गएर कलिले त्यै पाँच ठाऊँ महाँ ।
डेरा आफ्नु गरेर वास् पनि गऱ्यो क्यै जोर् नचल्दा महाँ ॥
बीदा भै कलियुग् गयो जब तहाँ ती भूपतीले अनी ।
आफ्नू धर्म दिई खड़ा गरि दिए त्यस् गोरुलाई पनी ॥१७॥

टूटेका तिन पाउ जोरिन गए त्यो बैल उठतो भयो ।
बीदा भूपतिले दिए र खुशिभै हिंड्दै जसै बैल् गयो ॥
गैगो धर्म रुपी बयेल् जुन बखत् ती भूपतीले अनी ।
पृथ्वीलाइ हुकुम् दिए उहि बखत् सान्है दयालू बनी ॥१८॥

जाऊ पृथ्वि ! तिमी प्रसन्न मनले होवैन फेर् दुख् रती ।
येती बात् भनि चुप् भए नरपती सूनेर पृथ्वी अती ॥
खूशी भैकन भन्दछिन् नरपते ! तिम्रो रजाइँ महाँ ।
भारी ज्यास्ति नहोस् मलाइ कहिल्यै येती म भन्छू यहाँ ॥१९॥

गर्नू राज्य स्वधर्म थामि दिनहूँ आनन्द-सागर् परी ।
जान्छू लौ म त भूपती ! बस भनी पृथ्वी गइन् त्यैं घरी ॥
आए भूपति राज्यमा अनि पछी रैती सबै खुश् भए ।
विस्तार् भूपतिले गुरू सँग गरी खूशी गराई दिए ।२०॥

राजाले यहि डुग्डुगी पिटि दिए मेरा मुलक् भर् महाँ ।
जूआ बन्द भयो न खानु रकसी जानू न वेश्या कहाँ ॥
रण्डी बाजि गरी शराब जसले खाला उ पक्री गया ।
पाऊला अति शास्ति फेर् अरु पनी हूकुम् म दिन्छू नयाँ ॥२१॥

रैतीले पर-नारिमा मन दिई भोग् गर्न छाड़ी दिनू ।
चोरी गर्नु हुँदैन धर्म निजको सबूले बचाई लिनू ॥
यो उर्दी सब रैतिले सुनिलिए तेही बमोजिम् गरी ।
लागे बस्न मिलेर आपस महाँ सारा प्रजा त्यैं घरी ॥२२॥

राम-राज्यैं सरि राज् गरेर महिको राजा परीक्षित् पनी ।
गर्थे राज्य स्वधर्म थामि खुशिभै इन्साफि ठूला बनी ॥
यस्तै रित्सँग केहि वर्ष बितिगो आनन्दपूर्वक् गरी ।
एक् दिन् खेल्न शिकार् गए वनमहाँ राजा त घोड़ा चढ़ी ।२३॥

मारी मिर्ग बनेल् चराहरु अनेक् बाघ् भालु गैंड़ा पनी ।
मारे भूपतिले शिकार् गरि उहीं वन्मा शिकारी बनी ॥

थीए धेर् सरदारहरू सँग महाँ श्रीभुपका त्यस् घरी।
सब्ले खूब शिकार् गरे वनमहाँ खूबै निशाना धरी ॥२४॥
यैबिच्मा त हरिन् दुगूरि कन एक् आयो अगाड़ी महाँ।
बाण् हाने नृपले र लाग्न पनि गो त्यस्का त छाती महाँ ॥
भाग्यो सोहि हरिन् र भुपति पनी त्यस्का पछाड़ी गए।
साथी हेरु सबै छुटे पछि रही राजा बहुत् दूर् भए ॥२५॥

ठीक् मध्याह्न भएर घाम् चरकँदा गर्मी बहुतै भई।
तिर्खा भुपति लाइ लागि उ बखत् हेर्थे नजर् खूब् दिई ॥
काहीं भेट्तछु की जलाशय भनी हेर्दा उही वन्महाँ।
देखे एक् भुपड़ी छहारि रुखको थीयो मजाको जहाँ ॥२६॥

भिंडी नाम हुने कुनै ऋषि तहीं आसन् जमाई वरी।
ध्यान् गर्थे हरिको नयन् दुइ थुनी एकाग्र मन्ले गरी ॥
बाछाले पिइ गाइका थुनमहाँ जान्थ्यो जती दूध् बची।
सोही खाइ तिनै ऋषी दिन भरी बस्थे हरी-नाम् जपी ॥२७॥
देखी ती ऋषिलाइ खूब् खुशि भई राजा परीक्षित् पनी।
घोड़ाका पिठ देखि ओर्ल्हन गए पानी म माग्छू भनी ॥
सामूमा ऋषिका गएर नृपले मीठा वचन्ले भरी।
लागे भन्न महर्षि! भुपति म हूँ ठूलो तृषाले गरी ॥२८॥

व्याकुल् छू जल पाउँ पुत्र पनि हूँ बुभनोस् अभीमन्युको।
माता मेरि त उत्तरा बुझि लिनोस् के काम् छ धेर् भन्नुको ॥
खेल्नालाइ शिकार् गएँ म वनमा चर्क्यो र घाम् बेसरी।
लाग्यो भारि तृषा म पाउँ जल क्यै खान्छू भनी येसरी ॥२९॥

नम्रित् भै विनती गरे नृपतिले ध्यान्मा हुनाले गरी।
बोलेनन् ऋषिले र भूपति पनी भन्छन् ठुलो स्वर् गरी ॥
हे नाथ्! पानि दिनोस् तृषा छ बहुतै आएँ महूँ भूपती।
सूनेनन् ऋषिले समाधि बिचमा हूँदा पटक्कै रती ॥३०॥

यस्तै रित्सँग धेर पल्ट नृपले मागदा भए जल् त्यहाँ ।
दीएनन् ऋषिले न सूनी कन बात्, थीए समाधी महाँ ॥
शिर्मा दिव्य मुकुट् भएर नृपको थीयो सुनैको पनी ।
वास् थीयो कलिको र मन्सुबलियो बुद्धी बिगाछु भनी ॥३१॥
त्यै बेला कलिले प्रवेश् गरि लियो ती भूपका मन्महाँ ।
रिस् ऊब्यो तिनिलाइ गर्व हुनगै भन्छन् न टेरी यहाँ ॥
फुश्राले मकनै गनेन किन हो राजा म हूँ ता पनी ।
पानी आज दिएन खान मकनै के गर्छ यस्ले भनी ॥३२॥
दिन्छू दण्ड अटेरलाइ भनि झट् हेरेर येता उती ।
देखे सर्प मरेर लामु भएको बाटै महाँ, झट् उठी ॥
ताहीं गैकन सर्पलाइ तिनिले आफ्ना धनूले गरी ।
तेर्स्याई कन फेर् फिरे ति कुटिमा क्रोधमा बहूतै परी ॥३३॥



तेही सर्प लगेर भिंडि ऋषिका हाली दिए घाँटिमा ।
येती काम् गरि केहि शीतल भयो ती भूपका छातिमा ॥
दर्बार्मा पसि त्यो मुकुट् जब भिके राजा परीक्षित् अनी ।
संझी बात भसङ्ग खूब् हुनगए के काम् गरें हा ! भनी ॥३४॥
भारीभूल् हुनगो मुकुट् शिरमहाँ मेरो थियो त्यस् घरी ।
सुन्मा वास् कलिको हुँदा उहि बखत् त्यस्ले ठुलो रिस्गरी ॥

बुद्धी भ्रष्ट गराइ आफ्नु बदला त्यस्ले लियो वन्महाँ।
ठूलै आज नकाम् भयो गरुँ कसो चिन्ता बढ्यो मन्महाँ ॥३५॥
यै बीच्मा वनमा ति भिंडि ऋषिको देखेर यस्तो गती।
दौड़ी कौशिकिका किनार् पुगि गये बालक् थिए सब् जती ॥
ताहीं पुत्र थिए ति भिंडि ऋषिका तप्मा रहेका अनी।
तिन्लाई सबले कहे गइ त्यहाँ यस्ता विपत् छन् भनी ॥३६॥

## ★ शृङ्गी-श्राप ★

यो हाल् पाइ तहाँ ति शृङ्गि ऋषिले कालाग्नि जस्तै बनी।
रिस्ले लाल नयन् गराइ अहिले श्राप् दिन्छु मैले भनी ॥
हात् गोड़ा कन धोइ गै नदिमहाँ आचमन् गरी फेर् अनी।
हात्मा जल् लिइ श्राप् दिए उहि बखत् हे नाथ्! जगत्का धनी ॥ १ ॥
सात् दिन्का दिनमा त तक्षक गई राजा परीक्षित् कनै।
टोकी मृत्यु हवस् भनेर ति ऋषी खूशी भए मन्मनै ॥
येती श्राप् दिइ आइ फेरि कुटिमा हेर्दा पिताको पनी।
घाँटीमा परि एक सर्प मुरदा तिन्ले विकल् खूब् बनी ॥ २ ॥
लागे नाम लिई हपार्न जब ता भिंडी ऋषीको त्यहाँ।
ध्यान् टूटीकन ती ऋषीश्वरजिले हेरे अगाड़ी महाँ ॥
छोरा शृङ्गिजिले कही सब हवाल् भन्दा भए त्यस् घरी।
राजा पापि भई अधर्म उसले गर्दो भयो बेस् गरी ॥ ३ ॥
छोराका मुखदेखि बात् यहि सुनी चिन्ता गरी मन्महाँ।
भन्छन् भिंडि ऋषी नकाम् हुनगयो यो श्राप् परी वन्महाँ ॥
राजा हुन् हरि-भक्त पाण्डव हरूका वंशका राज् गरी।
बस्थे न्याय गरेर नाश् हुनगयो जान्छन् अवश्यै मरी ॥ ४ ॥
यो हाल् भन्नु अवश्य पर्छ नृपती लाई तुरुन्तै गरी।
आफ्नू मुक्ति उपाय फेर् गरि लिनन् तिन्ले विचार्मा परी ॥
येती भिंडिजिले विचार् गरि तहीं कुर्मुक् थियो शिष्य जो।
डाकी तिन्कन सब् कहेर समचार् बीदा दिंदा गै गयो ॥ ५ ॥

कुर्मुक् नाम ति शिष्य झट् पुगि गए श्रीहस्तिनापुर् महाँ ।
काहाँ छन् नृपती भनेर ति पुगे, थीए परीक्षित् जहाँ ॥
आदर् खूब गरे जसै ति नृपले कुर्मुक् अगाड़ी सरी ।
भन्छन् श्राप् परिगो र सात् दिनमहाँ मर्छौ अवश्यै गरी ॥ ६ ॥

श्राप् दीए सुन आज शृङ्गि ऋषिले, जस्का कुटीमा गई ।
मुर्दा साँप् कन घाँटिमा ति ऋषिका हाली दियौ खुश् भई ॥
तिन्कै पुत्र ति शृङ्गि हुन् रिस गरी डस्नेछ तक्षक् भनी ।
श्राप् दीए तिमिलाइ मालुम हवस् मर्छौ अवश्यै पनी ॥ ७ ॥

राजा खूशि भए सुनी कन शराप् तिन्ले उही बीचमहाँ ।
राज्पाट् सुम्पि दिएर मन्त्रिहरुमा भन्दा भए यो त्यहाँ ॥
धोका दी कलिले नकाम् गरि दियो मैले गई वन्महाँ ।
मुर्दा सर्प उठाइ भिडिक ऋषी थीए बसेका जहाँ ॥ ८ ॥

वाहीं गैकन कण्ठमा जब दिएँ पैहाइ लामू गरी ।
ध्यान्का बीच समाधिमा तिनि थिए मालुम् नभै त्यस् घरी ॥
यस्ता रित्सँग बुद्धि भ्रष्ट कलिले पारी दियो घर् फिरें ।
भिंडीका सुत शृङ्गिले मकन एक् श्रापै दिए सो सुनें ॥ ९ ॥

सात् दिन्का दिन मनु पर्छ मइँले टोक्नेछ तक्षक् जसै ।
मेरो प्राण वियोग् हुनेछ ऋषिको टर्दैन श्राप् यो कसै ॥
पापीले फल पापको जगत मै भोग्छन् उही रित् गरी ।
पाएँ फल् अपराधको परि शराप् जानेछु एक्दम् मरी ॥१०॥

यस्तो हाल् सुनि मन्त्रिवर्ग जति छन् कल्पेर रोई दिए ।
रानी हेरु सबै सुनेर इ कुरा मूर्छित् भई गै गए ॥
छोरा राजकुमार् थिए नृपतिका जन्मेजयै नाम् हुने ।
राज्गद्दी तिनिलाइ दी नृपतिले भन्छन् छ काम् के रुने ॥११॥

हे बाबू ! गउ विप्र लाइ तिमिले मान्नू ठुला हुन् भनी ।
गङ्गाका तिरमा म बस्छु अब गै ईश्वर् पुकार्छू अनी ॥

येती बात् गरि अर्ति दी सुतकनै रानी बुझाई लिए ।
ब्राह्मण् लाइ असंख्य दान् नृपतिले द्रव्यादि धेरै दिए ॥१२॥
ताहाँबाट हिंड़ी पुगे ति हरिद्वार् गङ्गाजिका तीर् महाँ ।
खर्‌को एक् झुपड़ी बनाइ ति बसे न्वाहेर गङ्गा महाँ ॥
उत्तर् फर्कि बसी कुशासन महाँ सात् दिन् निराहार् रही ।
जप्छु नाम् हरिको भनीकन गरे सङ्कल्प खूशी भई ॥१३॥
यो हाल् भूपतिको भयो पनि सुनि रैती तपस्वी हरू ।
आए अत्रि मुनी वशिष्ठ र च्यवन् भृगू पराशर् अरू ॥
कात्यायन् जमदग्नि नारद अनी देवल् र मेधातिथि ।
गौतम् आदि तपस्वि सब् उहिं पुगे जाहाँ थिए भूपती ॥१४॥
राजाले उठि आदरै गरिलिए पूजा समेत् त्यस् घरी ।
महात्मा हरुको गरे अनि पछी पश्री चरण्मा परी ॥
भन्छन् सात् दिन बाँकि आयु छ सबै कस्ता हिसाब्‌ले यहाँ !
पाऊँ मुक्ति यही बताउनु हवस् बाँच्छु म धेरै कहाँ ॥१५॥

---

## ❀ श्रीभागवत-माहात्म्य ❀

यो बिन्ती सुनि भूपको सब ऋषी भारी विचार्‌मा परे ।
ये बिच्मा शुकदेवले खुशि भई ताहीं पदार्पण् गरे ॥
व्यास्‌का पुत्र तपस्विमा अति ठुला ज्ञानी हुनाले गरी ।
ठूला भक्त थिए तिनै प्रभुजिको बस्थे सदा ध्यान् धरी ॥१॥
श्यामसुन्दर् हरिको चरित्र कन गान् गर्थे ठुलो प्रेम् धरी ।
देखी तिन्कन सब् ऋषी मुनि उठे ताहीं नमस्कार् गरी ॥
राजाले शुकदेवका चरणमा शिर् राखि दर्शन् गरे ।
पूजा खूब् गरि हात जोरि अनिफेर् न्वहेर बिन्ती गरे ॥२॥
हे नाथ् ! श्राप दिए ति शृङ्गि ऋषिले मर्छु म सात् दिन्महाँ ।
आयू बाँकि छ सात दिन् अब फकत् कस्ता प्रकार्‌ले यहाँ ॥
तर्छु यो भवसिन्धु केहि छ भने अर्ती मिलोस् यसघरी ।
माया मोह मलाइ छैन रति क्यै शान्तै छ मन् धीर् धरी ॥३॥

यस्तो बिन्ति गरे जसै ति नृपले शुकदेवजी त्यै घरी ।
भन्छन् हाँसि अलीकती नृपतिका साम्ने अगाड़ी सरी ॥
राजन् ! सात् दिन ता बहुत् छ अवधी चिन्ता न लेऊ यहाँ ।
तर्ने मानिस तर्दछन् बुझ तिमी एक् आधि घण्टा महाँ ॥४॥

श्रीमद्भागवतै छ एक् अति ठुलो साँचो उपायै अनी ।
जस्मा श्रीहरिको चरित्र छ अपार् भन्थे पिताजी पनी ॥
तेही कृष्ण-चरित्र भागवत सब् सून्यौ भने भूपति !
तर्नेछौ भवसिन्धु भै हरि-कृपा सम्भन्छ तिम्रो गती ॥५॥

तिम्रा लागि तयाछु भन्न बुझिल्यौ सप्ताह सात् दिन् यहाँ ।
यै सूनी गति पाउला शुभ तिमी पक्का बुझे मन्महाँ ॥
सबको चित्त बुझ्यो सुनी यहि वचन् सुन्छौं कथा सब् भनी ।
राम्रो मण्डप एक् तयार् गरि दिए मीलेर ऋषी मुनी ॥६॥

पूजा पुस्तकको र व्यासकन पनी राम्रा प्रकारले गरी ।
लागे सुन्न कथा परीक्षितजिले भक्ती मनैमा धरी ॥
श्यामसुन्दर् भगवानको भइ कृपा संसार-सागर् तरी ।
मुक्तै भै नृपती परीक्षित गए शुकका दयाले गरी ॥७॥


द्वारीका कन छोड़ि कृष्ण-भगवान् वैकुण्ठ पाल्नू भयो ।
त्यस्का तिन्शय वर्षका पछि कुनै भाद्रै महीना थियो ॥
तिथी हो नवमी उसै दिन महाँ श्रीशूकले प्रेम् धरी ।
राजा श्रीपरिक्षित्कनै दिनु भयो सूनाइ विस्तार् गरी ॥८॥

त्यै दिन् देखि प्रचार भो पृथिविमा यो भागवत् ग्रन्थको ।
जस्ले कृष्ण-चरित्र सुन्छ सहजै आखिर् महाँ मुक्तिभो ॥
येती बात गरे त्यहाँ सुतजिले त्यै नैमिषारण्यमा ।
सोही कृष्ण-चरित्र जुन् शकलि हो यै हो लिनोस् लौ यहाँ ॥९॥

❀ इति भागवत माहात्म्य समाप्तम् ❀

## ❀ कंस-जन्म ❀

सूनी कृष्णचरित्र-भागवत फेर् शङ्का गरी मन्महाँ ।
सोधे शौनक आदिले अघि सरी श्रीसूतका सङ्महाँ ॥
"सूत्जी ! कंस त क्षत्रिका कुल विषे पैदा भएको थियो ।
कारण् कुन् परिगो र कंस विरले चाल् राक्षसैको लियो ॥१॥
यस्को भेद् नबुझेर हामि हरुका शङ्का पऱ्यो मन्महाँ ।
त्यस् शङ्काकन दूर् गराउनु हयस् कारण् बताई यहाँ ॥"
यस्तो प्रश्न सुनेर त्यै समयमा सूत्ले अगाड़ी सरी ।
भन्नू भो "सुन शौनकादि मुनिहो ! भन्छू म विस्तार् गरी ॥२॥



पैल्हे श्रीमथुराजिमा हुनगए श्री 'उग्रसेन्' भूपती ।
थीइन् रानि तिनैकि सुन्दरि 'पवन्रेखा' भनेकी अती ॥
एक्दिन् ग्रीष्म-ऋतु महाँ वन विहार् गर्नें इरादा गरी ।
साथमा कोटिहरू लिएर ति हिंडिन् रस्ता वनैको धरी ॥३॥
चौंकिन् श्रीयमुनाजिका तिरमहाँ रानी सबै वन् डुली ।
चाख्यो खुस्बु लिई पवन् ति वनका बोट्मा अनेक् फूलफुली ॥
फूलको बास उड़ेर मस्त मन भै रानी बसिन् तीर् महाँ ।
फूल् टिप्थौं भनि कोटिहेरु सब गै वन्का पुगे शिर् महाँ ॥४॥
यस्तै औसरमा गरी वनविहार् सुँघ्दै अनेक् फूल् त्यहाँ ।
आयो राक्षस एक् 'द्रुमलिक' भनी कालिन्दिका तीर् महाँ ॥

टाढै बाट नजर् गरेर अनुहार् मोहित् वहूतै भयो ।
राजाको सरि रुप् लिईकन असुर् रानी भएमा गयो ॥५॥

रानीले वनमा पतीकन जसै देखिन् अगाड़ी महाँ ।
भन्ठानिन् पतिदेव खोज्न मकनै आई पुगे वन्महाँ ॥
यै बीच्मा नगिचै गई असुरले प्यारो वहूतै गरी ।
रानी लाइ समाति काख विचमा राखी लियो त्यै घरी ॥६॥

सम्भोग्को जब सुर् गर्‍यो उहि बखत् भन्छिन् ति रानी त्यहाँ ।
हे नाथ् ! भोग् गरनू हुँदैन दिनमा वर्जित्छ शास्त्रै महाँ ॥
यस्तै रीतसँग बिन्ति धेर् गरिलिइन् हूँदैन ऐल्हे भनी ।
त्यस्ले कत्ति सुनेन त्यस् बखतमा आसक्त सान्है बनी ॥७॥

बलजफ्ती सित भोग् गरी असुरले फेरी उसै बीच्महाँ ।
आफ्नू राक्षसि-रूप् लियो जब तिनी रानी डराइन् त्यहाँ ॥
लागिन् खूब् पछुताइ भन्न उखत् 'हे दुष्ट ! हे दुर्मती !
कैल्हेको बदला लिएर तइँले मेरो गरिस् दुर्गती ॥८॥

मेरो सत्य डगाइदिस् छल गरी हा दैव ! धोका भयो ।
यस् काम्ले मकनै जगत् बिचमहाँ मर्नू न बाँच्नू भयो ॥
मेरो धर्म गराइ नष्ट अहिले हाँस्दै खड़ा छस् यहाँ ।
धिक्कार् दिन्छु तँलाइ पाजि ! तइँले संताप् दिइस् मन्महाँ ॥९॥

जानीले म पतिव्रता छु पतिकी आज् तक् थिएँ सत्यमा ।
श्राप् दिन्छू म तँलाइ हेर कति ठुलो शक्ती छ यस् सत्यमा ॥
यस्ता बात् गरि रानिले उहि बखत् श्राप् दीन आँटिन् जसै ।
नम्रित् भैकन ताहिं फेर् असुरले बिन्ती गर्‍यो यो तसै' ॥१०॥

'हे रानी ! रति शोक् नलेउ मनमा यस्ले बिगार्‍यो भनी ।
मैले ता उपकार् गरें अति ठुलो तिम्रो हितैषी बनी ॥
बाँझी तीमि थियौ र कोख् अब खुलोस् भन्ने लिई मन्महाँ ।
तिम्लाई ऋतुदान् दिएँ शशिमुखी ! आएर मैले यहाँ ॥११॥

रानी ! गर्भ रह्यो अवश्य बुझिल्यौ दस्मास पुगेका घरी ।
होला पुत्र प्रतापि वीर् पृथिविको नौ खण्डका राज् गरी ॥
आखिर्मा गइ कृष्णजी सँग भिडी लड्ला मथूरा महाँ ।
छोरो वीर् मइले दिएँ न गर क्यै चिन्ता तिमीले यहाँ' ॥१२॥

यस्ता बात् सुनि रानिले हृदयको चिन्ता हटाइन् जसै ।
फुल्का धेर् गहना बनाइ सखि सब् आए अगाड़ी तसै ॥
शृङ्गार् नष्ट भएकि रानिकन झट् देखेर के भो भनी ?
सोधिन् एक् सखिले र रानि उ बखत् भन्छिन् मयालू बनी ॥१३॥

'वर्णन् के गरुँ हे सखी ! तिमिहरू वन्मा गयौ जुन् घरी ।
आयो एक्कि मलाइ देखिकन एक बानर् अगाड़ी सरी ॥
त्यस्ले दुःख दिएर क्रोधित भई झम्टी चिथोर्दा महाँ ।
मेरो यो हविगत् भयो मुटु पनी काम्दै छ ऐल्हे यहाँ' ॥१४॥

यस्ता रित्सँग बात् छिपाइ तिनिले विश्वास् गराइन् जसै ।
रानीलाइ लिएर सब् सखि हरू फर्के महल्मा तसै ॥
तीथी माघ शुदी त्रयोदशि बिहीबार्का दिनैमा त्यहाँ ।
दस्मैन्हा पुगि कंस जन्मन गयो दर्बारका बीच्महाँ ॥१५॥

डाकी ज्योतिषिलाइ ताहिं नृपले नाम् राख्न लाए जसै ।
सोधी लग्न मुहूर्त्त तेहि घड़िमा नाम् कंस राखे तसैं ।
बीऊ राक्षसको परेर हुनगो त्यो कंस राक्षस् सरी ।
जन्म्यो कंस जसोरि सो कहि दिएँ विस्तार एक्-एक् गरी" ॥१६॥

❀ इति ❀

## असली

# श्रीमद्भागवत कृष्ण-चरित

## अथ पूर्वार्ध प्रारम्भः

परीचित-शुक संवाद लीला ( १ )



लक्ष्मीनाथ् कमलेश्वरी भगवती * श्रीकृष्णको ध्यान् धरी ।
चिन्तन् गर्दछु भक्ति राखि मनले * हात् जोरि पाऊ परी ॥
भाषा श्लोक पढेर आज हरिको * चर्चा गरुन् सब् भनी ।
इच्छा भो, उहि पूर्ण गर्दिनु हवस् * दुर्गे ! हजुर्ले पनी ॥१॥
नौस्कन्धै सब भक्ति पूर्वक सुनी * श्रीभागवत्को त्यहाँ ।
फेरी बिन्ति गरे परीक्षितजिले * शुक्का अगाड़ी महाँ ॥
भन्नूभो शुकदेव् ! सबै हरिकथा * जस्ता प्रकार्ले गरी ।
राजा सब् यदुवंशि सूर्य-कुलका * हूँदा भये त्यस् घरी ॥२॥
सूनें श्रीहरिको कथा तर पनी * फेर् कौन कारण् परी ।
जन्मे यादव-कुल्महाँ प्रभु हरी * श्रीकृष्ण औतार् धरी ॥

कस्ता रित्सित कृष्ण देवकिजिका * धर्म्मा प्रकट् भै अनी ।
फेरि गोकुलमा गएर कसरी * बस्ता भए सो पनी ॥३॥

सुन्नाको बहुतै भयो र मनसुब् * श्रीकृष्ण–लीला यहाँ ।
विस्तार् पूर्वक भन्नुहोस् उहि कथा * मेरा अगाड़ी महाँ ॥
पृथ्वीमा हरि कृष्ण भै 'कति लिला' * गर्नू भयो फेर् अनी ।
मामा हो तर मार्नुभो कउन रित् * त्यो कंसलाई पनी ॥४॥

छोरा देवकिका कि रोहिणिजिका * बल्भद्र हुन् सो पनी ।
विस्तार् पूर्वकले बताउनु हवस् * ऐल्हे दयालू अनी ॥
थीए रानि कतीवटी प्रभुजिकी * राधाजि कस्ती थिइन् ?
बैन्ही श्रीहरिकी भएर कसरी * ती 'योगमाया' गइन्॥५॥

यस्तो प्रश्न सुनी परीक्षितजिको * श्रीशूक भन्छन् त्यहाँ ।
राजन्! प्रश्न गर्‍यौ बहुत् असल यो * मेरा अगाड़ी महाँ ॥
कारण् नाम स्मरण् जउन् प्रभुजिको * गर्ला यहाँ हर्घरी ।
आखिर्मा उहि स्वर्ग-भोग गरला * आनन्द माहाँ परी ॥६॥

साक्षात् श्रीहरिको चरित्र छ अगम् * सागर् सरीको यहाँ ।
तस्मात् श्रीहरिको समस्त महिमा * जान्नै म शक्छू कहाँ ॥
गर्छू तैपनि बुद्धि माफिक बयान् * श्रीकृष्णको ध्यान् धरी ।
आफ्नू चित्त लगाइ सोहि सुनिल्यौ * एकाग्र मन्ले गरी ॥७॥

—:※:—

( क्षेपक ) पृथ्वीभार लीला ( २ )

राजन् ! नर्पति दुष्ट भो जब प्रजा * पाप् मात्र गर्छन् सबै ।
बढ्दा पाप अती भला जन जती * सङ्कष्ट पर्छन् तबै ॥

राजा कंस भई उपद्रव बढी * भार् पृथ्विलाई भयो ।
देख्नू सुन्नु असल् कुरा कहिं नभै * दुर्भिक्ष बढ्दै गयो ॥१॥
जाहाँ कर्म असल् भयो उहिं गई * त्यो कंस नाश् गर्दिने ।
गो ब्राह्मण् ऋषिलाइ बाँधि बहुतै * पीटेर घेर् दुख् दिने ॥
साधू सन्त महन्त धार्मिक जती * भागेर अन्तै गई ।
यज्ञादी शुभ-कर्म रोकिन गए * सम्पूर्ण बन्दै भई ॥२॥



भार् पृथ्वी कन पाप् बढी भइ ठुलो * गो-रूप ली त्यो धरी ।
ब्रह्माजी सँग मन्दछिन् दुखि भई * रोई तहाँ धर्-धरी ॥
हे देवेश, दयापते ! हजुरले * कुन् बात् नजान्नू थियो ।
तस्मात् गर्दछु बिन्ति हे भवपते ! * जुन् दुख् म माथी भयो॥३॥
पापी कंस तहाँ भएर बलियो * बाधा अधीकै गर्‍यो ।
ठूलो भार् भइ रोइ-रोइ अहिले * यो बिन्ति गर्नू पर्‍यो ॥
ऐल्हे रोइ हजूरका शरणमा * आएँ म दौडी यहाँ ।
छोडी आज हजुर् सिवाय म प्रभो ! * अन्यत्र जाऊँ कहाँ ॥४॥
बिन्ती येति सुनेर ती पृथिविको * साह्रै दयालू भई ।
कल्याणी ! तिमि धैर्य धार मनमा * क्यै यत्न गर्छू गई ॥

येती बात् गरि गाइ लीइ सँगमा * कैलास पर्वत् गए ।
फेरी शंभु र देवतादि सब ली * बैकुण्ठ जाँदा भए ॥५॥

ब्रह्मा शंभु र देवता सब भई * गाई अगाडी गरी ।
हात् जोडी त्यहिं विष्णुका समिपमा * गर्छन् स्तुती त्यो घरी ॥
हे सर्वज्ञ प्रभो ! अनाथ दुखिया * पृथ्वी विपत्मा परी ।
आइन् यी बिचरी रुँदै धुरु-धुरु * आँसू नजर्मा धरी ॥६॥

हाम्रो काम त हो यहाँ हजुरको * साथ्मा पुन्याई दिनू ।
नाथ्ले देखि विपत् इनै पृथिविको * जो योग्य हो गर्दिनू ॥
बिन्ती येति सुनेर केहि भगवान् * हाँसेर भन्नू भयो ।
चिन्ता कत्ति न लेउ आज मनमा * हूने जती भै गयो ॥७॥

ऐल्हे हे सुर हो ! छ गोप्य जुन त्यो * दिन्छू बताई यहाँ ।
गोलोक् दिव्य छ धाम क्वैपनि सहज् * पुग्दैन जाँदा महाँ ॥
मालिक् कृष्ण र राधिकाजि बसछन् * हामी सबैका पनी ।
गर्छौं हामि हुकुम् लिएर उनकै * याहाँ रजौटा बनी ॥८॥

सब्को मालिक छैन यो जगतका * मालिक् उनै छन् हरि ।
सारा भार् भुमिको हुनेछ दुर लौ * उन्कै शरण्मा परी ॥
आज्ञा यो सुनि विष्णुका सुरहरू * आश्चर्य मानी त्यहाँ ।
लागे गर्न सबै मुखामुख अरू * को कृष्ण होला वहाँ ?॥९॥

लागे सोधन नाथ् ! सिवाय अरको * को खोज्न जानू कता ।
कस्ता कृष्ण वहाँ हुनन् भनि सबै * आश्चर्य छौं हामि ता ॥
सुन्दा बेस कथा खुशी सब भयौं * लौ जाउँ छीटो गरी ।
बाटो भुल्न गयौं भने सब महाँ * पर्ला कठिन् त्योघरी॥१०॥

साथ्मा ली हजुरै सवारि हुनु होस् * गाऊँ छ नौलो अती ।
पृथ्वीको उपकार निम्ति सब बात् * भन्सून गर्नें जती ॥
गर्दीनोस् भनि बिन्ति यो सुनि सकी * हाँसेर विष्णू त्यहाँ ।
खातिर् खुब् दिइ भन्नुभो ति सबका * राखी दया मन् महाँ॥११॥

हे देव हो ! उठ सबै हिंड़ जाउँ वाहाँ ।
गोलोकको अधिपती हुनुहुन्छ जाहाँ ॥
बिन्ती गरी सब गईकन शिर् झुकाई ।
मिल्नेछ शान्ति बुझिल्यौ सब हामीलाई ॥१२॥

येती कुरा सुनि तहाँ सब देवताले ।
लौ जौं भनी उठि गए अति हर्ष मनले ॥
ती गाइ-रूपि पृथिवी-कन साथ लीए ।
श्रीविष्णुलाइ सबले अघिलाइ दीए ॥१३॥

( क्षेपक ) गोलोकवर्णन लीला ( ३ )

गो-लोकको वर्णन गर्छु केही ।
राजन् ! अहीले सुनि लेउ येही ॥
ब्रह्मादि थौता लिइ पृथ्वि लाई ।
गो-लोक पौंचे सब देव धाई ॥१॥

बाटा महाँ बेस मणी हरूका ।
पर्खाल मन्दिर् अधिकै बनेका ॥
बिच्-बीचमा रत्न जड़ाइएका ।
गम्ला महाँ फूल फुली रहेका ॥२॥

गोपाल गाई सब गोपि आदि ।
बस्छन् सबै ती भइ बिघ्न राजी ।।
खोला र झाँगा बहि शब्द गर्ने ।
देख्दा सबैको मन लाइ हर्ने ।।३।।

गोवर्द्धनादी गिरी हेरु वाहाँ ।
टल्कन्छ टल्टल् गिरि श्वेत ताहाँ ।।
साम्ने यमूनाजि पनी बहेकी ।
गोलोकका बीच महाँ रहेकी ।।४।।

वृन्दावनादी गिरिराज हेरु ।
शोभीयका देखि लिएं तिनेरु ।।
खूशी भई देव अगाडि हेर्दै ।
जान्थे सबै हेरि अचम्म पर्दै ।।५।।

छन् रत्नका धेर महल् बनेका ।
चौडा सडक् स्वच्छ थिए खनेका ।।
खुब् छक्क मानी कन देव हेरु ।
देख्थे सबै दिव्य स्वरुप् तिनेरु ।।६।।

देखे भवन् एक विचित्र ताहाँ ।
पौंचे चकित्भै कन द्वार माहाँ ।।
तेसै हुकुम् जान थिएन भित्र ।।
बोले त्यहाँ देव भएर नम्र ।।७।।

हे द्वारपाल् ! लौ तिमि भित्र जाऊ ।
ब्रह्मादि आए भनि बिन्ति लाऊ ।।

क्यै बिन्ति गर्नू छ र आज आयौं ।
भन्ने कुरा यो तिमिमा सुनायौं ॥८॥

मालिक् ईश्वर् अनादी प्रभु जगपतिको नाम गुण्-रूप लाई ।
सक्तैनौं गर्न वर्णन् जति जति सब छौं देवता सासु याहीं ॥
खाली नाऊँ स्मरण्ले पनि सब सहजै पार उत्रेर जाने ।
यस्ता राधापतिका चरणकमलको हामि छौं भक्ति गर्ने ॥९॥

हाजिर् जल्दी लगी द्यौ सब गइ विनती गर्दछौं बात् बुझाई ।
त्यस्ले हाम्रो सबै दुख् छुटि सुख मिल्ने जानिलेऊ उपाई ॥
पार्षद्ले बात यस्ता सुनि कन गयि झट् भित्र हाजीर दींदा ।
साक्षात् लक्ष्मी समान्की युवति निकलिइन् बात यो सूनि लींदा।१०।

कान्ती कोटी शशीभैं अति मृदुल थियो झल्कने झल्ल ताहाँ ।
चं चं चंकेर भूषण् बिजुलि सरि किरण् देखिने तेज वाहाँ ॥
दीर्घाक्षी कोमलाङ्गी जघन कुच कडा रोकने आइ रस्ता ।
तिन्लाई देखि ताहाँ सब सुरगण ता भैगए चित्र जस्ता ॥११॥

सोधिन् सासु भएर पान्थहरु हो ! * ब्रह्मादि द्यौता बनी ।
कुन् ब्रह्माण्ड महाँ बसी सकल काम् * गर्छौं कहू त्यो पनी ॥
तिम्रो बिन्ति चढाइ दिन्छु तब गै * यो बात् भनीथिन् जसै ।
आश्चर्यै भइ सब् मुखामुख गरी * फेर् सोध्न लागे तसै॥१२॥

हे देवी ! अहिले भन्यौं जति कुरा * सूनेर ताजुब् भयौं ।
कुन् ब्रह्माण्ड अरू छ जो छ उसमा * हामी बसेका थियौं ॥
के ब्रह्माण्ड अरू पनी छन र की * ब्रह्मादि द्यौता अरू ।
विस्तार् सुन्दरि सब् बताउ पहिले * यै बात सुन्छौं बरू॥१३॥

यस्ता बात सुनेर सुन्दरि पनी * क्यै मन्द हास्यै गरी ।
भन्छिन् हे सुर हो ! कुरा गजबको * गर्छौं तिमी यो घरी ॥
छन् ब्रह्माण्ड अनन्तकोटि तिमि भ्रैं * छन् विष्णु ब्रह्मा त्यहाँ ।
नामै केहि न जानि मुख्य स्थलको * के काम आयौ यहाँ ॥१४॥

काहाँका तिमि हौ भनेर कहि यूँ * कस्ता अनौठा यहाँ ।
गर्छौं बात बताउ ठिक्क अनि मै * गर्दिन्छु बिन्ती वहाँ ॥
उत्तर् येति सुनेर शर्म अति भो * थ्यौता हरूमा जसै ।
जल्दी विष्णु अघी सरी कन कुरा * यी भन्न लागे तसै ॥१५॥

जाई हे कमले ! सगोल भुमिका * अन्दर् रजौटा भई ।
गर्नै काम भनेर बिन्ति गरि द्यौ * नाथका अगाडी गई ॥
सारै कष्ट परेर हामि अहिले * आई रहेछौं यहाँ ।
मै बिन्ती गरियौं दिलो नगरि क्यै * राखी दया मन्महाँ ॥१६॥

सुनिकन यति वार्ता, सोहि बिन्ती चढाइन् ।
हुकुम जब भएथ्यो, भित्र पौंचाइ दीइन् ॥
खुशि भइ कन थ्यौता, सब् तहाँ भित्र आए ।
कउतुक बिच बिच्मा, बिम्बका हेर्न पाए ॥१७॥

काहिं काहिं त अजब्का, दिव्य मूर्ति रहेका ।
मणिमय चिज धेरै, छन् तहाँ शोभिएका ॥
वरिपरि पहरा सब्, सुन्दरीकै रहेको ।
रतन जडित सुन्का दण्ड, हात्मा लिएको ॥१८॥

वरिपरि सब हेर्दै देवता, भित्र जान्थे ।
अतुल भवन देख्दा, धन्य हो ! धन्य ! भन्थे ॥

मणिमय अति उज्वल्, गद्दि एक् देखि लीए ।
उस उपर विराज्मान्, राधिका कृष्ण थीए ॥१९॥

जगत पति रमानाथ् शक्तिले साथ् भएका ।
चउतरफ अनेकौं, भक्त सामू रहेका ॥
वरिपरि "परि" आई, गानका छाड़ि ताना ।
सखिहरु मिलि हाँक्ने, चामरू आदि नाना ॥२०॥

गरिकन तहिं दर्शन्, ती सबै देवताले ।
भइ कन अति नम्रित्, यो स्तुती गर्न थाले ॥
प्रभु ! भव-भयहारी, दीनबन्धो ! दयालू !
भवपति ! बहुरूपी, भक्तका छौ कृपालू ॥२१॥

गरिकन सब सृष्टी, कोटि ब्रह्माण्ड याहाँ ।
गरिकन सब जम्मा, पूर्ण पारेर वाहाँ ॥
उस उपर विराज्मान्, भै प्रभा सब् फिंजाई ।
रहनु प्रभु भएको, अन्त्य जान्दैन कोही ॥२२॥

स्मरण्ले फगत् पाप-ताप् नाश हूने ।
कृपा क्यै हुँदामा तरी पार जाने ॥
चरण्को फगत् ध्यान केही चिताई ।
दिने पाप नाशी परम्पद् पुऱ्याई ॥२३॥

प्रभो ! हे अनन्त ! चरण् संझि धाई ।
सबै आज आयौं अती दुःख पाई ॥
भयो भार् भुमीमा अती दुष्ट कंस ।
बढ़ाई उपद्रव् गऱ्यो घेर ध्वंस ॥२४॥

भई भार् भुमीले अती दुःख पाइन् ।
शरण् खोजि हूँदै हजुर् सीत आइन् ॥
भई भूमि यस्ती सबै दुःख पायौं ।
अनी खोजि आधार् प्रभू नीर आयौं ॥२५॥

कृपा-दृष्टि राखी सबै दुःख लाई ।
हरी सुख् दिनूहोस् सबै भक्त लाई ॥
प्रभो ! दुःख-भञ्जन् ! करूणा जनाई ।
हवोस् आज रक्षा सबै हामि लाई ॥२६॥

सुन्नूभो देवताको स्तुति जब यसरी खूशिभै फेरि ताहाँ ।
आज्ञा भो त्यो घरीमा सुन सुरहरुहो ! गुप्तिको बात याहाँ ॥
पृथ्वीमा जाइ ऐह्ले यदुकुल बिचमा ती वसूदेव काहाँ ।
माता ती देवकीका उदर बिच गई लिन्छु औतार वाहाँ ॥२७॥

नाऊँ श्रीकृष्ण होला उसघरि सब ती दुष्टको नाश पारी ।
पृथ्वीको भार हर्छू खुशि भइ मनमा भक्तको दुःख टारी ॥
सब्को काम् पर्छ एक्फेर् पृथिवि बिच भयो दुष्टको वृद्धि धेर ।
तेस्ले गै जन्म लीने तिमिहरु सबले काम देखिन्छ हेर ॥२८॥

जाऊ सब् देवताहो ! तिमिहरु यदुकुल्मा सबै जन्म लेऊ ।
आऊनेछू म फेरी भनिकन मनमा बात यो जानि लेऊ ॥
पर्दामा काम तिम्रै अघि पनि मइले धेर औतार धारी ।
पृथ्वीको भार् उतारी सहज सँग दिएँ दुष्टको नाश पारी॥२९॥

क्रीडा सब् गर्नलाई रहिकन म सँगै नारि हेरू घनेरै ।
जन्मुन् गै पृथ्वि माहाँ तिनिहरू अहिले गोप-कन्या बनेरै ॥

औतार् शेष्ले लिनेछन् गइकन म सँगै दाजु मेरा भएर ।
नाऊँ तिन्को जगत्मा भइकन बलराम् वीरमा एक् भएर ॥३०॥
जानेछन् योगमाया पनि यशुमतिको गर्भमा वास लीई ।
खिंच्नेछन् देवकीको गरभ छ जुन सात् रोहिणीलाइ दीई ॥
आज्ञा एती सुनाई चुप भइ रहनू भो जसै कृष्ण ताहाँ ।
खूशी भै देवता सब् फरकि कन गए आफ्ना लोक माहाँ ॥३१॥
जस्ले गोलोक् हरीको चरित उठि सबै भक्तिले पाठ गर्ला ।
तेस्को सम्पूर्ण पाप्-ताप् छुटिकन पछि ता मुक्तिको मार्ग धर्ला ॥
केही पर्दैन दुख्ता सुख सँग रहला लोकमा नाम् कमाई ।
धन्-जन्को वृद्धि होला उसकन हरिको खूब् कृपा-दृष्टि पाई ॥३२॥

( क्षेपक ) राधाजन्म लीला ( ४ )

नृप ! पछि सुन राधा, कृष्णको मर्जि पाई ।
जसरि जनमि बस्थिन्, प्रेम् हरीमा बढ़ाई ॥
त्रिभुवन-पति साक्षात्, कृष्णमा भक्ति लाई ।
चरित उहि तिमीमा, दिन्छु प्रेम्ले सुनाई ॥१॥

सुरगण जब फर्के, काम् सफल् पारि फेरी ।
विनय गरदि राधा, कृष्णको साम्नु हेरी ॥
पृथिवि बिच प्रभूले, जाइ औतार धारी ।
अब त म कन छोड़ी, होइजाला सवारी ॥२॥

चरण छुटि हजुरको, एक छिन् बस्न याहाँ ।
सकदिन प्रभु रोई, भै दुखी चित्त माहाँ ॥
पतिपद छुटि बस्नू, मर्नु हो नारि जन्ले ।
गरनु परछ सेवा, नित्य तन्मन् वचन्ले ॥३॥

म कन लिइ सँगैमा, नाथले जान माहाँ ।
अधिक मिलछ शोभा, सर्व काम् लाइ वाहाँ ॥
म कन न लगि छोडे, मर्दछू आज याहीं ॥
पतिपद छुटि नारी, लाइ शोभा छ तेही ॥४॥

दुखि भइ अति रोई, राधिका खेद मानी ।
धुरु-धुरु रुन लागिन्, युक्ति दोस्रो न जानी ॥
अधिक दुख मनाइन्, प्रेम धेरै जनाई ।
नयन–जल बहाइन्, वस्त्र सारा भिजाई ॥५॥

अझ अरु रुन लागिन्, पाउ पक्री जसैता ।
दुखि भँइ प्रभु ताहाँ, हूनुभो क्यै तसैता ॥
दुइ कर धरि प्रेम्ले, जल्दि-जल्दी उठाई ।
हुकुम तहिं भईगो, काख माहाँ बसाई ॥६॥

दुख न गर पियारी !, साथमै लीइ जाँला ।
तिमि कन यहिं छोडी, कुन् प्रकार्ले रहूँला ।
उहिं पनि पति–सेवा, पाउली प्यारि ! तिम्ले ।
म कन गरनु प्रीती, नित्य तन्ले र मन्ले ॥७॥

अरु पनि सुन प्यारी !, पृथ्विमा जन्म लींदा ।
बहुतइ प्रिय होलान्, मै उपर् चित्त दींदा ॥
तर पनि तिमि जस्ता, प्यारि ! ता सब् हवैनन् ।
बसउलि भइ शक्ती, और कोही हवैनन् ॥८॥

आज्ञा यो सुनि राधिका मनमहाँ * अत्यन्त खूशी भई ।
नम्मृत् भैकन बिन्ति यो गरिलिइन् * हात् जोरि साम्ने गई ॥

पृथ्वीमा पनि हे प्रभो ! यि यमुना * जङ्गल् पहाड् छन् जती ।
पैल्हौ सब् ति तयार हुन् यि नभई * मान्दैन मन् एक्रती॥९॥

विन्ती येति सुनेर ताहिं हरिले * गोलोक टुक्रा गरी ।
वृन्दावन् यमुना पहाड् पृथिविमा * रच्नू भयो त्यै घरी ॥
राधाजीकन भन्नुभो सुन प्रिये ! * तेसै जगामा गई ।
त्यौ जल्दी वृषभानुका घर जनम् * नाम् राधिका नै भई।१०॥

येती बात् तहिं राधिका सित भनी * थीए पुरुष्-स्त्री जती ।
भन्नूभो सबलाइ गै पृथिविमा * त्यौ जन्म छोटो अती ॥
राजा ती नृपका सुचन्द्र सुत एक् * ठूला महात्मा थिए ।
ब्रह्माको तप धेर् गरेर वरदान् * मुक्ती समेत्को लिए॥११॥

रानी तिन्कि कलावती पति सँगै * मुक्तै म हुन्छू भनी ॥
जिद्दी धेर गरेर तप् गरी लिइन् * ब्रह्माजिको फेर् पनी ॥
ब्रह्माजी खुशि भै बताउनु भयो * क्यै दिन् रही स्वर्गमा ।
जन्मौला वृषभानु नाम् भइ तिमी * आएर गोकूलमा ॥१२॥

आदीशक्ति अनादि ईश्वरजिकी * राधाजि आयी जब ।
तिम्री छोरि भएर जन्म ति लिनिन् * द्वै मुक्ति होला तब ॥
ब्रह्माको यहि वर् हुँदा नृप-प्रिया * एक् राजकुल्मा त्यहाँ ।
जन्मिन् गै ति कलावती पृथिविमा * नाम् कीर्ति राखी वहाँ१३॥

गोपाल् भै वृषभानु नाम धरि ती * राजा सुचन्द्रै पनी ।
जन्मे गोकुलमा गएर झटपट् * काम् सिद्धि होला भनी ॥
तिन्को कीर्ति सँगै विवाह हुनगै * वस्थे ति सूखी भई ।
तिन्कै गर्भ महाँ गई पसि गइन् * राधाजि पुत्री भई॥१४॥

जब त नउ महीना, पूर्ण भै भाद्र-शुक्ल ।
शुभ तिथि भइ अष्टम्, दीन मध्याह्न युक्त ॥
प्रकट भइ गइन् ती, राधिका कीर्ति देखी ।
हररर गरि वर्षे, फूल आकाश देखी ॥१५॥

नदि सब भइ निर्मल, स्वर्गमा वाद्य गम्के ।
मिलिकन नहिं ज्योती चम्चमी चीज चम्के ।
झलल झलल ज्योति, झल्कने सब् शरिर्मा ।
टलल टलल मोती, टल्कने कान दुईमा १६ ॥

हुन पनि तिनि शक्ती, हून ईश्वर् की आदी ।
ब्रज बिच भइ पैदा, बढ्नगो तेज ज्यादी ॥
प्रकट भइन बाला, खुश् भए बाबु-आमा ।
सब मिलिकन उत्सव्, गर्दिए धूम-धामा ॥१७॥

भइकन खुशि धेरै रण्डिहेरू नचाए ।
गरिब हरु सबैमा, धेरई धन् लुटाए ॥
खुशि भइ वृषभानू, कीर्तिले पुत्री पाई ।
निशि दिन गरि बस्थे, भक्तिमा चित्त लाई ॥१८॥

रुक्मिणी आदि ८ पटरानी जन्म लीला ( ५ )

शुक तिर मुख हेरी, ती परिक्षीत फेरी ।
विनय वचन बोले, नम्र भै हात जोरी ॥
मुनिवर ! अरु भन्नोस् , कृष्ण औतार माहाँ ।
अरु कति-कति जन्मे, पृथ्विमा आइ याहाँ ॥१॥

शुक मुनि यति सूनी, केहि हाँसेर फेरी ।
नृप कन तहिं भन्छन्, खुशि भै मूख हेरी ।।
नृपवर ! सुन प्यारा, रानि आठ् कृष्णजीका ।
गरदछु सब बिस्तार्, हुन् जहाँ जन्मिएका।।२।।

लक्ष्मी गएर नृप, भीष्मजिका घरैमा ।
पैदा तिनी भइ गइन्, प्रभुका हुकुम्मा ।।
झल्मल् भयो महल सब्, फइलेर ज्योती ।
देखिन्छ तेज शशि, लज्जित मानु मोती ।।३।।

नाम् रुक्मिणी धरि लिए तिनि बालिकाको ।
कन्दर्प लज्जित हुने, रुप देखि तिन्को ।।
गर्छु क्रिडा प्रभु सँगै, भनि नित्य मन्मा ।
बस्थिन् ति रुक्मिणी, परेर अती मगन्मा ।।४।।

फेर् जाम्बवान विरका, घरमा गएर ।
जन्मिन् सिवा झट ति, जाम्बवती भएर ।।
गर्छु क्रिडा प्रभु सँगै, भनि नित्य मन्मा ।
बस्थिन् ति जङ्गल महाँ, अधिकै मगन्मा ।।५।।

सत्या भएर तुलसी, गइ जन्म लीइन् ।
गर्छु क्रिडा हरि सँगै, भनि शोचि बस्थिन् ।।
पृथ्वी पनी जनमिइन्, भइ सत्यभामा ।
बस्थिन् चिताइ हरिलाइ, ति नित्य मन्मा ।।६।।

नाम् दक्षिणा भइ तहाँ, यमुनाजि आइन् ।
जन्मेर कृष्ण सँग गर्न, क्रिडा चिताइन् ।।

गोलोकको ति विरजा, नदि जल्दि आइन् ।
नाम् लक्ष्मणा पृथिविमा, धरि जन्म लीइन् ।।७।।

श्रीकृष्णका पद्-कमल्, कन भक्ति धारी ।
बस्थिन् सदा ति निशिदिन्, मनमा विचारि ।।
लज्जा जउन् प्रभुजिकी, हुन शक्ति प्यारी ।
भद्रा भई जनमिइन्, त्यहि नाम धारी ।।८।।

साह्रै सुशील् तिनि थिइन्, गुण-रूप माहाँ ।
बस्थिन् ति संझि हरिको, गुण-रूप ताहाँ ।।
गर्छु किडा प्रभु सँगै, भनि यै चिताई ।
बस्थिन् सदा मन महाँ, अधिकै रमाई ।।९।।

गङ्गाजी मित्रवृन्दा भइकन जनमी आइ झट् पृथ्वि माहाँ ।
गर्छु क्रीडा हरीका सँग भनि बसथिन् नित्य संझेर ताहाँ ।।
पट्रानी आठ् इनै हुन् भनि बुझ नृपते ! कृष्णका मुख्य थीए ।
एक्सौ फेर् सोह्रहज्जार् अरु पनि महिशी छन् भनी जानिलीए १०।

कछु दिन पछि औतार्, कृष्णले धारि ताहाँ
यिनि सब महिषीको, भक्ति देखेर वाहाँ ।।
सबकन गरि बीहा, भक्ति सब्को पुर्‍याई ।
सब सँग रहनू भो, प्रेम धेरै जनाई ।।११।

गोपिनीहरु जन्म लीला ( ६ )

नृपवर ! सुन गोपी, आदिको जन्म याहाँ ।
कहँदछु सुनि लेऊ, स्थिर् गरी चित्त माहाँ ।।

रुकमिणिसुत कामदेव्, नाउँ प्रद्युम्न धारी ।
लिइकन तिनि जन्मे, शम्बरासूर मारी ॥१॥

विधि पनि भइ जन्मे, पुत्र प्रद्युम्न-जीका ।
बुझ मन बिच राजन्! नाम्, अनीरुद्ध तिन्का॥
वसु गइ तहिं द्रोणजी, जन्मिए नन्द नाम् भै ।
यशुमति भइ जन्मिन्, पृथ्विमा ती धरा गै ॥२॥

जन्मे चन्द्रभवन् यि नन्द तिरका * उपनन्द श्रीदाम् गई ।
ब्रज्मा गोप भएर जन्मन गए * साथी हरीका भई ॥
जन्मे गै वृषभानुका तरफमा * बाँकी सखा जो थिए ।
देवै प्रस्थविशाल आदि हरुले * गै जन्म ताहाँ लिए ॥३॥

गोलोक्मा जति नारि हेरु प्रभुका * दर्बार माहाँ थिए ।
खोपीका सखि आदि जो जति थिए * गै जन्म पैल्है लिए ॥
हूँदा राम् अवतार् भजन् गरिलिने * नारी अयोध्या महाँ ।
थीए नारि अरू पनी ब्रजमहाँ * गै जन्म लीए त्यहाँ ॥४॥

सीता जङ्गलमा हुँदा प्रभुजिले * जो यज्ञ गर्नू भयो ।
तेस्वेला सुनकी सिता गरि तयार् * साथ्मा लिई बस्नुभो ॥
सब् मूर्ती हरु सासु भैकन तहाँ * श्रीरामका साथ् महाँ ।
पाऊँ गर्न क्रिडा भनी ति सबले * बिन्ती चढाए त्यहाँ॥५॥

बिन्ती येति सुनी तहाँ कहनुभो * श्री रामजी ले पनी ।
ऐले ता म छु एक-पत्नि ब्रतमा * गर्दीन दोस्रो भनी ॥
लीनेछू अवतार कृष्ण भइ जब् * जन्मे तिमी सब् गई ।
इच्छा पूर्ण गराउँला ब्रजमहाँ * तिम्रा पती देव् भई ॥६॥

ये कारण् सब मूर्ति जानकिजिका * जन्मे सबै ती गई ।
त्यस्कारण् परि नारि भै व्रजमहाँ * जन्मे कडोरौं भई ॥
अन्तर्ध्यान भए ति औषधि जती * छोडेर धन्वन्तरी ।
दुख् पाईकन विष्णुका चरणमा * औषध् परे त्यो घरी ॥७॥

खूशी भै हरिले तहाँ कहनुभो * वर् माग ऐहले भनी ।
नम्रै भैकन बिन्ति यो गरिलिए * ती औषधीले पनी ॥
इच्छा गर्न विहार् थियो हजुरका * साथ्मा सबैको यहाँ ।
भन्ने बिन्ति सुनी हुकुम् भइगयो * फेरी हरीको वहाँ ॥८॥

कृष्णेको अवतार् लिएर व्रजमा * जानेछु द्वापर् महाँ
वृन्द्रावन् बिच औषधी तिमिहरू * बस्नू लता भै त्यहाँ ॥
त्यस् बेला रचि रास्लिला सकलको * दिल् खुश् गरूँला भनी ।
वर्दान् येहि थियो र औषधि जती * जन्मे लतादी बनी ॥९॥

नर्नारायणका कठोर तपको * नष्टै गराऊँ भनी ।
आए सूर लिएर सुन्दरि सबै * ती अप्सरागण् पनी ॥
सब्लाई वरदान् थियो उस घरी * श्रीकृष्ण औतार् महाँ ।
जन्मे गै सुरसुन्दरी व्रजमहाँ * भै गोपिहेरू त्यहाँ॥१०॥

शेष्लाई भजने ति नाग दुहिता * भै गोपिनी सुन्दरी ।
जन्मी शेष् अवतार राम्सँग क्रिडा * रासमा गरे मन्परी ॥
त्यस्तै गोप् हरिभक्त सब् जनमिए * ताहाँ पुरुष् एक् थरी ।
सब्ले कृष्ण सखा भनी कन गरे * सेवा बहुत् प्रेम् धरी॥११॥

कश्यप् हुन् वसुदेव देवकि कनै * जान्नू अदीती भनी ।
माता कृष्णजिकी भईकन रहिन् * खूशी भई ती पनी ॥

ध्रुव् देवक् अनि प्राण् भएर सुरसेन् * जन्मे मथूरा महाँ ।
भै उद्धव् वसु जन्मि दक्ष जनमे * अक्रूर नाम् भै त्यहाँ ॥१२॥

प्राचिन्‌गद् भइ जन्मिए गइ वरुण् * भै कृतवर्मै त्यहाँ ।
वायू गैकन उग्रसेन जनमे * राजा सबैका वहाँ ॥
राजा गैकन अम्बरीष जनमे * नाम्का युयूधान् भई ।
नाम्का सात्यकि भै प्रह्लाद जनमे * सद्‌बुद्धि सारै लिई ॥१३॥

जन्मे क्षीर समुद्र शन्तनु भई * भीष्मै वसूजी भई ।
देवी दासजि शक्यराज भइ झट् * जन्मे प्रतापी भई ॥
भग् नाम्‌का रवि धृतराष्ट्र नृपभै * जन्मे पृथीवी महाँ ।
पूषाजी भई पाण्डु जन्मन गये * पूर्वा ति तिम्रा वहाँ ॥१४॥

आये धर्म तहाँ युधिष्ठिर भई * वायू त भीम्‌सेन् भई ।
जन्मे इन्द्र भयेर अर्जुन पनी * झट् पृथ्वितल्मा गई ॥
माद्री गर्भमहाँ नकुल् र सहदेव् * नाउँ दुई ली त्यहाँ ।
जन्मे झट्ट गयेर अश्विनि कुमार् * दूवै ति पृथ्वीमहाँ ॥१५॥

जन्मे सूर्य गएर कर्ण रुप भै * अग्नी भई द्रोण् त्यहाँ ।
जन्मे झट्ट कली सुयोधन भई * कप्टी र क्रोधी वहाँ ॥
कौरव् पाण्डवमा भई अति विरोध् * आखिर् सबै नाश् भए ।
ये रित्ले गइ देवता पृथिविमा * औतार लींदा भए ॥१६॥

हो विर् कंस त कालनेमि बुझिल्यौ * पैह्ले जनम्‌को त्यहाँ ।
ब्रह्माको तप धेर् गरेर अधिकै * खूशी गरायो वहाँ ।
ब्रह्माको वर यै थियो उसकनै * मानीस देखी अरू ।
मार्नै क्वै सकदैनथे उस कनै * मर्थे उ आफैं बरू ॥१७॥

खल भइकन जन्म्यो, उग्रसेन-पुत्र ताहाँ ।
बलि अधिक हुनाले, सब् गर्‍यो काबु माहाँ ।।
यहि भइकन कारण् , कृष्ण औतार धारी ।
गइकन मथुरामा, दीनुभो झट्ट मारी ।।१८।।

हरिकन पृथिवीको, भार श्रीकृष्ण जी ले ।
अरुअरु पनि लीला, गर्नु भो खूशि मन्ले ।।
पछि धरिकन माया, सब् कनै नाश पारी ।
परम पद सिधार्नू , भो चतुर्भूज धारी ।।१९।।

—✻—

कंस दिग्विजय लीला ( ७ )



हे राजन् ! कंस धेरै बढिकन घरघर् गाउँमा घूमि घूमी ।
मार्‍थ्यो बालक् निमोठी लिइ अधम रिती गै सबै खोजि खोजी ।।
दिन्थ्यो धेर् दुःख पैह्ले धरिकन खुशि भै अन्तमा मारिदिन्थ्यो ।
रून्थे दुख् पाइ बालक् , हललल गरि धेर् दुष्ट हाँसेर घुम्थ्यो ।।१।।

मारेका जत्ति बालक् लगिकन वनमा फ्यौंकि ओडार माहाँ ।
फिर्थ्यो त्यो दुष्ट खुश् भै अधम खल जती साथमा लीइ ताहाँ ॥
माथ्यों भुण्डाइ कत्ती कतिकन सुइरा ज्यूमरी घोचि माथ्यों ।
कत्तीको अङ्गभङ्गै गरि विरुप अती अन्तमा छोडि दिन्थ्यो ॥२॥

औंधी यस्तै प्रकार्को जब अधिक गन्यो सब् नगर्-वासिहेरू ।
बालक् जत्ती लुकाए जतन गरि तहाँ क्यै न लागेर बेरू ॥
त्यो चाल् पाएर घर्घर् घुमिघुमिकन त्यो धेर् चियो गर्न लाग्यो ।
बालक् बाँच्ने उपायै कछु न बुझि तहाँ रैतिमा पीर जाग्यो ॥३॥

आजित् भै उग्रसेन्का नजिक गइ तहाँ सब् प्रजा रोइ रोई ।
लागे गर्नै पुकारा धरि नयन भरी आँसु दुख् फोइ फोई ॥
हे नाथ् ! सर्कारलाई पनि सब अहिले सब् छ मालूम याहाँ ।
छोराछोरी सरीको प्रिय चिज अरु क्यै छैन संसार माहाँ ॥४॥

यस्ता प्राण्-तुल्य बालक् सबकन अधिराज् कंस गै खोजिखोजी ।
मार्छन् पट्पट् पछारी दुख दिइ दिनदिन् छन् जती रोजिरोजी ॥
भर्सक् ता यत्न गर्थ्यौं तर पनि अब ता क्यै न लागेर याहाँ ।
आत्रौं सब् गर्न बिन्ती रतिभर पनि दोष् छैन सर्कार माहाँ ॥५॥

हे राजन् ! यत्न यस्को अब पनि नगरे हामी रैती जती छौं ।
राजाकै दोष देखी यस घरि अधिराज् छौं जती त्राहिं मछौं ॥
सर्कार्कै छौं शरण्मा यस घरि महराज् ! दुःख देखेर हाम्रो ।
दृष्टी दीनोस ऐल्हे भनिकन सबले गर्दछौं बिन्ति राम्रो ॥६॥

सुनी बिन्ति यस्तो, प्रजा हेरु सब्को ।
परी धेर अप्सोस्, पर्‍यो झस्स झस्को ॥

पछी केहि सम्लेर सब्लाइ वाहाँ।
धिरज् दीइ बीदा, गरे फेरि ताहाँ ॥७॥

रिसाई तहाँ कंस लाई बोलाए।
अबै दिन्छु हप्काइ, भन्ने चिताए॥
दिई धेर शिक्षा, कडा बोलि पारी।
दिए कंस लाई, बहूतै हकारी ॥८॥

हे पापी ! दुष्ट चाण्डाल् किन यसरि उधुम् गर्दछस् पाप धेरै।
अर्काको ज्यान मारी उ पनि सब शिशू नाश पारिस् घनेरै॥
त्यस् पाप्ले दुष्ट ! तेरो पछि कुन गति भै मर्नु पर्ला विचारी।
छोडीदे आज देखी नहिं त तँकन हेर् दिन्छु सास्ती म भारी ॥९॥

सुन्दैमा पाप लाग्ने शिशुवध कुमती ! छाडिदे आज देखी।
सारा राज्नीति जानी परछ गरनु काम् नम्र भै छोडि शेखी॥
राज्काज्को काम सिक्नू भनिकन यसरी धेरई पल्ट ताहाँ।
संझाए बात यस्ता अधम तर उसै मान्दथ्यो बात काहाँ ॥१०॥

थिए दिक्क राजा, दुखी भै ति बस्थे।
मरे देखि जाती, थियो दुष्ट भन्थे॥
गरे यत्न धेरे छुटोस् बानि भन्ने।
अरू झन् बढ़ी कंस, भो क्यै न मान्ने॥११॥

सबै यत्न आखिर्, भयो पानि जस्तो।
जवानी हुँदा कंस भो, झन् अधम् त्यो॥
ठुलो वीर् छ काहाँ, लडी जित्नु पर्ने।
भनी रातदिन् येहि मात्रै विचार्ने ॥१२॥

ठूलो वीर् छ भनी सुनेर लड्नै * जो वीर् पहल्वान् थिए ।
फेरी मल्ल बड़ा ति लड्न सुर ली * आएर सामेल् भए ।।
लड्दा हारि सबै परी पयरमा * बस्थे ति लाचार् भई ।
कस्तै वीर हवस् पनी लड़ि कनै * जित्तैन ताहाँ गई ।।१३।।

को आऊँछ अरू भनेर मनमा * गर्दै विचार् बस्दथ्यो ।
जो जो हुन् बलिया जितेर तिकनै * दासै गरी राख्दथ्यो ।।
गर्छू देश् विजयै भनेर सुर ली * साथमा दुरात्मा लियो ।
हात्मा एक् तरवार लीकन तहाँ * त्यो कंस निस्कीगयो।।१४।।

पैल्हे गैकन चेदिराज सँगमा * लड्छू भनी त्यो भिड्यो ।
जीती संपति राज् गरेर वशमा * निस्केर अन्तै हिंड्यो ।।
हिंड्दा बीच्बीचमा मिले जति जिती * राजा रजौटा हरू ।
आई राज र धन् समर्पण गरी * पर्थे चरणमा बरू ।।१५।।

जीत्यो चाणुर मुष्टिकादि जति छन् * माहीष्मतीमा गई ।
योद्धा कूट र तोसलाइ जिति फेर् * जीत्यो हजारौं त्यहीं ।।
नारद्का उपदेशले चलिगयो * पर्वत् प्रवर्षण् महाँ ।
बस्थे एक ठुला द्विविद् विर कुनै * त्यस्लाइ जीत्यो त्यहाँ।।१६।।

गै ऋष्यमूक गिरिमा, दश दिन् लडेर ।
केशी कनै जिति लियो, वशमा गरेर।।
आई समुद्र तटमा, तहिं हाँक दीयो ।
जीती घनासुरकनै, वश पारि लीयो ।।१७।।

यौटा अरिष्ट भनि, दानव वीर थीयो ।
जीतेर त्यस्कन र झट्, वश पारि लीयो ।।

ठूलो लडाइ गरि, धेरइ दीन माहाँ ।
भौमासुरै पनि जित्यो, वश पारि ताहाँ।। १८।।

राज्पाट् सबै जिति तहाँ, वशमा गरायो ।
आफ्नू हुकूम सब देश, भरी चलायो ।
गर्छू सबै वश भनी, कन सूर लीयो ।
खूशी भएर तहिं, पाउ बढ़ाइ दीयो ।।१९।।

वीर् खूब धेनुक ठुलो, तहिं दैत्य थीयो ।
तेस्लाइ जित्तछु भनी, कन सूर लीयो ।।
धेर् दिन् लडेर सँगमा, तहिं जीति लीयो।
ज्यू धन् समेत उसको, वश पारि लीयो।। २०।।

ठूलो तृणासुर थियो, गइ लड्न लाग्यो ।
पक्रेर कंसकन झट्ट, उडेर गैगो ।।
धेर् बेर् लडेर बिचमा, पछि हार खाई ।
ज्यू धन् समर्पण गर्‍यो, त्यहिं कंसलाई।। २१।।

जीत्यो बकासुर कनै, लिइ धेर शेखी ।
त्यो पूतना सँग डर्‍यो, रुपलाइ देखी ।।
मार्ने विचार् गरिलिई, त्यहिं पूतनाले ।
आखीर कंसकन छाड़ि, दया हुनाले।। १२।।

बाणासुर्लाइ जित्छू भनिकन उठि गो कंस दौडी जसैता ।
तिन्को ताहाँ परीगो रिस गरि मनमा भारि संग्राम् तसैता ।।
चालिस् दिन् तक् लडाईं ति दुइ विरको भो तहाँ धेर् प्रकार्को ।
लड्ने घूँडा धसी खुब् तर पनि तिनमा हार जित् छैन क्यैको।। २३।।

यस्तै रित्ले लडाइँ गरि दुइ विरले जीतने सुर् न छाडी ।
यो चाल् देखेर दौडी तहिं पुगनु भयो शम्भु तिन्का अगाडी ।।
संग्राम् तिन्को छुटाई पछि गरिदिनु भो दूइ वीर्को मित्यारी ।
कप्टी त्यो कंस बस्थ्यो तर पनि दिनहूँ छिद्र मित्कै विचारी ।।२४।।

योद्धा ठुलो कालयवन्, त थीयो ।
त्यो कंसले गै कन, हाँक दीयो ।।
दूवै ठुला वीर, हुँदा गजब्को ।
संग्राम तिन्को, हुनगो अजब्को ।।२५।।

गर्थे दुवै शस्त्र अनेक् प्रहार ।
थिएन तिन्को, कछु जीत हार ।।
गर्थे लिई भारि, गदा प्रहार ।
हट्तैनथे क्वै पनि, खाइ हार ।।२६।।

यै रीतले धेर् दिन, युद्ध गर्दा ।
हाऱ्यो यवन्ले बल, शेखि झर्दा ।।
सब् राज दौलत् कन, जीति फेरी ।
त्यो कंस फर्क्यो, न लगाइ देरी ।।२७।।

फेरी कंस उठेर लड्न गइगो * साथ्मा जरासन्धका ।
लाग्यो छिद्र अनेक खोजन गई * त्यस्ले अनेक् चालका ।।
लाग्यो गर्न ठुलो उपद्रव तहाँ * तोडेर किल्ला पनी ।
त्यो देखी मगधेन्द्र गै भिडिगयो * मार्छू तँलाई भनी ।।२८।।
कुस्ताकुस्ति थिचाथिची कुटिपिटी * घुस्सा र घुस्सी गरी ।
लड्थे वीर दुवै अनेक् तरहले * जित्ने इरादा धरी ।।

हाना हान् गरथे दुवै विर अनेक् * भाँचेर रुख् सालका ।
जित्ने सूर लिएर युद्ध गरथे * दूवै अनेक् चालका ।। २८ ।।

धेरै बेर तलक् लडे तर पनी * राजा जरासन्धको ।
केही जोर चलेन आखिर महाँ * जित् भैगयो कंसको ।।
आफ्नू हार भयो जसै मगधराज् * साम्रू अगाडी गयो ।
आदर् धेर गरेर कंस कन ली * आफ्ना घरैमा गयो ।। ३० ।।

कन्या अस्थि र प्राप्ति नाम दुइटी * थीए अती सुन्दरी ।
देख्दा चञ्चल नेत्रले सकलको * लिन्थे सहज् मन् हरी ।।
वर् लायक् बुझि कंसलाइ दुइटै * छोरी दिई त्यो घरी ।
बीहा उत्सव धेर् गरीकन रह्यो * संबन्ध पक्का गरी ।। ३१ ।।

दाइजो हरु छोरिलाइ दिइ धेर् * बीदा तुरुन्तै दियो ।
खूशी भैकन कंस वीर् पनि तहाँ * फर्केर घर्मा गयो ।।
जो जो मित्र थिए खुशी भइ वहाँ * उत्सव् गरे धेर् जहाँ ।
दुश्मन् शेखि झरेर जो जति थिए * वैलाइ बस्थे तहाँ ।। ३२ ।।

फर्क्यो कंस खुशी भएर मनमा * प्यारी दुवै साथ ली ।
बस्थ्यो मत्त भएर रैतिकन दुख् * दिन्थ्यो अती कष्ट दी ।।
यै रित्ले तहिं कंसले अरु पनी * धेरै उपद्रव् गर्‍यो ।
बाबूलाइ निकालि गद्दि लिइ फेर् * त्यो राज आफैं गर्‍यो ।। ३३ ।।

वसुदेव देवकी विवाह लीला ( ८ )

विस्तार् येति गरेर ताहिं शुकले * साम्रू अगाड़ी सरी ।
लागे फेर् हरिको सुनाउन कथा * सारै मधुर् स्वर् गरी ।।

राजन् ! एक् नृप उग्रसेन मथुरा * जीमा थिए खूब् बली ।
धर्मात्मा अति सत्यवादि यदुका * कुल्मा सुयश्का कली।। १।।

प्रालब्धे बलवान् भएर नृपको * एक् पुत्र पैदा भयो ।
नाऊँ कंस अती अधम् हुन गई * नीच् कर्ममा मन् गयो ।।
बल्को गर्व गरी असुर् सरि भई * सारै कुकर्मी बनी ।
गर्थ्यो मन्परि त्यो भएर युवराज् * सब्लाई तृण् झैं गनी।। २।।

छोरो कंस अधर्मि दुष्ट-मतिको * पैदा भयो हा ! भनी ।
चिन्ता लीकन कष्ट भोग् गरदथे * श्री उग्रसेन् जी पनी ।।
'देवक्' भाइ थिए तिनै नृपतिको * तिन्की अति सुन्दरी ।
छोरी देवकि थिन् दिए ति वसुदेव् * लाई विवाहा गरी ।।३।।

उत्सव् साथ बहूत मंगल गरी * धन् रत्न दासी हरू ।
भूषण् हात्ति तुरंग रथ्हरु दिथी * दीए अनेक् चीज् अरू ।।
बेह्ली ज्वाञि समेत जन्तिहरुको * खुब् खातिरी बात् गरी ।
रथ्मा श्रीवसुदेव देवकि दुवै * लाई धरी त्यैं घरी ।।४।।

आफैं रथ्कन हाँकि क्यै पर जसै * कंसै पुगी गै गयो ।
मानू मेघ् गरजे झञ्जीं शबद एक् * आकाश देखी भयो ।।
हे वीर् कंस ! तँ बेह्लि जस्कन बुझी * प्रेम् राखि खुब् मन्महाँ।
जान्छस् साथ लिई पुऱ्याउन भनी * अज्ञानि झैं भै यहाँ ।।५।।

त्यस्कै अष्टम गर्भ देखि तइंले * पर्नेछ मनैं भनी ।
जानीले तँ अवश्य सत्य भनि यो * आकाश-वाणी पनी ।
आकाश्-वाणि सुनेर यस् तरहको * त्यो कंस डर्मा पऱ्यो ।
साह्रै क्रोध् गरि ताहिं देवकिजिको * चुल्ठो फरैले धऱ्यो ।।६।।

रथ् देखि तल खैंचि, खड्ग करमा * लीएर मन्मन् महाँ ।
लाग्यो गर्न विचार बीज नभए * लाग्ला बिरुवा कहाँ ।
तस्मात् यै बहिनी कतल् गरि यहाँ * निर्धक्क भै राज् गरूँ ।
साँप्‌लाई, किन व्यर्थ पालि सहजै * काल्‌का मुखैमा परूँ ॥७॥


यस्ता बात् मनमा विचारिकन लौ * मार्छु म बैन्ही भनी ।
ऊजायो जब खड्ग कंस विरले * देखी वसूदेव् पनी ॥
हात् जोरी अघि झट् सरी विनय साथ् * लागे ति भन्नै तहाँ ।
हे पृथ्वीपति यस् बखत् हजुर भैं * बल्‌मा पराक्रम् महाँ ॥८॥

कोही छैन पराक्रमी हजुरले * स्त्रीजाति माथी यहाँ ।
गर्नू अस्त्र प्रहार् अधर्म भनि यो * जान्नू हवस् मनमहाँ ॥
राज्‌पाट् पुत्र कलत्र धन् अरु सबै * ऐश्वर्य सारा जती ।
यौवन् फेर् अरु देहसम्म पनि क्वै * आउन्न काम् एकूरती ॥९॥

एक बार् मर्नु अवश्य पर्छ सबले * तस्मात् अधर्मै गरी ।
के फल् मिल्छ विचारिबक्सनुहवस् * हे नाथ ! वीर् केशरी ॥
तस्मात् बिन्ति म गर्दछू हजुरकी * बैह्नी अजान् गुण्‌वती ।
जानी यस्कन प्राणदान दिनुहोस् * मन्मा दया ली अती ॥१०॥

यस्तै रित्‌सित धेर नीतिं वसुदेव्- * जीले कहे ता पनी ।
आफ्नू काल बुझेर त्यस् अधमले * छोड्‌दैन हठ् लौ भनी ॥
यो देखी अति चिन्तितै भई वसू- * देव्‌जी मनैमन् अनी ।
भन्छन् राक्षसि मत् लिई अधम हठ् * छोड्‌दैन पक्का पनी ॥११॥

यस् कारण अब तौ बचाउनु पर्‍यो * केही उपायै गरी ।
आफ्नू कार्य सधाउनू अब पर्‍यो * यो बात् मनैमा धरी ॥



चित्र सं० (२) रघुवीर सब नीति सदन करता छोड़िए [illegible] नहीं ।
माधवो गर्भ विचार तीज भवन् [illegible] जिसका नहीं ॥

हात् जोरी वसुदेवले उहि बखत् * बिन्ती गरे फेर् त्यहाँ ।
होलान् देवकिका जती सुत सबै *नाथ्का अगाड़ी महाँ ॥१२॥

त्याईं हाजिर गर्दिनेछु मनमा * शङ्का न होस् भूपती ! ।
भन्छू प्रण गरि सत्य वाक्य कहिल्यै * होवैन भूटो रती ॥
यस्तो बिन्ति गरे जसै ति वसुदेव्- * जीले भन्यौ ठिक् भनी ।
छोड़ी देवकिलाइ घर् फिरिगयो * निर्धक्क कंसै पनी ॥१३॥

यै रित्ले गरि देवकीकन तहाँ * तिन्ले बचाईं लिए ।
फेरी पुत्र भए जती लगि सबै * त्यस्लाइ सुम्पी दिए ॥
देखी सत्य स्वभाव कंस खुशि भो * त्यै बीच बालक् पनी ।
लाग्यो रून करुण् पुकार् गरि तहाँ * देख्दा मयालू बनी ॥१४॥

लाग्यो त्यो मथुरेश भन्न शिशुको * मुख्लाइ हेरी अनी ।
धन्यै हौ तिमि सत्यवादि वसुदेव ! * आफ्ना वचन्का धनी ॥
मैमाथी त कपट् नराखि अनि फेर् * निर्मोहि झैं शान्त भै ।
ल्यायौ खुशि भएँ म मार्दिन यही * लैजाउ बालक् अबै ॥१५॥

यस्को मान्दिन केहि डर् तर पनी * यो बात मन्मा लिए ।
आठौं पुत्र फगत् मलाइ तिमिले * ल्याएर सुम्पी दिए ॥
येती बात् सुनि कंसको खुशि भई * दण्डैप्रणाम् खूब् गरी ।
बीदा भै वसुदेव फेर् चलि गए * बालक् लिईं त्यै घरी॥१६॥

नारद्ले जब यो खबर् सुनि लिए * बीत्यास् पर्‍यो लौ भनी।
आए अर्ति दिना निमित्त मथुरेश् * लाई सिपालू बनी ॥
देखी नारदलाइ कंस विरले * सन्मान् गर्‍यो धेर् त्यहाँ।
भन्छन् नारदजी पनी उहि बखत् * त्यस्का अगाड़ी महाँ ॥१७॥

राजन् ! यो तिमिले गर्न्यौ कउन काम् * व्यर्थैं न सोची रती ।
फिर्ता बालक गर्दियौ किन उसै * लीएर उल्टो मती ॥
सब् यौताहरु देवकी र वसुदेव् * लाई रिझाऊँ भनी ।
आएका व्रजमा ति छन् बुझ तिमी *गोप्गोपिनी सब् बनी॥१८॥

आठौं पुत्र भएर देवकिजिका * श्री भक्तवत्सल् हरी ।
मार्नेछन् तिमीलाइ क्यै दिन पछी * श्रीकृष्ण औतार् धरी ॥
येती बात् भनि कंसलाइ अनि फेर् * नारद्जिले झट् त्यहाँ ।
रेखा आठ् खिंचि प्रश्न फेर् गरिलिए * तत्काल भूमीमहाँ ॥१९॥

रेखा यी सब भूपती ! भन कउन् * साना ठुला छन् भनी ।
भन्दा एक समान देखि धरका * व्याकुल् भयो खुब् अनी ॥
यस्तै रीत्सित बालकैहरू पनी * हुन् एक् समान्का सबै !
बैरीलाइ बड़ो र सानु मनमा * कैल्है न जान्नू कबै॥२०॥

यै रीत्ले सब भार हर्न भुमिको * मन्मा विचारी त्यहाँ ।
उल्टो दी मति कंसलाइ मुनिले * झन् लीन् गरे पाप् महाँ ॥
नारद्का मुख देखि येति उपदेश् * त्यस्ले सुनेथ्यो जसै ।
डाकी झट् वसुदेवलाइ डरले * बालक् मगायो तसै ॥२१॥

हुन्थे देवकिका जती सुत तहाँ * पैदा यही रित् गरी ।
ल्याऊँथे वसुदेव् र कंस सहजै * मार्थ्यो अगाडी सरी ॥
यस्तै रित्सँग बालकादि छवटा * एकेक् क्रमैले त्यहाँ ।
मार्न्यो कंस असूरले पनि जसै * क्रुद्धै भई मन्महाँ ॥२२॥

## कंस उपद्रव वर्णन-लीला ( ९ )

पाल्नूभो जसरी ति देवकिजिका * गर्भै महाँ श्रीहरी ।
ब्रह्मादी सब देवले पनि गरे * स्तूती जउन् रित् गरी ॥
मायादेवि थिइन् हरीकि जसरी * तिन्ले पनी फेर् त्यहाँ ।
बल्देव्लाइ लगी पुग्याउँदि भइन् * श्रीनन्दका घर्महाँ ॥१॥

विस्तार् गर्दछु त्यो सबै सुन कुनै * दिन् कंस वीर्ले जसै ।
डाकी दैत्यहरू सबै हुकुम यो * दींदो भयो झट् तसै ॥
हे दानव् ! तिमिहेरु लौ सुन सबै * धौताहरू यस् घरी ।
जन्मेका सब पृथ्विमा ति अब छन् * गोप्गोपिका रुप् धरी ॥२॥

तीनैका बीच कृष्णले पनि तहीं * लीने छ औतार् गई ।
भेद्को यै सब बात् मलाइ मुनिवर् * नारद्जि भन्थे कही ॥
तस्मात् सब् तिमि हेरु गै ब्रजमहाँ * सम्पूर्ण ध्वंसै गरी ।
आऊ बालक वृद्ध छन् जति तहाँ * मारेर झट् यै घरी ॥३॥

आज्ञा येति सुनीलिए सकल ती * दानव्हरूले जसै ।
पौंचे रूप धरी अनेक् तरहका * गोकुल्महाँ सब् तसै ॥
गाऊँ-गाउँ घुमी नगर्-नगरमा * घर् घाट बाटा महाँ ।
पाऊँथे जसलाइ खोजिकन सब् * कुट्पीट गर्थे त्यहाँ ॥४॥

बालक् वृद्ध हवस् तरूणि अवला * जो भेट्तथे ती जहाँ ।
पक्री ठोकि जलाइ मारि नदिमा * दिन्थे डुबाई त्यहाँ ॥
लागे यै रितले ति दानवहरू * उत्पात गर्नै जसै ।
यादव् हेरु डराइ दुःखित भई * अन्यत्र भागे तसै ॥५॥

काल् हो अष्टम गर्भ देवकिजिका * भन्ने मनैमा लिई ।
चाणुर् मुष्टिक पूतना बकहरू * सब् लाइ आज्ञा दिई ।
लाग्यो गर्न अनेक् उपाधि त्यसले * पीताजि लाई पनी ।
जीती बल्सित राज् गर्‍यो अनितिले * राजा मई हूँ भनी ॥६॥

त्यस्ले श्रीवसुदेव देवकि दुवै- * लाई समाती त्यहाँ ।
भाग्नन् यी भनि दुःख दीकन कस्यो * हालेर झ्यालखान्महाँ ॥
यो देखी वसुदेवका अरु तहाँ * पत्नीहरू जो थिए ।
कंसैको डर मानि नन्द-घरमा * गै लुकि आधार् लिए ॥७॥

बलराम जन्मलीला (१०)

सान्है दुःख बढ़ेर यादवहरू * ज्यादै सकस्मा परी ।
देशै त्यागि अन्यत्र गै दुख सही * बस्थे गुजारा गरी ॥
त्यै बीच्मा हरिले खटाउनु भयो * श्री शेष लाई तहाँ ।
बेला भो अवतारको अब गई * ल्यौ जन्म चाँड़ो वहाँ ॥१॥

आज्ञा यो हरिको हुँदा खुशि भई * आई मथूरा विषे ।
जल्दी श्री वसुदेव देवकिजिका * छोरा हुने सुर् कसे ॥
सातौं गर्भ महाँ ति शेष भगवान् * गै गर्भमा बास् गरी ।
मङ्गल् चौध भुवन् गराइ दिनुभो * बाधा सबैको हरी ॥२॥

खूशी स्वर्ग महाँ भएर फुलको * द्यौता हरूले पनी ।
वर्षा खूब गरी दिए उस घरी * मङ्गल् हवस् लौ भनी ॥
यस्ले कंस दुखी भएर अधिकै * लाचारि हूँदै गयो ।
मन्मा साहस खूब् धरेर अउधी * सब् गर्न लाग्दो भयो ॥३॥

गौ, ब्राह्मण् अरु देवताहरु कनै ❀ नाना प्रकार्ले गरी ।
लाग्यो कंस जसै अनेक् तरहले ❀ दुख्दीन खूब् त्यै घरी ॥
त्यो देखीकन फेर् रिसाइ हरिले ❀ झट् 'योगमाया' तहाँ ।
नेत्रै देखि प्रकट् गराउनु भयो ❀ आफ्ना अगाडी महाँ ॥४॥

मायादेवि उसै बखत् प्रभुजिका ❀ साम्ने अगाडी परिन् ।
आज्ञा होस् करुणापते! भनि तसै ❀ खुब् नम्र बिन्ती गरिन् ॥
आज्ञा गर्नु भयो उसै बखत फेर् ❀ त्रैलोक्य नाथ्ले पनी ।
जाऊ लौ अहिले तिमी जगतमा ❀ मेरो सहायक् बनी ॥५॥



मेरा भक्तहरू दुखी बहुत छन् ❀ डर् कंसको भै जहाँ ।
ताहीं मै अवतार लीनु तिमिले ❀ ऐले मथूरा महाँ ॥
कश्यप् फेर् अदिती जउन् भइ वसू- ❀ देव् देवकी जी तहाँ ।
वास् गर्छन्, तिनिलाइ कंस विरले ❀ पारेछ बन्धन् महाँ ॥६॥

बालक् नै छवटा ति देविकिजिका ❀ मारी ठुलो पाप् गर्‍यो ।
छन् लक्ष्मण् अब गर्भ सप्तम महाँ ❀ तिन्लाइ सार्नू पर्‍यो ॥
गर्भै देखि झिकेर देवकिजिका ❀ पौंचाइ गोकुल् महाँ ।
राखी देउ सुरुक्क रोहिणिजिका ❀ पेटमा तिमीले तहाँ ॥७॥

ऐल्हे गै यहि काम गर्नु पहिले * फेरी पछी मैं पनी ।
पस्छू देवकिका गई उदरमा * बालक् स्वरूप्को बनी ।।
कार्यै कारणले गरेर तिमिले * औतार लीनू गई ।
भू-भार् हर्न निमित्त बस्नु व्रजमा * श्रीनन्द कन्या भई ।।८।।

आज्ञा यो सुनि विष्णुको खुशि भई * झट् योगमाया गइन् ।
जो-जो काम् हरिले अह्राउनु भयो * सम्पूर्ण गर्दी भइन् ।।
श्रावण् शुक्ल चतुर्दशी तिथि यही * पारेर गोकुल् महाँ ।
शेष्जीले लिनुभो जनम् रुप धरी * बल्देवजीको तहाँ ।।९।।

मायाले उ बखत् गएर वसुदेव् * श्री देवकी छन् जहाँ ।
स्वप्ना दीकन भन्दिइन् यहि कुरा * चिन्ता न लेऊ यहाँ ।।
तिम्रो गर्भमहाँ थिए ति बलराम् * तिन्लाइ खैंची लिएँ ।
फेरी रोहिणिका लगी उदरमा * मैंले त राखी दिएँ।।१०।।

यो स्वप्ना वसुदेव देवकिजिले * देखे जसै त्यस् घरी ।
जागी चिन्तन मन्मनै गरि लिए * हर्षाश्रु मोचन् गरी ।।
शोच्छन् श्रीहरिबाट काम् हुन गयो * अत्यन्त उत्तम् यही ।
हामीले समचार् सुनाउनु उचित् * त्यो कंसलाई कही।।११।।

येती बात विचारि राक्षसहरू * पाले तहाँ जो थिए ।
संचार् यो तिनीहेरुलाइ वसुदेव्- * जीले गई झट् दिए ।।
पालेले पनि कंसलाइ समचार् * बिन्ती गर्‍यो झट् गई ।
'हे नाथ् ! सप्तम गर्भ देविकिजिको * तूही गयो नाश् भई'।।१२।।

यो हाल् ताहिं सुन्यो जसै असुरले * व्याकुल् भई मन् महाँ ।
लाग्यो भन्न सचेत् भएर रहुलों * दोस्रा पटक्मा त्यहाँ ।।

सोही अष्टम गर्भ हुन्छ उहि हो * मेरो अरिष्टै भनी ।
भन्थे नारदले उ सत्य यहि भो * आकाशवाणी पनी ।।१३।।

श्रीकृष्ण गर्भवास लीला ( ११ )

हूँनू भो बलदेव् प्रकट् जब यही * रित्ले अनी फेर् त्यहाँ ।
पाल्नू भो तब कृष्ण देवकिजिका * आठौं त गर्भै महाँ ।।
यो देखीकन शीघ्र गोकुल महाँ * ती 'योगमाया' गइन् ।
कन्या भैकन गर्भमा यसुमती * जीका ति पस्ती भइन् ।।१।।

यस्को गुह्य म खोल्छु आज नृपते! * कौनै दिवस्मा त्यहाँ ।
संयोग्ले यसुदा र देवकिजि स्नान् * गर्नै भनी तीर् महाँ ।।
जाँदा भेट् दुइको भयो र यमुना- * जीका जलैमा अनी ।
स्नानादी गरि दुइ आपस महाँ * बात् गर्न लागे पनी ।।२।।

बात् गर्दा दुइले कथन् जब गरे * सुख्दुख् दुवैको जसै ।
खूशी भै यसुदाजिले गरिलिइन् * साम्ने प्रतिज्ञा तसै ।
तिम्रा बालक पाल्दिनेछु खुशि भै * गोकुल् पठाई दिए ।
मेरा बालकलाइ प्यारि ! तिमिले * खुस्भै सह्यारी लिए ।।३।।

तेती आपसमा मतो गरिलिई * ती दूइ नारी त्यहाँ ।
बीदा-बारी भई उठी चलि गए * फर्केर घर्-घर् महाँ ।।
सोही औसरमा ति लक्ष्मिपतिले * मन्मा विचार् यो गरी ।
धर्मस्थापन गर्न लाइ प्रभुजी * पाल्नू भयो धीर्धरी ।।४।।

अष्टम् गर्भ रह्यो ति देवकिजिको * भन्ने खबर् यो जसै ।
सून्यो त्यस् खल कंसले पुगिगयो * दौड़ेर झट् पट् तसै ।।

चौकी घेर् पहरा खटन् गरि दियो * त्यस् बन्दिखाने महाँ ।
थीए श्रीवसुदेव देवकि विपद् * पाई रहेका जहाँ ॥५॥



यत्ने पूर्वक खूब दैत्य हरूको * चौतर्फि घेरा दिई ।
डाकी फेर् वसुदेवलाइ नगिचै * भन्दो भयो इख् लिई ॥
सून्यौ हे वसुदेव ! बात् जति थियो * तिम्रो उ मानी लिएँ ।
अष्टम् पुत्र बुझाइ दीनु तिमिले * यै आज सूचन् दिएँ ॥६॥
यस्ता रीत्सित हप्किदप्कि गरि खूब् * ताकिद् गरी घेर् त्यहाँ ।
फर्क्यो कंस महल् तरफ् डर लिई * व्याकुल् भई मन् महाँ ॥
भोक् तिर्खा निद त्यागि केवल असुर् * सुर्ता बहुतै गरी ।
लाग्यो कालरुपि कृष्ण देख्न दशादिक् * आठैप्रहर् डर् पसी ॥७॥
यै बिच्मा वसुदेव देवकि दुवै * यो पुत्र कुन् चाल् गरी ।
बाँच्ने हो भनि चिन्तितै अति थिए * ठूलो सकस्मा परी ॥
रात्-दिन् कष्ट सहेर श्रीहरिजिको * मन्मा पुकारा गरी ।
बस्थे त्यै बिच स्वप्न बक्सनु भयो * श्रीकृष्णको रूप् धरी ॥८॥
चिन्ता केहि नलेउ जल्दि म जनम् * लीएर् सब् दुख् जती ।
हर्नेछू तिमि हेरु भक्त सबको * येती भनी श्रीपती ॥

अन्तर्ध्यान् हुनुभो जसै दुइ जना * नारी-पुरुष्ले त्यहाँ ।
जागी स्वप्न कही परस्पर बहुत् * खूशी भए मन्महाँ ।।९।।

ब्रह्मा, रुद्र, कुबेर, इन्द्र पनि सब् * द्यौता हरू त्यै घरी ।
आए गुप्त भएर बन्दि-गृहमा * आफ्नू अगम् रूप् धरी ।।
हात् जोरी पहिले प्रणाम गरि फेर् * वेद्का ऋचाले त्यहाँ ।
लागे गर्भ-स्तुती ति गर्न सबले * गद्गद् भई मन्महाँ ।।१०।।

चाँडो हे भवका पती ! प्रकट भै * दानव् कुलै नाश् गरी ।
हर्नू होस् सब पीर भक्त जनको * श्रीकृष्ण औतार् धरी ।।
सुन्थे वेद-ध्वनि फगत् सब जना * देख्नै कसैले पनी ।
तिन्लाई नसकी चकित् भइ रहे * आश्चर्य भो लौ भनी ।।११।

विश्वास् श्रीवसुदेव देवकि कनै * पर्दो भयो त्यस् घरी ।
औतार् ली भगवान् अवश्य सब दुख् * हर्नन् अगाड़ी सरी ।।
येती गर्भ-स्तुती सुनाइ कन फेर् * श्रीशूकदेव् ले त्यहाँ ।
भन्नू हुन्छ अगाडि फेर् हरि-लिला * खूशी भई मन्महाँ ।।१२।।

---

कंस संभ्रम लीला ( १२ )

राजन् ! उ कंस जब, देवकि छेउ पौंच्यो ।
देखेर तेज अधिकै, मन भित्र झस्क्यो ।।
वैलाई कंस घर तर्फ, फिर्‍यो जसैता ।
सब् बुद्धि-सुद्धि गइ, मूढ भयो तसैता ।।१।।

काल्को कला शरिरमा, जब पस्न गैगो ।
ज्ञान् चेत् हराइ कन, तेज रहीत भैगो ।।

त्यो कंसका उपर, काल सवार हूँदा ।
झन् बुद्धि बिग्रन गयो, सब हेरी लींदा ॥२॥

मन्मा कडा अधिक शूल, पसेर छट् पट् ।
गर्दै उठी घर गयो, विर कंस झट् पट् ॥
राज्काजको सकल, काम त भूलि दीयो ।
को कृष्ण हो ? उ छ कहाँ ? भनि संझि लीयो ॥३॥

आकाश वाणि पनि सम्झि अती डरायो ।
मर्छू अवश्य भनि निश्चय जानि लीयो ॥
मिथ्या हुँदैन कहिल्यै पनि देव वाणी ।
भन्थे सबै ऋषिहरू यि कुरा बखानी ॥४॥

शुद्धि छैन निशिदिन् पनि कत्ती ।
भोक प्यास पनि छैननि रत्ती ॥
चेत छैन उडिगो सब शेखी ।
कान्ति दूर भइगो भय देखी ॥५॥

बात चीत रतिभर् न सुनीने ।
सुत्नु उठ्नु पनि दिक्क न हर्ने ॥
खान पान तिर मन् पनि छैन ॥
चित्त छिन्भर कतै अडिदैन ॥६॥

घोच्छ चस्चसी पसी हरि ज्योति ।
छैन चेत् फुसकिए पनि धोती ॥
होश छैन रतिभर् उडि गैगो ।
कंस पागल सरी ठिक भैगो ॥७॥

घूम फीर पनि काहिं नगर्ने ।
एक पल् गइ कतै न अडीने ।
दीन दीन घटिगो सब कान्ती ।
हुन्छ हर्घडि तहाँ भुल भ्रान्ती ॥८॥

काल चक्र शिरमा घुमनाले ।
स्वप्न घेर घटिया हुन थाले ॥
दीन दीन यसरी बढि कष्ट ।
भैगयो सब शरीर् घटि नष्ट ॥९॥

केहि बेर् पछि अली सुर आयो ।
राज काज तिरमा मन लायो ॥
सम्झि सोच अलि चेत फिरायो ।
दौडि देवकि भए तिर आयो ॥१०॥

फौज घेर् अरु कडा गरि दीयो ।
उर्दि सब्कन यहाँ यहि दीयो ॥
जन्मि जान्छ जब बालक याहाँ ।
जल्दि भन्नु मकनै गइ वाहाँ ॥१२॥

गर्छ लङ्घन हुकुम् यति जस्ले ।
खान्छ सास्ति अधिकै पछि त्यस्ले ॥
येति उर्दि सबलाइ सुनाई ।
कंस घर् तिर फिर्‍यो घबराई ॥१२॥

—*❀*—

देवकी विरह लीला ( १३ )

राजन् ! ति देवकि अनी वसुदेव ताहाँ ।
बस्थे भएर अधिकै दुखि चित्त माहाँ ॥

दिग्दारि मानिकन देवकि स्वामिलाई ।
भन्छिन् हुनामि टरदैन कती बचाई ॥१॥

हे नाथ! अखिर छ अष्टम गर्भ येही ।
बाँच्ने उपाय यसको बुझिंदैन केही ॥
पैदा भए पछि त कंस कुदेर आई ।
मार्नेछ पक्कि सहजै रति देर् नलाई ॥२॥

बाँच्ला कसोरि अब बालक दुष्ट देखी ।
बाँचे त बालक उडाइ दिनेछ शेखी ॥
थाहै नभै कहिं सुटुक्क पुऱ्याइ दीने ।
ये हो बखत् इ सब युक्ति विचारि लीने ॥३॥

कुन् कर्म हामिहरुले पहिले गरीयो ।
तेस्को नितान्त फल यो दुखमा परीयो ॥
कुन् पापले यसरि निष्ठुर दैव भैगो ।
जो सारको चिज थियो उ लिएर गैगो ॥४॥

हाम्रो प्राण त राख्न मुस्किल भयो * पैल्है विवाहै महाँ ।
बाँच्यौं झन् दुख धेर् बढेर थुनियौं * यो बन्दिखाना महाँ ॥
तेसैले पनि कम्ति भै कन शिशू- * को शोक धेरै परी ।
दिन्‌दिन् रुन्छु म फाटि छाति पिरले * रोकिन्न बाधा परी ॥५॥

यस्ता दुःख पुकार् सुनेर वसुदेव् * भन्छन् अती प्रेमले ।
प्यारी! काल गती यही छ गरुँ के * टर्दैन क्यै यत्नले ॥
जुन् बात्‌मा यतिसंम कष्ट सहियो * हामी दुईले यहाँ ।
तेही अष्टम गर्भ प्यारि! अहिले * छोपिन्छ छोपी कहाँ ॥६॥

आगो लाइ खरानि भित्र जसरी * छोपिन्छ छोप्ता महाँ ? ।
कस्तूरी कन छोपि वास उसको * लुक्तैन कत्ती कहाँ ॥
प्यारी ! अष्टम गर्भ तेहि सरिको * जानेर लेऊ यहाँ ।
कोटी सूर्य उदाउँदा सरि प्रकाश् * भै रेछ संसार् महाँ ॥७॥

यस्ले येहि बुझिन्छ कष्ट जति हो * भोगी सक्यौं हामिले ।
प्यारी ! ईश्वर के शरण् परि बसौं * एकाग्र भै प्रेमले ।
सारै धैर्य भएर दुःख परदा * बस्नू न कातर् बनी ।
एक् दिन् निश्चय भाग्यको उदय भै * छुट्नेछ सब् दुख् पनी ॥८॥

यस्ता रित्सँगका कुरा गरि दुवै * सूती गए निद् परी ।
सारै सुन्दर स्वप्न ती दुइकनै * हूँदो भयो त्यो घरी ॥
आयो जल्दि प्रकाश् हुने बखत लौ * चिन्ता हटाऊ भनी ।
साम्ने भै हरिले जसै कहनुभो * बिर्से सबै दुख् पनी ॥९॥

श्रीकृष्ण जन्म लीला ( १४ )

राजन् ! जन्म हुने जसै बखत भो * श्रीकृष्णजी को त्यहाँ ।
जीव् जन्तु पशु पक्षि हेरु सबका * खुप् हर्ष भो मन् महाँ ॥
हर्षैले गरि वृक्ष वन् र उपवन् * सम्पूर्ण थीए जती ।
फल्फूल् लागि गएर शोभित भए * वर्णन् गरूँ धेर् कती ॥१॥

सूकेका नदि कूप् तलाउ पनि सब् * जल्ले भरी भै गए ।
वृक्षै माथि बसेर पंछि पनि सब् * गान् गर्न लाग्दा भए ॥
घर् घर् गाउँहरू सबै स्थलमहाँ * आनन्द मङ्गल् गरी ।
लागे ब्राह्मण हेरु यज्ञ गरनै * वेदपाठ् गरी त्यै घरी ॥२॥

आकाशमा बसि देवनारि हरु फेर् * धौता र किन्नर् पनी ।
गर्थे वर्षण फूलको जय हरी ! * श्रीकृष्ण ! माधव् ! भनी ॥
यस्तै रितिसित हर्ष सब्कन भयो * प्राणी तहाँ जो थिए ।
औतार् लीन भनेर कृष्ण प्रभुले * मन्सुब् तुरुन्तै लिए ॥३॥

तीथी अष्टमि भाद्र-कृष्ण बुधवार् * भो अर्ध-रात्री जसै ।
मायाले हरिका निदाइ पहरा * पाले सुते सब् तसै ॥
नक्षत्रै शुभ रोहिणी जब भयो * सोही बखतमा हरी ।
औतार् लीनु भयो प्रकट् तहिं भई * चार् बाहुको रूप् धरी ॥४॥

श्रीचन्द्र झैं मुख-कमल् अरु रङ्ग काला ।
सुन्दर् नयन् कमल झैं, अति तेजवाला ॥
शिर्मा मुकुट् छ उर कौस्तुभ मोति माला ।
ब्रह्माण्डका अधिपती, भवका उज्याला ॥५॥

पैह्री कटी बिच पिताम्र-, बर दिव्य भारी ।
शंखै र चक्र करमा, अरु पद्मधारी ॥
सारा चराचर जगत्, कन मोह पारी ।
हूनू भयो प्रकट कृष्ण, हरी, मुरारी ॥६॥

ये रित्को हरिले चतुर्भुजि स्वरूप् * धारण् गरी रात्महाँ ।
दर्शन् श्रीवसुदेव देवकि कनै * दीनू भयो जब् त्यहाँ ॥
खूशी भै गरि दिव्य दर्शन प्रभू- * जीको दुवै छक् परी ।
मन्मा ताहिं विचार् गरी बुझिलिए * हुन् यी जगन्नाथ् हरी॥७॥

चीन्ही आदि पुरुष् भनेर दुइले * लत्रेर पाऊ परे ।
गद्गद् भैकन फेरि सामु हरिका * हात् जोरि बिन्ती गरे ॥

धन्यै भाग्य रहेछ हामि दुइको * हे नाथ् ! हजुर्ले यहाँ ।
दर्शन् आज दिई, गरी दिनु भयो * उद्धार पलभर् महाँ ॥८॥

बिन्ती येति गरेर फेर् अघि तहाँ * जुन् जुन् प्रकार्ले जती ।
थीयो दुःख उ कंसबाट जति जो * सम्पूर्ण एकेक् रती ॥
बिन्ती पारि लिएर सूनि सब त्यो * श्रीकृष्णजी ले पनी ।
आधार् दीकन मर्जि भो मन महाँ * चिन्तानल्यौं क्यै भनी॥९॥

तिम्रो दुख् हरना निमित्त हुन गो * औतार मेरो यहाँ ॥
गर्नू तैं पनि येति काम तिमिले * डर्भर् न ली मन् महाँ ।
जाऊ लौ वसुदेव् मलाइ लिइ झट् * गोकुलमहाँ यै घरी ।
कन्या एक् यशुदाजिका घर महाँ * जन्मेकि छन् सुन्दरी॥१०॥

राखी दीनु मलाइ ताहिं लगि फेर् * कन्या तिनै ली यहाँ ।
फर्की आउनु लौ गरेर झट-पट् * शंका न ली मन् महाँ ॥
त्यै कन्या दिनु कंसलाइ र अनी * कारण् जउन् हो सबै ।
पर्ने गोकुल आज जानु मइले * भन्छू सुनील्यौ अबै ॥११॥

पूर्वैकाल महाँ ति नन्द यसुदा * दूवै जनाले भई ।
मेरो ध्यान् सित तप् गरे दुख कठिन् * सङ्कष्ट हेरू सही ॥
यस्तो तप् तिनि दूइले जब गरे * मैमा भई लीन् त्यहाँ ।
साह्रै खूशि भएर वर् दिन गएँ * तिन्का अगाडी महाँ॥१२॥

पाऊँ पुत्र हजुर् समान भगवन् ! * हामी हरूले भनी ।
मागे खुश् भइ सोहि वर् पनि दिएँ * साह्रै दयालू बनी ॥
फेर् तीमी हरुले पनी अघि ठुलो * कश्यप् अदीती बनी ।
गर्दा तप् तिन जन्म सम्म हरि-रुप् * पुत्रै म पाऊँ भनी॥१३॥

माग्दा पुत्र म लौं हुनेछु भनि यो * वर्दान् दिएको थिएँ ।
सोही पूर्ण गराउने भनि यहाँ * यो जन्म मैले लिएँ ॥
फेर् कंसादि असुर् विनाश् गरि सबै * भू-भार् उतारी यहाँ ।
मिल्नै आइ म बस्छु सत्य बुझिल्यौ * येही मथूरा महाँ ॥१४॥

संझाइ यै तवरले, वसुदेव लाई ।
फेर् धैर्य देवकिजि लाइ पनी दिलाई ॥
त्यो दिव्य-रूप हरिले, अनि फेर् छिपाई ।
थाल्नू भयो रुन त, बालक रूप् बनाई ॥१५॥

माया तहाँ हरिजिको, हुनगो जसैता ।
माता-पिता सकलको, पनि ज्ञान् तसैता ॥
दूर् भैगयो सब उसै, क्षण जानि लीए ।
हुन् पुत्र ई भनि मनै, मन ठानि लीए ॥१६॥

येती विचारि तिनिले त, सहस्र गाई ।
संकल्प झट् गरि लिए, गउदान लाई ॥
येती गरीकन पछी, अनि फेरि ताहाँ ।
लीए हरीकन उठायर, छाति माहाँ ॥१७॥

चुम्बन् गरेर अति प्रेम्-सित राखि काख्मा ।
प्यारो गरे सब मुसारि लिएर गाथ्मा ॥
मुख् हेरि लामु पनि स्वास समेत छोड़ी ।
लागे ति भन्न दुइ दम्पति हात जोड़ी ॥१८॥

यो बालक् कन झट् भगाउन सके * कौनै प्रकार्ले गरी ।
पापीको डर देखि बाँचि सहजै * बस्थ्यौं प्रभू ! यस्घरी ॥

मायामा अनि फेर् भुलेर वसुदेव् * भन्छन् प्रिये ! कर्मको ।
फल् भोग्नू सबले अवश्य पर्ने * हो बात् यही मर्मको ॥१८॥

मार्नू फेरि बचाउनू छ हरिको * हातमा बुझील्यौ सबै ।
उन्को मर्जि बिना कुनै पनि जगत्- * को हुन्न क्यै काम् कबै ॥
प्रीतम्का मुख देखि देवकिजिले * येती सुनी फेर् त्यहाँ ।
हात् जोरी विनती गरिन् प्रियपती ! * भन्छू म एक् बात यहाँ॥२०॥

'नाथ्के मित्र ति नन्दजी जउन छन् * गोकुल् महाँ यस्घरी ।
पाल्नूहोस् लिइ पुत्र, रोहिणी पनी * छन् खूब संभार् गरी ॥
राख्ने छन् यसुदा पनी हित गरी * बालक् उपर् प्रेम् धरी ।
गर्नेछन् सब खातिरी जतन ती * हाम्रा सबै दुख् हरी ॥२१॥

प्यारीका यि कुरा सुनेर वसुदेव् * व्याकुल् भई फेर् त्यहाँ ।
भन्छन् 'बन्धन यो कठिन् कसरि लौ * तोड़ेर जाऊँ वहाँ' ॥
कारागार वरीपरी छ पहरा * अत्यन्त भारी कड़ा ।
नाना शस्त्र लिएर राक्षस हरू * छन् सब् तहाँ ती खड़ा॥२२॥

येती बात कहे जसै ति वसुदेव् * जीले तहाँ त्यै घरी ।
बन्धन् खुल्नगए उसै बखत सब् * ईश्वर् कृपाले गरी ॥
फेर् पाले पहरा हरू पनि सबै * थीए जती लठ् परी ।
मायाले हरिका बिचेत् भइ लडे * भैंमा ति मुर्दै सरी ॥२३॥

श्रीकृष्ण गोकुलप्रवेश लीला ( १५ )



ढोका हेरु पनी सबै खुलि गए * आफैं खटाखट् गरी ।
यो देखी वसुदेवले पनि खुशी * भै कृष्ण लाई धरी ॥
डाली माथि सुताइ खूब् जतनले * आफ्ना शिरैमा धरी ।
गोकुल् जान भनेर् झट् हिंड़िगए * प्रेमका वशैमा परी ॥१॥

एक् ता रात अँधेरि फेरि जलको * वृष्टी बहूतै भई ।
गर्जन्थे पशु व्याघ्र सिंह पनि फेर् * सोही बखत्मा गई ॥
आए श्रीयमुनाजिका तट महाँ * ताहाँ वसूदेव् जसै ।
देखी खूब विकट् प्रवाह नदिको * लागे विचार्नै तसै ॥२॥

कस्ता रित्सित पार् तरूँ अगम यो * भेलै नदीको यहाँ ।
देख्छू गर्जन सिंहको पनि कठोर् * सुन्छू म यो वन् महाँ ।
चिन्तन् यै रितले गरेर मनमा * फेर् कृष्णको ध्यान् धरी ॥
साहस् ली यमुनाजिका जलमहाँ * पस्दा भए त्यै घरी ॥३॥

जत्ती श्रीवसुदेव् अगाडि जलमा * जान्थे उतीनै त्यहाँ ।
लागिन् श्रीयमुनाजि बढ्न वसुदेव् * व्याकुल् भए मन्महाँ ॥

बढ्दै जल् यमुनाजिको जब पुग्यो * नाक्सम्म सोही बखत् ।
साह्रै व्याकुल भै हरी! हरि! भनी * लागे पुकार्नै फगत्॥४॥

देखी श्रीवसुदेव लाइ बहुतै * व्याकुल् हरीले पनी!
आफ्नै पाउ पसारि झट् दिनु भयो * हुङ्कार् गरी फेर् अनी ॥
खोज्थिन् श्रीयमुना पनी हरिजिका * पाऊ कमल्को त्यहाँ ।
स्पर्शै गर्न र स्पर्श झट् गरि घटिन् * खूशी भई मन् महाँ॥५॥

जाउन् जल्दि भनेर ताहिं नदिले * रस्ता बनाई दिइन् ।
पौंचे झट् वसुदेव गोकुल महाँ * जाहाँ यसोदा थिइन् ॥
देखे नन्दजिका पुगेर घरमा * ढोका खुला छन् त्यहाँ ।
निद्राले सब मोह भै लठ थिए * जाहान् हरू घर्महाँ॥६॥

मायाका वशमा परेर यशुदा * लाई रती भर् पनी ।
मालुम् कत्ति थिएन कुन् रित भई * जन्मिन् ति कन्या भनी॥
यो देखी कन कृष्णलाइ वसुदेव्- * जीले शयन्मा धरे ।
कन्या लीकन साथमा उहि बखत् * तिन्ले त प्रस्थान् गरे॥७॥

भ्यालखान्मा रहि देवकी उहि बखत् * फिर्छन् पती लौ भनी ।
गर्थिन् चिन्तन त्यै घरी पति पनी * कन्या लिई साथ् अनी॥
पौंचे देखि खुशी भएर तिनिले * कन्या लिई काख् महाँ ।
लागिन् शोधनि गर्न प्रेमसित कुशल् * वार्ता सबैको त्यहाँ॥८॥

ताहीं ती वसुदेवले पनि दिए * विस्तार वर्णन् गरी ।
सूनी खुशि भएर देवकिजिले * बिन्ती गरिन् प्रेम धरी ॥
हेनाथ्! डर् अब छैन क्यै पनि यदी * त्यै कंस आई यहाँ ।
मारोस् या बरु काटि टुक्टुक गरोस् * हाम्लाइ यै कैद् महाँ॥९॥

वर्णन् येति गरेर फेरि शुकदेव् * भन्छन् प्रजानाथ्! जसै ।
कन्या ली वसुदेव आइ पुगदा * सोही बखतमा तसै ।।
हातमा हत्कड़ि नेल् परे चरणमा * पूर्वै प्रकारले गरी ।
उघ्रेका सब द्वार बन्द हुनगो *आग्लो र ताल्चो परी।।१०।।

माया देवि पनी उही बखत झट् * खुब् उच्च स्वर्ले गरी ।
हल्ला धेर गरी दिइन् उस घरी * मेघ् गर्जिएकै सरी ।।
लागिन् रून सुनेर सोहि पहरा * व्यूँझे सबै त्यस् घरी ।
जन्म्यो शत्रु भनेर राक्षस हरू * खुब् सावधानी गरी।।११।।

हात्मा शस्त्र लिएर धेर् किसिमका * पाले हरू झट् त्यहाँ ।
लागे गर्जन सिंह झैं गरि अवाज् * क्रुद्ध भई मन्महाँ ।।
त्यै बिच्मा पहरा हरू जति थिए * दौड़ेर निस्की गए ।
हात् जोरीकन कंसका नगिच गै * विस्तार गर्दा भए।।१२।।


'हे नाथ्! वैरि हजूरको जउन हो * जन्म्यो अहीले' भनी ।
बिन्ती येति गरे जसै गिरिगयो * त्यो कंस मूर्च्छित् बनी ।।
'आठौं बालक जन्म भो' यति सुनी * त्यो कंस डर्मा परी ।
दौड्यो थर्थरि काँपदै करमहाँ * लाग्ने कटारी धरी।।१३।।

लाल्-लाल् नेत्र गरेर क्रुद्ध भइ खुब् * मार्ने इरादा लिई ।
आयो कंस र देवकी पनि तहाँ * त्यस्माथि दृष्टी दिई ।।
भन्छिन् आँसु गिराइ बालक हरू * मेरा भएका जती ।
मार्नू भो मकनै बहुत् दुख भयो * बिन्ती चढ़ाऊँ कती।।१४।।

छोरी हो यहि एक पेट पुछनी * मेरी, हजुर्को पनी ।
भाञ्जी हो यहि व्यर्थ मारि शिरमा * पाप् मात्र बोक्नूछ नी ।।

तस्मात् बिन्ति म गर्छु बालक अजान् * कन्या उपर् प्रेम् दिई ।
छोड़ी बक्सनुभो भने म बसथें * आधार् यसैको लिई ।।१५।।
यस्तै रित्सित बिन्ति घेर् अरु तहाँ * तिन्ले गरिन् ते पनी ।
खोस्यो निष्ठुर भै म छोड्दिन कसै * यस्लाइ ज्यूँ दै भनी ।।१६।।

योगमाया प्रभाव दर्शन लीला ( १६ )



क्रोध्ले पक्रि उठाइ फेरि जिमिमा * फाल्ने इरादा धरी ।
आँटेथ्यो खलले पछार्न उ बखत् * चम्केर विद्युत् सरी ।।
आकाश्मा उड़ि गैगइन् जब तिनी * आश्चर्य के भो भनी ।
लाग्यो हेर्न र कंसले गगनमा * देख्यो कुमारी पनी ।।१।।

हजारौं सूर्यका झैं टलक अति दिने तेजिली खुब् भएकी ।
आठ् बाहूमा हतीयार् लिइ शशिमुखले बेसरी शोभिएकी ।
कान्मा छन् दिव्य कुण्डल् मणिहरु जड़िते कण्ठमा रत्न-माला ।
पाउजेब् लाइ लाल्लाल् चरणकमलमा, नाड़िमा स्वर्ण-बाला ।।२।।

यस्ती दुर्गा भनेकी भगवति जननीले मनैमा विचारी।
शेखी यस् दुष्टको लौ हरुँ भनिकन फेर् हाँक दे झट् पुकारी॥
भन्छिन् हे दुष्ट! पापी! अधम अझ कती गर्दछस् पाप याहाँ?।
आँटिस् लौ मर्न चाँडै परिकन बुझिले कालका जाल माहाँ॥३॥

मार्लास् पछारि कन के, तँ मलाइ याहाँ?
मार्ने तँलाइ छ खड़ा, ब्रज-भूमि माहाँ॥
सूचन् दिई यहि तवर्, सित देवि फेरि।
झट् विन्ध्यपर्वत गइन्, न गरेर देरी॥४॥

यस्ता वचन् अधमले, जब सूनि लियो।
झट् बैन्हिका नगिच गै, कन त्यो उभीयो।
फेर् बैह्नि-ज्वाइँ सित, ताप लिएर भारी।
भन्दोभयो अति दुखित्, स्वरले पुकारी॥५॥

कंस पश्चात्ताप लीला (१०)

बालक् मारि अकार्थ व्यर्थ भइले * पापमात्र ठूलो गरेँ।
छुट्ला पाप कसोरि यो भन अहो! * साह्रै सकस्मा परेँ॥
धेरै कष्ट दिएँ तिमी दुइ जना * लाई अनाहक् महाँ।
भोग् गर्नू परने छ कुन् नरकमा * मैले गई लौ कहाँ॥१॥

यस्तै रितसित धेर् गरेर विनती * हात् जोरि सामू सऱ्यो।
माफ् गर्नोस् भनि देवकी र वसुदेव्- * का पाउमा त्यो पऱ्यो।
यो देखी वसुदेवले खुशि भई * भन्छन् पृथीवी-पती!।
हाम्रै भाग्य रहेछ हीन प्रभुको * दोष् छैन यस्मा रती॥२॥

यस्तै रितिसित बैन्हि-ज्वाइँ दुइको * सन्मान् बहूतै गरी ।
भूषण्-वस्त्र अनेक् दिई खुशि गरी * बीदा गऱ्यो त्यै घरी ।।
छोड़ी श्रीवसुदेव देवकि कनै * फेर् कंस घर्मा गयो ।
डाकी मंत्रिजि लाइ भन्न रिसले * त्यो पापि लाग्दो भयो।।३।।

कंस सभा वर्णन लीला ( १८ )

'हे मन्त्री ! सुन देविले कहि गइन् * मेरो त बैरी जउन् ।
थीयो अष्टम गर्भ त्यागि व्रजमा * जन्मेछ गै त्यो तउन् ।।
आकाश्वाणि र फेरि नारद पनी * भन्थे मलाई यहाँ ।
आठौं गर्भमहाँ छ काल बुझिल्यौ * पक्का गरी मन् महाँ ।।१।।

त्यो सब् बात झुठो भयो सुरहरू * छन् स्वर्ग बस्ने जती ।
बस्छन् पृथ्विमहाँ जती सब यहाँ * ठान्छू लवार् हुन् तती ।।
दीनू पर्दछ दण्ड-शास्ति अहिल्यै * तस्मात् सबै वीर्हरू ।
मारुन् खोजि ति देवता कन सबै * जो हुन्छ होला बरू'।।२।।

कंसैका मुख देखि येति सब बात् * सूनेर मन्त्री त्यहाँ ।
लाग्यो भन्न उँचो गराइ कन् शिर् * साहास ली मन् महाँ ।।
'ती धौताहरुलाइ मार्न प्रभुनाथ् ! * क्यै छैन ठूलो कुरा ।
छन् कंगालि भिखारि ती सब यहाँ * हामी पुरा छौं शुरा ।।३।।

तिन्को ताकत छैन क्यै रति पनी * नाथ्का अगाड़ी परी ।
देखी सिंह जसोरि स्यालहरू सबै * भाग्छन् उहि रीत् गरी ।।

भाग्नेछन् , अनि फेरि वृद्ध सबमा * ब्रह्माजि जो छन् त्यहाँ ।
थ स्छन् ध्यान-पुजा गरेर सब दिन् * फिक्री न ली मन् महाँ।।४।।


छन् फेरी शिवजी तिनी पनि सधैं * भाँगै धतूरो पिई ।
बस्छन् नित्य गई श्मशान बिचमा * अर्धाङ्गि चाला लिई ।।
डर् योटा अब लौ फगत् रहि गयो * नारायणै को यहाँ ।
गर्छन् ती पनि लक्ष्मिका सँग विहार् * आनन्द पूर्वक् त्यहाँ ।।५।।

डर् कस्को अब फेरि लौ रहिगयो * आज्ञा हवस् , सो भनी ।
मंत्रीले विनती गऱ्यो र अनि फेर् * त्यो कंस वीर्ले पनी ।।
'त्यो नारायण पाउनू कसरि हे * मिल्छा कहाँ यस्घरी ।
चाँडो लौ अहिल्यै बताउ भनि फेर् * सोध्दो भयो झट् गरी।।६।।

त्यस्लाई सहजै म कुन् रित गरी * सक्नेछु जित्नै यहाँ ।
यस् बात्को पनि सब् उपाय कहु लौ * मेरा अगाडी महाँ'।।
त्यो कंसासुरको वचन् कन सुनी * फेर् मंत्रिले त्यै घरी ।
बिन्ती पारिलियो उपाय जुन हो * साम्ने अगाड़ी सरी ।।७।।

त्यो नारायणलाइ जित्न यदि सुर् * राम्रै छ ता लौ अबै ।
गर्नू होस विनाश तिन्कन जती * योगी-मुनी छन् सबै ।।
फेर् ब्राह्मण् तपसी र वैष्णव यती * संन्यासि वैरागि जन् ।
हुन् भक्तै यिनि हेरुको घर गई * नारायणै बस्तछन् ।।८।।

तस्मात् शीघ्र यिनीहरू कन विनाश् * गर्नै भनी यै घरी ।
आज्ञा बक्सनु होस् र बालक बुढ़ा * जो जो जती छन् धरी ।।
सब्लाई दिइ शास्ति मार्नु भनि यो * सल्लाह त्यस्ले जसै ।
दीयो कंस पनी सुनेर मनमा * खूशी भयो फेर् तसै ।।९।।



तत्काल् उर्दि दियो ति राक्षस हरू * सब् लाइ डाकी त्यहाँ ।
आज्ञा पाइ ति राक्षसै हरु सबै * गाऊँ र घर्घर् महाँ ।।
खोजी बालक वृद्ध ब्राह्मण हरू * जो प्राप्त हुन्थे गई ।
लागे पक्रि निमोठि मार्न रिसले * कालै समान्का भई ।। १० ।।

नन्दगृह श्रीकृष्ण जन्मोत्सव लीला ( १९ )

येती श्रीहरिको चरित्र कहि फेर् * श्रीशुकदेव् जी त्यहाँ ।
भन्नू हुन्छ गरेर वर्णन अघी * राजन् कुनै कालमहाँ ।।
पाऊँ पुत्र भनेर नन्द-यसुदा * ले खुब् गरे तप् जसै ।
खूशी भै हरिले पनी उही बखत् * बर्दान् दिए यो तसै ।। १ ।।

जन्मै लीकन आउनेछु भनि झट् * त्रैलोक्यका नाथ् हरी ।
अन्तर्ध्यान् हुनुभो र सोहि अनुसार् * श्रीकृष्ण औतार् धरी ।।
तीथी अष्टमि भाद्रकृष्ण बिचमा * भो अर्ध रात्री जसै ।
पाल्नू भो यसुदाजिको शयनमा * आनन्द पूर्वक् तसै ।। २ ।।

ब्यूँझिन् श्रीयसुदा र देखि हरिको * सुन्दर् कमल्-मुख् त्यहाँ ।
छोरो लौ हरिले दिए भनि अती * खूशी भई मन् महाँ ॥
डाकिन् नन्दजिलाइ फेर् उहि घरी * जन्मे सुफल् भो भनी ।
पुत्रैको मुख देखि खुब् खुशि भए * ती नन्द बाबा पनी ॥३॥

ताहीं पण्डित ज्योतिषी हरु सबै * डाकेर आदर् गरी ।
आसन् माथि बसालि शोधनि गरे * श्रीनन्दले त्यै घरी ॥
बालक्का सब लग्न राशि तिथि योग् * मूहूर्त्त एकेक् सबै ।
हेरी फल् गणना गरेर सब हाल् * आज्ञा हवस् लौ अबै ॥४॥

पण्डितहेरु पनी उसै बखत खुब् * खूशी भई मन् महाँ ।
लागे लग्न विचार गर्न बहुतै * उत्तम् विधीले त्यहाँ ॥
फेर् झट् लग्न मुहूर्त हेरिकन सब् * भन्छन् ति पण्डित्हरू ।
छैनन् बालक नन्दजी ! बुझिलिनोस् * यी ईश्वरै हुन् बरू ॥५॥

मारी राक्षस दुष्ट लाइ पृथिवी * को भार् उतारी अनी ।
ब्रजबासीहरुलाइ सौख्य दिइ खुब् * श्रीगोपिनाथ्जी भनी ॥
प्रख्यात् बालक यो हुनेछ भवमा * बिस्तार् गरे यो जसै ।
सूनी नन्दजिले खुशी भइ गरे * दान्-पुण्य धेरै तसै ॥६॥

फेर् गाई दुइ लाख् सुवर्ण सिक्का * खुर् चाँदिका धेर् अरू ।
भूषण् वस्त्र समेत भेटि दछिना * वर्णन् कहाँ तक् गरूँ ॥
यस्तै रित्सित विप्र-पण्डितहरू * लाई अनेक् दान् दिई ।
बीदा नन्दजिले गरे उहि बखत् * आशीष धेरै लिई ॥७॥

धौता ब्राह्मण साधु सन्तकन बेस् * सन्तुष्ट पारे जसै ।
आए फेर् नटिनी र गायक हरू * नट् भाट् नगर्का तसै ॥



सुन्दर् नारि र नर्तकी हरु बहुत् * पारेर ठाँट् बेसरी ।
लागे नक्कल पारि गाइकन खुब् *नाच्नै ति सब् त्यस्घरी॥८॥
फेरी सुन्दर वस्त्र भूषण सबै * पैह्रेर शोभित् भई ।
आए गोकुलमा ति नारिहरु सब् * ग्वालासमेत् सङ् लिई ॥
नाना भेष बनाइ हाँडि दहिका * शिर्का उपर्मा धरी ।
नन्दैका घरमा पुगे उहि बखत् * आनन्द मंगल् गरी ॥९॥
तिन्ले नन्द यशूमती कन बहुत् * रित्ले सह्राई त्यहाँ ।
बैसार्मा दहि हालि छ्यापि सबले * खूशी भई मन्महाँ ॥
लागे खेल्न ति नाचि गाइ जब फेर् * सम्पूर्ण गोकुल् भरी ।
भै गो खूब दही-दही हुन गए * सब् हर्ष-विह्वल् सरी॥१०॥
त्यै फागू दहिको जसै ति सबले * खेली सके त्यै घरी ।
धीदा नन्दजिले गरे सकलको * आदर् बहूतै गरी ॥
यस्तै रित्सित नन्दका घर महाँ * भेट्नै भनी जो गए ।
सब्लाई अति प्रेम-पूर्वक बहुत् * खातीर गर्दा भए ॥११॥
जन्मै श्रीहरिले लिंदा ब्रज महाँ * सब् प्राणि खूशी भई ।
गर्थे कौतुक, लक्ष्मिले पनि गरिन् * वास् फेरि ताहीं गई ॥

त्यै विच्मा जब नन्दले सुनिलिए * बालक् हरू सब् धरी ।
आज्ञाले गरि कंसको दनुज सब् * लीएर जान्छन् हरी ॥१२॥

डर् मानी बहुतै उसै बस्न झट् * खूशी गराऊँ भनी ।
दूध् माखन् धनरत्न चिज्-बिज अनेक् * लीएर नम्रित् बनी ॥
सब् ग्वालबाल् मिलि नन्दजी कन लिई * कंसै भएमा गए ।
आफ्नू कौड़ि बुझाइ दी नगरि देर् * गोकूल फिर्दा भए ॥१३॥

## वसुदेव नन्द सम्मेलन लीला ( २० )

पूगे नन्द जसै उहीं त यमुना * जीका पनी तिर् महाँ ।
आए नन्द भनी खुशी भइ वसू- * देव्जी पनी फेर् त्यहाँ ॥
पौंची भेट गरेर दुइ जनले * वार्ता कुशल्को गरी ।
ताहीं फेरि त अङ्कमाल् पनि गरे * बाहू परस्पर् धरी ॥१॥

क्षेम् कुशल् सब शोधि फेरि वसुदेव् * भन्छन् तपाईं सरी ।
हित् गर्ने मित क्वै पनी नजरले * देख्तीन संसार् भरी ॥
मेरी रोहिणि पत्नि गर्भवति थिन् * राखी शरण्मा अती ।
गर्नूभो उपकार् जती उ मईंले * गर्नू बखान् लौ कती ॥२॥

फेर् संझी वसुदेवका सकल दुख् * दुःखित् भई मन्महाँ ।
भन्छन् नन्दजि दुख् सह्यौ अतिकड़ा * तीमी दुईले यहाँ ॥
छोरा देविकिका जती हुनगए * सब् कंसका हात् परी ।
नाशीए भनि सुन्छु छोरि भइथिन् * योटी अती सुन्दरी ॥३॥

विद्युत् भै कन ती पनी उड़िगइन् * आकाश् गतीले गरी ।
यी बात् नन्दजिका सुनेर वसुदेव् * जीले पनी त्यै घरी ॥

सम्झाईकन भन्नु भो सुन सखे ! * यो कर्मको फल् यहाँ ।
भोग्नै पर्छ अवश्य जान्नु सबले * टारेर टर्थ्यो कहाँ ॥४॥

यस्तै रित्सित ज्ञानका कहि कुरा * फेरी उपाधी सबै ।
कंसैको जति हो बयान् गरि अनी * जानू हवस् लौ अबै ॥
उत्पात् धेर हुनेछ फर्कनु हवस् * येती भनेथे जसै ।
सुन्नासाथ् अतिव्याकुलै भइ चले * श्रीनन्दजी झट् तसै॥५॥

श्रीकृष्ण दर्शनार्थ शिव ब्रजागमन लीला ( २१ )

राजन् ! जसोरि शिव, भेटन कृष्णलाई ।
जाँदा भए ब्रजमहाँ, कति देर् न लाई ॥
भन्छू विचित्र छ कथा, ब्रजमा भएको ।
श्री शम्भुका पनि खुशी, मनमा भएको ॥१॥



योगी स्वरूप लिइ, नन्द कहाँ सरासर् ।
आए सदाशिव भयंर, अती भयंकर् ॥

द्वार्मा खड़ा भयि अलख् भनि शब्द गाए ।
हात्मा लिई डमरु, डिंडिम खुब् बजाए ।।२।।

गोपाल बाल सुनि शब्द तहाँ डराए ।
दौडी सबै घरमहाँ पसि लुक्न आए ।।
देखी कुकुर् वरिपरी, घुमि भुक्न लागे ।
भूत्-प्रेत हेरु डरले, सब दौडि भागे ।।३।।

देखेर योगि कन, नन्दकि रानि ताहाँ ।
भिक्षा जुटाउँदि खुशी, भइ चित्त माहाँ ।।
हात्मा लिईकन सुवर्ण, कि थालि ताहाँ ।
मोती र माणिक जुहार् हरु हालि वाहाँ ।।४।।

त्यौ योगि थाप भिख लौ, भनि दीन लाई ।
सामू खड़ी भइ गयिन्, कति देर् न लाई ।।
देखेर योगि पनि, भन्छन सामु आई ।
चाहिन्न त्यो भिख त, कत्ति मलाइ माई ।।५।।

हूँ जोगि माइ म त, जंगल-बासि फुस्रो ।
के काम लीनु मणिको, भिख आज थुप्रो ।।
राखे गृहस्थि हरू, लाइ त काम दिन्छ ।
लीएर हामि कन त्यो, दुख धेर हुन्छ ।।६।।

द्यौ बाल कृष्ण हरिको, भिख हेर्न लाई ।
खूशी हुनेछु हरि-दर्शन आज पाई ।।
गर्छु म दर्शन भनी. कन खूशी मानी ।
आई रहेछु शिशु, हेर्न योग्य ठानी ।।७।।

ल्याएर देउ शिशु, हेरि फिरेर जान्छु ।
नौ रत्न देखि बढिया, म त तेहि मान्छु ।।
मिल्दैन दर्शन कसै, कन बाल रूपको ।
चाहिन्छ घेर तप, दर्शन लाइ तिन्को ।।८।।

येती सुनेर जननी, अति हड्बडाईं ।
भन्दी भइन् मन महाँ, अधिकै डराईं ।।
छौ जोगि अद्भुत तिमी, भयकारि घेर ।
छन् बाल कृष्ण अधिकै, सुकुमार हेर ।।९।।

कैला जटा अति, भयंकर मूख रातो ।
देखेर जान्छ कि डरायर, आज सातो ।।
यो जिद्दि छोड़ अहिले, यहि बात जानी ।
थापेर भीख फिरि, जाउन खूशि मानी ।।१०।।

फर्काउँ योगि म कसो, गरि खालि याहाँ ।
यै निम्ति बिन्ति म त, गर्दिछु तीमि माहाँ ।।
हे योगि ! थाप भिख यो, लिइ जाइ जाऊ ।
क्यै बाल-रक्षक बुटी, हरु दीइ जाऊ ।।११।।

येती सुनेर शिवजी, पनि फेरि भन्छन् ।
माइ गराउ तिमिले, मन लाइ कञ्चन् ।।
क्यै गर्छ की भनि, डराउन चित्त माहाँ ।
पर्दैन देउ शिशु हेरन लाइ याहाँ ।।१२।।

दिन्छू बिभूत पनि, एक टिका लगाईं ।
तेस्ले दिनेछ भुत, डाकिनि सब् भगाईं ।।

देखेर योगि कन, रोग टरेर जाने ।
बालादि दुष्ट ग्रह, आदि डरेर जाने ॥१३॥

येती सुनी कन, यशोमति फेरि ताहाँ ।
भन्दी भइन् द्विविध, लीकन चित्त माहाँ ॥
धूँ की न धूँ कसरि, खालि दिनू फिराई ।
देलान् शराप न दिए, बहुतै रिसाई ॥१४॥

देखाइ दिन्छु उपकार्, हरु केहि गर्नन् ।
नाहीं त निश्चय ठुलो, तिनि कोप धर्नन् ॥
येली विचारि मनमा, तहिं कृष्णलाई ।
ल्याएर हेरन दिइन्, तहिं शम्भु लाई ॥१५॥

खुशी भएर शिवले, पनि पाइ दर्शन् ।
राखेर काख बिचमा, हरिलाइ हेर्छन् ॥
ती माइको मन बुझाउन फूक-फाक ।
श्रीशम्भुले गरि दिए, सब ठीक-ठाक ॥१६॥

फेर् झोलि बाट बिभुती, पनि झीक्कि लीए ।
श्रीकृष्णका शिर महाँ, तहिं लाइ दीए ॥
संझेर रूप हरिको, अति चित्त माहाँ ।
गर्दा भए स्तुति सदा-शिव फेरि ताहाँ ॥१७॥

हे हे प्रभो ! हजुरको, गुण-गान जानी ।
सक्तैन कोहि पनि, रूप यहाँ बखानी ॥
हे नाथ ! क्षुद्र म छु, शम्भु यहाँ चरण्मा ।
पर्छू म ता हजुरका, अहिले शरण्मा ॥१८॥

यी पृथ्विको सकल भार् , अब पार गर्नौस् ।
दुःखी र भक्त हरुका, दुखलाइ हर्नौस् ॥
यै निम्ति आज प्रभुको, अवतार् भएको ।
यो लोकको सकलको दुख पार् भएको ॥१८॥

श्री शम्भुले यसरि धेर् , गुण गान गाई ।
डिं डिं अवाज गरि फेर् , डमरू बजाई ॥
बीदा भएर हरिका, सँग फेरि ताहाँ ।
फर्की गए शिव तहाँ, कइलाश माहाँ ।२०॥

श्रीबाल कृष्ण हरिजी, ब्रजमा हुनाले ।
सब् चीज हेरु बढ़िया, सँग हून थाले ॥
फल् घाँस-पात बिरुवा, बढ़ि फूल धेर ।
गाई र गोप हरुको, सुख भो अपार ॥२१॥

यो बाल कृष्ण हरिको, जसले चरित्र ।
गर्नेछ पाठ उसको, भइ शुद्ध चित्त ।
यो लोकमा गउ र, संपत्ति वृद्धि होला ।
आखिर् मरेपछि पनी, बुझ मुक्ति मिल्ला॥२२॥

—*❀*—

नामकरण लीला ( २२ )

राजन् ! श्रीवसुदेवले उस घरी * श्रीगर्ग लाई त्यहाँ ।
डाकी बिन्ति गरे गुरो ! हजुर लौ * जानू हवस् ब्रज् महाँ ॥
यस्ता बात सुनेर गर्ग खुशि भै * जानू भयो त्यो घरी ।
देखी नन्दजिले पनी गुरुकनै * संमान् गरे बेसरी ॥१॥

छेमूका बात गरेर गर्गजि तहाँ * श्रीनन्द लाई पनी ।
भन्छन् काम् लिइ गुप्तको म अहिले * गोकूल आएँ भनी ॥
छोराको शुभनाम लौ हजुरले * बीधी विधानूले गरी ।
राख्नोस् गै वसुदेवले भनि दिंदा * आएँ म लौ यो घरी ॥२॥

गर्दामा पनि कंसको छ डर धेर् * यस् निम्ति गुप्तै गरी ।
गर्नू पर्दछ काम हेरु न चुकी * गर्ने जती यो घरी ॥
क्यै थाहा यदि कंसमा मिलि गए * हाम्रो पनी दुर्दिन ।
पारी दिन्छ र गर्नु पर्छ अहिले * यो काम लूकी कन ॥३॥

आज्ञा गर्गजिको सुनेर खुशि भै * बिन्ती गरे नन्दले ।
राखें पुत्र गुरो ! नुवारन न भै * जान्ला भनी कंसले ॥
ऐले हे गुरुजी ! नुवारन यहाँ * दूवै शिशूको गरी ।
कस्तो भाग्य रहेछ फेरि शिशुको * हेरी दिनोस् यो घरी॥४॥

बिन्ती नन्दजिको सुनेर ऋषिले * खूशी भई फेर् त्यहाँ ।
भन्नूभो लगि झट्ट सोहि घरि एक् * एकान्त ठाऊँ महाँ ॥
प्रोहित् यादव हेरुको म हुँ यहाँ * तिम्रा कुमार्को जसै ।
नाऊँ राखि दिंदा सबै जन वहाँ * शङ्कीत हुन्छन् तसै॥५॥

चाल् पायो यदि कंसले सब कुरा * गोकुल् महाँ लौ गई ।
राखे नाम् मुनि गर्गले भनि बहुत् * त्यो दुष्ट क्रुद्धै भई ।
गर्ला झन् अति औधि दुष्ट मतिले * मेरा उपर्मा पनी ।
राखी ईख् मनमा उपाधि बहुतै * गर्नेछ शत्रू गनी ॥६॥

यस्ता गर्गजिका सुनी प्रिय-वचन् * श्री नन्दजीले पनी ।
फेर् बिन्ती ऋषिश्यैं गरे सकल काम् * गर्नेछु गुप्तै भनी ॥

यस्तो विन्ति ति नन्दको सुनि बहुत् * खुशी भई मन् महाँ ।
शोधे गर्गजिले तिथी जनमको * बालक्हरूको त्यहाँ ॥७॥

शोधी लग्न ति थीविधी सित अनी * नामकर्ण ठिक्ठाक् गरी ।
भन्छन् फेर् मुनि गर्गजी सुन यहाँ * हे नन्दजी ! ध्यान्धरी ॥
रोहीणी-सुतको त नाम सुनिल्यौ * यी यी हुनेछन् यहाँ ।
बल्देव् श्रीबलराम रेवतिरमण् * बल्वीर् बली सब्महाँ॥८॥

संकर्षण् हलधर् अरू पनि अनेक् * नाम् जान्नु तिन्का अनी ।
तिम्रा पुत्र त कृष्ण-रूप प्रभु हुन् * साक्षात् जगत्का धनी ॥
नाम् यिन्का अनगिन्ति छन् म कसरी* वर्णन् गरूँ यस् घरी ।
वासूदेव र कृष्ण नाम धरि यी * प्रख्यात हुनेछन् हरी ॥९॥

"यिन्को बल् गुणको पनी प्रभु ! यहाँ * विस्तार केही गरी ।
इच्छा पूर्ण गराइ बक्सनु हवस् * हाम्रा उपर् प्रेम् धरी" ॥
साह्रै नम्र भएर यस् रित गरी * बिन्ती गरे फेर् त्यहाँ ।
प्रश्नै येति सुनेर गर्ग मुनि फेर् * भन्छन् अगाडी महाँ॥१०॥

वर्णन् के म गरूँ न जानि सकनू * यिन्को छ अद्भुत् गती ।
साक्षात् ईश्वर जानिल्यौ यि हरि हुन् * ब्रह्माण्ड भर्का पती ॥
कंसैलाइ निभाइ भार भुमिको * हर्ने इरादा धरी ।
जन्मे बालक भै प्रकट् स्वरुपले *साक्षात् रमानाथ् हरी॥११॥

गर्नन् कार्य ठुला-ठुला जगतमा * आश्चर्य होला अती ।
मालिक् हुन् यि त पूर्णब्रह्म भगवान् * श्रीकृष्ण लक्ष्मी-पती ॥
यै रित्ले बलराम कृष्ण भनि नाम् * राखेर झट्पट् अनी ।
फर्के गर्ग ऋषी उसै बखतमा * जान्छु म ऐल्हे भनी॥१२॥

खूशी भैकन नन्दले उहि बखत् * गौदान् दिए धेर् जसै ।
आशीर्वाद् दिइ गर्गजी पनि गए * आफ्ना नगर्मा तसै ।।
यै रित्ले गरि राम-कृष्ण दुइको * न्वारान् गराई वरी ।
आए श्रीवसुदेवका समिपमा * श्रीगर्गजी त्यो घरी ।।१२।।

पूतनावध लीला ( २३ )

भन्छन् फेर् शुकदेवजी यही कथा * विस्तार पूर्वक् गरी ।
राजन् ! हूकुम कंसको भइ तहाँ * राक्षस् हरू हर् घरी ।।
मार्थे बालक घूमि-घूमि त पनी * सन्तोष् न भै मन्महाँ ।
कंसैले अनि फेरि डाकि पुतना * लाई अह्रायो त्यहाँ ।।१।।

चाँड़ो गोकुलमा गएर तईंले * बालक्हरू छन् जती ।
मार्नू पक्कि समाति मोह-ममता * मन्मा न ली एक् रती ।।
आज्ञा येति सुनेर खुब् खुशि भई * त्यो पूतना फेर् जसै ।
लागी जान उसै बखत् मन मनै * त्यो शोच्न लागी तसै ।। २।।

जान्छू लौ अहिल्यै गरेर छल खुब् * गोपी समान् रूप् धरी ।
नन्दैका घरमा छ बालक पनी * मानू त चन्द्रै सरी ।।
येती बात विचारि भूषण हरू * पैह्रेर सब् आडम्बरी ।
सुन्दर् मोहिनि रूप् बनाइ कुचमा * खूब् वीष लेपन् गरी।।३।।

यै रित्को धरि कपटि रूप पुतना * गोकुल्महाँ झट् गई ।
हाँस्तै नक्कल पारि नन्द-घरमा * निर्धक्क पस्दी भई ।।
यस्ती मोहिनि रूप धारि पुतना * लाई सबैले जसै ।
देखे मोहित भै रहे सब जना * भूलेर सब् बात् तसै।।४।।

फेरी झट् यशुदाजिका नगिचमा * गै प्रीति पूर्वक् गरी ।
शोधी कूशल-क्षेम आशिष बहुत् * दींदी भई त्यै घरी ॥
हे बैन्ही यशुदा ! चिरञ्जिवि रहोस् * तिम्रो कन्हैया भनी ।
झट् काखमा लिइ कृष्णलाइ स्तनको * पानै गराई पनी ॥५॥



त्यस्को मन्सुब जानि श्रीहरिजिले * पक्री दुवै स्तन् लिए ।
भार् हर्छू भनि चूसि दूध सहितै * प्राण् सम्म चूसी लिए ॥
खैंची प्राण समेत चुस्न स्तन जब् * लागे हरी त्यै घरी ।
लागी भन्न विकल् भएर पुतना * डर्ले पुकारा गरी ॥६॥
तिम्रो पुत्र मनुष्य हैन यमदूत् * जानें, र मैले यहाँ ।
प्रण् गर्छू यदि बाँचि उम्कन सके * आउन्न गोकुल् महाँ ॥
येती बात् यशुदा सितै भनि अनी * भागेर क्यै दूर् गई ।
छोडेनन् भगवानले तर पनी * कालै समान्का भई ॥७॥
निर्जीव् भैकन अन्त्यमा गिरिगई * त्यो पूतना फेर् त्यहाँ ।
गिर्दा जोर्सित भूमि कम्प हुनगो * वज्रै समान् व्रज्महाँ ॥
रोहीणी यशुदाजिले गजबको * यो शब्द सूने जसै ।
रूँदै दौड़ि गए जहाँ थि पुतना * मुर्दै समान्को तसै ॥८॥

तीनैका पछि लागि गाउँभर सब् * आए भयो के भनी ।
देखे फेर् सबले गई कन तहाँ * आश्चर्यको बात् अनी ॥
दाह्रा दूइ भने त फालि सरिका * जीऊ गुफाका सरी ।
मुख् ठूलो दुइ स्तन् छ छाति बिचमा * मानू भयंकर् गिरी ॥९॥

डर्लाग्दा दुइ नेत्र झन् अति ठुला * मानू त कालै सरी ।
देखी ती ब्रजबासि छक् भइ गए * आश्चर्य ठूलो परी ॥
यस्ती घोर्मुखकी भयंकरि अती * राक्षस्नि त्यो पूतना ।
जस्का छाति उपर् चढेर हरि दूध् * खान्थे दिई शासना ॥१०॥

यो देखी ब्रज-नारि हेरु सबले * आश्चर्य माने त्यहाँ ।
व्याकुल् भै हरिलाइ फेर् यशुमती- * जीले लिइन् काख्महाँ ॥
साह्रै प्रेम गरेर चुम्बन लिइन् * कोमल् मुहार् को अनी ।
आइन् ली घरमा र फेरि हरिको * सातो गयो की भनी ॥११॥

धामी झाँक्रिहरू जती सब थिए * झार्-फूक गर्ने त्यहाँ ।
डाकी झार्-फुक खुब् गराउन तिनी * लागिन् उसै बीच्महाँ ॥
आए नन्दजि फेर् फिरेर मथुरा * देखी तहाँ त्यै घरी ।
देखे दानवि पल्टिएकि तहिं एक् * मानू पहाडै सरी ॥१२॥

ग्वाल्बाल् हेरु सबै वरी-परि तहाँ * त्यस्लाइ घेरा दिई ।
गर्थे बात खडा भएर पुतना * जाहाँ मरेकी थिई ॥
यो के औंधि भयो बताउ भनि झट् * ती नन्दजीले जसै ।
शोधे फेर् सबले कहे सब कुरा * विस्तार पूर्वक् तसै ॥१३॥

माहाराज् ! पहिले त सुन्दर स्वरूप् * धारेर यो घर् महाँ ।
जाँदी भै यशुदा लिएर शिशु पो * थीइन् बसेकी जहाँ ॥

यस्को सुन्दर रूप देखि व्रजका * नारी हरू सब् त्यहाँ ।
मोहित् भैकन भूलमा परि गए *यस्का गजब बात् महाँ। १४।।

काखमा लीकन यो उसै बखत झट् * श्री कृष्ण लाई अनी ।
लागी दूध खुवाउनै खुशि भई * राम्रो छ बालक् भनी ।।
जान्दैनौं अरु हाल हामि पछि फेर् * के के भयो के जनी ।
येती बात सुनेर नन्दजि अनि * भन्छन् भयातुर् बनी।।१५।।

केवल् ईश्वरको कृपा हुन गई * बालक् बच्यो लौं यहाँ ।
शक्थ्यो नत्र कउन् परेर मुखमा * कालको बताऊ यहाँ ।।
वार्ता यै रितको गरेर अनि फेर् * ती नन्दजी घर् गए ।
बाँच्यो ज्यान् भनी पुत्रको खुशि भई * दान्-पुण्य गर्दाभए ।।१६।।

फेरी त्यै बिचमा लिएर फरसा * हात्मा कुदाली पनी ।
काटे लास् सब गोपहेरु मिलि झट् * त्यस् पूतनाको अनी ।।
खाड्ल् एक खनेर हाड़ जति सब् * हालेर पूरी दिए ।
छाला मासु बटुलि पोलि सहजै * भस्मै बनाइ दिए।।१७।।

लागे पोल्न जसै गजब् हुन गयो * के हाल् बताऊँ यहाँ ।
निस्क्यो खूब सुगन्ध लीकन धुवाँ * आश्चर्य भो धेर् त्यहाँ ।।
आकाश् व्याप्त भयो धुवाँ उडि बहुत् * मीठो सुगन्धी बह्यो ।
त्यागी राक्षसि देह जीव पुतना * को विष्णुलोक्मा गयो। १८।।

शङ्का लीकन फेर् परीक्षितजिले * शुक्देवका साथ् महाँ ।
सोधे हे मुनि! साथ् मिल्यो कसरीजीव्* त्यो राक्षसीको वहाँ ।।
हिंसा गर्थि सँधै तथापि कसरी * त्यो विष्णुलोक्मा गई ।
निस्क्यो फेरि सुगन्ध लीकन धुवाँ * कारण् तहाँ कुन् भई।।१९।।

प्रश्नै यो सुनि भन्नुभो शुकजिले * शङ्का समाधान् गरी ।
राजन्! कृष्णजिले गरेर स्तन पान् * सम्पूर्ण बाधा हरी ।।
भक्ती वक्सनु भो थि दानवि अती * दुर्बुद्धि नीचो मती ।
ईश्वर्को करुणा हुँदा बुझिलिनोस् * त्यस्को भयो सद्गती।।२०।।

## शकटासुर वध लीला ( २४ )


सत्ताइस् दिनका जसै हुनुभयो * श्रीकृष्णजी फेर् त्यहाँ ।
भारी उत्सव नन्दले गरि लिए * खूशी भई मन् महाँ ।।
सब् ब्राह्मण् व्रजनारि गोप् हरुकनै * डाके निमन्त्रण् दिई ।
आए फेर् पुरवासि हेरु सँगमा * आफ्ना कुटुम्बै लिई ।।१।।

आदर् साथ् सबलाइ आसन दिए * ती नन्दजीले पनी ।
फेर् ब्राह्मण्हरुको गरे पुजन हुन् * यी मान्य सबमा भनी ।।
वस्त्रै भूषण द्रव्य दान गरि धेर् * तिन्लाइ बीदा गरे ।
तृप्ती भैकन खूशि मन् सित अती * आनन्दमा सब् परे ।।२।।

फेर् आफ्ना सब इष्ट-मित्र व्रजका * नर्-नारि जो जो थिए ।
भोजन् वस्त्र दिएर तिन्कन पनी * सन्तुष्ट पारी लिए ।।
सोही औसरमा ति गोपिनि हरू * मीली परस्पर् त्यहाँ ।
गर्थे उत्सव नाचि गाइ बहुतै * खूशी भई मन्महाँ ।।३।।

रोहीणी र यशोमती पनि ति सब् * लाई अती प्रेम् गरी ।
भोजन् पानि गराउँथिन् खुशि भई * आदर् सहित् त्यै घरी ।।
सूतेका हरिजी थिए उही बखत् * व्याकुल् भई भोकले ।
लागे रून हरी पुकारि जननी * लाई बड़ो झोकले ।।४।।

थीए मग्न सबै जना त्यस बखत् * आनन्दमा खुब् परी ।
आयो एक असुर् ठुलो उड़ि तहीं * आकाश्-गतीले गरी ॥
एक्लै कृष्णजिलाइ देखि मनमा * त्यस्ले विचारी लियो ।
लौ मारुँ यसलाइ झट् भनि शकट्- * मा त्यो गई ऊभियो ॥५॥



गाड़ा चर्मरियो जसै उहि बखत् * श्रीकृष्णजी ले पनी ।
एक् लात् मार्नुभयो रिसाइ बहुते * यस्लाइ मार्छू भनी ॥
गाड़ामा जब लात् पऱ्यो हरिजिको * मानू त वज्रै सरी ।
गाड़ा टुट्न गई मऱ्यो असुर त्यो * अत्यन्त बाधा परी ॥६॥
नाम् त्यस्को शकटासुरै भनि पऱ्यो * सोही बखत् फेर् त्यहाँ ।
दूध्-माखन् दहिका फुटे मटुकि सब् * जो जो थिए घर् महाँ ॥
गाडा टुट्न गएर शब्द हुनगो * भारी तवर्को जसै ।
आए गोपिनि गोप हेरु दगुरी * के भो भनी झट् तसै ॥७॥
आई झट् यशुदाजिले हरि कनै * राख्दी भइन् काख्महाँ ।
बाँचे कृष्ण कुशल् भयो भनि सबै * आश्चर्य माने त्यहाँ ॥
वर्णन् येति गरेर फेरि शुकदेव् * जीले अती प्रेम् धरी ।
तृणावर्त मऱ्यो जसोरी सब हाल् * विस्तार् गरे त्यै घरी ॥८॥

## तृणावर्त वध लीला ( २५ )

हे राजन् ! हरि हूनु पाँच महिना * को भो जसै फेर् त्यहाँ ।
तृणावर्त असूर लाइ नगिचै * डाकेर सामू महाँ ।।
दीयो हूकुम कंसले तँ अहिले * गोकुल् महाँ झट् गई ।
मारी आइज कृष्णलाइ सहजै * कालै समान्को भई ।।१।।

आज्ञा येति सुन्यो जसै असुरले * गोकुल् महाँ त्यै घरी ।
पुग्दो भो बकुलो भएर रिसले * मार्ने इरादा धरी ।।
काख्मा कृष्ण लिएर आँगन महाँ * बस्थिन् यशोदा त्यहाँ ।
साह्रै भारि भए हरी अकसमात् * राखिन् जमीनै महाँ ।।२।।



के ले भारि भए भनेर मनमा * लागिन् विचार्नै जसै ।
आयो हूरि उड्यो धुलो गजबको * भो अन्धकार् खुब् तसै ।।
आयो वायु समान रूप् धरि तृणा- * वर्तै असुर् त्यै घरी ।
दिन्को रात् हुनगो टुटे रुखहरू * त्यस्का जमक्ले गरी ।।३।।

थीए कृष्ण उसै बखत् जिमि महाँ * त्यो दैत्य आई त्यहाँ ।
पक्री झट् उडिगो म मार्छु भनि खूब् * रिस्ले गगन् बिच् महाँ ।।

देखीनन् जब माइले हरि कनै * साह्रै बिलौना गरी ।
लागिन् रून पुकारि हा हरि ! भनी * व्याकुलभई त्यस्घरी ॥४॥
रोदन्को सुनि शब्द गोपिनिहरू * ग्वालासमेत् सब् त्यहाँ ।
आए आज बित्यास्पऱ्यो भनि कुनै * व्याकूल् भई मन् महाँ ॥
लागे खोज्न यताउती गइ ति सब् * श्रीकृष्ण लाई जसै ।
सुर्तामा परि झट् गिरिन् यशुमती * मूर्छित भएरै तसै ॥५॥

श्रीकृष्णले जब यशो-, मति नन्दलाई ।
देखे विकल् मनमहाँ, अति कष्ट पाई ॥
त्याए असुर् कन घुमा-, यर आँगनैमा ।
पट्की दिए अति कठोर्, सित पत्थरैमा ॥६॥

तृणावर्त मऱ्यो जसै हरिजिले * पट्की दिंदा त्यै घरी ।
हुरी बन्द भई प्रकाश् हुनगयो * दश्दिक् उज्यालो गरी ॥
पऱ्यो दैत्य जमीनमा जब गिरी * आकाश देखी त्यहाँ ।
लागे हेर्न ति गोप गोपिनिहरू * आश्चर्य भै मन्महाँ ॥७॥
देखे कृष्णजि लाइ खेलि रहने * त्यस्का शरीर्मा जसै ।
दौड़ी ती सबले उठाइ झटपट् * लीएर आए तसै ॥
माईले पनि खूब प्रेम् सित हरी * लाई लिई काख्महाँ ।
लागिन् झट् स्तनपान् गराउँन खुशी * मन्मा भई धेर् त्यहाँ ॥८॥
बारम्बार गरेर चुम्बन अनी * सातो बोलाई लिइन् ।
ब्राह्मण् ज्योतिषिलाइ डाकि खुशी भै * दान्-दक्षिणा धेर् दिइन् ॥
फेरी सब् ब्रजका ति सुन्दरि हरू * आएर खूशी भई ।
लागे चुम्बन गर्न प्रेम्सित हरी * लाई मधुर बात् कही ॥९॥

## हरि दिव्यरूप दर्शन लीला ( २६ )

हे राजन्! हरि नित्य माइकन सुख् * दिन्थे नयाँ खेल् धरी ।
यस्तै रित्सित बस्तथे ब्रजमहाँ * लीला हजारौं गरी ।।
एक्दिन् काखमहाँ लिएर जननी * श्रीकृष्ण लाई त्यहाँ ।
लागिन् खूब पियार गर्न खुशि भै * धेरै प्रकार्ले वहाँ ।।१।।



ताराबाजि र चुट्कि धेर् किसिमका * गर्दै यशोदा अनी ।
खोली आफनु मुख्कमल् हरिकनै * हाई सिकाइन् पनी ।।
त्यै बिच्मा हरिले पनी अलिकती * देखाउने सुर् गरी ।
हाई को निहु झीकि मूख हरिले * खोलीदिए त्यो घरी ।।२।।

देखिन् श्रीहरिको चतुर्भुजि-स्वरूप् * झल्-झल् प्रकाश् फैलने ।
पेट्मा श्रीहरिको चराचर सबै * संसार् तहाँ देखिने ।।
माया मोह सबै छुटेर जननी * चिम्लेर आँखा दुवै ।
ताहीं ध्यान् स्तुति भक्ति गर्न यशुदा * लागी गइन् ती खुबै।।३।।

हे भक्त वत्सल प्रभो ! दुख-दर्द नाशी !
हे दीननाथ ! दुख भञ्जन ! विश्वव्यापी ! ।।

सब् दुष्ट नाशि कन भक्त उतारि लीने ।
सब् पाप-जाल सहजै पनि टारि दीने ।।४।।

सक्छू म गर्न प्रभुको स्तुति भक्ति काहाँ ।
संभूँ म नित्य मनले हरि-रूप याहाँ ।।
येती स्तुती गरि तहाँ सब बिर्सि फेरी ।
काखमा उठाउँदि भइन् न लगाइ देरी ।।५।।

यो बाल कृष्ण हरि-रुप् कन संझि याहाँ ।
जो गर्छ भक्ति हरिको दिल बीच माहाँ ।।
त्यो हुन्छ धन्य सहजै नर-लोक माहाँ ।
जानेछ आखिर तरी हरि-लोक माहाँ ।।६।।

चन्द्रदर्शन लीला ( २७ )

एक् दिन् पूर्ण भएर चन्द्र निशिमा * झल्मल् भएका थिए ।
माईका बसि काखमा हरिजिले * तेतै मुहूडा दिए ।।
जाँच् गर्थिन् यशुदा मुहार हरिको * जोडी शशीमा गरी ।
लाग्नूभो हरि गर्न बल् शशि कनै * पक्री लिने सुर् धरी ।।१।।

हात् पाऊ सब फ्याँ कि-फ्याँ कि कन खूब्* बल् गर्न लागे हरी ।
संझाइन् अभिप्राय यो जननिले * बूझेर खूबै गरी ।।
झन् लागे हरि रून दुःखित भइन् * त्यो देखि माई त्यहाँ ।
केही बेर् मनमा विचार् गरि ठुलो * अक्कल् जमाइन् वहाँ।।२।।

थालीमा भरि पानि सासु हरिको * ल्याएर राखी दिइन् ।
लौ बाबू ! टिँप जाउ चन्द्र कनगै * भन्दै यशोदा बसिन् ।।

त्यो थाल्मा प्रतिबिम्ब देखिन गयो * निर्मल् शशीको अनी ।
लागे श्रीहरि खुशि भै कन तहाँ * टिप्छू म ऐह्ले भनी ॥३॥
छयप्ल्याक्छुप्लुक पारि पानि हरिले * क्यै बेर खेल्नू भयो ।
थाल्मा ठोकिइ हात् हरी पनि तहाँ * आखीर गल्नू भयो ॥
पोखीई कन पानि हात् दुखि हरी * खुब् रून लागे जसै ।
माताले पनि प्रेम-पूर्वक यहाँ * काख्मा उठाइन् तसै ॥४॥

स्तन् पान् गराइ हरिको, मन खुशि पारी ।
काख्मा लिईकन तहाँ, अति स्वाङ पारी ॥
लागिन् ति हेर्न हरिको, पनि माथ् मुसारी ।
खेल्थे हरी पनि सँधै, अति ठाँट पारी ॥५॥

यो चन्द्र दर्शन लिला, हरिको बिहान ।
पाठ् गर्छ जो उठि सँधै, गरि भक्ति ध्यान ॥
यो लोकमा खुशि भई, सुखभोग गर्ला ।
आखीरमा पछि पनी, भव पार तर्ला ॥६॥

—*❀*—

राम कृष्ण अन्नप्राशन लीला ( २८ )

पास्नी म गर्छु हरिको, भनि नन्दजीले ।
निम्ता सबै कन दिए, ब्रजमा पहीले ॥
निम्ता लिएर खुशि भै, ब्रजवासि ताहाँ ।
आए खुशी भइ सबै, जन नन्द काहाँ ॥१॥

धेरै प्रकार बढिया, चिज दीन लाई ।
लीएर हाजिर भए, सब धाइ धाई ॥

कुर्ता र टोपि पगड़ी, शिरपेच् मुकुट ।
ल्याए अनेक् तरहका, ति मणी जडीत ॥२॥

जामा अनेक् तरहका, र पिताम्बरादि ।
सुन्का जडीत पगरी, र जडाउ आदि ॥
यस्तै अनेक् चिज लिई, मुख हेर्न लाई ।
आए सबै जन हरू, कति देर् न लाई ॥३॥

माला अनेक फुलका, तहिं गाँथि गाँथि ।
पैह्राउँथे कति तहाँ, हरि-कृष्ण माथी ।
कोही बनाइ फुलका, शिरपेच ताहाँ ।
पैराउँथे हरि र, रामजि लाइ वाहाँ ॥४॥

उत्सव् गरेर बहुलै, तहिं गोप-कन्या ।
छम् छम् गरेर सब, बाहिर भित्र हिंड्न्या ॥
गित् गाउँथे कति कती, तहिं स्वर् मिलाई ।
क्वै नाच्तथे वरि-परी, घुमि गीत गाई ॥५॥

अत्तर् गुलाबजल, हात महाँ लिएर ।
राम्-कृष्णलाइ घसथे, कति खुश् भएर ॥
कस्तूरि केशर मिला-, यर घोटि चन्दन् ।
राम्-कृष्णका शरिरमा, कति लाइ दिन्छन् ।६॥

कुम् कुम् अबीर लिइ, हात महाँ उडाई ।
हिंड्छन् मिलेर भइ गोल्, अधिकै रमाई ॥
पैल्हे यसोरि गरि, मङ्गल धेर् गराई ।
मिष्टान्न राम-हरि लाइ दिए खुवाई ॥७॥

दीर्घायु बालक हउन्, भनि यो चिताई ।
बोकी हिंड़े कति बुढ़ी, हरि-राम लाई ।।
घोडा मगाइ कन, सुन्दर फेर् कतीले ।
पिठ्मा धरेर हिंडथे, अतिहर्ष मन्ले ।।८।।



खुशी भएर सब, गोप हरू रमाई ।
राम्-कृष्ण लाइ सब, गोकुलमा घुमाई ।।
ये रीतले हरि र, कृष्णजि लाई ताहाँ ।
पास्नी गरे सब मिली, व्रजवीच माहाँ।।९।।


निम्तालु ती जब गए, फरकेर घर्मा ।
माता पिता तहिं बसे, खुशि मानि मन्मा ।।
राम्-कृष्णका अलिपछि, कछु दाँत आए ।
माता पिता सकलले, अति हर्ष पाए ।।१०।।

क्यै दीनमा शिशु दुवै, तहिं खेल्न लागे ।
तोते गराइ कन, बोलन केहि लागे ।।

खेल्थे ति आँगन महाँ, गइ केहि बेर ।
आऊँदथे गरन दर्शन, धेर् जुटेर ॥११॥

बालक्रीडा लीला ( २९ )

राजन् ! बाल-चरित्र राम-हरिको * तिम्रा अगाड़ी महाँ ।
वर्णन् गर्दछु सूनि लेउ अहिले * एकाग्रता ले यहाँ ॥
लागे दिन्-दिन बढ्न फेरि बलराम् * श्रीकृष्ण क्रम्ले गरी ।
बाल्-लीला गरि बोल्दथे वचन खुब् * मीठा सुधाकै सरी ॥१॥



कैल्हे टेकि घुँडा नचाइ कबरी * हात्मा खिलौना लिई ।
हिंड्थे आँगनमा ढुनू-मुनु गरी * आनन्द ठूलो दिई ॥
यै रित्ले गरि बाल्-लिला ति दुइले * सामान्य बालक् सरी ।
माता लाइ गराउँथे खुशि बहुत् * सम्पूर्ण बाधा हरी ॥२॥

खेल्थे फेर् जब कृष्ण-राम बछिया * गौका तहीं सङ् गई ।
पक्री पुच्छर गिर्दथे ति कहिले * उठ्थे अनी खुश् भई ॥

देखी बाल-क्रिडा ति पुत्र दुइको * खुशी भई मन् महाँ ।
झट् काख्मा लिइ चुम्बनादि गर्थे * माता दुवै खुब् त्यहाँ ।।३।।

गिर्नन् यी कि गएर काहिं जलमा * की अग्निमा लौ भनी ।
गाईका कि अगाडि सामु गइ यी * पर्लान् जमिन्मा पनी ।।
यस्तै रितिसित खुब् डराइ मनमा * माता दुवै त्यस् घरी ।
घुम्थे लागि पछी-पछी ति दुइका * वात्सल्य प्रेम्मा परी ।।४।।

बालक्ले जति गर्दछन् सब लिला * सोही प्रकार्ले त्यहाँ ।
गर्थे औधि अनेक कृष्ण बलराम् * सम्पूर्ण गोकुल् महाँ ।।
केही दिन् पछि फेरि कृष्ण-बलराम् * ठूला भएथे जसै ।
लागे सब् सँगि हेरु साथ् लिइ दही * माखन् ति चोर्नैं तसै ।।५।।

घर्-घर्मा गइ डर् नमानि रतिभर् * हल्ला मचाई अती ।
माखन् चोरि मट्किं फोरि दहि खुब् * खान्थे लुटाई कती ।।
खान्थे केहि त पोखि फालि जिमिमा * विध्वंस पार्थे गई ।
यस्तै रितिसित धूम् मचाइ व्रजमा * खेल्थे हरी खुश् भई ।।६।।

दिन्दिन् गोपिनि हेरुका घर महाँ * यस्तै तवर्ले गरी ।
चोरी खाइ लुटाइ माखन दही * गर्थे उपद्रव् हरी ।।
यो देखी कन गोपिनी ति सबले * मीलेर आपस् महाँ ।
सल्लाहा हरिलाइ पक्रन भनी * गर्दा भए झट् त्यहाँ ।।७।।

आइ घर् बिच कृष्ण माखन दही * लाग्नन् ति चोर्नैं जसै ।
पक्रूला गइ झट्ट सोहि घरि सब् * दिनूको कसर् ली तसै ।।
यै रित्ले हरिलाइ पक्रि सबले * लीएर सङ्मा गए ।
थीइन् माइ जहाँ सजाय्नि गरना * खातिर् ति पुग्दा भए ।।८।।

यो देखी हरिले गरेर छल, हात् * आफ्नू छुटायी लिए ।
सद्दामा तिनकै त पुत्र कन झट् * हात्मा लगायी दिए ॥
यस्तै रित्सित फुत्कि आफु हरि झट् * सब् ग्वालका साथमहाँ ।
लागे खेल्न भएर खूशि बहुतै * उत्पात् गरी धेर् त्यहाँ ॥९॥

फेरी गोपिनि हेरुले यशुमती- * जी का अगाड़ी गई ।
चुक्ली धेर सुनायि बात् सब कहे * दुःखित् बहूतै भई ॥
"तिम्रो कृष्ण सधैं पसेर घरमा * उत्पात धेरै गरी ।
खान्छन् माखन दूध् दही सब मिली * चोरेर चोर् झैं गरी ॥१०॥

गर्थे चोरि सँधै लिएर सँगमा * ग्वाला हरू यस् घरी ।
फेलापर्न गएर आज तिमिथ्यैं * ल्याऔं सहज्मा धरी" ॥
यस्ता बात् यशुदाजिले जब सुनिन् * ती गोपिनीका त्यहाँ ।
भन्छिन् छक्क परेर पागल सरी * के बक्छौ ए ! यहाँ ॥११॥

ल्यायौ बालक यो समाति तिमिले * कस्को भलाई कहू ।
कृष्णै हो कि कऊन हो नत भने * चुप्चाप लागी रहू ॥
"मेरो कृष्ण छ दिन्भरी घर महाँ * घर्देखि एक्छिन् पनी ॥
निस्की आज कतै गएन बुझिल्यौ * यै बात साँचो भनी"॥१२॥

यस्ता बात् सुनि माइको र लड़को * देखेर आफ्नै त्यहाँ ।
सारै लज्जित भै रहे ति सब जन् * नारी हरू मन् महाँ ॥
डाकी कृष्णजि लाइ फेरि यशुदा * जी ले पियारो गरी ।
लागिन् भन्न तिमी न जाउ कहिल्यै * यिन्का घरैमा हरी ॥१३॥

भन्छन् ति नारी हरु फेरि ताहाँ ।
तिम्रो कुमार्को अरु बात याहाँ ॥

भन्छौं सुनील्यौ सब नाश पारी ।
दौड़न्छ येता-उति लात्ति मारी ।।१४।।

भाँड़ा पनी फोरि दिएर सारा ।
सब् दूध नौनी कि बगाइ धारा ।।
लीएर सब् साथि हरू जुटाई ।
गर्छन् उपद्रव् दहि-दूध खाई ।।१५।।

सूने कृष्णजिले यि बात सब ती * नारी हरूको जसै ।
तोते बोलि गरेर माइ सँग फेर् * भन्छन् वचन् यो तसै ।।
यिन्को बात् न पत्याउनूँ हजुरले * हूँदैन साँचो कबै ।
भूटो चुक्लि गरेर आइ यि फिराद् * गर्छन् वृथामा सबै ।।१६।।

यी खुद् डाकि मलाइ राखि घरमा * लौ काम यो गर् भनी ।
भन्छन् खूब खटन् गरेर म कनै * चाकर् समान्को पनी ।।
यी बात् गोपिनि हेरुले सुनिलिए * श्री कृष्णजीका जसै ।
हेरी मुख् हरिको मुसू-मुसु गरी * हाँसेर फर्के तसै ।।१७।।

यशोदा विश्व दर्शन लीला ( ३० )

एक् दिन् ओखलमा बसेर दुइटै * श्रीकृष्ण-बल्राम् त्यहाँ ।
खेल्थे खुब् खुशि भै लिएर सब ग्वाल् * बालक्हरू साथ् महाँ ।।
खाए कृष्णजिले उसै बिच महाँ * माटो उठाई जसै ।
चाल्पाईन् यशुदाजिले उहि बखत् * त्यो बात सारा तसै ।।१।।

'मन्सूखा' भनि नाम् हुने हरिजिको * साथी सँगैमा रही ।
खेल्थ्यो सोहि गएर माइकन झट् * भन्दो भयो सब् कही ।।
सूनी रिस् गरि ली छड़ी जननि झट् * ऊठेर आइन् त्यहाँ ।
देखी क्रोधित माइलाइ हरि खूब् * काम्दा भए मन् महाँ।।२।।

पक्रिन् गै करले र कृष्णकन ली * हप्काउँछु खुब् भनी ।
लागिन् भन्न 'बता यसोरि किन हो * खान्छस् तँ माटो पनी ।।
फेरी घर्-घर गै छिमेकि हरुको * नाश् गर्दछस् माल् कती ।
गर्छस् कीन उधूम् यसोरि तँ बता * सब् बात् नढाँटी रती।।३।।

माईका यि वचन् सुनेर मनमा * साह्रै डराई हरी ।
लागे भन्न यि बात् झुटो सब जना * भन्छन् वृथा दोष् धरी ।।
खाँला कीन म मट्टि माइ ! भनि यो * बिन्ती गरेथे जसै ।
भन्छिन् फेर् यसुदा रिसइ हरिको * हेरेर मुख्मा तसै ।।४।।



तेरो यो सब बात सुन्दिन म क्यै * झूटो भनी ठान्दछु ।
सच्चा होस् तँ उघारि दे मुख अनी * साँचो भनी मान्दछु ।।

यस्ता बात् सुनि माइका हरिजिले * 'हेर्नू हवस् लौं' भनी ।
मुख् बाई दिनुभो र हेरि जननी * आश्चर्य मानिन् पनी ।।५।।

देखिन् तीन त्रिलोक चौध भुवनै * मुखमा हरीका जसै ।
मन्मा तर्क-वितर्क गर्न अनि फेर् * लागिन् यसोदा तसै ।।
ईश्वर् हुन् यि अवश्य येति मनमा * ज्ञान् भो जसै त्यै घरी ।
मायामा हरिले भुलाइ दिनुभो * फेर् बुद्धि ज्ञान् सब् हरी।।६।।

भूलिन् माइ जसै विचित्र हरिका * माया-लहर्मा परी ।
बिर्सिन् त्यो सब ज्ञान पुत्र भनि फेर् * साह्रै पियारो गरी ।।
काखमा राखि लिइन् र स्नेह बढ्दा * गद्-गद् भई मन्महाँ ।
लागिन् प्रेम्सित गर्न चुम्बन बहुत् * आनन्द मानी त्यहाँ।।७।।

## अतिथि ब्राह्मण व्रजागमन लीला ( ३१ )

हे राजन् ! सुन विप्र एक व्रजमा * घुम्दै ति एक्दिन् त्यहाँ ।
पूगे सज्जन सोधि तेहि घरमा * श्रीनन्दका घर् महाँ ।।
पैल्हेका तिनि बंशपाल नृप हुन् * राजर्षि ठूला थिए ।
औतार् कृष्णजिको हुँदा व्रज गई * भेट् गर्न वर्दान् लिए।।१।।

देखी ब्राह्मण लाइ नन्द खुशि भै * सम्मान धेरै गरे ।
पूजा खूब गरेर भक्ति मनले * पाऊ कमल्मा परे ।।
भोजन्को सरजाम् सबै किसिमको * चाहिन्छ जो जो जती ।
ठिक् पारे दहि दूध नौनि बढिया * राखेर भक्ती अती ।।२।।

भोजन् ती द्विजले बनाइ सब ठिक् * पारेर पस्के जसै ।
सम्झे श्रीहरिलाई अर्पण गरी * भोजन् मनैले तसै ॥
डाके भोजन गर्न लौ भनि हरी * मानेर खुशी त्यहाँ ।
चौकामा पुगि झीकि भोजन लिए * एक् गाँस हाले तहाँ ॥३॥

छोए भोजन सब् भनेर हतपत् * ऊठे न खाई जसै ।
खल्बल् पर्न गयो र नन्दहरु सब् * आएर हेरे तसै ॥
ऐल्हे बालकले नजानि द्विजराज् ! * छोएछ भूल्मा परी ।
अकै भोजन फेर् बनाइ लिनुहोस् * दिन्छौं तयारी गरी ॥४॥

मानी, भोजन ठीक् गरेर तिनले * श्रीकृष्ण अर्पण् गरी ।
पस्के फेर् गइ कृष्णले अनि तहाँ * हात्मा लिए त्यो घरी ॥
खानैलाइ तयार् हुने ति द्विजको * तीन् चार चोटी गई ।
छोयो धेर पटक् भनीकन उठे * ब्राह्मण् ति क्रोधित् भई॥५॥

रन्के ती द्विज खान्न क्यै पनि भनी * जानै तयारी भए ।
बिन्ती धेर गरिन् यशोमतिजिले * फेर् विप्र शान्ती भए ॥
पक्री भन्छिन कृष्णलाइ जननी * औधी तँ गर्छस् कती ।
औधी देखि सिवाय काम भँडुवा * देख्तीन तेरो रती ॥६॥

यस्ता बात् सुनि कृष्णजी अलिकती * हाँसेर फेरी त्यहाँ ।
भन्छन् माइ मलाइ दोष अहिले * दिन्छयौ न बूझी यहाँ ॥
भोजन् ठिकक गरी मलाइ पहिले * लेऊ भनी भन्दछन् ।
जान्छू खान म फेर् यिनै द्विज उठी * छोयो भनी भाग्दछन् ॥७॥

यस्ता बात् हरिको सुनेर द्विजले * साक्षात ईश्वर् भनी ।
चीन्ही श्रीहरिलाइ खुश् भइ अती * गर्छन् स्तुती धीर् बनी ॥

पाउ को फगत नै, गरि ध्यान ।
जान्छ मुक्त भइ त्यो, मिलि ज्ञान ।।
नाथ् ! तिनै कन यहाँ न चिन्हेर ।
शेखि धेर् गरि लिञैं म बढ़ेर ।।८।।

हे मुरारि ! प्रभु ! दीन दयालो ! ।
भक्त वत्सल ! अनन्त ! कृपालो ! ।।
दीन जानि मकनै गरि माफ ।
ज्ञान् प्रकाश् गरि दिनोस् सब साफ ।।९।।

यै प्रकार द्विजले स्तुति धेर ।
कृष्णका गरि लिए अलिबेर ।।
यी स्तुती हरिजिले सुनि लीए ।
भक्त जानि कन ज्ञान् पनि दीए ।।१०।।

देह निर्मल भयो बढ़ि ज्ञान ।
मग्न भै कन गरे हरि ध्यान ।।
भै विदा हरिजिका परि चर्ण ।
विप्र झट् उठि गए तप गर्न ।।११।।

---

दुर्वासा मोह लीला ( ३२ )

राजन् राम र कृष्ण साथि लिइ धेर् * व्रज्का सडक्मा गई ।
खेल्थे मस्त भई अनेक् तरहले * अत्यन्त खूशी भई ।।
दुर्वासा मुनि कृष्ण-दर्शन गई * गर्छू भनी पौंचिए ।
सब् ग्वाला सित खेल्दथे ति दुइटै * फुर्सै र घुस्रै थिए ।।१।।

योे देखी ऋषि तर्क गर्न मनमा * लागे हरी ता यहाँ ।
होलान् दिव्य-स्वरूपका भनि म ता * भन्थें सदा मन्महाँ ॥
आई हेर्छु त देख्छु यो गति हरे ! * नाङ्गा भुतुङ्गा भई ।
खेल्छन् केहि सफाइ छैन जिउमा * बस्छन् धुलामा गई ॥२॥

सारा अङ्ग धुलै धुलो भरिछ सब् * के जानि हुन् के हरी ? ।
खेल्छन् दीनभरी अहीर सँगमा * मानू ति शूद्रै सरी ॥
पत्यार् कत्ति पनी हुँदैन मनमा * श्रीकृष्ण यी हुन् भनी ।
लक्षण् रूप् रँग चालमाल हरिमा * मिल्दैन कत्ती पनी ॥३॥

आत्रैं दुःख गरी यती पर यसै * फिर्नू पन्यो यो घरी ।
धोका मात्र मिल्यो मलाइ अहिले * हुन्थे यहाँ के हरी ॥
साह्रै दिक्क भए तथापि ऋषिले * बीचार् गरे त्यै घरी ।
हेर्छू तैपनि छाँट केहि यिनको * बोलाइ येसै घरी ॥४॥

बोलाए यति बात सोचि ऋषिले * हे नानि ! आऊ भनी ।
भन्दैमा हरिजी उही घरी तहाँ * दौड़ेर आए अनी ॥
साम्नेमा हरिलाइ देखि मुनिले * यो बात भन्छन् त्यहाँ ।
"झट्टै पूछि सिंगान आउ अहिले * काख्मा म लिन्छू यहाँ" ।५॥

तिन्ले कत्ति पनी न जानि महिमा * यो बात भन्दै महाँ ।
नाक् सफ्फा गरछू भनेर हरि खुब् * सास् खिच्न लागे त्यहाँ ॥
तेसैमा खिंचिएर ती ऋषि पनी * पेट्मा हरीका पुगे ।
तिन्ले पेट महाँ चराचर जगत् * प्रत्यक्ष देख्ता भए ॥६॥

कयै बेर् तक् तहिं रङ्मगीइ तिनमा * आश्चर्य भो एक् त्यहाँ ।
आफ्नू पूर्व कथा भुलेर ऋषि ता * दोस्रै भएछन् वहाँ ॥

सुन्दर् जङ्गलमा पुगेर ऋषि ती * घुम्दै थिए खुश् भई ।
भेटीयो अजिंगर् ऋषीकन निल्यो * मुखबाइ साम्ने गई ॥७॥

त्यस्का पेट महाँ पुगे ऋषि जसै * ठूलो तपोवन् वहाँ ।
देखी खूशि भई गरे तप पनी * क्ये वर्ष तिन्ले त्यहाँ ॥
फेर् इच्छा हुनगो गृहस्थि हुनको * बीहा गरे खुश् भई ।
सन्तान् धेर भएर फेर् पृथिविमा * एक्खण्ड ढाके गई ॥८॥

थीयो धन् पनि धेर् थिएन कमि क्ये * आनन्द धेर् दिन् गरी ।
आखिर्मा फइलेर व्याधि तिनका * सन्तान् गए सब् मरी ॥
वैराग् धेर् मनमा उठेर मुनिराज् * तप् गर्न लागी गए ।
सारै खूशि भएर ताहिं हरिले * प्रत्यक्ष दर्शन् दिए ॥९॥

ये बिच्मा हरिले पनी खिंचि तहाँ * स्वाँस् फेरि बाहिर् गरे ।
त्ये स्वाँस्का सँगमा उडेर ऋषि झट् * बाहीर आई गिरे ॥
देखी बालक कृष्णलाइ ऋषिले * अत्यन्त लज्जित् भई ।
लागे गर्न तहाँ स्तुती हरिजिको * हात् जोरि साम्न गई ॥१०॥

हे नाथ् ! माफ मिलोस् मलाइ अहिले * जानीन यस्तो भनी ।
गर्दा शेखि मिल्यो मलाइ अहिले * शास्ती उसैको पनी ॥
लागोस् भक्ति सदा चरण्-कमलको * कैल्हे न छूटी यहाँ ।
माग्छू भिक्षुक भै सदा हजुरको * पर्थेर पाउ महाँ ॥११॥

देखी लज्जित तिन्कनै हरिजिले * अत्यन्त प्रीती गरी ।
अज्ञान् नष्ट गराइ ज्ञान दिनुभो * तिन्लाइ तेसै घरी ॥
दुर्वासा ऋषि मोहजाल छुटिगै * कञ्चन् स्फटिक् भैं भए ।
पाउमा परि दण्डवत् गरि तहाँ * फर्केर घर्मा गए ॥१२॥

जो यो चरित्र हरिको, अति भक्ति साथ ।
जो गर्छ पाठ खुशि भै उठि नित्य प्रातः ।।
तेस् लाइ सर्व सुख भोग् मिलि अन्त्य माहाँ ।
मिल्ने छ लोक हरिको, पछि बस्न ताहाँ ।।१२।।

## यशोदा दधि मन्थन लीला ( ३३ )

एक् दिन् प्रात महाँ उठेर यसुदा * मथ्छू दही लौ भनी ।
डाकिन् झट्ट जगाइ फेरि व्रजका * सब् नारि लाई पनी ।।
कूचो लाइ, सफा गरेर घरमा * सम्पूर्ण जम्बा भई ।
लागे मथ्न दही ति गोपिनि सबै * हात्मा मधानी लिई ।।१।।

कोरा एक् चँदुवा लिई अति ठूलो * चौकी उपर्मा धरी ।
चोली बन्धन खुब् कसेर झटपट् * आफैं अगाड़ी सरी ।।
ठेकीमा दहि हालि सुन्दर लिई * हात्मा मधानी त्यहाँ ।
लागिन् फेर् यसुदा पनी दधि-मथन् * गर्नै उसै बिच्महाँ ।।२।।

गाथ्मा सुन्दर् सजीलो पहिरि कन असल् रेशमी वस्त्र सारी ।
आभूषण् रत्नमाला उरबिच पहिरी दिव्यशोभा फिंजारी ।।
पाऊमा फेरि नूपुर् मणिमय कटिमा कन्धनी झुन् झुनाई ।
जोर्ले मथ्थिन् यशोदा दहि तहिं सुनका जोड़ि बाला घुमाई ।।३।।

साह्रै परिश्रम्, हुनगो जसैता ।
छूट्यो पसीना, जिउमा तसैता ।।
शिर्को फुकीगो, कबरी पनी फेर् ।
लम्यो जमिन्मा तहिं सारि भाग् घेर् ।।४।।

मथ्दामा घुर् घुर् अवाज् अति ठुलो * हुन्थ्यो तहीं तेस् घरी ।
खुब् आनन्द सहीत सेज बिचमा * गर्थे शयन् श्रीहरी ॥
त्यो शब्दै सुनि नेत्र खोलि हरि फेर् * जागा भएथे जसै ।
माता लाइ न देखि रुन हरिजी * लागे विकल् भै तसै ॥५॥

रोई रोइ पुकारदा शयनमा * माताजि लाई त्यहाँ ।
सूनीनन् यशुदा जिले मथनको * घोर् घोर शब्दै महाँ ॥
मिच्दै फेर् दुइ नेत्र उठिकन झट् * धौडन् यशोदा जहाँ ।
पौंची बाहुलि ले मथानि हरिले * पक्री लिए झट् त्यहाँ ॥६॥

चौधार् आँशु बहाइ माई समझी * दुख् मानि रोई हरी ।
लागे भन्न टलक्मलक् गरि वचन् * अमृत् समान्का छरी ॥
हेमाई ! म रुँदा न सूनि रति भर् * टेरै नलाई यहाँ ।
भुल्नू भो स्तनपान् गराउन पनी * यो ब्यर्थको काम् महाँ ॥७॥

तोते बोलि गरेर यो प्रिय वचन् * बोल्दै अगाड़ी सरी ।
हाँस्नूभो हरिले उसै बखतमा * हात्ले मथानी धरी ॥
हाँसो हो कि कमल् फुल्यो कि बिजुली * चम्क्यो गजब् भो त्यहाँ ।
देखी मोह भए ति गोपिनि समेत् * माई यशोदा वहाँ ॥८॥

फेरी समाति कन, धोति रिसाइ ताहाँ ।
हात्हालि ताहिं दहि,, माखन ठेकि माहाँ ॥
लागे निकालिकन, फाल्न उधूम् मचाई ।
पोखी पनी कति दिए, जिमिमा गिराई ॥९॥

आड्मा घसीकन कती, खिचि वस्त्र सारी ।
लागे हरी रुन चरण् , भुमिमा पछारी ॥

यो देखि माइ मनमा, बहुतै रिसाई ।
भन्छिन् उज्याइ कन, हात हरीजिलाई ॥१०॥

हे बाबू ! तिमिले कुचाल अहिले * कस्तो निकाली लियौ ।
ब्यर्थै पोखि र पाखी माखन दही * भैंमा गिराई दियौ ॥
आऊ दिन्छु म खान खाइरहु चुप् * हे नानि-बाबू ! भनी ।
प्यारो खूब गरेर चुम्बन लिइन् * काख्मा बसाइन् पनी॥११॥


यस्तै रित्सित खुब् फुल्याइ खुशि भै * माईजिले झट् त्यहाँ ।
लागिन् रोटि मिठाइ ख्वाउँन अनी * सब्का अगाड़ी महाँ ॥
खान्थे श्रीहरि हाँसि फेर् जननिले * लाग्ला नजर् की भनी ?
वस्त्रैले तहिं आड् गरिन् हित गरी * साह्रै दयालू बनी ॥१२॥

गर्छू कौतुक एक् भनेर हरिले * सोही बखत् मन् महाँ ।
इच्छा गर्नु भयो जसै ब्रजकि एक् * नारी दगूरी त्यहाँ ॥
आई भन्दिभई 'तिमी त यशुदा ! * निर्धक्क मन्मा गरी ।
बस्छयौ उम्लि खराब् भयो दुध वहाँ * चूलो उपर्मा परी ॥१३॥

यस्ता बात् सुनि पुत्रलाइ तिनिले * काख्बाट भैंमा धरिन् ।
फेरी झट् गइ दुध् चलाइ यशुदा * ले काम सब् ठिक् गरिन् ॥
आफू लाइ अफालि माइ दगुरिन् * यस्ता प्रकालें जसै ।
ठूलो दूध भयो म देखि भनि इख् * लीए हरीले तसै ॥१४॥

तोड्छू माइजिको म शेखि भनि झट् * भण्डार तर्फै गए ।
ठेकी फोरि मटूकि तोड़ि दहिदूध् * ढोल्दा र पोख्दा भए ॥
हात्मा फेरि लिएर ठेकि दहिको * थीए सँगी सब् जहाँ ।
आई ओखल माथि झट् बसिगए * खूशी भई मन्महाँ ॥१५॥

खाए केहि घसीलिए जिउभरी * बाँकी बच्यो जो जती ।
दीए खाउ भनेर साथिकन सब् * मन्मा धरी प्रेम् अती ॥
चाल् पाई यसुदाजिले पनि अती * मानेर दिक् मन् महाँ ।
हात्मा एक छडी लिएर दगुरिन् * थीए हरीजी जहाँ ॥१६॥



देखे माइजि लाइ सोहि घरिमा * श्रीकृष्णजी ले जसै ।
भागे झट् उठि माइजी पनि पछी * लागिन् दगुनैं तसैं ।
उम्फी बालक कृष्ण तर्कि तरकी * क्यै दूर गई फेर् त्यहाँ ।
हेर्थें माइ तरफ् फिरेर पछि खुब् * खूशी भई मन् महाँ॥१७॥

न धूँ दुख् माताजी, कन भनि दया ली मन महाँ ।
उभीए माताका, सनमुख भई श्रीहरि तहाँ ॥
हरी लाई पक्री, कर धरि म बाँध्छू अब भनी ।
लिई दाम्लो हात्मा, रिस गरि त भन्छिन् ति जननी ॥१८॥

'भनेको हे पाजी !, कति पनि न मान्ने अब कहाँ ।
मछोडूँला' येती, भनिकन धरिन् उर्गल महाँ ।




चित्र सं० (२) माखन-चोर


जसै लागिन् बाँध्नै हरिकन, टुट्यो रस्सि उ घरी ।
अरू डोरी तिन्ले, उहि घरि मगाइन् रिस गरी ॥१९॥

लागिन् बाँध्न लिएर डोरि अरु फेर् * सारा अघीकै सरी ।
छोटो भै न पुगी गए सब टुटी * डोरी जती त्यै घरी ॥
मन्मा क्यै करुणा भयो दुख बहुत् * माताजि लाई भनी ।
बाँधीए गइ उर्गलै बिच तहाँ * आफैं त्रिलोका धनी ॥२०॥

बाँधिन्थे यसरी कहाँ तर पनी * साक्षात् रमानाथ् हरी ।
लीला मानुषको गरी अड़िगए * बन्धन् बिचैमा परी ॥
पश्चात् गोपिनि हेरु लाइ सँगमा * लीएर माई पनी ।
लागिन् हेर्न गएर काम घरको *के काम् छ बाँकी भनी ॥२१॥

---

यमलार्जुन उद्धार लीला ( ३४ )



थीए बन्धनमा हरी उहि बखत् * मन्मा विचारी लिए ।
उद्धार् गर्छु भनेर झटपट जहाँ * यम्लार्जुनै रुख् थिए ॥
पौंचे उर्गललाइ तानि बलले * सोही घरीमा जसै ।
धक्का उर्गलको लगाइ हरिले * भाँचे दुवै रुख् तसै ॥१॥

फेद् भाँची दुइ रुख् गिरे जमिनमा * ठूलो आवाज्ले जसै ।
निस्के खूब प्रकाशवान् ति यमलार्- * जुन् भाइ दूवै तसै ।।
सुन्दर् दिव्य-स्वरूप् धरेर खुशि भै * साम्ने हरीका गई ।
लागे गर्न स्तुती प्रसन्न मनले * अत्यन्त नम्रित् भई ।।२।।

हे नाथ ! कृष्ण ! यदुनाथ् ! नर-रूप धारी ।
बाहेक् हजूर छ कउन् , दुख-ताप हारी ।।
हामी सरी अधम, पापि उपर् दया ली ।
उद्धार् गराउनु भयो, निज नाम पाली ।।३।।

यस्ता ति भाइ दुइको, सुनि बिन्ति ताहाँ ।
भन्नू भयो हरिजिले, उहि बीच माहाँ ।।
देवर्षिले गरि दया, तिमिहेरु लाई ।
मुक्ति दिए यसरि, गोकुलमा पठाई ।।४।।

उन्कै दया हुन गयो, र मलाइ याहाँ ।
पायौ न ता कउन, सक्छ बताउ काहाँ ।।
लौ माँग वर् खुशि भएँ, भनि येति फेरी ।
आज्ञा भयो प्रभुजिले, मुख तर्फ हेरी ।।५।।

यस्ता श्रीहरिको सुनि प्रिय वचन् * हात् जोरि पाऊ परी ।
नल् कूबर् दुइ भाइले गरिलिए * बिन्ती अगाड़ी सरी ।।
इच्छा छैन कुनै अपूर्व चिजको * भक्ती मनैमा धरी ।
पाऊँ बस्न सदा समीप भगवन् ! * गुणगान् हजुर्को गरी।।६।।

यस्तो ति दूइ जनको, सुनि बिन्ति ताहाँ ।
आज्ञा गरे प्रभुजिले, उहि बीच माहाँ ।।

"होला तथास्तु" भनि, येति वचन् सुनाई ।
बीदा गरे नल-कुबर्, दुइ भाइ लाई ॥७॥

विस्तार् येति तहाँ परीक्षितजिले * सूनी लिएथे जसै ।
सोधे श्रीशुकदेवका सँग महाँ * शंका गरी फेर् तसै ॥
नल्-कूबर् भनि नामका दुइ जना * को हुन् र कुन् रित् गरी ।
यम्लार्जुन् दुइ वृक्ष ती हुन गए * आज्ञा हवस् यस् घरी॥८॥

यस्तो प्रश्न सुनी परीक्षितजिको * शुक्देवजी ले पनी ।
भन्नू भो खुशि भै नरेन्द्र! म सबै * विस्तार गर्छु भनी ॥
नल्-कूबर् भनि पुत्र ती दुइ कुबेर् * जीका बुझील्यौ थिए ।
कैलाश्मा गइ बास् गरेर शिवको * भक्ती मनैमा लिए ॥९॥

धन्वान् खुब भए यिनै शिवजिका * केवल् कृपाले गरी ।
संयोग् एक् दिन सुन्दरीहरु लिई * सङ्मा ति मूर्खैं सरी ॥
भै उन्मत्त बिहार खूब गरथे * वन्मा मदीरा पिई ।
फेर् नाङ्गै भइ जल् बिहार् गरन ती * लागे कुबुद्धी लिई ॥१०॥

आए नारदजी उसै बखत सब् * नारी हरूले त्यहाँ ।
पैह्रे झट्ट उठाइ सारि बहुतै * लज्जित भई मन्महाँ ॥
देखी नारद लाइ ते पनि दुवै * उन्मत्त साह्रै भई ।
साम्ने गै ऋषिका खड़ा भई रहे * लाज्-डर् न केही लिई।११।

नारदले तिनिलाइ देखि मनमा * यो बात् बिचारी लिए ।
धन्को गर्व भएर यी अधम भै * दुष्कर्ममा मन् दिए ॥
तस्मात् श्राप दिएर तोड़्दछु भनी * गर्वै ऋषीले त्यहाँ ।
यस् पाप्को फल भोग्न लाइ रुख भै * जाई रहू ब्रज् महाँ ॥१२॥

पाऊला पछि मुक्ति लौ तिमिहरू * श्रीकृष्ण औतार् जसै ।
होला गोकुलमा भनी कन ऋषी * नारद् फिरे झट् तसै ॥
कारण् सोहि हुँदा भएर रुख यी * गोकुल्-नगर्मा गई ।
बास् गर्थे हरिको गरेर मनमा * ध्यान् येमलार्जुन् भई।१३॥

राधाकृष्ण मिलाप लीला ( ३५ )



राजन्! एक् दिन स्नान गर्न भनि श्री * राधाजी प्यारी त्यहाँ ।
आइन् सब् सँगिनीहरू सँग लिई * कालिन्दिका तिर् महाँ ॥
घुम्दै ताहिं हरी पनी उहि बखत् * पाल्नू भयो झट् जसै ।
देख्नूभो सुर-सुन्दरी रति समान् * राधाजि लाई तसै ॥१॥

असल् पैह्री सारी, मणिमय जड़ित भूषण अरू ।
गलामा टिक्, माला विमल करमा कंकणहरू ॥
अनेक् वस्त्रालङ्कार्, पहिरि बहुतै शोभित भई ।
उभीइन् राधा त्यै घरि हरिजिका झट् अघि गई ॥२॥

यस्ती लछ्मि समान सुन्दरि तहाँ * राधाजि लाई जसै ।
देखे श्रीहरिले उसै बखत खुब् * मोहित् भई फेर् तसै ॥

सोध्नूभो नजिकै गएर सुमुखी ! * हे सुन्दरी ! लौ भन ।
को ह्वौ ? सोध्छु म, प्रेममा परि भयो * व्याकुल् अहीले मन ।।३।।

कैह्ले देख्दिन थें यहाँ तिमि कनै * कुन् कारणैले गरी ।
आयौ आज तिमी कसोरि मकनै * आश्चर्य भो यस् घरी ।।
यस्ता प्रीय-वचन् सुनेर हरिका * क्यै हाँसि हेरी त्यहाँ ।
थालिन् भन्न ति राधिका हरि उपर् * मोहित् भई मन् महाँ ।।४।।

'हे मोहन् ! तिमि चित्त चोर् हुन गयौ * मेरा पियारा बनी ।
छोरा ह्वौ तिमि नन्दका तर म ता * ठान्छू दही-चोर् भनी ।।
छोरी हूँ वृषभानुकी म बुझिल्यौ * राधा भनी नाम् यहाँ ।
आएँ गर्न भनेर स्नान अहिले * कालिन्दिका जल् महाँ ।।५।।

घर् देखी कहिल्यै म बाहिर यहाँ * निस्कन्नथें क्यै गरी ।
देखेनौ तिमिले मलाइ यहि हो * कारण् जउन् यस् घरी ।।
राधाका यि वचन् बहूत रसिला * सूने हरीले जसै ।
लागे भन्न खुशी भएर यि कुरा * आदर् गरी धेर् तसै ।।६।।

चोर् हो भन्यौ मकन, सत्य भनेर मान्छू ।
तिम्लाइ नै तर म, चोर भनेर ठान्छू ।।
मेरो लियौ हृदय, चोरि गरेर ऐह्ले ।
फेरी दिए मकन भेट, न बिर्सि कैह्ले ।।७।।

डाक्छू म खेल्न तिमि, लाइ न ढाँटि आए ।
येती भनी घर तरफ्, हरि फर्कि आए ।।
फिर्नू भयो हरि जसै, दिइ प्रेम बाधा ।
प्रेम्ले भइन् अति विकल्, अनि फेरि राधा ।।८।।

फेरी सब् सखि हेरु लाइ सँग ली * आँसु नजर्मा भरी ।
फर्किन् त्वाहि ति राधिका कठिनले * खूब् धै मन्मा धरी ॥
सम्झी सुन्दर श्याम-मूर्ति हरिको * हेर्थिन् ति फर्की त्यहाँ ।
फेरी पाउँछु की भनेर हरिको * दर्शन् उसै बिच्महाँ॥९॥

यै रित्ले अति प्रेममा विकल भै * पूगिन् घरैमा जसै ।
सोधिन् माइजिले पनी सकल हाल् * देखेर तिन्का तसै ॥
मन्को बात छिपाइ लाज वशले * क्यै एक् निहूँले भनिन् ।
भोक्तिर्खा सब थोक् भुलेर हरिका * प्रेम्का वियोग्मा परिन्॥१०॥

होला भेट् अबलौ कसोरि हरिका * साथ्मा विचार् यै गरी ।
लागिन् सोच्न ति राधिका प्रभुजिका * ऊपर् अटल् चित्त् धरी ॥
त्याग्नेछू म अवश्य प्राण हरिको * पाईन दर्शन् भनें ।
मोहन् जीवन-धन् विना सकल यो * सुख् भोग तुच्छै गनें॥११॥

गर्छू भेट् जसरी भए पनि गई * पत्ता लगाई जहाँ ।
होलान् मोहन चित्तचोर भनि यै * मन्मा विचारी त्यहाँ ॥
निस्किन् फेरि सुटुक्क तीन प्रहरै * दिन्को बितीगो जसै ।
गाई लाइ फिराउने निहुँ गरी * सट्किन् ति राधा तसै॥१२॥

यस् बेला हरि ता अवश्य पनि लौ * सब् गाइ जम्बा गरी ।
होलान् गोठमहाँ म गर्छु गइ भेट् * भन्ने इरादा धरी ॥
पूगिन् झट् गइ खर्कमा तिनि जसै * श्रीकृष्ण लाई त्यहाँ ।
देखीनन् र ति तर्कना गरि बहुत् * व्याकुल् भइन् मन् महाँ॥१३॥

राधालाइ उसै बखत् अति विकल् * देखेर चाँड़ो गरी ।
निस्की आइ अगाड़ि भै दिनुभयो * श्रीकृष्णजी त्यै घरी ।



देखिन् श्यामल मूर्ति मोहनजिको * आफ्ना नगिच्मा जसै ।
अङ्कमाल गरिन् गएर खुशि भै * राधाजिले झट् तसै ॥१४॥

अती प्रेम्ले पक्री कर-कमल दूबै हरि पनी ।
सवारी भो वन्मा गइ कन डुलौं लौ अब भनी ॥
कमल् झैं आँखाले नजर गरि खुब् प्रेम गरदै ।
विहार् गर्नैं लागे हरि घुमि-घुमी मग्न परदै ॥१५॥

घड़ी चार् सम्मै यै रित सित, अनेक्कौतुक गरी ।
बुझाए प्यारीको दिल पनि, वियोग्-ताप् सब हरी ॥
भयो बेर् धेरैलौ फिरुँ, अब घरैमा भनि गुनी ।
गरिन् फेर् राधाले विनति, हरिथ्यैं लज्जित बनी ॥१६॥

प्रियतम ! अब वीदा बक्सियोस् लौं म जान्छू ।
निशिदिन दुइ हामी भेट् गरौंला म ठान्छू ॥
बितिसकि दिन सारा साँझ लौ पर्न आयो ।
झिनिनिनि गरि बोले भ्याौंकिरी मन् डरायो ॥१७॥

प्रभु पनि घर जाई पाउकी दासि लाई ।
दरशन दिनु होला नित्य प्रीती बढ़ाई ॥
मधुर वचन येती राधिकाको जसैता ।
मगन भइ हरीले सूनी लीए तसैता ॥१८॥

उहि समय विचार् एक् चित्तमा झट् जमाया ।
गरनु अब पर्‍यो लौ केहि एक् आफ्नु माया ॥
सिरिरिरि गरि हावा बेगले चल्न थाल्यो ।
बिजुलि पनि चमाचम् चम्कने खूब लाग्यो ॥१९॥

साह्रै गर्जन एकदम् सित गरी * मेघ्ले पनी फेर् त्यहाँ ।
जल् वृष्टी घनघोर् गरे पृथिविमा * जङ्गल् र पर्वत् महाँ ॥
क्वैली हंस मयूर खूब् खुशि हुँदै * नाचेर सब् त्यै घरी ।
लागे मत्त भई अलाप्न सु-मधुर् * मह्लार राग् बेसरी ॥२०॥

भन्नू भो हरिले पनी उहि बखत् * कस्ता तवलैं यहाँ ।
जान्छयौं लौ भन हे पियारि ! घरमा * देखिन्छ बाटो कहाँ ॥
जाऊ लौ तिमि घर् महाँ मकन झट् * पौंचाइ पैल्हे अनी ।
जाऊँला दुइ जन् भनी चलि गए * राधा र माधव् पनी ॥२१॥

यस्ता प्रीय वचन् भनेर हरिले * फेरी उसै बिच् महाँ ।
वर्षालाइ हटाइ साफ् गरि दिए * आफ्ना प्रभावले त्यहाँ ॥
कर्मा दी कर प्रेम-पूर्वक अती * जाऊँ फिरी लौ भनी ।
आए घर्तिर फर्कि खुब् खुशि हुँदै * श्रीकृष्ण-राधा पनी ॥२२॥

पौंचाइन् घरमा हरी कन जसै * राधाजि हत्पत् गरी ।
भन्छिन् जान्छु सखे ! म आज, मिलुँला * भोली पनी त्यै घरी ॥
बीदा भै हरिका सँगै चलि गइन् * राधा जसै श्रीहरी ।
घर्मा भित्र पसे र देखि जननी * भन्छिन् बड़ो छक् परी ॥२३॥

पर्दा पानि र खेलदा अघि सबै * साट्पाट् लुगाको पनी ।
गर्नैलाइ भुली न साटि ति पसे * घर्मा अनौठा बनी ॥
हे नानी ! तँ कहाँ थिइस् दिन भरी * चाँड़ो बता लौ भनी ।
सोद्धा माइजिले बड़ो छल गरी * भन्छन् हरीले पनी ॥२४॥

थीएँ माइ म दिन् भरी सब संगी * का साथ खेल्थें गई ।
त्यै बिच्मा झरि लागिगो घर फिरें * दुःखित बहुतै भई ॥

कोही एक् सखिले मलाइ कपड़ा * ओढाइ यै हित् गरी ।
छोप्छाप् पारि पुऱ्याइ दिन् घर तलक् * जाँदी भइन् फेर्-फिरी ।।२५।।

बाँचें माइ म आज खूब तिनके * ठूलो दयाले यहाँ ।
सूनी कृष्णजिका यि बात जननी * खूशी भइन् मन् महाँ ।।
लागिन् गर्न ति प्रेम फेर् हरि उपर् * साह्रै मयालू भई ।
सोच्छिन् त्यो पनि बालिका रहिछ को * साह्रै निको प्रेम् भई ।।२६।।

त्यै बिचमा जब राधिका घर पुगिन् * देखी अचम्भै परी ।
भन्छिन् माइ रिसाइ "बोल् तँ डुलुई ! * थीइस् कहाँ दिन् भरी ।।
तेरो के हुनगो गती र मति यो * कुन् हाल् कहाँ यो भई ।
चादर् छैन छ धोति पीत किन हो * डुल्थिस् तँ काहाँ गई" ।।२७।।

यस्तै धेर अरू पनी जननिको * सूनेर क्रुद्धै वचन् ।
भन्छिन् छल् गरि राधिका पनि तहाँ * आँसू बहाई नयन् ।।
गोठ्मा ल्याइ दुहाइ गाइ हरु सब् * फिर्थें म घर्मा जसै ।
भेट्भो एक् सखिसीत त्यै बखतमा * कारण् पऱ्यो यो तसै ।।२८।।

त्यस्लाई डसि सर्पले गिरि गई * मूच्छित् भई भैं महाँ ।
खेल्दै नन्द-कुमार कृष्णजि पनी * आए अकस्मात् त्यहाँ ।।
छर्के जल् पढि मन्त्र त्यै घरी जसै * तिन्ले, छुटी विष् गयो ।
कञ्चन देह भएर ती सखि उठिन् * बाधा सबै दूर् भयो ।।२९।।

लाग्यो वर्षन जल् उसै बखत फेर् * जम्बा भई मेघ् त्यहाँ ।
ओढी चद्दर धोति सब् बसि रह्यौं * व्याकुल् भई मन् महाँ ।।
केही बेर् पछि थामियो जल जसै * साह्रै अबेर् भो भनी ।
फर्क्यौं घर्तिर सोहि हड्बड़ि महाँ * साट्पाट् लुगा भो भनी ।।३०।।

कारण् येहि हुँदा अबेर् भइ गयो * भन्ने निहूँ झट् गरी ।
विश्वास् माइजिमा गराउँदि भइन् * राधाजिले त्यै घरी ॥
राधाका यि कुरा सुनेर ति पनी * गर्छिन् विचार् मन् महाँ ।
भेट् यो गर्न गइछ कृष्णजि सितै * जाती भयो लौ यहाँ ॥३१॥

भन्थिन् मन्मन राधिका पनि अहो ! * क्याबात खुब् छल् गरी ।
भेटें प्राण्-धनलाइ फेर् अब भने * मुस्किल्भयो यस् घरी ॥
निद्रा दूर् भइ संझि-संझि हरिको * मुख्चन्द्र प्यारो यहाँ ।
लाग्यो बाण वियोगको गरुँ कसो * चिन्ता पर्‍यो मन् महाँ॥३२॥

बीत्यो यै रितले गरेर छट-पट् * रात्री ति राधा जसै ।
निस्किन् नीहुँ गरेर साट्तछु भनी * चादर् त एक्लै तसै ॥
पौंचिन् फेर् गइ नन्दका घर महाँ * माई यशोदा जहाँ ।
थीइन् देखि ति राधिका कन गरिन् * आदर् बहूतै त्यहाँ ॥३३॥

हे नानी ! तिमि सुन्दरी कउन हौ * लाज् क्यै नमानी यहाँ ।
कस्की हौ तिमि पुत्रि लौ भन सबै * मेरा अगाडी महाँ ॥
सोधिन् माइजिले जसै, भइ अती * नम्रै ति राधा पनी ।
गर्छिन् बिन्ति म राधिका हुँ वृषभा- * नूकी सुता नाम् भनी ॥३४॥

हीजो भेट् हुनगो र खेल गरदा * श्रीकृष्णका सङ् महाँ ।
मेरो चद्दर साटिएछ लिन त्यो * आएँ म ऐल्हे यहाँ ॥
लागिन् येति सुनेर सोच्न मनमा * माई यशोदा अनी ।
मेरै कृष्ण समानकी रुप महाँ * रैछन् यि राधा पनी ॥३५॥

जोड़ा खूब असल् छ दूइ जनको * राम्रा पनी छन् अती ।
मुख् चन्द्रै सरि-दिव्यरूप् मदनकी* साक्षात् पियारी रती ॥

गर्नू उत्तम कृष्णका सँग महाँ * यिन्को बिहा यस् घरी ।
राख्छू आज खुवाइ प्याइ दिन भर् * शृङ्गार प्रेम्ले गरी ॥३६॥

येती बात विचारि खुब् खुशि भई * राधाजि लाई त्यहाँ ।
वस्त्रै भूषण ले सजाइ बहुतै * लीइन् उसै बीच् महाँ ॥
माखन्-दूध-मिठाइ खूब बढिया * ख्वाइन् गरी प्रेम् अती ।
देखी तिन्कन मोहितै भइगए *साक्षात् जगत्का पती॥३७॥

लागिन् फेर् यशुदाजि भन्न खुशि भै * खेलेर एक्छिन् जती ।
मेरो चित्त प्रसन्न पार दुइको * खेल् हेर्ने मन् भो अती॥
हे राधे ! तिमि कृष्णका सँगमहाँ * खेलेर ऐल्है यहाँ ।
जाऊली घरमा सुनेर ति पनी *उठ्तीभइन् फेर् त्यहाँ॥३८॥

सोही औसर प्रेम-पूर्वक धरी * कर्ले हरीले पनी ।
आँगन्मा लगि हाँसि छम्छम गरी * लागे ति नाच्नै अनी ॥
पैह्री दिव्यमुकुट् र सुन्दर मणी * माला लगाई त्यहाँ ।
नाच्थे नक्कल पारि घूमि ति दुवै *हेरेर सुख् सुख् महाँ॥३९॥

यस्तो सुन्दर खेल देखि दुइको * मोहित् बहूतै भई ।
हेर्थिन् हर्षित खुब् भएर यशुदा * साम्नू हरीका गई ॥
एक्छिन् सम्म यसोरि खेलि हरिका * साथ्मा ति राधा पनी ।
बीदा माग्दि भइन् अबेर् हुन गयो * जान्छू म घर्मा भनी॥४०॥

प्रेम्को वेग अधिक् बढी कठिनभो * तिन्लाइ छोड्नै जसै ।
काख्मा राखि खुशी भई यसुमती * फेर् भन्न लागिन् त्यसै ॥
आए खेल्न शरम् न मानि रतिभर् * राधे ! बराबर् यहाँ ।
इच्छा गर्दछ कृष्ण खेल्न धरि प्रेम् * तिम्रै सदा सङ्महाँ ॥४१॥

येती बात भनेर चद्दर पनी * हात्मा दिईथिन् जसै ।
फर्किन् खुब् विरही हुँदै घर तरफ् * राधा पनी झट् तसै ॥
भन्छिन् माइ अचम्भ भै मनमनै * तिन्लाइ देखी त्यहाँ ।
'कस्का गै घरमा बसेर दिनभर् * आइस् तँ ऐह्ले यहाँ ॥४२॥

कस्ले यो कसरी शृङ्गार् गरि दियो * लौ भन् तँलाई भनी ।
यस्ता बात सुनि भन्दछिन् अलिअली * हाँसेर राधा पनी ॥
हे माता ! हरिका गएँ म घरमा * साटी पछ्यौरा लिएँ ।
शृङ्गार् श्रीयसुदाजिले गरि दिइन् * ताहीं बसेकी थिएँ ।४३।

कोरी बाटि शृङ्गार यो गरिदिइन् * आदर् बहूतै गरी ।
ख्वाइन् चीज् पनि धेर् किसिंकिसिमका * प्रेमले अगाड़ी धरी ॥
आज्ञाले उनिकै रही अलिक बेर् * साथ्मा हरीका त्यहाँ ।
खेली फेर् हुनगो बखत् र फिरि झट् * आएँ म ऐह्ले यहाँ ॥४४॥

राधाका सुनि बात यी मन महाँ * माता पिताले पनी ।
यस्को कृष्ण सँगै बिहा गरि दिऊँ * यै बात् विचारे अनी ॥
बेस् हो कृष्णजिको गएर घरमा * लौ आज देखी त्यहाँ ।
राधे खेलि, नपारि साँझ, तिमि झट् * आए फिरि घर्महाँ ॥४५॥

आज्ञा यो सुनि राधिका मनमहाँ * अत्यन्त खूशी भई ।
ताहाँ देखिं बराबरै हरिजिका * खेल्थिन् ति साथ्मा गई ॥
सल्लाहा गरि खूशि भै हरि पनी * राधाजिका सङ् महाँ ।
खेल्थे भेट् वनमा गरेर कहिले * आनन्दपूर्वक् त्यहाँ ॥४६॥

घर् फिर्ने बखतै महाँ हरिजिले * एक् छिन् अगाड़ी गई ।
हाँसी फेरि मुहार हेर्दिनु भयो * राधाजिको मन् त्यहीं ॥

झन् प्रेम्-रूप अनल् बढ़ी मनमहाँ * सन्ताप धेरै भयो ।
पाऊ सार्न कठिन् भई सब शरीर् * झन्झन् गलीगैगयो ॥४७॥

हिम्मत् बाँधि कुनै प्रकार्‌सित फिरिन् * मन्दै गतीले गरी ।
भेटीए यमुनाजिको जल लिई * फिर्नै सखी त्यै घरी ॥
राधा लाइ यसोरि प्रेम-रंगमा * डूबेकि देखे जसै ।
क्यै हाँसो गरि छेड़ि भन्न सब ती * लागे उसै क्षण् तसै ॥४८॥

राधे ! छौ तिमि धन्य प्रेम-रसको * आनन्द लीई यहाँ ।
हुन्छयौ मग्न सदा पवित्र हरिका * प्रेम्-भाव निर्मल् महाँ ॥
आफैं मात्र न लूटि प्रेम रसको * हाम्रा उपर्‌मा पनी ।
हे राधे ! करुणा लिई प्रभुजिको * प्रेम् बाँड़ि देऊ भनी ॥४९॥

गर्छौं आश भनेर यै तवरका * छेड्का कुरा धेर् जसै ।
सूनिन् ती सखिहेरुका अधिक झन् * प्रेम्को बढ्यो बेग् तसै ॥
सम्झी श्रीहरिलाइ विह्वल भई * सब्का पछाड़ी अड़िन् ।
ऐया ! हे सखि ! सर्पले डसि लियो * भन्दै जमिन्मा परिन् ॥५०॥

राधाको यहि हाल देखि मनमा * अत्यन्त दुःखित् भई ।
लागे गर्न विलाप सब् सखिहरू * तिन्का नगिच्मा गई ॥
ऊठीनन् तिनि केहि सिप्‌सित पनी * व्याकुल् भई मन् महाँ ।
लैजानै घरमा भनी मत गरी * झट् पट् उठाए त्यहाँ ॥५१॥

ल्याए फेर् सबले मिलेर घरमा * बोकी पिठ्यूँमा जसै ।
लागिन् गर्न विलाप देखि जननी * व्याकुल् भई धेर् तसै ॥
यस्तै रित्सित केहि बेर् गरि विलाप् * फेर् धैर्य ली मन महाँ ।
सोधी मालुम सब् गरिन् उहि बखत * जो जो भएथ्यो त्यहाँ ॥५२॥

सूनिन् फेर् जब, सर्पले डसि लियो * वैद्यादि डाक्की भइन् ।
झार्-फूक् बेस गराइ विष् हरिलिने * औषध् लगाई दिइन् ॥
क्यै गर्दा पनि फल् भएन जब फेर् * झार्छन् हरी विष् भनी ।
सम्झी डाक भनी हरीकन सखा * लाई पठाइन् पनी॥५३॥

राधाका सखि हेरु सोहि बखते * साम्ने हरीका गई ।
लागे भन्न रुदन् गरेर हरिका * साध्मा दुखी भैं भई ॥
'हेनाथ् ! प्राण-सखी जउन् हजुरकी * राधा पियारी थिइन् ।
तिन्लाई डसि सर्पले विकल भै *ऐह्लेति मूर्छित् भइन्॥५४॥

झार्-फुक् केहि हजूरले हित गरी * ऐह्ले न गर्नू भया ।
तिन्को प्राणवियोग् हुनेछ हरिजी ! * राखी लिनू होस् दया' ॥
यस्ता बात् सखिहेरुका हरिजिले * सूनी लिएथे जसै ।
कारण् सब् बुझि लौ बचाउँछु भनी * आए हरी झट् तसै॥५५॥

देख्नूभो हरिले विचेत् जब तहाँ * राधाजि लाई अनी ।
मंत्रझैं गरि छर्कि जल् दिनुभयो * "लौ ऊठ राधे !" भनी ॥
कान्मा श्रीहरिको मधुर् वचन जब् * पर्नै गयो त्यै घरी ।
खोली नेत्र सचेत भै कन उठिन् * निद्रा खुलेझैं गरी॥५६॥

प्रेम्ले हर्षित भै नजर् हरि तरफ् * एक् टक् गड़ाई त्यहाँ ।
लागिन् हेर्न ति राधिका हरि उपर् * आसक्त भै मन् महाँ ॥
विश्वास् भारि गरी पिता जननिले * हर्षित् बहुतै भई ।
प्रीती-पूर्वक ख्वाइ प्याइ हरिको * आदर् गरे थिर् रही॥५७॥

शक्ती आफ्नि अधीकि प्राणसरि ती * राधा हुनाले त्यहाँ ।
राख्थे श्रीहरि प्रेम-भाव अधिकै * आसक्त भै तिन् महाँ ॥

राधाजी पनि छल् गरी हरिकनै * भेट्थिन् वनैमा गई ।
एक्‌दिन् मात्र भएन दर्शन भने * गिर्थिन् ति बेहोश् भई ॥५८॥

यस्ता रित्सित प्रेम् बढ्यो दिन-दिनै * राधा हरीमा जसै ।
बीहा यी दुइको गरौं भनि दुवै * थर् भन्न लागे तसै ॥
एक् दिन गर्गजि लाइ डाकि दुइ थर् * भेला भई त्यै घरी ।
सोधे लग्न विवाहको गरि विचार् * भन्नू हवस् झट् गरी ॥५९॥

देखी कृष्ण र राधिका यि दुइको * खूब् प्रेम् बसेको यहाँ ।
ठान्छौं उत्तम गर्दिनू यि दुइको * बीहा परस्पर् महाँ ॥
भन्छन् गर्ग सबै कुरा सुनि सकी * क्यै हाँसि चिन्तन् गरी ।
भन्छू यो सुन गुप्त बात् हरिजिको * छैनन् यि मानिस् हरी ॥६०॥

तिम्रा कृष्ण र राधिका यि दुइ हुन् * विष्णु र लक्ष्मी भनी ।
जाहेरै छ सबै कुरा तिमि उपर् * मानिस् सरी का बनी ॥
आए हर्न भनेर भार् पृथिविको * तस्मात् बिहा यस् घरी ।
गुप्तै रित्सित भै सक्यो यि दुइको * आनन्द मंगल् गरी ॥६१॥

यो बात् गुप्त रहोस् कसै सँग पनी * जाहेर् न गर्नू भनी ।
फर्के घर्‌तिर गर्गजी मन महाँ * हर्षित् बहूतै बनी ॥
राधा की जननी पिता र यशुदा * श्रीनन्दजी सब् तहाँ ।
सूनी यो अति गुप्त तत्व बहुतै * हर्षित् भए मन् महाँ ॥६२॥

## दधि हरण लीला ( ३६ )

राजन् ! एक् दिन कृष्णले मनमहाँ * गर्छू लहड् एक् भनी ।
जम्बा भै सब साथि ली गइ बसे * बीचै दोबाटा मनी ॥

शिर्मा ठेकि लिएर दूध-दहिका * श्रृङ्गार खूब् धेर् गरी ।
आए नक्कल पारि गाइकन गित् * सब् गोपिनी त्यै घरी ।।१।।

तिनिहरु कन देखी झट्ट गै सामु माहाँ ।
सड़क बिच उभिई छेकि फेर् मार्ग तहाँ ।।
अलिकति तहिं हाँसी भन्दछन् श्रीमुरारी ।
सुनन अति पियारी सुन्दरी गोप नारी ! ।।२।।

देऊ, लाग्छ जगात एक हँड़िया * पैल्हे दही फेर् पछी ।
बाटो दिन्छु सुनी यि बात हरिका * भन्दी भइन् एक् सखी ।।
भन्छौ के भइ खुब् सिपालु दहिचोर् * बाबू ! कसोरी कहाँ ।।
कस्तो कौन जगात् नयाँ रकमको * कस्ले चलायो यहाँ ।।३।।

गाऊँ घर्घरमा घुमी घुमि गई * चोरेर खाने दही ।
जूठो हालि दिएर ठेकि हँडिया * पोखी दिने दूध् मही ।।
गर्ने औधि रकम् रकम् सित तिमी * चौपट्ट बाठा हरी ।
आयौ आज यहाँ कउन् रकमले * माग्ने जगात् स्वाङ्गरी।।४।।

दिन्नौं हामि जगात् गरी बलजफत् * लिन्छौ भने सब् यहाँ ।
ऐल्हे हामि गई फिराद् गरुँला * वीर् कंस राजा कहाँ ।।
गर्थे छेड् यहि रीतले हरि उपर् * मोहित् भई सब् जसै ।
भन्नू भो हरिले पनी उहि बखत् * हाँसेर यी बात् तसै ।।५।।

"तिम्रो हप्कि सुनी डराइ म उसै * हुर्मत् न ली लौ यहाँ ।
छोड्थें आज कहाँ" भनेर यहि बात् * पैल्हे भनी फेर् त्यहाँ ।।
पक्री लूटि लिए दही दुध सबै * ठेकी भुड्ल्का पनी ।
तोड़ी फोरि विनाश् गरे हरिजिले * उत्पाति ठूला बनी ।।६।।



खोसी पोखि दिए कती जमिनमा * खेल्बाड् गरी धेर् कती ।
ठेकी हेरु लगी धरे रुख महाँ * डर्भर् न ली एक् रती ॥
लाग्यो बग्न नदी समान दहिको * खोलो, कसैको अनी ।
तान्दा च्यात्तिइ सारि कोहि जिमिमा * गिर्दा भए ढन्मनी ॥७॥

चोली बन्द खुले फुकेर फरिया * नाङ्गा कती भैगए ।
कोही केश फुकी परी मुख भरी * आँखा न देख्ने भए ॥
ताना तानि चला चली गरिलिंदा * लोटी जमीने महाँ ।
चोट्खाई कति 'ऊहु ऊहु' गरने * लागे ति नारी त्यहाँ ॥८॥

काहाँ गो दहि दूध नौनि हँड़िया * ठेकी कहाँ सब् गए ।
भैगो लाज बहुत् र चोलि लहँगा * खुल्दा र खस्दा भए ॥
हुर्मत् यै रितले लिएर सबको * श्रीकृष्णजी फेर् त्यहाँ ।
लागे दूध्-दही बाँडि खान बहुतै * खूशी भई मन् महाँ ॥९॥

दही दूध नौनीहरू सब् लुटाई ।
बिइज्जत् भई खुब् हवीगत् बनाई ॥

सबै गोपिनी श्रीयशोदाजि काहाँ ।
गई बिन्ति गर्छन् उभी सासु माहाँ ।।१०।।

यशोदे ! कुमार्‌को छ बानी न राम्रो ।
दही दूध लूटे सबै आज हाम्रो ।।
चली अङ्ग माहाँ पनी हात हाले ।
पछयौरा र सारी पनी खोस्न थाले ।।११।।

भयो राख्न इज्जत् कठिन् हामि लाई ।
तिमी डाकि हप्काइ द्यौ कृष्ण लाई ।।
तरूणी सबै हामिलाई यसोरी ।
न गर्नू ति गर्छन् सहूँ लौ कसोरी ।।१२।।

सधैं भित्र घर्‌मा पसी औधि पैल्हे ।
ति गर्थे सहन्थ्यौं परन्तू ति ऐल्हे ।।
सडक्मा पनी बे-इजत् गर्न थाले ।
ननीको हरीले कुचाला निकाले ।।१३।।

न राम्रो भो बानी पकडि कन सारी कर धरी ।
बड़ो औधी गर्छन् बिच सड्कमा चुम्बन गरी ।।
कती भन्नू माई ! हविगत सबै आज जुन भो ।
हरीले गर्दामा बिइजत सड्क् बीच हुनगो ।।१४।।

न ठान्नोस् यो भूटो हविगत कह्यौं जो सब यहाँ ।
सुनी अर्जी यस्तो यसुमतिजिले फेर् मन महाँ ।।
रिसाई ब्रज-नारी हरुकन भनिन् लाञ्छन गरी ।
फिराद् गर्छौ भूठो अलिकति न ली लाज् अघिसरी ।।१५।।

बडा लज्जालु पो तिमि हरु भयौ, कृष्ण अहिले ।
भयो बद्‌माश्, राख्यौ घर लगि उसै लाइ पहिले ॥
नचाउँथ्यौ नक्कल् गरि गरि अजान् जानि तिमिले ।
उसैको स्वाद् पायौ बुझि सब लिएँ जान महँले ॥१६॥

तरुणी भएका तिमी गोप-नारी ।
पछ्यौरा मुजेन्नो नभै आङ् उघारी ॥
नटीनी बनी डुल्दछ्यौ लाज् गुमाई ।
सँचीला भई भन्दछ्यौ बात् बनाई ॥१७॥

म सुन्दीन यस्तो फरेब् केहि याहाँ ।
हरी गर्छ त्यस्तो उपाधी र काहाँ ॥
अगाडी पनी चोर् भनी कृष्ण लाई ।
फिराद् गर्न आयौ लिई पुत्र ताई ॥१८॥

न देख्ने कसुर् आफ्नु केही रती भर् ।
अरूके विराम् देख्दछौ के सरासर् ॥
जवाब् येति पाई बडो शर्म गर्दै ।
फिरे गोपिनी सब् अती छक्क पर्दै ॥१९॥

भोली पल्ट बिहान गोकुल महाँ * हल्ला भयो यो जसै ।
सूनी सब् सँगिनीहरू सँग लिई * राधा पनी झट् तसै ॥
आइन् गर्दछु भेट् भनेर हरिका * सङ्‌मा दही दूध् लिई ।
बेच्नाको निहुँले हरी-चरणमा * सर्वस्व अर्पी दिई ॥२०॥

देख्नूभो हरिले जसै सब कनै * देऊ जगात् लौ भनी ।
माग्नू भो सुनि सुन्दरी खुशी भई * भन्छिन् जगत्का धनी ॥

आयौं हामि सबै प्रभो ! चरणमा * मोहित् भई खुब् अती ।
लीनूहोस् दहि साथ यौवन पनी * शङ्का न ली क्यै रती ॥२१॥

नाथ् कै हो सब यो जिऊ दिइ दियौं * फेरी कउन् चीज् अरू ।
बाँकी के छ दिनू जगात प्रभुमा * यी तुच्छ चिज्बिज् हरू ॥
राधादी ब्रज-नारि हेरु सबले * मीलेर यै रित् गरी ।
बिन्ती पारिलिए तसै खुशि बहुत् * हुनू भयो नाथ् हरी ॥२२॥

फेरी सब् युवती हरू सँग लिई * क्रीडा बहूतै गरी ।
प्रेमामृत् छरि नाथले सकलका * बाधा मदन्को हरी ॥
मोहित् भै बढ़ि प्रेम भारि प्रभुमा * भन्छन् तिनै सुन्दरी ॥
ज्यूनार् होस् दहिदूध् क्षुधा बढ़िगयो * होला जगन्नाथ् हरी ॥२३॥

यस्तो आग्रह प्रेम देखि हरिले * सब्का सँगैमा रही ।
लाग्नूभो बसि गर्न भोजन अनेक् * सुन्दर् स्वरूप्का भई ॥
कोही सासु गएर प्रेम्सित असल् * झट् नौनि टक्र्याउँथे ।
क्वै हात्मा दधि दूध् लिई मगन भै * हाँसेर ख्वाऊँदथे ॥२४॥

क्वै मन्मा बढ़ि प्रीतिको लहर धेर् * नाचेर गान् गर्दथे ।
क्वै पङ्खा लिइ खूब मोहित भई * झन्झन् ति लठ् पर्दथे ॥
कोही ता प्रभुको मुहार कन खूब् * टक् लाइ हेर्थे त्यहाँ ।
क्वै गर्थे उठि अङ्कमाल् पनि अनेक् * इच्छा धरी मन् महाँ ॥२५॥

यस्तै रित्सित कृष्ण लाइ सबले * ख्वाए बढ़ी प्रेम् जसै ।
वर्षाए नभ देखि फूल् उहि बखत् * द्यौता हरूले तसै ॥
खानू भो दहि दूध् सबै तर पनी * नाथ्का प्रभाव्ले गरी
कम्ती क्यै न भई अघी झइँ सबै * भाँड़ा भए फेर् भरी ॥२६॥

यै रित्ले सब गोपिनी सँग दधी- * लीला गरी खुब् त्यहाँ ।
फर्के श्रीहरि साथ् लिई सँगिहरू * खुशी भई मन् महाँ ॥
बीदा भै घरमा गए सकल ती * राधादि गोपी पनी ।
गान् गर्दै हरिको प्रसन्न मनले * दासी चरण्की बनी ॥२७॥

हरीका चरण्मा सदा ध्यान् जमाई ।
अती नम्र भै भक्ति मन्मा जगाई ॥
हरीको चरित्रै जउन् पाठ गर्ला ।
छुटी पाप, संसार सागर् उ तर्ला ॥२८॥

---

वत्सासुरवध ( लीला )

ठूलो वृक्ष टुटे सरी उहि बखत् * अत्यन्त शब्दै गरी ।
उल्कापात् भइ थर्कमान् हुनगयो * सम्पूर्ण गोकुल् भरी ॥
त्यो शब्दै सुनि माइजी मनमहाँ * अत्यन्त व्याकुल् भई ।
आइन् बन्धनमा थिए हरि जहाँ * उर्गल् बिचैमा रही ॥१॥

नन्दादी सब गोप्हरू पनि पछी * लागेर जाँदा भए ।
यत्रो रुख् कसरी ढल्यो भनि बहुत् * आश्चर्य मानी लिए ॥
दौड़ी फेर् यशुदाजिले हरिकनै * काख्मा उठाई धरिन् ।
बन्धन् देखि फुकाइ प्रेम सहितै * चुम्बन् बहुतै गरिन् ॥२॥

सब् ग्वाल्बाल् मिलि फेरि नन्दसहितै * सोही थलामा गए ।
गीरे यी रुख लौ कसोगरि भनी * यो प्रश्न गर्दा भए ॥
जस्ता रित्सित रुख् गिरे सकल ती * बालक् हरूले त्यहाँ ।
देखेकै सब त्यो थियो हरिजिको * लीला उही स्थल् महाँ ॥३॥

तानी उर्गल भाँच्दिए रुख दुवै * श्रीकृष्णजीले भनी ।
भन्दा बालक हेरुले सब परे * अ॰ र्यमा त्यो सुनी ॥
यस्तै रित् सँग धेर् अचम्ब हुँनगै * सब्ले कुरा धेर् गरे ।
फेरी नन्दजि ले हरीकन तसै * काख्माथि प्रेम्ले धरे ॥४॥

त्यस्का क्यै दिनका पछी जनम दिन् * आयो हरीको जसै ।
निम्ता नन्दजिले दिए सकल जन् * कूटुम्ब लाई तसै ॥
खूशी भै यसुदाजि ले ति सबको * सत्कार धेरै गरी ।
मङ्गल्उत्सव खुब् गरिन् चिरजिवी* होउन् भनी श्रीहरी ॥५॥

सोही दिन् सब भाइका सँगमहाँ * श्रीनन्दजी ले अनी ।
सम्झाई सब बात् मतो गरि लिए * लौ ... अन्तै भनी ॥
टिक्नै लाइ कठिन् भयो सुन सबै * हे भाइ ! गोकुल् महाँ ।
लागे हून ठुला उपद्रव हरू * बस्नै कठिन् भो यहाँ ॥६॥

तस्मात् यो स्थलुलाइ त्यागि सबजन्* वृन्दावनैमा गई ।
आनन्दै सित बास् गरौं सब मिली * निर्धक्क सब् दिन् भई ।
सार्नू पर्छ बसाइँ लौ भनि यही * रित्ले मतो ठीक् गरे ।
उत्तम् लग्न विचारि माल्हरु सबै * गाडा उपर्मा धरे ॥७॥

त्यागी त्यो स्थल नन्दगोपहरु झन् * आनन्द मङ्गल् गरी ।
थीयो सुन्दरवन् जहाँ पुगि गए * कालिन्दिको तिर् धरी ॥
सन्ध्याकाल भयो जसै सब जना * उत्री नदी पार् गए ।
वृन्दावन् गइ प्रेमपूर्वक त्यहाँ * मीलेर बस्दा भए ॥८॥

वृन्दा देविजिको गरेर दर्शन् * गाऊँ बसाई त्यहाँ ।
लागे बस्न भएर निर्भय अती * खूशी भई मन् महाँ ॥

पाँच् वर्षै बितिगो उमेर् हरिजिको * सोही बखत्मा जसै ।
माईका सँगमा गरे हरिजि ले * हात् जोरि बिन्ती तसै ।।९।।

जान्छू गाइ चराउनै म पनि हे * माई ! सँधै वन् महाँ ।
तस्मात् दीनुहवस् खुशी भइ हुकुम् * ऐह्ले भलाई यहाँ ।।
माईले हरिका सुनी कन यि बात् * आदर् बहूतै गरी ।
लागिन् भन्न हरीजिलाइ खुशि भै * सम्झाइ झट् त्यै घरी।।१०।।

छन् चाकर्हरु घर् भरी किन वृथा * तिम्ले वनैमा गई ।
गाई लाइ चराउँछू भनि भन्यौ * सङ्कष्ट ठूलो सही ।।
हे बाबू ! वन जान मन् न गर लौ * यस्तै प्रकार्लें भनी ।
संझाइन् यशुदाजिले न बुझि दिक् * माने हरीले पनी ।।११।।

फेरी जिद्दि गरेर माइ सँग खुब् * त्रैलोक्यका नाथ् हरी ।
लागे भन्न रुँदै उसै बखतमा * आँशू नजर्मा धरी ।।
दीनू हुन्न मलाइ जान वनमा * खेल्नै भने यस् घरी ।
खाँदै खान्न म क्यै पनि बुझिलिनोस् * यो बात साँचो गरी ।।१२।।

जिद्दीका यि कुरा यशोमति जिले * सूनिन् हरीका जसै ।
डाकी गोप्हरू लाइ फेर् जननिले * आज्ञा गरिन् यो तसै ।।
हे गोप्हो ! तिमिहेरु कृष्ण बलराम् * यी दुइका संग रही ।
संभार् गर्नु गएर जङ्गल महाँ * साह्रै चनाखो भई ।।१३।।

धेर् टाढा न गए नजिक् वरि परी * गाई चराऊ गई ।
संध्याकाल् न हुँदै फिरे घर महाँ * यस्ता प्रकार्लें कही ।।
आज्ञा श्रीयशुदाजिले दिनु भयो * "लौ जाउ बाबू !" भनी ।
सब् साथी लिइ खुशि भै चलि गए * श्रीकृष्ण बल्राम् पनी ।१४।

गाई वत्स लिएर कृष्ण-बलराम् * पौंचे वनैमा जसै ।
वृन्दावन् पुगि गौ चराउन भनी * लागे हरी फेर् तसै ॥
एक्छिन् सम्म चराइ गाइ बछिया * सब्लाइ सङ्मा लिई ।
पौंचे फेर् यमुनाजिका तिर महाँ * अत्यन्त खूशी भई ॥१५॥


त्यै बिच्मा तहिं कंसका हुकुमले * बाछा समान्को बनी ।
वत्सासुर् हरिलाइ मार्न तमस्यो * पस्री सहज्मा भनी ॥
देख्नूभो हरिले असुर् कन त्यहाँ * सोही बखत्मा जसै ।
भन्नूभो अति क्रोध् गरेर बलराम् * लाई हरीले तसै ॥१६॥

हे दाज्यै ! लिइ वत्सको रुप यहाँ * हेर्नोस् न ! ऐह्ले यहाँ ।
वत्सासुर् भनि नामको असुर यो * आएछ यै वन् महाँ ॥
दाज्यूका सँगमा गरेर यति बात् * पक्रेर पाऊ धरी ।
मारे जोर् सँग पट्कि त्यस्कन तहीं * श्रीकृष्णले त्यै घरी॥१७॥

### बकासुर वध लीला ( ३८ )

सूनेथ्यो जब कंसले मरि गयो * वत्सासुरै विर् भनी ।
डाकी फेरि बकासुरै कन तहाँ * त्यस्ले पठायो पनी ॥
वृन्दावन् पुगि दाउ परि यमुना * जीका तिरैमा गई ।
बस्दोभो जब त्यो असुर् हरिजिले * देखे चनाखो भई ॥१॥

आज्ञा भो हरिको धरेर बकुला- * को रुप् अहीले यहाँ ।
आयो राक्षस मार्नु पर्छ अबलौ * उम्केर जाला कहाँ ॥
गर्थे यै रितको कुरा हरि जसै * राक्षस् पनी गम्र गरी ।
लाग्यो गर्न विचार मारुँ कसरी * श्रीकृष्णलाई धरी ॥२॥



त्यै बिच्मा हरिजी गए नजिकमा * लीएर चूचा महाँ ।
हाल्यो पेट् बिच श्री हरीकन जसै * व्याकुल् भए सब् त्यहाँ ।
लागे गर्न पुकार गोपहरु सब् * दुःखित् भई धेर् जसै ।
विस्तार् श्रीहरिले पनी गरिलिए * आफ्ना शरीर्को तसै ॥३॥

राख्नै लाइ कठिन् भयो जब हरी * जी लाइ पेट्मा अनी ।
ऊकेल्यो हरिलाइ त्यै बखतमा * श्रीकृष्णजीले पनी ॥
चूचो झट्ट समाति पाउ बिचमा * राखेर च्याती दिए ।
मारी यस् रितले असुर् कन सहज् * सब्लाइ सङ्मा लिए ॥४॥

सब् बाधा हरि गोपको खुशि भई * साँझ् पर्न लाग्यो जसै ।
बाछा गाइ लिएर साथ् हरि पनी * खेल्दै रमाई तसै ॥
फर्के घर्तिर दूइ भाइ जननी * थीइन् जहाँ झट् गई ।
माताले हरि-राम लाइ उ बखत् * काख्मा लिइन् खुशीभई ॥५॥

अघासुर वध लीला ( ३९ )

वर्णन् येति गरेर श्रीशुकजिले * आज्ञा गरे फेर् त्यहाँ ।
एक् दिन् गाइ चराउनै हरि सबेर् * पाल्नू भयो वन्महाँ ॥
सब् गोपालहरू पनी हरिजिका * लागेर साथ्मा गए ।
नाना फुल्हरुको बनाइ गहना * लाएर खेल्दा भए ॥१॥

नाच्थे कोइ खुशी भएर हरिका * सङ्‌मा विहार् खुब् गरी ।
खेल्थे खेल अनेक् खुशी भइ सबै * नाना प्रकार् रूप् धरी ॥
आयो सोहि बखत् अघासुर असुर् * क्रोधित् भई खुब् त्यहाँ ।
ठूलो एक् अजिंगर् भइकन रह्यो * पसेर भूमी महाँ ॥२॥



मुख्बाई जब त्यो असुर् लडिगयो * सोही बखत् श्रीहरी ।
पुग्नू भो सब साथि लीकन तहीं * खेल्दै अगाड़ी सरी ॥
टाढ़ै बाट नजर् गरेर सब ती * ग्वाल्-बाल आपस् महाँ ।
लागे भन्न पहाड्सरी कउन हो * तेस्तीं रहेको यहाँ ॥३॥

भन्दै यै रितका कुरा सब जना * पोंची नगिच्मा गए ।
गूफाको सरि मुख् ठुलो असुरको * देखेर डर्दा भए ॥

फेर् एक् बालकले उसै बखतमा * सब्लाइ सूचन् गरी ।
लाग्यो भन्न विकल् भयौं तिमिहरू * नाहक् डरैमा परी ॥४॥

छन् श्रीकृष्णजि साथमा हिड् पसौं * यस्का मुखैमा गई ।
होला कोहि यदी असुर् सहजमा * मर्नेछ ध्वंसै भई ॥
राक्षस् जुन् बक हो उही मरिगयो * जस्ता तवर्ले गरी ।
उस्तै रित्सँग नाम् हुनेछ यसको * छन् साथ हाम्रा हरी ॥५॥

लामू सास खिंचीलियो उस बखत् * त्यस् दुष्टले खुब् जसै ।
सब् ग्वाल्बाल् सुखमा पसे पवनका * वेग्ले गरी झट् तसै ॥
त्यस्का पेट् बिचमा परे जब ति सब् * विष्का प्रभाव्ले गरी ।
लागे जल्न विकल् भएर बहुतै * साह्रै सकस्मा परी ॥६॥

आऊ हे हरि! कृष्ण! हे प्रियसखे ! * चाँडो बचाऊ भनी ।
गर्दा ती सबले पुकार मनमा * साह्रै दयालु बनी ॥
पस्नू भो मुख भित्र कृष्णजि पनी * त्यस् दुष्टका झट् गई ।
झट् मुख् बन्द गरी लियो असुरले * देखेर खूशी भई ॥७॥

यो देखी हरिले उसै बखतमा * विस्तार् शरिर्को गरे ।
पेट् फाटीकन सब् ति ग्वाल सहजै * बाहीर भैंमा झरे ॥
यस्ता रित्सित पेट् चिरेर हरिले * मारे असुर् त्यो जसै ।
फूल्को वृष्टि गरे खुशी भइ बहुत् * द्यौता हरूले तसै ॥८॥

लाग्यो दुन्दुभि बज्न देव हरूको * आकाश मा त्यै घरी ।
मार्दामा हरिले असुर् सकलको * सन्ताप सब् गो टरी ॥
लागे गर्न प्रभूजिको गुण बखान् * सब् ग्वाल आपस् महाँ ।
धन्यै हुन् प्रभु कृष्ण प्राण सबको * बाँच्यो कठिन्ले यहाँ ॥९॥

अघासुर् कन मारि फेरि हरिले * ग्वाला र गाई सबै ।
सङ्मा लीकन खूशि भै चलि गए * क्यै दूर् अगाड़ी तबै ॥
पौंची फेर् यमुनाजिका तट महाँ * स्नान् गर्न लागे हरी ।
सब् बालक् लिइ साथमा खुशि भई * नाना तमाशा गरी ॥१०॥

पीताम्बर् कटिमा कसेर प्रभुले * वंशी अधर्मा धरी ।
थाल्नू भो सु-मधुर् बजाउन त्यहाँ * त्रैलक्य मोहित् गरी ॥
छायामा बसि एक् कदम्ब रुखको * थाल्नू भयो गान् जसै ।
नाच्थे मोहित भै वरी परि रही * ती गोप बालक् तसै ॥११॥

—*❀*—

## वत्स हरण लीला ( ४० )

हे राजन्! यहि रीतले अलिकछिन् * कालिन्दीका तिर् महाँ ।
लागे खेलि प्रभूजि भन्न सबका * सङ्मा खुशीभै त्यहाँ ॥
मेरा दौंतरी मित्रहो! अजब को * देखिन्छ शोभा यहाँ ।
झल्कन्छन् सब बालुवा मणि सरी * झल् झल् गरी तिर् महाँ ।१।

यस्तो सुन्दर स्थान छोड़ि अरु फेर् * जानू वृथा हो कहीं ।
आऊलौ बसि प्रेमपूर्वक गरौं * भोजन् सबै जन् यहीं ॥
यस्ता प्रेमि वचन् सुनेर सबले * खूशी भई मन् महाँ ।
पात् ल्याए रुखका टिपेर सबले * वन्का तहीं बिच् महाँ ॥२॥

ताहीं पत्तल पात् बिछाइ कन सब् * चौतर्फि घेरा दिई ।
पंक्ती साथ बसी वरीपरि हरी * जी लाइ बिच्मा लिई ॥
पैल्हा गाँस् हरिले लिएर मुखमा * खानू भयो झट् त्यहाँ ।
फेर् लागे सब खान माखन-दही * बाँडेर साथै महाँ ॥३॥

शिर्मा मोर मुकुट् धरेर वनमाल् * पैह्री रमानाथ् हरी ।
त्री-भङ्गी रुप धारी ती सब महाँ * हाँसेर प्रेम्ले गरी ॥
ख्वाऊँथे हरि साथि लाइ सँगमा * आनन्द मानी त्यहाँ ।
क्या मीठो भनि स्वाद् गरी सकल ती * खान्थे रुचाई तहाँ ॥४॥

ती सब् गोप कुमारका बिच महाँ * ठिक् पूर्ण-चन्द्रै सरी ।
देखिन्थे हरि धेर शोभित भई * अत्यन्त कान्ती धरी ॥
इन्द्रादी सब देवता हरु पनी * वीमान् गगन्मा चढ़ी ।
हेर्थे सोहि बखत् लिला हरिजिको * अत्यन्त प्रेम्ले गरी ॥५॥

चीनी दूध दही र मिश्रि हरु सब् * चिज्बिज् लगेगा जती ।
खान्थे भाग लगाइ सब् खुशि भई * थप्थाप गर्थे कती ॥
कैह्ले कोहि उठाइ भाग अरुको * झट् चोरि खान्थे अनी ।
कैह्ले श्रीहरिको टिपेर अरुको * हाल्थे मुखैमा पनी ॥६॥

लीला यो हरिको अजब् किसिमको * देखेर शंकित् भई ।
ब्रह्माले मनमा यही सुरलिए * लिन्छू परीक्षा गई ॥
साक्षात् श्रीहरि हुन् भनेर मनमा * पत्यार् कसोरी गरूँ ।
तस्मात् आज लुकी गएर बनमा * गाई र बाछा हरूँ ॥७॥

जूठो चीज् सबका सँगै सरबरी * खान्छन् यि कैले यहाँ ।
खेल्बाड् मानिस भैं भएर गरछन् * हुन्थे हरी यी कहाँ ?
गर्दै यै रितको कुतर्क मनमा * ब्रह्माजि सोही घरी ।
जाँच्नाको मनसुब् लिएर भटपट् * आए अगाड़ी सरी ॥८॥

वृन्दावन् पहिले गएर घुमि फेर् * गाई हरू सब् जती ।
छल् पारीकन लोप् पनी गरिदिए * हरूमर् न ती एक् रत्ती ॥

त्यै बिच्मा हरि फेरि छोड़िकन सब् * साथी हरू छन् जती ।
गाई हेर्न भनी पसे वन तरफ् * आनन्द मानी अती ॥९॥

लागे नाम लिई ति डाक्न बछिया * गाई हरू सब् जसै ।
औसर् पारि विधी पनी उ हि बखत् * पौंचे तिरैमा तसै ॥
ग्वाल्बाल् लाइ पनी लगेर संगमै * झट्-पट् लुकाई दिए ।
आए फेर् फिरि क्यै न जानि हरिको * माया जहाँ सब् थिए ॥१०॥

फिर्नू भो हरि दिक्क भै तिर महाँ * गाई न पाई जसै ।
साथी हेरु पनी अलोप् भइ गए * ताहाँ अकस्मात् यसै ॥
के यस्तो हुनगो मनै मन यही * चिन्ता लिई श्रीहरी ।
लागे गर्न विचार कंस खल को * छल होकि भन्ने परी ॥११॥

आखिर्मा सब बात् तुरन्त खुलिगो * ब्रह्माजिको छल् भनी ।
अन्तर्यामि थिए स्वयं सब कुरा * जान्ने जगत्का धनी ॥
झट् सोही घरि फेर् तयार् गरनुभो * आफ्ना प्रभाव्ले त्यहाँ ।
सारा ग्वाल र गाइ ठिक्क अघिकै * माफिक् उही स्थलमहाँ ॥१२॥

संध्याकाल भयो जसै हरि फिरे * फेर् ग्वालबाल् सङ् धरी ।
पौंचे साबिक झैं भएर घरमा * आनन्द पूर्वक् गरी ॥
हे राजन् ! विधिले हरे जब सबै * ग्वाला र गाई हरू ।
गूफामा लगि राखि झट् थुनिदिए * लीएर पत्थर् तरू ॥१३॥

बिर्से फेर् सब ती कुरा र विधिले * एक्दिन् अकस्मात् त्यहाँ ।
आयो चेत् तिनिलाइ झट् पुगिगए * जाँच्नै भनी वन् महाँ ॥
ज्यूँका त्यूँ सब वत्स गोप हरु सब् * देखे अघी झैं जसै ।
लागे गर्न अनेक तर्क मनमा * आश्चर्य मानी तसै ॥१४॥

फेर् वृन्दावनमा पुगे गरन जाँच् * शङ्कित् बहुतै बनी ।
देखे फेर् गइ सब् दुरुस्त अघिझैं * जो जो थिए सब् पनी ॥
यो कस्तो हुनगो अचम्भ अहिले * मानू त स्वप्नै सरी ।
के मेरो मति भ्रम् भयो कि अथवा * क्यै इन्द्रजाल् पो परी ॥१५॥

यस्तै तर्क-वितर्क मन्मन अधिक् * गर्दै ति फेरी पनी ।
फर्की झट्ट गए गुफा बिच महाँ * जाँच् गर्न लाई भनी ॥
आश्चर्यै भइगो गजब् कसरि यो * श्री कृष्णजी ले यहाँ ।
मायाले गरि मोहिनी छरि दिए * राखी दया मन्महाँ ॥१६॥

झट् श्रीकृष्णजिले पनी उहि बखत् * माया प्रभाव्ले गरी ।
सब् ग्वाला हरु लाइ गर्दिनु भयो * आफ्नै स्वरूप्को हरी ॥
चार् बाहू रुपका स्वयं हरि समान् * फेर् देवगण् सब् त्यहाँ ।
गर्थे स्तूति खडा भई त्यस बखत् * देखेर त्यो सब् त्यहाँ ॥१७॥

आश्चर्यै भइ क्यै न जानि न बुझी * ब्रह्माजि बूढा त्यहाँ ।
सादा चित्र सरी भएर डरले * थर्के अति मन् महाँ ॥
देखे श्रीहरिले विधी कन बहुत् * व्याकुल् भएका जसै ।
माया आफ्नु सबै खिंची हरि फगत् * हूनू भयो एक् तसै ॥१८॥

## ब्रह्मास्तुति लीला (४१)

ज्ञान् भैगो विधिलाइ सोहि घरिमा * चिम्ली नयन् प्रेमले ।
लागे गर्न ति ध्यान तन्मय भई * भक्ती सहित् नेमले ॥
सर्वात्मन्! प्रभु! विश्वनाथ! भगवन्! * साक्षात् रमानाथ् हरी ।
गर्नू हुन्छ लिला अनेक् पृथिविमा * औतार नाना धरी ॥१॥

मूढो हूँ म अजान नाथ ! न चिह्नी * माया वशैमा परी ।
मैले भारि चिराम् गरें शरणमा * लीनोस् कृपा खुब् गरी ॥
भार् हर्नें भनि पृथ्विको हजुरले * ऐल्हे नरै-रुप् धरी ।
पाल्नूभो ब्रजमा दयालु भइ खुब् * आफैं अगाड़ी सरी ॥२॥

यस्ता हजुकोँ कसरी म काहाँ ।
जान्नै महीमा कन सक्छु याहाँ ॥
मेरा उपर्मा करुणा जनाई ।
सब् गर्व तोडी दिनु भो रमाई ॥३॥

सब्मा भई व्यापक वास गर्नें ।
बुद्धी दिई दुर्मति लाइ हर्नें ॥
यस्ता हजुकोँ म त ध्यान धर्छु ।
माफ् पाउँ हे नाथ् ! भनि बिन्ति गर्छु ॥४॥

यस्तै प्रकालें विधिले जसैता ।
स्तूती गरे खुब् खुशि भै तसैता ॥
भन्नू भयो श्री हरिले जनाई ।
जो ह्वौ तिमी जान उही भलाई ॥५॥

ब्रह्मन् ! फिक्रि न लेउ केहि मनमा * अज्ञान तिम्रो जती ।
दीएँ नाश् गरि जाउ शुद्ध मनले * शङ्का न ली एक् रती ॥
यस्ता प्रेम वचन् सुनेर हरिका * खूशी भई मन् महाँ ।
बाछा गोप्हरु सब् बुझाइ विधि फेर् * जाँदा भए धाम्महाँ ॥६॥

ब्रह्माको छल क्यै न जानि सब ग्वाल् * गोपाल हेरू जती ।
लागे खेल्न खुशी भई हरि उपर् * राखेर प्रेम्-भाव् अती ॥

यस्ता श्री हरिको चरित्र, जसले * सुन्ला नियम् ले गरी ।
जाला त्यो नर देह त्यागि सहजै * संसार सागर् तरी ॥७॥

—:※:—

धेनुकासुर बध लीला ( ४२ )

राजन् ! कुनै दिन् हरि फेरि ताहाँ ।
भाई सखा सब् लिइ साथ माहाँ ॥
पुग्दा भए वन् बिचमा मुरारी ।
लागे ति खेल्नै अति स्वाँग धारी ॥१॥

बाघ् भालू कहिले बनेर मुखले * डुक्रेर खुब् स्वर् गरी ।
खेल्थे फेर् कहिले बनेर चितुवा * स्यालै समान्का हरी ॥
कोही हात्ति बनेर त्यस् उपरमा * कोही चढ़ी कुद्थे ।
लूका लूकि गरेर छोपि कन कवै * आँखा, उधून् गर्दथे॥२॥

कैल्हे राम र कृष्णलाइ बिचमा * राखेर सब् ग्वाल् त्यहाँ ।
हेर्थे गाइ कता गए भनि बहुत् * व्याकुल् भई मन्महाँ ॥
फेरी श्रीहरिले पनी उहि बखत् * ग्रौटा रुखैमा चढ़ी ।
गाई लाइ तहीं पुकारि लिनुभो * जम्मा भए त्यै घरी ॥३॥

ठाड़ा कान गरेर दौड़ि कन ती * गाई हरू सब् त्यहाँ ।
आई झट्ट खड़ा भए वरि परी * थीए प्रभूजी जहाँ ॥
फेरी सब् बछिया हरू कन प्रभू- * जी ले लचारी दिए ।
दाज्यूका सँगमा बसी दुध दही * खाई लहड् एक् लिए ॥४॥

खूशी भै बलराम लाइ हरिले * भन्नू भयो प्रेम् गरी ।
दाज्यै ! पाल्नुहवस् नयाँ किसिमको * खेलै गरौं यस् घरी ॥

येती बात भनी बनाइ दुइ दल् * मानू ति पल्टन् सरी ।
लागे लड्न बजाइ ढोल मजिरा * भन्दै "हरी, श्रीहरी" ।।५।।

योँटा साथि उसै घरी प्रभुजिका * आएर साम्ने महाँ ।
लाग्यो भन्न डराइ लौ सुन सबै * भारी खबर् एक् यहाँ ।।
याहाँ देखि अलीकती पर गई * एक् 'तालवन्' नाम् भनी ।
भारी वन् छ जहाँ त अमृत सरी * छन् धेर फल्-फुल् पनी ।।६।।

कोही धेनुक नामको असुर त्यस् * वन्मा सँधै बास् गरी ।
रक्षा गर्दछ कोहि टिप्न न सकुन् * फल्-फुल् अगाडी सरी ।।
यस्ता बात सुनेर सोहि घरि फेर् * बल्रामजी झट् त्यहाँ ।
पोँचे गोप्हरु साथ् लिएर खुशि भै * उभ्की त्यही वन्महाँ ।।७।।

हल्लाए गइ रामले रुख बहुत् * जोर्ले समाती जसै ।
लागे झर्न अनेक फल्फुल हरू * मेवा झरा-झर् तसै ।।
लागे टिप्न ति साथि हेरु फल सब् * खूशी भई मन् महाँ ।
यो देखी अति क्रुद्ध भै असुर झट् * आयो दगुर्दै त्यहाँ ।।८।।

डर्ले भागि गए अरू हरु सबै * साथी थिए जो जती ।
डर् त्यागी बलराम् खडा भइ रहे * लीएर शान्तै मती ।।
राक्षस्ले बलराम लाइ रिसले * एक् लात् जमायो जसै ।
पक्रे टाङ् बलरामले पनि उसै * बिच्मा रिसाई तसै ।।९।।

फेरी पट्कि दिए घुमाइकन खुब् * जोर्ले जमीनै महाँ ।
बाधा पाइ असुर् मर्‍यो उहि बखत् * ठूलो अवाज्ले त्यहाँ ।।
दौडी फेर् सब साथि हेरु हरिका * साम्ने अगाडी गए ।
'मारे एक असुर् कनै बलजि ले' * भन्ने सुन्नाई दिए ।।१०।।

सुन्ना साथ् हरि पाल्नुभो दगुरिझट् * बलदेव थीए जहाँ ।
धेनुक्का अरु साथि हेरु पनि फेर् * दौडेर आए त्यहाँ ॥
मारे तिन्कन पक्कि श्री प्रभुजिले * थीए असुर् सब् जती ।
यो देखी कन ग्वाल-बालहरु ता *मन्माभए खुश् अती॥११॥

फूल्को वृष्टि भयो र ताहिं हरिले * तारीफ् बहूतै गरी ।
भन्नू भो 'बलराम ! दानव ठुलो * मार्नू भयो यस् घरी' ॥
खाए फेर् सबले मिलेर फल-फूल् * मेवा बहूतै त्यहाँ ।
फर्के घर्तिर साथमा लिइ सबै * गाई हरु साँझ् महाँ॥१२॥

कालीनाग दमन लीला (४३)

राजन् ! कृष्णजि एक दिन् वनमहाँ * गाई चराऊँ भनी ।
सब् साथी हरु साथमा लिइ पुगे * कालिन्दिका तिर् मनी ॥
थीयो ग्रीष्म ऋतू र घाम् पनि अधिक्* चर्को हुँदा त्यो घरी ।
तिर्खाले गरि गाइ गोप् हरू सबै * व्याकुल् भए बेसरी ॥१॥

खेल्दै साथि हरू मिलेर उ बखत् * तीर्मा सबै जन् गए ।
कालीया दहमा पुगेर सबले * जल् प्यून लाग्दा भए ॥
काली नाग तहाँ थियो जहरिलो * सम्राट् विषाल् महाँ ।
जल् प्यूँदै सब मूर्च्छिते भइ गिरे * त्यस्का विषैले त्यहाँ ॥२॥

पाल्नूभो तिरमा हरी र सब हाल् * देखी लिनूभो जसै ।
हेरी अमृत दृष्टिले सब कन्नै * ब्यूँझाउनू भो तसै ॥
रक्षा यै रितले गरेर सबको * फेरी मुरारी त्यहाँ ।
लाग्नूभो मिलि खेल्न गेंद सब ती * गोपालका सङ्महाँ ॥३॥

कालिन्दी दहका सबै वरि परि * चार्कोश्तलक् जल् जती ।
उम्लन्थ्यो सब कालिया विष प्रभाव् * हूँदा तहीं खुब् अती ॥
जन्तु क्वै पनि जानलाइ नजिकै * सक्तै नथे एक् त्यहाँ ।
मर्थे सब् विषले भुलेर न बुझी * जान्थे जती दह्महाँ ॥४॥


फेरी यस् दहका वरीपरि कतै * वृक्षादि हेरू पनी ।
थीएनन् विषका प्रचण्ड तपले * डढ्थे खरानी बनी ॥
यौटा वृक्ष थियो फगत् कदमको * बाँकी रहेको त्यहाँ ।
बोकी अमृत ल्याउँदा गरुडजी * एक्छिन् बसेथे जहाँ ॥५॥

अमृत्को बुँद एक् पर्‍यो चुहि कदम् * को वृक्षमा त्यस् घरी ।
भै गो त्यो रुख फेर् अमर् न मरने * कैल्हे पनी क्यै गरी ॥
राजन् ! सोहि घरी गिर्‍यो ति सबको * आएर गेंद् जल् महाँ ।
लागे खलबलि गर्न गोप सब ती * गेंद् झिक्नलाई त्यहाँ ॥६॥

गर्नू भो हरिले विचार मनमा * यस् नागलाई पनी ।
राख्नू योग्य न भै धपाउनु पर्‍यो * ऐल्है यसै क्षण् भनी ॥
येती बात विचारि झट् कदमका * रुख्मा चढ़ी श्रीहरी ।
टुप्पामा पुगि कुद्नुभो दह तरफ् * हेरेर बेग्ले गरी ॥७॥

यस्तो हाल् तहिं देखि गोपहरु सबै * साह्रै डराई त्यहाँ ।
लागे रून कराउनै, गउ पनी * झस्के उसै बिच् महाँ ॥
कूदेको हरिले सुनी कन कठोर् * त्यो शब्द काली पनी ।
लाग्यो बीष उकेल्न अग्नि सरि खुब् * माछू सहह्मा भनी ॥८॥

आयो कौन पसेर कालि-दहमा * मेरा जहर्मा परी ।
बाँच्यो त्यो अझसम्म भस्म न भई * आश्चर्य हो यस् घरी ॥



कालीनाग-दमन

चित्र सं० (४) संसारको सब भार जिएर उछलत् फण् माथि पाऊ धरी ।
थालनुभो तब नाचन तालसित फेर बंशी बजाई हरी ।।

यस्ता बात् मनमा विचारि रिसले * त्यो कालिनाग् फेर् त्यहाँ ।
एक् सौ दश् फण काढ़ि कालसरि विष् * लाग्यो उकेल्नै त्यहाँ ॥९॥

यो देखी रति डर् न ली मनमहाँ * श्रीकृष्णजी त्यस् घरी ।
लागे पौह्रन दिव्य तेज धरि खुब् * सब्लाइ व्याकुल् गरी ॥
त्यस् बेला सब ग्वाल-बाल दुखि भै * लागे पुकार्नै पनी ।
"काहाँ छौ प्रिय कृष्ण आउ तिमि लौ * निस्केर चाँड़ो" भनी॥१०॥

याहाँ ये रितले ति ग्वालहरु सब् * दुःखित बहूतै भई ।
गर्थे रोदन, त्यै घरी यशुमती- * जीका घरैमा गई ॥
कूदे कृष्णजि कालिया दह महाँ * यस्ता प्रकालें भनी ।
सम्चार् नन्दजिलाइ गै कहि दिए * दुःखित बहूतै बनी॥११॥

सम्चार् येति सुने जसै ति सबले * हा कृष्ण ! हा राम् ! भनी ।
दौड़े नन्द, यशोमती र अरु फेर् * गोपाल-नारी पनी ॥
हाहाकार् गरदै रुँदै सब जना * कालिन्दिका तिर् महाँ ।
लागिन् गर्न विलाप् बसेर यसुदा * पौंची तहाँ तिर् महाँ ॥१२॥

हामीलाइ यसोरि छोड़ि अहिले * बाबू ! तिमी छौ कहाँ ? ।
बाँच्नैलाइ कठिन् भयो तिमि बिना * ज्यूनू कसोरी यहाँ ? ॥
देऊ दर्शन झट्ट आइ नहिं ता * चल्दैन केही गती ।
व्याकुल्छौं सब हामि दर्शन मिलोस् * रुनू सबैले कती ॥१३॥

यस्तै रित्सित धेर् गरीकन विलाप् * फाल्हाल्छु जल्मा भनी ।
दौड़िन् श्री यसुदा जसै उहि घरी * पक्रे अरूले अनी ॥
पाल्नूभो बलदेवजी पनि तहाँ * सोही बखत्मा जसैं ।
देखी व्याकुल तिन्कनै दुखित भै * आज्ञा गरे यो तसैं ॥१४॥

साक्षात् हुन् अविनाशि श्रीहरि वृथा * शंका नल्यौ मन्महाँ ।
आऊँछन् हरि यै घरी बुझ सबै * उ[illegible]खि निस्की यहाँ ॥
सम्झाई यहि रीतले सब कनै * बल्देवजी त्यै घरी ।
पौंचे सर् बिच कालिनाग जलमा * थीए जहाँ श्रीहरी ॥१५॥

देखी श्री हरिलाइ खूब रिसले * मार्छू म ऐहै भनी ।
थाल्यो फन्फनि बेर्न काढि फण खुब् * अत्यन्त क्रोधित् बनी ॥
यो देखी हरिले पनी शरिर खुब् * पर्वत् समान्को गरी ।
विस्तार् गर्दिनुभो हतास् हुन गई * छोड़ी दियो त्यैघरी ॥१६॥

छोड्यो बेर्न पुगेन ताकत भनी * कौने हिसाब्ले त्यहाँ ।
डस्छू उग्र विषालु दाँत् धसि यहाँ * उस्केर जाला कहाँ ॥
गर्थ्यो येहि विचार त्यो मन महाँ * सोही बखत् श्रीहरी ।
उफ्री जोर्सित चढ्नुभो शिर महाँ * त्यस्लाइ लाचार् गरी ॥१७॥

संसार्को सब् भार् लिएर उ बखत् * फण् माथि पाऊ धरी ।
थाल्नुभो तब नाच्न तालसित फेर् * बन्शी बजाई हरी ॥
त्रैलोक्को सब भार त्यो हरिजिको * थाम्ने कठिन्भो जसै ।
फन् पट्कि मुखबाइ कायल भई * छाड्यो रगत् धेर् तसै ॥१८॥

यस्तो अद्भुत कर्म देखि प्रभुको * जानी लियो मन्महाँ ।
हुन् यी आदि-पुरूष निश्चय धरी * औंतार आए यहाँ ॥
यी बाहेक् अरु नत्र कुन् पुरुषमा * सामर्थ्य होला कहाँ ।
सक्थ्यो बाँच्न कउन् परेर विषमा * मेरा उसै लौ यहाँ ॥१९॥

त्यै बीचमा हरि खुशी भइ हाँसि-हाँसी ।
नागका फणा उपरमा चढि नाचि-नाची ॥

बंशी धरी अधरमा सुर खुब् मिलाई ।
थाले लहड् गरि बजाउन ताल् मिलाई ॥२०॥

श्रोताहरू पनि खुशी भई हाँस्न थाले ।
देवाङ्गनाहरू पनी सब नाच्न लागे ॥
आकाशदेखि फुलको पनि वृष्टि ताहाँ ।
हूँदो भयो हरि उपर् उहि बीच माहाँ ॥२१॥

लाग्यो हल्हलि छाद्न व्याकुल भई * नाग्ले रगत् धेर् जसै ।
थाले नागिनि हेरु आइ हरिका * साम्ने पुकार्नै तसै ॥
हे नाथ् ! मूर्ख र कप्टि हुन् अधम हुन् * हुन् यी विषालू बड़ा ।
ठूलै दुष्ट थिए र दण्ड दिनुभो * आफैं भएरै खड़ा ॥२२॥

यिन्को सब् अभिमान तोडि दिनु भो * हे कृष्णजी ! यस् घरी ।
धन्यै यी अहिले भए हजुरका * पद्का धुलाले गरी ॥
अन्जान्मा अपमान हामि हरुले * जो जो अघी सब् गर्‍यौं ।
गर्नू होस क्षमा दया सदय भै * हेनाथ् ! शरण्मा पर्‍यौं ॥२३॥

यिन्को दोष् रति छैन हो सकल दोष् * यिन्का स्वभावको भनी ।
छोड़ी बक्सनुहोस् प्रभो ! गरि दया * मुख् हेरि हाम्रो पनी ॥
बिन्ती नागिनिको सुने प्रभुजिले * यस्ता तबकों जसै ।
दर्शन् खुश् भइ दिव्य-रूप् धरि दिए * नाग्लाइ छोड़ी तसै ॥२४॥

जसै नाग्ले दर्शन् खुशि भइ गरे झट् अघिसरी ।
भई नम्रै गर्छन् स्तुति हरि-चरण्मा शिर धरी ॥
प्रभो ! ठूलै नीच् हूँ दुरमति विषालू पनि म हूँ ।
कुकर्मी अज्ञानी कुमति पशुमाको अधम हूँ ॥२५॥

गरें नाथ्को मैले अघि जति अनादर् भनुँ कती ।
क्षमा बक्सीयोस् त्यो सब सदय भै हे शुभमती ! ।।
न छुटोस् भक्ती यो प्रभु चरणमाध्यान् जमिरहोस् ।
छुटोस् बन्धन् सारा हरि-भजनमा प्रेम् कमि नहोस् ।।२६।।

नाग्ले स्तुती येति गरे जसैता ।
खुश् भै हरीले पनि फेर् तसैता ।।
भन्नू भयो कालिय नाग जाऊ ।
रम्णीय द्वीप्मा गइ बास् बनाऊ ।।२७।।

पाछ्छू म शुद्धै जल यो बनाई ।
कालिन्दि तीर्थै भनि नाम् चलाई ।।
आज्ञा प्रभूको सुनि येति ताहाँ ।
नाग् बिन्ति गर्छन् परि पाउ माहाँ ।।२८।।

राख्छन् ममाथि ति गरुड् अति वैर मन्मा ।
बस्नू कसोगरि गई रमणीय वन्मा ।।
पैल्हे गरेर झगड़ा, तिनिका संगैमा ।
हारेर आइ म लुकें, यमुना-जलैमा ।।२९।।

तिन्लाई छ शराप शौर मुनिको * याहाँ न पस्नू भनी ।
अन्तै गै रहँदा मलाइ तिनिले * मार्छन् अवश्यै पनी ।।
भन्नूभो सुनि बिन्ति यस् तवरको * फेर् कृष्णजीले त्यहाँ ।
हे नाग् ! क्यै डर लौ न मान तिमिले * डर् छैन केही वहाँ ।।३०।।

मेरो चिह्न छ पाउको शिर उपर् * त्यस्का प्रभावले गरी ।
डर् कत्ती न गरी रहू भय त्यजी * भक्ती म माथी धरी ।।

येती बात् भनि फेरि श्रीहरिजिले * डाकी गरुड्जी त्यहाँ ।
सम्झाई कन दूर् गरे भय सबै * नाग्को उसै बिच्महाँ ।।३१।।

अभय् वर्दान् पाई कन अति खुशी भै पद् परी ।
धरी भक्ती मन्मा नुहि प्रभुजिको पूजन गरी ।।
लिई साथ्मा नारी हरिसँग विदा भै झट तहाँ ।
गए कालीनाग् ती रमणिय द्विपैका तिर महाँ ।।३२।।

## कालिन्दी महिमा लीला ( ४४ )

विस्तार् येति सुनी परीक्षितजिले * शंका गरी फेर् त्यहाँ ।
सोधे सुन्दर-द्वीप छाडि रमणिक् * कुन् कारणैले यहाँ ।।
आयो श्री यमुनाजीमा रहन त्यो * कालीय नाग् यस् घरी ।
भन्नू होस् सब त्यो कथा मकन लौ * विस्तार-पूर्वक् गरी ।।१।।

यस्तो प्रश्न सुनी परीक्षितजिको * श्री शुकदेव् जी त्यहाँ ।
लागे वर्णन गर्न लौ सुन भनी * खूशी भई मन् महाँ ।।
राजन्! त्यस् रमणीक द्वीप बिचमा * वाहन् हरीको गई ।
वास् गर्छन् ति गरुडजी भय न ली * बल्वान् बहूतै भई ।।२।।

सारा सर्पहरू र ती गरुडका * बिच्मा परस्पर् अती ।
थीयो खूब विरोध-भाव मनमा * लीई बड़ो कुट् मती ।।
पाऊँथे जति सर्प श्री गरुड़जी * खान्थे धरी बेसरी ।
थीयो फेर् वरदान् पनी प्रभुजिको * त्यस्कै प्रभाव्ले गरी ।।३।।

थीए सर्प ठुला-ठुला जति तहाँ * हार् मानि सब्ले लिए ।
दिन्छौं दिन्दिन एक सर्प भनि फेर् * सब्ले वचन् यो दिए ।।

हामी लाइ न मार व्यर्थ यसरी * यस्तै प्रकार्ले भनी ।
लागे सुम्पन ती गरुड् कन सँधै * एक्-एक सर्पै पनी ॥४॥

कोही एक्दिन फेरि कद्रु सुत नाग् * कालीय नाम्को त्यहाँ ।
थीयो खुब् विषधर् प्रचण्ड त्यसले * खुब् शेखि ली मन्महाँ ॥
भोजन् गर्छु गरुड्जिको म त यहाँ * भन्दै पुग्यो झट् जसै ।
आए सोहि घरी गरुड् पनि टुवै * लागे ति लड्नै तसै ॥५॥

एक् छिन् सम्म गरेर युद्ध पछि फेर् * हार् मानि लाचार् बनी ।
काहाँ गैकन प्राण बच्न सकला * यस् दुष्ट देखी भनी ॥
लाग्यो गर्न विचार कालिय पनी * सोही बखत् झट् त्यहाँ ।
याद् भो त्यस्कन भागि जाउँ भनि फेर् * कालिन्दिका तिर् महाँ ॥६॥

यिन्लाई छ शराप शौर मुनिको * ताहाँ न जान् भनी ।
तस्मात् ताहिं गई बसूँ अभय भै * कालिन्दिका जल् मनी ॥
वर्णन् येति सुनी परीक्षितजिले * यो प्रश्न फेरी गरे ।
कारण् कुन् हुनगो शराप् * कस्ता हिसाब्ले परे ॥७॥

यो सब् भेद बताइ बक्सनु हवस् * सम्पूर्ण विस्तार् गरी ।
यो सूनी कन प्रार्थना ति शुकले * वर्णन् गरे त्यै घरी ॥
एक् दिन् शौर मुनी गएर नृपते ! * कालिन्दिका तिर् महाँ ।
गर्थे तप् ति गरुड् पनी गई सँधै * खेल्थे शिकार् खुब् त्यहाँ ॥८॥

माछा-सर्पहरू समाति खुशि भै * खान्थे गरुड्जी जसै ।
तिन्को नीच कुकर्म देखि ति ऋषी * क्रोधित् भए छन् तसै ॥
दीए श्राप् कहिल्यै न आउनु यदी * आइस् कदाचित् यहाँ ।
मर्नेछस् तँ तुरुन्त शिर् फुटि पचास् * टुक्रा भई छिन् महाँ ॥९॥

कारण् येहि हुँदा तहाँ गरुड़जी * जाँदैनथे क्यै गरी ।
बस्थ्यो निर्भय साथ कालिदहमा * कालीयनाग् वास् गरी ।।
कालीनाग गएर वास गरदा * 'कालीदहै' नाम् पऱ्यो ।
सारा जल् जहरै भएर जलले * खूब् नीलवर्णै धऱ्यो ।।१०।।

हुन्थे भस्म जती वरीपरि तहाँ * आएर चीज् पर्दथे ।
नाग्को भारि प्रचण्ड विष् बढ़नगै * प्राणी सबै मर्दथे ।।
नाग्लाई हरिले भगाइ कन फेर् * अम्मृत सिंचन् गरी ।
त्यो जल् निर्मल पार्नु भो जहरको * सारा प्रभाव् दूर् गरी ।।११।।

दावाग्निमोचन लीला ( ४५ )

हे राजन् ! अब फेरि भन्छु म कथा * श्रीकृष्जीको यहाँ ।
कालीलाइ निकालि श्रीहरि जसै * पाल्नू भयो तीर् महाँ ।।
खूशी नन्द भए भइन् ति यसुदा * खूशी बहूतै अनी ।
फेर् चुम्बन् अरु अंकमाल् गरिलिए * सब् ग्वालबाल्ले पनी ।।१।।

माता श्रीयसुदाजिले उहि बखत् * आनन्द गद्‌गद् भई ।
झट् कारव्मा हरिलाइ लीकन गरिन् * आदर् बहूतै गरी ।।
रक्षा होस् हरिको भनेर बहुतै * दान्-पुण्य उत्सव् गरी ।
शान्ति-स्वस्ति गरे बहुत् खुशि भई * श्रीनन्दले त्यै घरी ।।२।।

देखी मुख् हरिको जती सब थिए * ब्रज्वासि हेरू त्यहाँ ।
माता फेरि पिता समेत् सब भए * हर्षित् बहुत् मन् महाँ ।।
यस्तै रित्सित गर्दथे ति सब जन् * वार्ता कुशल्को जसै ।
सन्ध्याकाल् हुनगो र फेर् तहिं गरे * विश्राम सब्ले तसै ।।३।।

खान्पान् सब् गरि प्रेमपूर्वक मिली ✻ कालिन्दिका तीर् महाँ ।
लागे गर्न शयन् उसै बखतमा ✻ रात्का बिचैमा त्यहाँ ॥
उल्का पात भएर लाग्न पनि गो ✻ वन्मा डढेलो जसै ।
हाहाकार् परिगो भयो खलबली ! ✻ डर्मा परे सब् तसै ॥४॥

लागे गर्न पुकार कृष्ण ! बलराम् ! ✻ भन्दै विकल् धेर् भई ।
यो देखीकन अग्नि नाश् गरिलिए ✻ श्रीकृष्णले झट् गई ॥
आगोलाइ निभाइ ताहिं हरिले ✻ चिन्ता सबैको हरे ।
स्नानादी गरि फर्कि आइ घरमा ✻ आनन्दमा सब् बसे ॥५॥

ग्रीष्म वर्णन लीला ( ४६ )

राजन् ! यै रितले अनेक् किसिमको ✻ लीला निरन्तर् गरी ।
बस्थे श्रीहरि आइगो दुःख दिने ✻ ग्रीष्मै ऋतु त्यै घरी ॥
लाग्यो रन्रनि तात्न पृथ्वि पनि फेर् ✻ प्राणी जती छन् त्यहाँ ।
साह्रै गर्मि चढ़ी विकल् हुन गई ✻ दुखित् भए मन्महाँ ॥१॥

साक्षात् बास् गरदा स्वयं प्रभुजिले ✻ उन्कै प्रताप्ले गरी ।
तातैमा पनि शान्त ग्रीष्म हुनगो ✻ मानू वसन्तै सरी ।
सब् वृक्षै लहराहरू जति थिए ✻ सब्लाइ मोहित् गरी ।
फुल्थे फल्फुल पात हेरु बहुतै ✻ बास्ना मधूरै छरी ॥२॥

केरा-जामुन-आँप्-कदंब-कटहर् ✻ मेवा लुकाठ् कागती ।
फूल्मा जाइ जुही चमेलि र गुलाब् ✻ बेली गुराँस् मालती ॥
देखिन्थे, फल-फूलका फसलले ✻ रुख्का ति हाँगा हरू ।
लच्कन्थे, भ्रमरा घुमी रस लिई ✻ वर्णन् कहाँतक् गरूँ ॥३॥

रस्का लोभि रसिक् रसै लिन भनी * घुम्थे भ्रमर् खुश् भई ।
हर्दम् घूनुनुनू गरेर रस-पान् * गर्थे फुलैमा रही ॥
नाच्थे मस्त भई मयूर वनमा * शोभा बहूतै गरी ।
बग्थ्यो एक्तिर जल् गरेर कलकल् * कालिन्दिको हर् घरी ॥४॥

वन बिच कहिं क्वैली 'कूहू कूहू' पुकारी ।
विरहिणि कन दिन्थ्यो प्रेमको रोग भारी ॥
पवन पनि बहन्थ्यो खुब् मधुर् चाल पारी ।
युवति जनहरूको चित्त लाई दुखाई ॥५॥

थियो यस्तो शोभा अति असल वृन्दावन महाँ ।
गए एक् दिन् साथीहरु लिइ प्रभूजी पनि तहाँ ॥
अधर्मा ली बंशी अति मधुर स्वर्ले हरि जसै ।
बजाऊँथे प्राणी विकल भइ सुन्थे उहिं तसै ॥६॥


नाना फूल् हरुका बनाइ गहना * सब् साथिका बिच् रही ।
नाच्थे फेर् कहिले हरी वन महाँ * अत्यन्त खूशी भई ॥
कैल्हे ताल बजाइ वन् वरिपरी * घुम्थे बड़ो शोख् गरी ।
कैल्हे बाघ समान् भएर कहिले * हिंड्थे ति बानर् सरी ॥७॥

---

## प्रलम्ब वध लीला ( ४७ )

यस्तै रित्सित साथि हेरु सब ली * खेल्थे प्रभूजी जहाँ ।
आयो दानव एक् प्रलम्ब कहिने * साम्ने अगाड़ी महाँ ॥
ग्वालाको धरि रूप त्यो असुर फेर् * छल्छू सहज् नै भनी ।
लाग्यो खेल्न ति गोपका सँग महाँ * ग्वाले समान्को बनी ॥१॥

आखिर् यो छलि हो असुर् भनि चिह्नी*मार्ने इरादा धरी ।
सूचन् झट् बलराम लाइ हरिले * दींदा भए त्यै घरी ॥
ग्वालाका रुपमा त मार्नु अनुचित् * यस्लाइ हो लौ भनी ।
फेर् एक् युक्ति गरेर बाँड़ि दुइ दल् * लागे ति खेल्नै पनी ॥२॥



खेल्दा हार्दछ जो उही सकसले * जित्ने जउन् हो त्यहाँ ।
बोकी त्यस्कन पीठमा दगुरनू * छुट्टा गरी वन् महाँ ॥
आपुस्मा गरि यै प्रकार्सित कबोल्* लागे ति खेल्नै जसै ।
खेल्दा राक्षस हारि चित् हुन गयो * दुर्बल् भई फेर् तसै ॥३॥
त्यै बिच्मा प्रण कै बमोजिम गरी * बल्राम ली पीठ् महाँ ।
दौड्यो वन्तिर त्यो असुर् कपटले* मार्छू भनी झट् त्यहाँ ॥
वन्मा पौंचि प्रलम्बले कपटको * रुप्लाइ झट् त्याग् गरी ।
उड्दो भो बलराम लाइ लिइ फेर् * आकाश्-गतीले गरी ॥४॥
श्रीराम्जी त्यहि बीच पर्वत सरी * आफ्ना प्रभाव्ले त्यहाँ ।
हुनू भो र गह्रौं नथाम्न सकदा * गीऱ्यो असुर् भैंमहाँ ॥
भार् थाम्नै नसकी गिऱ्यो असुर जब्* भैंमा बड़ो वेग् गरी ।
ठोके मुड्कि कठोर् असुर् कन तहाँ* बल्देवले बेसरी ॥५॥

बज्र्यो बज्रसमान मुड्कि जब शिर् * फुटेर चूर्णै भई ।
मुर्दा भैकन त्यो असुर् जिमिमहाँ * गिर्दो भयो झट् गई ॥
यस्ता रित्सत त्यो प्रलम्बकन झट् * बल्राम जीले जसै ।
मारे, देखि ति ग्वाल-बाल सबले * आश्चर्य माने तसै ॥६॥

क्याबात् वीर् भनि धेर तारिफ गरे * दौड़ेर पास्मा गए ।
द्यौता हेरु पनी प्रसन्न भइ खूब् * फूल् वृष्टि गर्दा गए ॥
राक्षस् आज मर्‍यो ठुलो गजबको * भन्दै खुशी भै त्यहाँ ।
लागे फेर् सब खेल्न गोप् हरु भई * जम्बा उसै बीच् महाँ ॥७॥

## कुञ्जवन अग्नि निवारण लीला ( ४८ )

मारी दुष्ट प्रलम्ब लाइ बलराम् * जीले अनी त्यै घरी ।
सब् साथी लिइ फिर्नुभो फिरि जहाँ * थीए जगन्नाथ् हरी ॥
देखी श्रीबलराम लाइ हरिले * दौड़ेर साम्नू गई ।
भेट्नूभो गरि अङ्कमाल् उहि बखत् * अत्यन्त खूशी भई ॥१॥

त्यै बिच्मा सब गौ चरी नरम घास् * क्यै दूर् अगाड़ी गए ।
फेर् कुञ्जै वन भित्र झट् पसि अलोप् * सम्पूर्ण हूँदा भए ॥
देखेनन् जब आइ कृष्ण बलराम् * जी ले तहाँ गौ जसै ।
रुख्माथी चढ़ि नाम ली कन बहुत् * लागे पुकार्नै तसै ॥२॥

व्याकुल् भाइ दुवै थिए, चलि गए * गाई कहाँ लौ भनी ।
यौटा साथि उसै बखत् दगुरदै * आएर बोल्यो पनी ॥
हे नाथ् ! गाइ सबै ति 'कुञ्जवन' मा * पस्दा भएछन् गई ।
खोज्दैछन् पछिलागि ग्वालहरु सब् * घुम्छन् विकल् भैं भई ॥३॥

येती बात सुनी चढ़ी कदम का * रुख्मा जगन्नाथ् हरी ।
लागे वंशि बजाइ डाकन सब गो * लाई उँचो स्वर् गरी ॥
वंशीको ध्वनि सूनि गाइहरु सब् * मानू ति चन्द्रै सरी ।
फारी बादल-रूपि कुञ्जवन त्यो * निस्के सबै त्यै घरी ॥४॥

सब् गाई हरु आइ श्रीप्रभुजि का * साम्ने खडा भै रहे ।
मोहित् भै ध्वनि वंशिको सकलले * झट् सुन्न लाग्दा भए ॥
देखे सोहि घरी समस्त वनमा * अग्नी विकट् रुप् धरी ।
लागेको छ अनी जलाउन सबै * जीव्-जन्तु भस्मै गरी ॥५॥

यो देखी सब ग्वाल बालक हरू * व्याकुल् भए धेर् जसै ।
रक्षा लौ गर आउ हे हरि ! भनी * लागे पुकार्नें तसै ॥
देखी व्याकुल अग्निदेखि सब जन्* लाई हरीले पनी ।
आज्ञा गर्नु भयो तिमीहरु सबै * लौ चिम्ल आँखा भनी ॥६॥

चिम्ले नेत्र उसै बखत् ति सबले * आज्ञा शिरोपर् धरी ।
सब् आगो पल मात्रमा प्रभुजिले * आफ्ना प्रभाव्ले गरी ॥
शान्तै गर्दिनु भो जसै ति सबले * खोले नयन् फेर् त्यहाँ ।
देखेनन् कहिं अग्नि एक् पनि सबै * शान्ती थियो वन् महाँ ॥७॥

त्यत्रो प्रचण्डै वन अग्नि याहाँ ।
के भो गयो सो भन ? भागि काहाँ ॥
हे कृष्ण ! हे धन्य सखे ! कृपालु ।
अद्भुत् महीमा छ प्रभो ! दयालु ॥८॥

यस्ते रितिसित खुश् भएर हरिको * तारीफ् गरी धेर् त्यहाँ ।
फेर् गाई बछिया लिएर बलराम् * श्रीकृष्णका सङ्ग महाँ ॥

फर्के घर् सब खूशि भैकन कथा * कीर्तन् हरीको गरी ।
लागे तारिफ गर्न फेर् सब मिली * आपस् महाँ त्यो घरी ॥८॥

मारे श्री बलरामले असुर एक् * नाउँ प्रलम्बै भनी ।
फेर् अग्नी पनि सब् निवारण गरे * श्रीकृष्णजी ले पनी ॥
सूने यो व्रजवासि हेरु सबले * लीला हरीको जसै ।
आश्चर्यै भइ हेर्न लाइ वनमा * जाँदा भए सब् तसै ॥१०॥

जगत-पति प्रभूको, भेद जानिन्छ काहाँ ।
घुसि-घुसि कन बस्छन्, व्याप्त भै प्राणि माहाँ ॥
प्रकटित भइ सब्मा, आफुनै सूत्र धारी ।
जगमग शुभ ज्योती, छन् प्रभू श्री मुरारी ॥११॥

वर्षा ऋतु वर्णन लीला ( ४६ )

भन्छन् श्रीशुकदेवजी नरपते ! * ग्रीष्मै ऋतू काल् जसै ।
बीत्यो प्राणि सताइ हेर भवमा * राप् तापले धेर् तसै ॥
वर्षाको ऋतु आइगो जगतका * प्राणी हरू खुश् भए ।
राखी खूब दया घटा र बिजुली * सब् फौजका सङ् हिंड़े ॥१॥

नीला लाल र पीत सब् किसिमका * धेरै प्रकार्का अरू ।
सुन्दर् श्यामघटा समस्त दलबल् * वर्णन् कहाँ तक् गरूँ ॥
लागे गर्जन खुब् गगन् बिच महाँ * ठूलो अ'वाज्ले गरी ।
आकाशै कन छोपी ली सहजमा * ढाकीदिए त्यै घरी ॥२॥

चम्की बीच् बिचमा प्रचण्ड बिजुली * तिन्का उपर्मा त्यहाँ ।
चम्के शस्त्र झयीं भएर बहुतै * भान् पारि मन-मन् महाँ ॥

जल्मा हंस र हंसिनी डुलि खुबै * शोभा दिई त्यस् घरी ।
देखिन्थे सब श्वेत उज्वल उड़े * मानू पताका सरी ॥३॥

क्यौली हंस मयूर सारस हरू * वन्का ति पन्छी सबै ।
वर्षाकाल मनाइ नृत्य गरि धेर् * हुन्थे ति खूशी तबै ॥
मेघ्को गर्जन सूनि कामिनिहरू * साह्रै विरक्ती भई ।
गर्थे आपसमा मिली विरहका * बात् दुःखिनी भैं भई ॥४॥

लाग्थ्यो बादल गर्जनै र बिजुली * चम्केर आकाश् महाँ ।
आँधी-पानी-बतासको प्रबल वेग् * हुन्थ्यो बहूतै त्यहाँ ॥
फेर् वर्षा भइ वृष्टि-धार जलले * खोला र नाला पनी ।
लागे बग्न भएर मत्त सब ती * शोभित् बहूतै बनी ॥५॥

वृन्दावन् भुमि त्यस् बखत् प्रकृतिका * सौन्दर्य रूप्ले गरी ।
देखिन्थी अति पूर्ण यौवनवती * रम्री तरूणी सरी ॥
ठाम्ठाम्मा नदि ताल् तलाउ पनि सब् * वर्षा-जलैले तहाँ ।
थीए सब् परिपूर्ण हंसहरू खुब् * खेल्थे त्यसै जल्महाँ ॥६॥

ठुला उच्चा रूख्का पनि सकल हाँगा झुकि त्यहाँ ।
भई मस्तै सारा भ्रुमि-भ्रुमि रहन्थे जिमि महाँ ॥
अनेक् वन्का पक्षी हरू पनि मधुर् स्वर्-सित गरी ।
मधुर् बोली बोल्थे मगन भइ सारा वन भरी ॥७॥

पैह्री सुन्दर वस्त्र खूशि भइ सब् * ती गोप-ग्वाला पनी ।
धेरै ठाम् पिछ हालि गाइ कन खुब् * झुल्थे कदम्का मनी ॥
ती सब्का नगिचै गएर खुशि भै * बालक् सरी खेल् गरी ।
गर्थे कौतुक बाल्लिला हरि अनेक् * मन्मा उमङ्ग धरी ॥८॥

### शरद् वर्णन

वर्षाकाल् जब यस् तवर्सित बित्यो * फेर् कृष्णजीले त्यहाँ ।
भन्नू भो अनि फेरि हर्षित भई * सब् ग्वालका सङ्महाँ ॥
'हे भाई ! वरषा बितेर अब फेर् * आयो शरद्काल् पनी ।
सुख् दीने सब प्राणि लाइ बहुतै * आनन्द-रूपी बनी ॥९॥

फुल्छन् धेर कमल् प्रकाश भइ खुब् * श्री चन्द्रमाले अती ।
तारा-गण् झलमल् हुँदा मन महाँ * शोभा बखानूँ कती ॥
यस्तै रित्सित बात् गरीकन तहाँ * सब्का सँगैमा रही ॥
खेल्थे श्रीहरि-राम् शरद् ऋतुमहाँ * खूशी बहूतै भई ॥१०॥

### हेमन्त वर्णन

हेमन्तै ऋतु आइगो ब्रज महाँ * गोप्-गोप कन्या हरू ।
गर्थे खुब् यशगान श्री प्रभुजिको * छोडी सबै काम् अरू ॥
धान् पाक्यो फुलि तोरि बारिहरूमा * फेरी तुसारो पनी ।
पर्दा कट्कटि दन्त बज्न गइ फेर् * जाडो हुने धेर् अती ॥११॥

वृन्दावन् बिचमा गएर कहिले * हाट्-बाट वन्वन् महाँ ।
गर्थे कृष्ण अनेक् लिला खुशि भई * सब्का सँगैमा त्यहाँ ॥
ब्रज्का सुन्दरि नारि हेरु पनि सब् * मोही बखत्मा गई ।
गर्थे नृत्य र गान सब् हरि उपर् * मोहित् बहूतै भई ॥१२॥

देखी श्रीहरिको चरित्र मनमा * ईश्वर् समान्कै गनी ।
गर्थे बात परस्परै सब जना * हैनन् मनुष्यै भनी ॥
साक्षात् ईश्वर हुन् जगत्पति ठुला * भाग्यै हुनाले गरी ।
पायौं दर्शन गर्न लाइ हरिको * धन्यै भयौं यस् घरी ॥१३॥

शिशिर वर्णन

आयो शिशिर् ऋतु जसै अति प्रेम् बढ़ाई ।
सब् गोपिनी सँग लिई मुरली बजाई ।।
सब्लाइ मोहित गरी कन श्री मुरारी ।
खेल्थे अनेक् किसिमले अति स्वाँग पारी ।।१४।।

गर्थे कटाक्ष कहिले करले समाई ।
नाच्थे हरी ति सबका सँगमा रमाई ।।
साक्षात ईश्वर बुझीकन कृष्ण लाई ।
गर्थे स्तुती मिलि सबै हरि गान गाई ।।१५।।

बसन्त वर्णन

सुन्दर् वसन्त ऋतुराज छटा फिंजारी ।
आयो समस्त दुख ताप सबै लघारी ।।
सूखा ठुटा रुख पनी उ बखत् पलाई ।
उम्रे बहूत हरिया भई फेर् रसाई ।।१६।।

फुले फल्फुल् वन्मा अति मधुर रस्ले भरि तहाँ।
भ्रमर् लुब्धै हुन्थे घुनुनुनु गरी गै फुल महाँ।।
कहीं क्वैली वन्मा कुहु कुहु गरी उच्च स्वरले ।
मधुर् तानै छोड्थे रुखाबेच बसी प्रेमवशले ।।१७।।

देखे श्रीहरिले वसन्त ऋतुको * शोभा जसै थो त्यहाँ ।
सोच्नूभो सब गोपिका सँग मिली * खेल्छू भनी वन् महाँ ।।
एक् दिन् पाल्नु भयो वसंत ऋतुमा * सब्लाइ साथ्मा लिई ।
भूषण् वस्त्र अनेक लाइ गहना * श्रीकृष्ण शोभित् भई ।।१८।।

वन्मा गै मुरली बजाउन तहाँ * लाग्नू भयेथ्यो जसै ।
मोहित् भै सब सुन्दरी घुमि-घुमी * खुब् नाच्न लागे तसै ॥
फेरी गोपिनि हेरुले मिलि-जुली * राधाजि लाई त्यहाँ ।
फूल्का घेर् गहना लगाइ खुशि भै * सज्जित् गरे छिन् महाँ ।१९।

राजा हून गए हरी, हुन गइन् * राधाजि रानी त्यहाँ ।
सारा ती सखि हेरु भै हजुरिया * हाजिर् रहे सङ्ग महाँ ॥
यस्तै रित्सित खेल धेर् गरि तहाँ * बस्नू भयो श्री हरी ।
देखी श्रीहरिको चरित्र सब जन् * मोहित् भए त्यो घरी ॥२०॥

---

गोपिनी कृष्ण पति वरण लीला ( ५० )

एक् दिन् ती ब्रजनारिहेरु मिलि सब् * बात् गर्न आपस् महाँ ।
लागे हे सखि ! सुन्दछू म महिमा * कार्तीक स्नान्को यहाँ ॥
कार्तिक्मा उठि रोज् बिहानिपखमा * स्नान् गर्दछन् जो गई ।
मन् माफिक् फल पाउँछन् ति सबले * पाप्-ताप नष्टै भई ॥१॥

येती बात् सबले सुनी हरि पती * पाऊँ भनी मन् महाँ ।
पैह्री सुन्दर सारि रत्न गहना * शोभित् भई धेर् त्यहाँ ॥
पौँचे सब् ब्रज-नारि हेरु यमुना * जीका किनार्मा जसै ।
लागे गर्न ति स्नान-फेर् हरि उपर् * राखेर भक्ती तसै ॥२॥

पैल्हे स्नान् गरि फेरि सूर्य भगवान् * जी लाइ अर्घै दिई ।
तिस्के बाहिर खुशि भैकन बहुत् * एकाग्र मन्मा लिई ॥
मूर्ति पार्वतिको बनाइ कन फेर् * नैवेद्य माला धरी ।
पूजा चन्दन, धूप, दीप विधिले * गर्दा भए प्रेम् भरी ॥३॥

हात् जोरी कन भक्तिले जननिका * पत्नी चरणमा परी ।
लागे गर्न स्तुती दिबक्सनु हवस् * दर्शन ये ईश्वरी ! ।।
पाऊँ 'कृष्ण पती' भनेर मनमा * हाम्रो छ इच्छा पनी ।
इच्छा पूर्ण गराइ बक्सनु हवस् * 'होला तथास्तु' भनी ।।४।।

यस्तै रित्सित स्नान ध्यान् गरि रही * व्रतमा ति दिन् भर् त्यहाँ ।
खान्थे फेर् दहि भात् मिलोस् फल भनी * भक्ती लिई साँझ् महाँ ।।
यस्तै रित्सित दिन्दिनै हरि उपर् * राखेर भक्ती अती ।
गर्थे गोपिनि हेरु ध्यान् प्रभूजिको * शङ्का न ली एक् रती ।।५।।

मुरली महिमा वर्णन लीला ( ५ )

राजन् ! श्रीहरि ग्वालबाल संग ली * यस्तै प्रकारले त्यहाँ ।
लागे गर्न अनेक् किसिम्किसिमका * लीला गई बन् महाँ ।।
वन्मा गाइ चराइ कृष्णजि जसै * वंशी अधर्मा धरी ।
गर्थे खूब लहड् बजाइ कन राग् * सब्लाइ मोहित् गरी ।।१।।

व्रज्का नारि हरू उसै बखत सब् * आफ्ना घरैमा रही ।
गर्थे खुब् हरि-गान कीर्तन सदा * अत्यन्त खूशी भई ।।
एक् दिन् कृष्णजिले उसै तरहले * वंशी बजाए जसै ।
वंशीको ध्वनि सूनि गोपिनि हरू * व्याकुल् भए सब् तसै ।।२।।

काम्-काज् छोडि उठेर हत्पति सबै * मोहित् बहूतै भई ।
दौडे दर्शन लौं गरौं प्रभुजिको * भन्दै उसै क्षण् गई ।।
पौंची झट् बिच मार्गमा बसि सबै * बात् गर्न आपस् महाँ ।
लागे ती युवती हरू सुन सखी * ऐल्हे हरीको यहाँ ।।३।।